# सुधारात्मक दण्ड प्रणाली सम्बन्धी तुलनात्मक विश्लेषण सहितको अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०८१

महान्यायाधिवक्ताको कार्यालय, नेपाल
रामशाहपथ, काठमाडौं

# सुधारात्मक दण्ड प्रणाली सम्बन्धी तुलनात्मक विश्लेषण सहितको अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०८१

**अध्ययन कार्यदल**

| | |
|---|---|
| नायब महान्यायाधिवक्ता श्री खेमराज ज्ञवाली | अनुगमनकर्ता |
| सहन्यायाधिवक्ता श्री उद्धव प्रसाद पुडासैनी | संयोजक |
| उपन्यायाधिवक्ता श्री शान्ती न्यौपाने | सदस्य |
| उपन्यायाधिवक्ता श्री कल्पना राई | सदस्य |
| उपन्यायाधिवक्ता श्री विवेककुमार बराल | सदस्य |
| निर्देशक श्री अनुज भण्डारी | सदस्य |
| उपरजिष्ट्रार श्री निराजन पाण्डे | सदस्य |
| प्रहरी उपरिक्षक श्री सुरेश प्रसाद काफ्ले | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री रन्जीता पोखेल | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री कञ्चन घिमिरे | सदस्य |
| सहायक न्यायाधिवक्ता श्री सागर बराल | सदस्य सचिव |
| कम्प्युटर अपरेटर श्री नारायण स्वर्णकार | कम्प्युटर डिजाइनर |

**सुधारात्मक दण्ड प्रणाली सम्बन्धी तुलनात्मक विश्लेषण सहितको अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०८१**


| | विषय सूची | पेज नं. |
|---|---|---|
| | **परिच्छेद - एक**<br>**प्रारम्भिक** | **१** |
| १ | पृष्ठभूमि | १ |
| २ | कार्यदलको गठन | ४ |
| ३ | कार्यदलको कार्यदिश | ४ |
| ४ | समस्याको पहिचान | ५ |
| ५ | अध्ययनको सीमा | ६ |
| ६ | अध्ययन पद्धति | ७ |
| ७ | अध्ययन प्रतिवेदनको स्वरुप | ७ |
| | **परिच्छेद - दुई**<br>**सन्दर्भ साहित्य सामग्री अध्ययन** | **९** |
| | **परिच्छेद - तीन**<br>**सुधारात्मक दण्ड प्रणाली** | **१५** |
| १ | सुधारात्मक दण्ड प्रणालीको परिचय र उद्देश्य | १५ |
| २ | सुधारात्मक दण्ड प्रणालीको अवधारणा, विकास र ऐतिहासिक पृष्ठभूमि | १७ |
| ३ | सुधारात्मक दण्ड प्रणाली सम्बन्धी सिद्धान्त, नेपालको संवैधानिक र कानूनी व्यवस्था, अन्तर्राष्ट्रिय कानून तथा न्यायिक दृष्टिकोण<br>क. सुधारात्मक दण्ड प्रणाली सम्बन्धी सिद्धान्त<br>ख. सुधारात्मक दण्ड प्रणाली सम्बन्धी नेपालको संवैधानिक र कानूनी प्रावधानको मजबुन<br>ग. सुधारात्मक दण्ड प्रणाली सम्बन्धी नेपालको संवैधानिक र कानूनी प्रावधानको SWOT Analysis<br>घ. अन्तराष्ट्रिय कानून<br>ङ. न्यायिक दृष्टिकोणको मजबुन | २२ |
| ४ | सुधारात्मक दण्ड प्रणालीमा महान्यायाधिवक्ताको भूमिका र जिम्मेवारी | ३९ |
| ५ | सुधारात्मक दण्ड प्रणालीमा मुख्य न्यायाधिवक्ताको भूमिका र जिम्मेवारी | ४१ |
| | **परिच्छेद - चार**<br>**सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधिका पद्धति र प्रक्रिया** | **४३** |
| १ | सामुदायिक सेवा सम्बन्धी पद्धति र प्रकृया | ४४ |
| २ | प्रोवेशन सम्बन्धी पद्धति र प्रकृया | ४६ |
| ३ | प्यारोल सम्बन्धी पद्धति र प्रकृया | ४७ |
| ४ | सुधार गृह सम्बन्धी पद्धति र प्रकृया | ४८ |

| | | |
|---|---|---|
| ५ | पुनर्स्थापना केन्द्र सम्बन्धी पद्धति र प्रकृया | ४९ |
| ६ | खुल्ला कारागार सम्बन्धी पद्धति र प्रकृया | ५० |
| ७ | सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिने व्यवस्था सम्बन्धी पद्धति र प्रकृया | ५० |
| ८ | कैद बापत शारीरिक श्रममा लगाउने सम्बन्धी पद्धति र प्रकृया | ५१ |
| ९ | सुधारात्मक कार्यक्रम सम्बन्धी पद्धति र प्रकृया | ५१ |
| १० | कैद सजाय निलम्बन गर्ने सम्बन्धी पद्धति र प्रकृया | ५२ |
| ११ | सामाजिकीकरण सम्बन्धी पद्धति र प्रकृया | ५२ |
| १२ | कैद कट्टा सम्बन्धी पद्धति र प्रकृया | ५३ |
| १३ | अन्तर्राष्ट्रिय असल अभ्यास | ५३ |
| | **परिच्छेद - पाँच**<br>**सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्थाहरु कार्यान्वयनको नेपालको वर्तमान अवस्था** | ६१ |
| | **परिच्छेद - छ**<br>**सजाय सुझाव समितिको कार्य क्षेत्र** | ६४ |
| १ | वर्तमान कानूनी व्यवस्था | ६४ |
| २ | दण्डका नमूना वा मोडेलहरु | ६५ |
| ३ | अन्तराष्ट्रिय असल अभ्यास | ६७ |
| ४ | सजाय सुझाव समितिको काम, कर्तव्य र अधिकारलाई कार्य विस्तृतीकरण गरी थप प्रभावकारी बनाउने उपायहरु | ७० |
| | **परिच्छेद – सात**<br>**समस्या र विश्लेषण** | **७५** |
| १ | सुधारात्मक दण्ड प्रणालीको प्रभावकारी रुपमा कार्यान्वयन गर्न देखिएका समस्याहरु | ७५ |
| २ | समस्याको कारक तत्वहरुको पहिचान | ७७ |
| ३ | समस्याको समाधानको लागि चाल्नुपर्ने कदम | ८४ |
| | **परिच्छेद – आठ**<br>**निष्कर्ष र सुझाव** | ९३ |
| १ | निष्कर्ष | ९३ |
| २ | सुझाव | ९६ |
| | अनुसूची-१ सुधारात्मक दण्ड प्रणाली सम्बन्धी नेपालको संवैधानिक र कानूनी प्रावधान | |
| | अनुसूची-२ सुधारात्मक दण्ड प्रणालीसँग सम्बन्धित नजिरहरु | |
| | अनुसूची-३ सुधारात्मक दण्ड प्रणाली अन्तर्गत नेपालमा प्यारोल कार्यान्वयनको अवस्था | |
| | अनुसूची-४ सरकारी वकील कार्यालयहरु तथा सरोकारवाला निकायहरुबाट पहिचान गरिएका समस्याहरु | |

# परिच्छेद - एक

# प्रारम्भिक

No one truly knows a nation until one has been inside its jails. A nation should not be judged by how it treats its highest citizens, but its lowest ones.  - Nelson Mandela

## १.१ पृष्ठभूमि

"जसरी मानिसको मृत्यु अपरिहार्य छ, ठिक त्यस्तै अपराध पनि अपरिहार्य छ र दण्ड पनि लोप भएर जान सक्दैन । जसरी ठूला ठूला विकास र प्रगतिले पनि रोग र मृत्युलाई जित्न सक्दैनन्, ठिक त्यसरी नै जस्तोसुकै रोकथामका उपायहरूले पनि अपराधलाई जित्न सक्दैनन् ।" यो भनाई आजभन्दा १३५ वर्ष अघि, सन् १८८९ मा लेप्चिगमा सम्पन्न अपराधशास्त्रीको भेलामा अन्तर्राष्ट्रिय अपराधशास्त्री फोन लिस्टले व्यक्त गरेका थिए । उनले अपराधलाई समाज रहेसम्म समानान्तर रूपमा रहने एक सामाजिक घटना (social phenomenon) को रूपमा चित्रण गरेका थिए । त्यसैले, पीडित विधिशास्त्र (Victim Jurisprudence) अनुसार, कानूनको उल्लंघन गर्ने जो कोही कारबाहीको दायरामा आउनु पर्दछ भने पीडितले न्यायको अनुभूति, क्षतिपूर्ति र पुनःस्थापनको अधिकार राख्दछन् । यद्यपि पीडितको अधिकार मात्रलाई सम्बोधन गरेर अगाडि बढ्नु कदापि न्यायोचित हुँदैन । कैदीबन्दीको जवाफदेहिता एक हातमा छ भने अर्को हातमा फौजदारी विधिशास्त्रले उनीहरूको प्राकृतिक अधिकार, मानव अधिकार र मौलिक अधिकारलाई समेत सुनिश्चित गर्दछ ।

दण्डको प्राचीन प्रतिकारात्मक सिद्धान्तले "जस्तोलाई तस्तै" (Tit for Tat) को सिद्धान्त अवलम्बन गरी कसैले कसैको आँखा फोडिदियो भने उसको पनि आँखा फोडिदिने (An eye for an eye), कसैले कसैको दाँत भाँचिदियो भने उसको पनि दाँत भाँचिदिने (A tooth for a tooth) जस्ता बदलापूर्ण सजाय दिई राज्यले पीडित पक्षको इच्छा पूरा गर्नु पर्ने मान्यता थियो । यद्यपि फौजदारी न्याय प्रणालीमा मानव अधिकार, मानवीय संवेदना र वैज्ञानिक सजायले मान्यता पाएपछि सुधारात्मक दण्ड व्यवस्था फौजदारी कानूनको अभिन्न अंगको रूपमा देखिएको छ । अपराधीहरूलाई दण्डको माध्यमबाट भन्दा सुधारको माध्यमबाट उपचार गरिनु पर्ने, अपराधी आफैं अपराधी नभई उसको मानसिक, मनोवैज्ञानिक, शारीरिक, सामाजिक एवं अन्य अवस्था र परिस्थितिहरूले गर्दा अपराध गर्न बाध्य भएको हुने, अपराधीलाई नभएर अपराधलाई घृणा गर्नु पर्ने (Hate the crime, not the criminal) मान्यतालाई सुधारात्मक दण्ड व्यवस्थाले जोड दिन्छ ।

आधुनिक राज्यमा सुधारात्मक दण्ड व्यवस्थाको प्रथम प्रयोग स्क्यान्डिनेभियन देशमा गरिएको थियो । उदाहरणका लागि, सन् १९८० मा नर्वेका एक युवा, थोर फिन्सेट, २५ वर्षको उमेरमा गम्भीर

अपराधमा संलग्न भएका थिए । उनलाई बैंक डकैतीको अभियोग लगाइयो र अदालतले उनलाई १० वर्षको जेल सजाय सुनायो । परम्परागत जेल प्रणालीको सट्टा उनलाई नर्वेको सुधारात्मक दण्ड विधि लागू गरिने हल्डेन जेलमा पठाइयो, जुन विश्वभरकै "सबैभन्दा मानवीय जेल" भनेर चिनिन्छ । हल्डेन जेलको संरचना परम्परागत जेल भन्दा भिन्न थियो । यसमा उच्च सुरक्षा भए पनि कैदीहरूले निजी कोठा, पुस्तकालय, खेलकुद क्षेत्र र संगीत स्टुडियो जस्ता सुविधाहरू पाउँथे । थोरलाई थेरापी, शिक्षा र रोजगारीमूलक तालिमको अवसर प्रदान गरियो । जेलभित्र उनले स्नातक तहको शिक्षा पूरा गरे र कार्पेन्ट्रीमा तालिम लिए । जेलबाट छुटे पछि थोरले समाजमा सहज रूपमा पुनःस्थापना गरे । उनी अपराधको चक्रबाट मुक्त मात्र भएनन्, एउटा स्थानीय सामुदायिक केन्द्रमा युवा परामर्शदाताको भूमिका निर्वाह गर्न थाले । आज थोर नर्वेमा पुनर्स्थापनाको सफलताको एक प्रत्यक्ष उदाहरणका रूपमा चिनिन्छन् । थोरको कथा सुधारात्मक दण्ड व्यवस्थाको प्रभावकारिता र मानवीय दृष्टिकोणको उदाहरण हो । यसले अपराधीलाई केवल सजाय दिनु मात्र पर्याप्त नभई, उनीहरूको सुधार र पुनःस्थापनामा जोड दिनुपर्ने आवश्यकतालाई प्रष्ट पार्छ ।



तस्वीरः हल्डेन कारागारको कैदी कक्ष

परम्परागत रूपमा दण्ड व्यवस्थाले अपराधीलाई सजाय दिने उद्देश्यलाई प्राथमिकता दियो, तर २०औं शताब्दिबाट सुधारात्मक दण्ड व्यवस्थाको अवधारणाले महत्त्व पाउन थाल्यो । यसले अपराधीलाई दण्ड दिने मात्र होइन, उनीहरूलाई सुधार्न, आचरण र चालचलनमा सुधार ल्याई सभ्य नागरिक बन्न अभिप्रेरित गर्न र समाजमा पुनःस्थापित गर्न विभिन्न विधिहरू - थेरापी, शिक्षा, रोजगारमूलक तालिम, प्यारोल, प्रोवेशन, सामुदायिक सेवा र खुला कारागार - को प्रयोग गरी न्याय प्रदान गर्ने उद्देश्य

राख्दछ। सुधारात्मक दण्ड व्यवस्थाको मूल उद्देश्य अपराधीलाई सजाय मात्र दिने नभई उनीहरूलाई सुधार गरेर समाजमा पुनःस्थापित गर्नु हो । यस प्रणालीले अपराधको कारण पहिचान गरी अपराधीको मानसिक, सामाजिक र आर्थिक अवस्थाको अध्ययन गर्छ । यो पद्धति मानवीयता र सामाजिक न्यायको सिद्धान्तमा आधारित छ । अपराधीलाई रोगीको रुपमा हेरी चिकित्सकले विरामी निको पारे जस्तै अपराधीलाई उपचार मार्फत सवल, सक्षम र योग्य व्यक्तिमा रुपान्तरण गर्ने सकिन्छ भन्ने मान्यता यस पद्धतिको हो ।[१]

तुलनात्मक अध्ययनको दृष्टिले हेर्दा, विभिन्न देशहरूमा सुधारात्मक दण्ड व्यवस्थाका स्वरूप, नीतिहरू र प्रभावहरू फरक-फरक छन् । नर्वे, नेदरल्यान्ड्स र जापान जस्ता मुलुकहरूले सुधारात्मक दृष्टिकोणलाई प्राथमिकता दिँदा अपराधको पुनरावृत्ति दर न्यून राख्न सफल भएका छन् ।[२] यस विपरीत परम्परागत दण्ड व्यवस्थामा आधारित देशहरूमा अपराध पुनरावृत्ति दर अपेक्षाकृत उच्च पाइन्छ ।[३] नेपालको सन्दर्भमा, परम्परागत जेल प्रणाली दण्ड व्यवस्थाको प्रमुख स्वरूप हो । यद्यपि, सुधारात्मक दण्डको महत्वलाई पछिल्लो समयमा छलफल र अध्ययनको विषय बनाइँदै आएको छ । नेपालको कानूनी इतिहासमा नयाँ युगको प्रादुर्भाव गरी आएको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले दण्ड प्रणालीलाई नै युगान्तकारी परिवर्तन गर्ने उद्देश्य राखेको छ । नेपालको फौजदारी कानूनी इतिहासमा सर्वथा नवीन प्रयोग रहेको उक्त ऐनले अवलम्बन गरेका दण्डका सुधारात्मक उपायहरूमा सामुदायिक सेवा, खुल्ला कारागार, प्यारोल तथा प्रोवेशन, रात्रीकालीन काराबास, सामाजिकीकरण, कैद बापत श्रममा लगाउने, सजाय निलम्बन गर्ने लगायतका दण्डका सुधारात्मक व्यवस्थाहरू समावेश गरेको छ । यी व्यवस्थाहरू मध्ये अधिकांश लागू भइसकेका छैनन्। नेपालले न्याय प्रणालीमा सुधारात्मक दृष्टिकोण समेट्न प्रयास गरिरहेको देखिए पनि नीतिगत, संरचनात्मक र व्यवहारिक पक्षमा अझै धेरै काम गर्न बाँकी रहेको देखिन्छ ।

यस परिस्थितिलाई सम्बोधन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०८१/०७/२० मा भएको निर्णयानुसार सुधारात्मक दण्ड प्रणाली सम्बन्धी तुलनात्मक विश्लेषण सहितको अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०८१ तयार गर्नका लागि दश सदस्यीय कार्यदल गठन भएको हो । प्रस्तुत कार्यदललाई दुई महिना भित्र कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्ने समयसीमा समेत दिइएको छ ।

१ महेश शर्मा पौडेल, *सजायको सुधारात्मक पक्ष र नेपाल कानुनको व्यवस्था,* **पैरवी जर्नल,** २०७५, पैरवी बुक हाउस, काठमाडौं, पृ.४८ ।

२ https://www.nytimes.com/2015/03/29/magazine/the-radical-humaneness-of-norways-halden-prison.html

३ https://www.nytimes.com/2015/03/29/magazine/the-radical-humaneness-of-norways-halden-prison.html

### १.२ कार्यदलको गठन

महान्यायधिवक्ताको कार्यालयबाट गठन भएको प्रस्तुत कार्यदलमा नायब महान्यायाधिवक्ता श्री खेमराज ज्ञवाली अनुगमनकर्ता र सहन्यायाधिवक्ता उद्धव प्रसाद पुडासैनीको संयोजकत्वमा देहायका सदस्यहरू रहेका छन् ।

| सि. नं. | नाम | पद | |
|---|---|---|---|
| १ | श्री खेमराज ज्ञवाली | नायब महान्यायाधिवक्ता, महान्यायधिवक्ताको कार्यालय* | अनुगमनकर्ता |
| २ | श्री उद्धव प्रसाद पुडासैनी | सहन्यायधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | संयोजक |
| ३ | श्री शान्ती न्यौपाने | उपन्यायाधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | सदस्य |
| ४ | श्री कल्पना राई | उपन्यायाधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | सदस्य |
| ५ | श्री विवेककुमार बराल | उपन्यायाधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | सदस्य |
| ६ | श्री अनुज भण्डारी | निर्देशक, कारागार व्यवस्थापन विभाग | सदस्य |
| ७ | श्री निराजन पाण्डे | उपरजिस्ट्रार, सर्वोच्च अदालत | सदस्य |
| ८ | श्री सुरेश प्रसाद काफ्ले | प्र.उ. प्रहरी प्रधान कार्यालय,अपराध अनुसन्धान विभाग | सदस्य |
| ९ | श्री रन्जीता पोखेल | सहायक न्यायधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | सदस्य |
| १० | श्री कञ्चन घिमिरे | सहायक न्यायधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | सदस्य |
| ११ | श्री सागर बराल | सहायक न्यायधिवक्ता, महान्यायधिवक्ताको कार्यालय | सदस्य सचिव |
| १२ | श्री नारायण स्वर्णकार | कम्प्युटर अपरेटर, महान्यायाधिवक्ताको कार्यालय | कम्प्युटर डिजाइनर |

### १.३ कार्यदलको कार्यदिश

प्रस्तुत कार्यदलको कार्यदिश देहाय बमोजिम रहेको छः

(१) सुधारात्मक दण्ड प्रणालीसँग सम्बन्धित समस्याहरूको पहिचान गर्ने;

(२) नेपालमा सुधारात्मक दण्ड प्रणाली पूर्णरुपमा कार्यन्वयन गर्ने सन्दर्भमा अध्ययन गर्नको निम्ति सुझाव संकलन, Focus Group Discussion (FGD's) र विज्ञहरूसँग अन्तरक्रिया गर्ने,

(३) सुधारात्मक दण्ड प्रणालीसँग सम्बन्धित सन्दर्भ साहित्य सामग्री (Literature Review) को अध्ययन गर्ने,

(४) फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को व्यवस्था, सो व्यवस्थाले आत्मसात् गरेका सिद्धान्त, अदालतबाट जारी भएका नियमावलीका व्यवस्था, सर्वोच्च

* हाल सचिव (नेपाल सरकार), बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नेपाल ।

अदालतबाट जारी भएका सजाय निर्धारण सम्बन्धी मार्गदर्शनहरू, सजाय निर्धारणको सम्बन्धमा भएका आदेश एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासको अध्ययन गर्ने,

(५) कार्यदलले सुधारात्मक दण्ड प्रणाली सम्बन्धी समस्याको पहिचान गरी हाल प्रचलनमा रहेको अभ्यासमा समेत सुधारको लागि निकायगत रुपमा गर्नुपर्ने नीतिगत, कानूनी, संरचनागत र कार्यविधिगत सुझावहरू तथा महान्यायाधिवक्ताको कार्यालयले अल्पकालीन र दीर्घकालीन रुपमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने,

(६) कार्यदलले सुधारात्मक दण्ड प्रणालीको कार्यान्वयनलाई सहजता दिनको निम्ति modus operandi प्रस्ताव गर्ने,

(७) सुधारात्मक दण्ड प्रणाली कानूनी व्यवस्थालाई थप प्रभावकारी बनाउन एवं कार्यदलले आवश्यक ठानेका अन्य विषयमा सुझाव दिने,

(८) सजाय सुझाव समितिको क्षेत्राधिकारलाई कार्य विस्तृतीकरण गर्ने गरी सुझाव दिने,

(९) सुधारात्मक दण्ड प्रणालीको सन्दर्भमा विद्यमान कानूनी व्यवस्थामा सुधार (संशोधन वा नयाँ कानून तर्जुमा) गर्ने विषयमा सुझाव दिने,

(१०) सजाय निर्धारणलाई विचार गरी अपराधको अनुसन्धान, अभियोजन एवं न्याय सम्पादनमा सरकारी वकीलले निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा उल्लेख गर्ने ।

## १.४ समस्याको पहिचान

प्रस्तुत कार्यदलले तोकिएको कार्यादेशको सीमा भित्र रही देहायका समस्याको पहिचान गरेको छः

(क) सामुदायिक सेवा, खुल्ला कारागार, प्यारोल तथा प्रोवेशन, रात्रीकालीन काराबास, सामाजिकीकरण, कैद बापत श्रममा लगाउने, सजाय निलम्बन गर्ने लगायतका दण्डका सुधारात्मक व्यवस्थाहरू मध्ये नेपालमा अधिकांश व्यवस्थाहरू लागू भइसकेका छैनन् । नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि लागू हुने भनिएकोमा नेपाल सरकारले सूचना मार्फत तोक्न बाँकी रहेको छ । यसका लागि केही व्यवस्थापकीय कार्यको तयारीका साथै भौतिक, आर्थिक स्रोत, मानवीय जनशक्ति र नीतिगत तयारी समेत आवश्यक देखिएको,

(ख) नेपालको दण्ड प्रणाली समयसापेक्ष रुपमा परिवर्तन हुँदै आएको सन्दर्भमा विद्यमान दण्ड प्रणालीलाई एकातर्फ मानवीय एवं मानव अधिकार अनुकूल बनाउन आवश्यक देखिएको र अर्कोतर्फ कसूरदारलाई अनुशासित एवं नैतिकवान बनाई सामाजिकीकरण तथा पुनर्स्थापना मार्फत समाजमा पुनस्थार्पित हुन सक्ने असल एवं योग्य व्यक्तिको रुपमा रूपान्तरण गर्न समेत आवश्यक देखिएको,

(ग) कसूर गर्दाको परिस्थिति, कसूरदारको उमेर, पीडितलाई पर्न गएको क्षति, कसूरदारको कसूर प्रतिको पश्चाताप, कसूरदारले अनुसन्धानमा गरेको सहयोग, कसूरबाट उम्कन निजले गरेको

प्रयास, पटके कसूर, बालवालिका, बृद्ध, महिला तथा अशक्त उपर गरेको कसूर, कसूरदारको व्यक्तिगत, पारिवारिक, सामाजिक, साँस्कृतिक तथा मनोसंवेगात्मक पृष्ठभूमि समेत देखाउने आधार प्रमाण प्रभावकारी रुपमा सबै मुद्दामा संकलन नभएकोले सुधारात्मक दण्ड प्रणालीको कार्यान्वयनमा जटिलता आउन सक्ने समेत देखिएको ,

(घ) नेपालको संविधान तथा सम्बन्धित कानून (मुलुकी अपराध संहिता, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४, अपराध पीडित संरक्षण ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५) समेतको मर्म अनुरुप सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी व्यवस्थाहरू कार्यान्वयनका लागि अनुसन्धानकर्ता, अभियोजनकर्ता र न्याय निरुपणकर्ताले अपेक्षित भूमिका बहन गर्न नसकेको ।

(ङ) सजाय सुझाव समितिको काम, कर्तव्य र अधिकारलाई थप स्पष्ट गरी कार्य विस्तृतीकरण गर्न नसकिएकोले समितिले अपेक्षित भूमिका निर्वाह गर्न नसकेको ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत अध्ययनका देहाय बमोजिमका सीमाहरू रहेका छन्:

(१) यस अध्ययन कार्यदलले सीमित समयावधिका कारण सुधारात्मक दण्ड प्रणालीको सम्बन्धमा विद्यमान कानूनमा रहेका द्विविधा, असंगति, अन्यौलता, त्रुटि समेतका विषयमा सम्पूर्ण पक्षमा अध्ययन नगरी holistic अध्ययन विधिमा मात्र केन्द्रित रही प्रतिवेदन तयार गरेको छ ।

(२) यस अध्ययन समूह सैद्धान्तिक विधिमा बढि निर्भर हुदाँ व्यवहारिक पक्ष नसमेटिने जोखिम रहेको छ । सूचना संकलनका लागि अपनाइने विधिमा केही प्रश्नावली र केही छलफल मात्र रहेका छन् । अध्ययन सामग्रीको उपलब्धता तथा पहुँच कम हुनु समेत यस अध्ययनको सीमा रहेको छ ।

(३) यस अध्ययन कार्यदलले समयावधि कम भएका कारण अध्ययन अवधिमा नेपालको कुनै पनि कारागार, थुनुवा गृह र बाल सुधार गृहको observation र monitoring भ्रमण नगरी प्रतिवेदन तयार गरेको छ ।

(४) यस अध्ययन प्रतिवेदनमा सुधारात्मक दण्ड प्रणालीको सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित विभिन्न नजिर समावेश गरे पनि नजिरको पूर्णता, अपूर्णता तथा गुण दोषलाई अध्ययनभित्र विश्लेषणको विषय बनाइएको छैन ।

(५) यस अध्ययनको विधिका रुपमा सुझाव संकलन तथा लक्ष्यित समूह छलफल कार्यक्रम (Focus Group Discussion (FGD's) रहेकोमा सो कार्यक्रम निश्चित स्थानमा गरी सरोकारवालाबाट सुझाव संकलन गरिएको छ ।

## १.६ अध्ययन पद्धति

प्रस्तुत अध्ययन मूलतः Doctrinal र Non-doctrinal विधिबाट सम्पन्न गरिएको छ । अध्ययन विधिका साधनको रुपमा सुझाव संकलन, अन्तरक्रिया एवं छलफल Focus Group Discussion (FGD's) र प्रश्नावली समेतलाई आधारमा लिइएको छ । प्रस्तुत कार्यदलले महान्यायाधिवक्ताको कार्यालय मातहतका कार्यालयबाट प्राप्त राय सुझाव संकलन गर्नका लागि १८ वटा उच्च सरकारी वकील कार्यालय, १ वटा विशेष सरकारी वकील कार्यालय तथा ७७ वटा जिल्ला सरकारी वकील कार्यालयलाई प्रश्नावली समावेश गरी पत्राचार गरिएको थियो । त्यसका साथै संस्थागत सुझाव संकलन गर्नका लागि गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सर्वोच्च अदालत, नेपाल प्रहरी प्रधान कार्यालय र कारागार व्यवस्थापन विभाग समेतलाई प्रश्नावली समावेश गरी पत्राचार गरिएकोमा ती निकायहरूबाट प्राप्त सुझावहरूलाई समेत यो प्रतिवेदनमा समावेश गरिएको छ ।

यस कार्यदलबाट सुधारात्मक दण्ड प्रणालीको सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसला, प्रतिपादित सिद्धान्त तथा निर्देशनात्मक आदेशका साथै सान्दर्भिक लेख रचनाको समेत अध्ययन गरिएको छ ।

## १.७ अध्ययन प्रतिवेदनको स्वरूप

प्रस्तुत अध्ययन प्रतिवेदनलाई आठ परिच्छेदमा विभाजन गरिएको छ । यसको परिच्छेद एक - प्रारम्भिक शीर्षक अन्तर्गत पृष्ठभूमि, कार्यदलको गठन, कार्यादेश, समस्याको पहिचान, अध्ययनको सीमा, अध्ययन पद्धति र अध्ययन प्रतिवेदनको स्वरूपको बारेमा चर्चा गरिएको छ ।

परिच्छेद दुई - सन्दर्भ साहित्य सामग्री अध्ययन अन्तर्गत विभिन्न पूर्व अध्ययन सामग्रीहरुको निचोडलाई प्रस्तुत गरिएको छ ।

परिच्छेद तीन - सुधारात्मक दण्ड प्रणाली अन्तर्गत सो सम्बन्धी परिचय, उद्देश्य, अवधारणा, सिद्धान्त, कानूनी व्यवस्था, न्यायिक दृष्टिकोणका साथै सुधारात्मक दण्ड प्रणालीमा महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको भूमिका र जिम्मेवारी समेतको बारेमा विहंगम दृष्टिकोण प्रस्तुत गरिएको छ ।

परिच्छेद चार - सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधिका पद्धति र प्रक्रिया अन्तर्गत नेपाल कानूनमा अवलम्बन गरिएका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधिहरुका पद्धति र प्रक्रियाका साथै अन्तर्राष्ट्रिय असल अभ्यासहरुका बारेमा विस्तृत रूपमा चर्चा र विश्लेषण गरिएको छ ।

परिच्छेद पाँचमा सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्थाहरू कार्यान्वयनको नेपालको वर्तमान अवस्था र सुधारात्मक व्यवस्था सम्बन्धी कार्यान्वयनमा आउन बाँकी व्यवस्थाहरुको बारेमा चर्चा गरिएको छ ।

परिच्छेद छ - सजाय सुझाव समितिको कार्य क्षेत्र अन्तर्गत वर्तमान कानूनी व्यवस्था, दण्डका विभिन्न मोडल वा नमूना, अन्तर्राष्ट्रिय असल अभ्यास र सजाय सुझाव समितिको काम, कर्तव्य र अधिकारलाई कार्य विस्तृतीकरण गरी थप प्रभावकारी बनाउने उपायहरूका बारेमा सुझाव दिइएको छ ।

परिच्छेद सात - समस्या र विश्लेषण अन्तर्गत सुधारात्मक दण्ड प्रणालीको प्रभावकारी रुपमा कार्यान्वयन गर्न देखिएका समस्याहरू, समस्याको कारक तत्वहरूको पहिचान र विश्लेषण तथा समस्या समाधानको लागि चाल्नु पर्ने कदमहरूको बारेमा विश्लेषण गरिएको छ ।

परिच्छेद आठमा निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

अनुसूची-१ मा सुधारात्मक दण्ड प्रणाली सम्बन्धी नेपालको संवैधानिक र कानूनी प्रावधान राखिएको छ।

अनुसूची-२ मा सुधारात्मक दण्ड प्रणालीसँग सम्बन्धित नजिरहरु राखिएको छ।

अनुसूची-३ मा सुधारात्मक दण्ड प्रणाली अन्तर्गत नेपालमा प्यारोल कार्यान्वयनको अवस्था राखिएको छ।

अनुसूची-४ मा सरकारी वकील कार्यालयहरु तथा सरोकारवाला निकायहरुबाट पहिचान गरिएका समस्याहरु राखिएको छ।

# परिच्छेद - दुई

## सन्दर्भ साहित्य सामग्री अध्ययन

Punishment is not for revenge, but to lessen crime and reform the criminal. – Elizabeth Fry

### २.१ सजाय निर्धारण र कार्यान्वयन[४]

प्रस्तुत पुस्तकमा कैद सजायका वैकल्पिक र सुधारात्मक व्यवस्थाका सन्दर्भमा प्रोवेशन, प्यारोल, कैद सजाय निलम्बन लगायतका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी व्यवस्थाको अन्तर्राष्ट्रिय असल अभ्यास र नेपालको कानूनी व्यवस्था समेतको बारेमा चर्चा गरिएको छ । साथै यस पुस्तकमा अपराधीलाई सुधार गर्नुको कारण, कैद बापत रकम तिर्ने सुविधा, जेष्ठ नागरिकलाई सजाय छुट, गम्भीर प्रकृतिका कसूरमा खुल्ला कारागारमा नराख्ने व्यवस्था समेतको वर्णन गरिएको छ । त्यसैगरी समानता प्रतिकूल नहुने शीर्षक अन्तर्गत सुधारात्मक दण्ड प्रणालीका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तहरूको समेत विश्लेषण गरिएको छ ।

यो पुस्तकमा मूलभूतरुपमा कैदको वैकल्पिक व्यवस्थाको उल्लेख गर्दै नेपालमा सुनिश्चित गरिएका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन विश्वमा अबलम्बन गरिएका असल अभ्यासका आधारमा गर्न सकिने समेतका सुझावहरू प्रस्तुत गरिएको छ, जुन यस कार्यदलको अनुसन्धानका लागि अत्यन्त महत्वपूर्ण एवं उपयोगी रहेको छ ।

### २.२ वर्तमान दण्ड नीति र त्यसले थपेका चुनौतीहरू[५]

फौजदारी कसूर (सजाय निर्धारण एवं कार्यान्वयन) ऐन, २०७४ ले कैद र जरिवानाका अतिरिक्त प्यारोल, प्रोवेशन, निलम्बित सजाय लगायतका कैदका वैकल्पिक व्यवस्थाहरूको थालनी गरेको छ । समग्रमा अबको हाम्रो दण्ड नीति र दण्ड प्रणाली सम्बन्धी कानूनी व्यवस्था सुधारउन्मुख एवं सुधारमूलक हुन पुगेको छ । नेपालको लागि सुधारात्मक दण्ड प्रणाली सम्बन्धी यी सबै व्यवस्था पहिलेका भन्दा पृथक भएकोले सबैलाई नौलो लागेको छ । त्यसैले यी नौलो व्यवस्थाले अदालत, कानून व्यवसायी र अभियोजनकर्ता माथि चुनौती मात्र थपिदिएको छैन कि ती चुनौतीको सामना कसरी गर्न सकिन्छ भनी समाधानको बाटो समेत यस लेखले देखाइदिएको देखिन्छ ।

---

४ महेश शर्मा पौडेल, **सजाय निर्धारण र कार्यान्वयन,**२०७७, पैरवी बुक हाउस प्रा.लि., काठमाडौं ।

५ नेपाल कानून अध्ययन परिषदद्वारा पूर्वमहान्यायाधिवक्ता शम्भुप्रसाद ज्ञवालीको बिसौं पूण्यतिथिका अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा *वरिष्ठ अधिवक्ता प्रा. माधवप्रसाद आचार्यले दिएको 'स्मृति वक्तव्य* असार २, २०७६ मा **गोरखापत्र दैनिक**मा प्रकाशित लेख।

प्रस्तुत लेखमा लेखकले अदालतको चुनौतीको बारेमा उल्लेख गर्दै कसूरको सुनुवाइ हुँदाकै अवस्थामा कसूर गर्दाको परिस्थिति, कसूरदारको मानसिक अवस्था लगायतका प्रश्नहरूको खोजीनीति गर्नुपर्ने, कसूरदारलाई नरम दण्ड दिने, जेल गएपछि कारागारमा पनि काम र मामको सुविधा दिने, कैद मिनाहाको सुविधा दिने, प्यारोलमा छुट्ने सुविधा दिने तर कसूर पीडितलाई भने अपर्याप्त क्षतिपूर्ति दिने, ढिलो क्षतिपूर्ति दिने वा दिँदै नदिने भएमा न्यायको तराजु सन्तुलन हुन नसक्ने हुदाँ कसूरदारलाई नरम दण्ड दिएपछि पीडितलाई पर्याप्त क्षतिपूर्ति दिलाई न्यायको तराजु सन्तुलित राख्न अदातलले अहम् भूमिका खेल्नुपर्ने कुरामा जोड दिदै कानून व्यवसायीले कसूर ठहर भए पछि र सजाय तोकिए पछि पनि आफ्नो पक्षलाई कैदमा रहँदा बस्दा राम्रो आचरण गर्नु, दिइएको काम इमानदारीतापूर्वक सम्पन्न गर्नु, अन्य कैदीसँग असल चालचलन र आचरण प्रस्तुत गर्नु र कैदमा अनुशासित भई बस्नु भनी प्रशिक्षण प्रदान गर्नुका साथै सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विविध पक्षका बारेमा कानूनी राय सल्लाह समेतको सेवा पनि प्रवाह गर्नुपर्ने भनी सुझाएका छन् ।

त्यस्तै नेपाल सरकारले पनि निलम्बित सजाय, प्यारोल लगायतका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कतिपय कानूनी व्यवस्थाहरूमा जोडिएका शर्तहरू पुनर्विचारणीय रहेको हुदाँ कानूनमा संशोधन गरी मिलाउनु पर्ने कुरामा विशेष जोड दिएका छन् । साथै उनले नेपालमा प्यारोल सम्बन्धी कानूनी व्यवस्था कार्यान्वयनका लागि प्रत्येक जिल्लामा एउटा प्यारोल बोर्ड रहनु पर्ने, प्यारोल बोर्डको अध्यक्षता जिल्ला न्यायाधीशबाट हुनु पर्ने, ७३ वटै जिल्लाका कैदखानामा नेपाल सरकारले कामको प्रबन्ध गर्नु पर्ने, जेलरले प्रत्येक कैदीसँग व्यक्तिगत सम्बन्ध राखी उसले गरेको कामको मूल्यांकन गर्ने र उसको आचरणमा निगरानी राख्ने कामका लागि मूल्यांकन फारम बनाई लागू गराउनु पर्ने समेतका व्यवहारिक सुझाव दिएका छन् ।

त्यसैगरी लेखकले कारागार व्यवस्था विभागमा काम गर्ने सबै कर्मचारीलाई पेनोलोजी सम्बन्धी तालिम अनिवार्य रुपमा दिनुपर्ने, सबल राहत कोष खडा गरी पीडितलाई पर्याप्त क्षतिपूर्ति भराइदिने सुनिश्चिता गरिनुपर्ने र क्षतिपूर्ति देवानी दायित्व भएकोले कसूरदारलाई सामाजिक सेवा मार्फत आफ्नो क्षतिपूर्ति भर्ने दायित्व पूरा गर्ने व्यवस्था मिलाउनु पर्ने सुझाव दिएका छन् ।

त्यसका साथै लेखकले नेपालमा हालसम्म चलिआएको अभियोजनशैलीमा परिवर्तन आवश्यक रहेको कुरा औंल्याउँदै चार्जसिट छोटो र छरितो हुनुपर्ने तथा अन्य सुधारहरू पनि गर्नुपर्ने कुरामा जोड दएका छन् । लेखकले नेपालमा सुधारमूलक दण्ड व्यवस्था स्थापित गर्न महान्यायधिवक्ता माथि ठूलो चुनौती एवं जिम्मेवारी रहेको लगायतका सुझावहरू दिएका छन्, जुन सुझावहरू यस अध्ययनको लागि अत्यन्त उपयोगी र मननीय रहेको पाइयो ।

## २.३ फौजदारी न्यायः सिद्धान्त र प्रयोग[६]

प्रस्तुत पुस्तकमा फौजदारी न्याय प्रणालीका विभिन्न पक्षहरू, विशेष गरी सजायको उद्देश्य, व्यवस्था र यसका सैद्धान्तिक आधारहरूमा गहन विश्लेषण गरिएको छ । लेखकद्वारा दण्ड निर्धारणका सिद्धान्तहरू जस्तैः प्रतिशोध, प्रतिरोध र सुधारात्मक दृष्टिकोणलाई विस्तृतरूपमा व्याख्या गरिएको छ । त्यसका साथै प्रस्तुत पुस्तकमा नेपालको फौजदारी न्याय प्रणालीमा भएका सुधारात्मक दण्ड व्यवस्थाहरू, जसमा खुला कारागारको अवधारणा र यसको आवश्यकता, सम्भावना र चुनौतीहरूको विस्तृत विश्लेषण गरिएको छ ।

प्रस्तुत पुस्तकमा नेपालमा खुला कारागारको स्थापना र यसको प्रभावकारिताको बारेमा गम्भीर चर्चा गरिनुका साथै यसले कसूरदारलाई सुधार गर्ने र समाजमा पुनः एकीकृत गर्ने उद्देश्यलाई प्राथमिकता दिइएको छ । यस पुस्तकमा सर्वोच्च अदालतले नेपालको कारागार सुधारमा गरेको योगदानलाई पनि चर्चा गरिएको छ, जुन न्याय प्रणालीमा सुधार गर्ने दिशामा महत्वपूर्ण कदम हो । साथै सर्वोच्च अदालतबाट कैदीहरूको मानव अधिकार, कारागारको सुधार र सुधारात्मक दण्ड प्रणालीलाई बढावा दिने गरी भएका निर्णयहरूले नेपालको न्याय प्रणालीलाई अझ प्रभावकारी बनाउन मद्दत गरेको कुरालाई प्रकाश पार्ने कार्य समेत गरिएको छ ।

यस पुस्तकमा फौजदारी न्याय प्रणालीमा सुधार गर्ने, कसूरदारलाई सुधार गर्ने र समाजलाई सुरक्षित बनाउने दिशामा केन्द्रित गरेका विभिन्न सिद्धान्तहरू र तिनको प्रयोगलाई जोड दिइएको छ । यसमा उल्लिखित विषयहरू न्याय प्रणालीमा सुधार गर्न चाहने व्यक्ति, नीति निर्माता र अध्ययनकर्ताहरूका लागि अत्यन्त उपयोगी र महत्वपूर्ण छन् । यसले नेपालको फौजदारी न्याय प्रणालीमा भएका चुनौतीहरूलाई सम्बोधन गर्दै यसलाई अझ प्रभावकारी बनाउने दिशामा मार्गदर्शन प्रदान गर्दछ ।

## २.४ फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव प्रतिवेदन २०८१[७]

प्रस्तुत प्रतिवेदनमा फौजदारी कसूर (सजाय निर्धारण एवं कार्यान्वयन) ऐन, २०७४ मा भएका समस्याहरूको विश्लेषण गर्दै ऐनमा व्यवस्था गरिएका कैदका वैकल्पिक उपायहरूमा रहेका नकारात्मक सूचीहरू संशोधन गर्नु पर्ने, जस अन्तर्गत दफा २९ को प्यारोलमा राख्न सकिने तथा दफा ३७ को कैद कट्टा हुन सक्ने कसूरको हकमा जबरजस्ती करणी (केही निश्चित दफाहरू भनी उल्लेख गर्नु उपयुक्त हुने) तथा मानव बेचविखत तथा ओसारपोसार (केही निश्चित दफाहरू भनी उल्लेख गर्नु उपयुक्त हुने) लगायतका कसूर अन्तर्गतका केही आपराधिक क्रियालाई छाडेर अन्य कसूरमा सुविधा दिन सकिने । नकारात्मक कसूरको सूचीलाई आधार लिइनु भन्दा पनि मूलतः बन्दीको आचारण र कैद भुक्तान गरेको समयको आधारमा

६ डा. श्रीप्रकाश उप्रेती, **फौजदारी न्यायः सिद्धान्त र प्रयोग**, २०७७, पैरवी बुक हाउस प्रा. लि., काठमाडौं ।

७ फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव प्रतिवेदन २०८१,फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव कार्यदल ।

प्यारोलको मानक बनाउनु श्रेयस्कर हुने, प्रोवेशन वा प्यारोल अधिकृत भिन्न प्रकृतिको व्यवस्था रहने हुँदा फरक मानव संशाधनलाई फरक जिम्मेवारी दिने गरी अवधारणात्मक स्पष्टता जरुरी रहेको, साथै संघीय प्रोवेशन तथा प्यारोल बोर्डको व्यवस्था रहेकोमा प्रोवेशन र प्यारोलको कार्यान्वयन निकाय फरक रहेकोले यी दुईलाई नियमन गर्ने छुट्टै बोर्ड गठन गर्नु उपयुक्त हुने, आजन्म कैद पाएका कसूरदारलाई परिस्थिति हेरी निश्चित कैद अवधि पछि छाड्न सक्ने व्यवस्था गरिनुपर्ने लगायतका सुझावहरू दिइएको पाइन्छ, जुन सुझावहरू यस कार्यदलको अध्ययनको लागि अत्यन्त उपयोगी र सान्दर्भिक रहेको छ ।

**२.५ नेपाल सरकार वि. शेर बहादुर बस्नेतको मुद्दामा प्रतिपादित सिद्धान्त**[८]

गम्भीर प्रकृतिका अपराध गरे बापत सर्वस्व सहित जन्मकैद वा जन्मकैद हुने मुद्दामा कानूनले तोकेको सजाय तोक्दा कसूरदारलाई चर्को पर्ने अवस्था भएमा यस्तो अधिकारको प्रयोग गर्न सकिने भए तापनि कैद सजाय निर्धारणको विधि न्यायोचित हुन जरुरी हुन्छ ।सजायको उद्देश्य कसूरदारलाई दण्डित गर्नु, त्यस्तो कसूर गर्नबाट अरूलाई निरुत्साहित गर्नु र कानूनको अधीनमा रही कसूरदारमा अपराधको बोध गराई सुधारको बाटो तर्फ लाग्न प्रेरित गर्नु हो । तजबिजी अधिकारको प्रयोग गर्दा दण्ड सम्बन्धी आधारभूत सिद्धान्तलाई अत्यन्त हलुको ढङ्गले लिन नमिल्ने । तजबिजी अधिकारको प्रयोग गरी कसूरदारलाई विधायिकी मनसाय विपरीत हुने गरी अति हलुको, निरर्थक र निष्प्रभावी प्रकृतिको वा अति चर्को सजाय तोक्ने हो भने सजायले आफ्नो उद्देश्य र तात्पर्य गुमाउने । नाम मात्रको सजाय गर्ने हो भने सजाय सजाय नै हुँदैन । अति चर्को सजाय गर्ने हो भने कसूर र सजायको अनुपातः नमिली उद्देश्य पराजित हुन्छ । यसले न्यायलाई परास्त गर्छ । अपराधको न्यूनीकरण, अपराधीमा दण्डको अनुभूति तथा पीडितलाई राहत महशुस गराउने दायित्व समेत सजाय निर्धारणसँग सन्निहित हुने । कसूरदारलाई दण्डित गर्ने र कसूरदारमा अपराधको बोध गराई सुधारको बाटोतर्फ लाग्न प्रेरित गर्नु पनि सजायको उद्देश्य हो भनी सर्वोच्च अदालतबाट कानूनको व्याख्या गरिएको छ, जुन व्याख्या यस अध्यनका लागि उपयोगी र सान्दर्भिक रहेको छ ।

**२.६ गोपाल सिवाकोटी (चिन्तन) समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको रिट निवेदनमा प्रतिपादित सिद्धान्त**[९]

कसूरदारलाई असल चालचलनयुक्त, अनुशासित एवं नैतिकवान बनाई सामाजिकीकरण र पुनर्स्थापना मार्फत समाजमा पुनर्स्थापित हुन योग्य व्यक्तिमा रुपान्तरण गर्नु सजायको सुधारात्मक सिद्धान्तको मान्यता हो । कसूरदारको मानसिकतामा परिवर्तन ल्याई निजलाई सुधार गर्ने उद्देश्य यस सिद्धान्तले राख्दछ । सुधारात्मक दण्ड प्रणालीले कसूरदारलाई अपराध गर्ने एउटा माध्यम मात्र मान्ने र आपराधिक कार्यले कसूरदार स्वयंलाई पनि क्षति पुऱ्याएको हुन्छ भन्ने धारणा राख्ने हुँदा फौजदारी अपराधमा दोषीलाई समेत सुधारको मौका प्रदान गर्नु पर्दछ भन्ने कुरामा जोड दिदै दण्डका वैकल्पिक प्रणालीलाई

---

८ ने.का.प. २०७१, अंक ३, निर्णय नं.९१३६।

९ ने.का.प. २०७७, अंक ५, निर्णय नं.१०५०९ ।

समेत प्रोत्साहित गर्ने उद्देश्य भएको कुरामा जोड दिने गरी यस मुद्दामा सर्वोच्च अदालतबाट व्याख्या भएको पाइन्छ, जुन कुरा यस अध्ययनको लागि मननीय र सान्दर्भिक रहेको छ ।

### २.७ How Much Punishment Is Enough?: Embracing Uncertainty in Modern Sentencing Reform[१०]

यस लेखले फौजदारी न्याय प्रणालीमा सजाय निर्धारणको जटिलता र चुनौतीहरूको विश्लेषण गर्दछ । यसले सजाय सुधारको वकालत गर्दै सजाय निर्धारणमा प्रयोग हुने algorithms and risk assessments in sentencing उपकरणहरूलाई उल्लेखनीय ठानेकोमा, यी उपकरणहरू सधैं सही हुँदैनन् र कहिलेकाहीँ पक्षपाती वा गलत परिणाम दिन सक्छन् भन्ने कुरा तर्फ पनि सचेत गराएको पाइन्छ । यस लेखमा सजायले केवल रोकथाम वा दण्ड मात्र नभई समानुपातिक र न्यायको सिद्धान्तलाई पनि प्रतिबिम्बित गर्नुपर्ने कुरामा प्रकाश पार्दै कसूरदारहरूको पुनर्स्थापना र समाजमा पुनः समाहित गराउने तर्फ विशेष जोड दिइएको छ ।

त्यसका साथै यस लेखमा अत्यधिक कठोर सजायले दीर्घकालीन नकारात्मक प्रभाव पार्न सक्छ भनी सजायमा निश्चिततालाई स्वीकार गर्नुपर्ने कुराको वकालत गरिएको छ, जसका कारण सुधारात्मक न्याय प्रणाली निर्माण गर्न मद्दत गर्ने सुझाव दिएको छ । सजायमा पूर्ण सटिकता खोज्नु भन्दा पनि, नीति निर्माता र न्यायाधीशले लचकता अँगालेर व्यक्तिगत आधारमा सजाय निर्धारण गर्न ध्यान दिनुपर्ने जस्ता सुझावहरू यस लेखमा उपयोगी र मननीय रहेको पाइयो, जुन प्रस्तुत अध्ययनको लागि उपयोगी र सान्दर्भिक रहेको छ ।

---

१० Jalila Jefferson-Bullock, **How Much Punishment Is Enough? Embracing Uncertainty in Modern Sentencing Reform.** The time is ripe for criminal sentencing reform. Similar to the SRA era, critics on both sides of the aisle enthusiastically advocate for change. Lamenting the fiscal, social, emotional, and cultural Costs of our present ill-structured system. Legislative and Executive leadership has joined forces to construct a rational, fair sentencing paradigm and are poised to remedy the calamitous ills wrought by criminal justice reform nearly three decades ago. The setting is eerily familiar and the timing is again perfect—an overwhelming majority of decision makers and the public agree that our archaic sentencing structure must be reconfigured. This time, however, it is essential to get it right. Modern-day sentencing reform should proceed with the assistance of sound research, and must remain committed to reevaluating that research until we achieve an effective sentencing design. During this renewed season of sentencing changes, law and policy makers must deliberately acknowledge the myriad SRA produced catastrophes and disavow repeating the same ill-fated mistakes. To do so, it is absolutely necessary to eliminate lengthy mandatory minimum sentences for the general population of offenders. Instead of following past practice of thrusting poorly conceived terms of incarceration on offenders, sentencing type and Duration should be informed by reason and logic. Research proves that probation and home incarceration is effective punishment for the majority of offenders. Law and policy makers should engage these tools to reduce prison overcrowding, decrease prison costs, renew the fabric of communities, and properly and safely punish offenders. Finally, it is essential to harness the power of uncertainty imposing continuous evaluation of sentence type and duration to measure effectiveness. Decision makers must reach back beyond and accompanying text. SRA-era reforms and bring such knowledge to bear in crafting current legislation. Borrowing from indeterminate sentencing Pedagogy, specifically in the area of post-sentence review, can assist in engineering today's renewed sentencing model design. Embracing uncertainty will guarantee the creation of a sound, fair, unbiased sentencing regime that is closer to understanding how much punishment is enough.
https://brooklynworks.brooklaw.edu/cgi/viewcontent.cgi?article=1509&context=jlp

## २.८ Reforming Punishment: Psychological Limits to the Pains of Imprisonment[११]

यस पुस्तकले कारावासको मनोवैज्ञानिक प्रभावहरूलाई विश्लेषण गर्दै, संयुक्त राज्य अमेरिका लगायत संसारभरको दण्ड प्रणालीको आलोचना गरी लेखकले कारागारको कठोर वातावरणले कैदीहरूमा पर्ने नकारात्मक मानसिक प्रभाव र दण्ड प्रणालीले पुनर्स्थापना वा अपराध रोकथामका लक्ष्यहरू कसरी पूरा गर्न असफल भएको छ भन्ने तर्क प्रस्तुत गरेका छन् । उनले कैदीहरूको मानसिक स्वास्थ्यमा पर्ने नकारात्मक असरहरू (जस्तैः डिप्रेसन, चिन्ता र सामाजिक अलगाव) को चर्चा गर्दै उनले "प्रिजनाइजेशन" (कैदीहरूले जेलको वातावरणसँग अनुकूल हुने प्रक्रिया) लाई व्याख्या गरेका छन्, जसले कैदीको व्यक्तित्वलाई हानि पुऱ्याउने जिकिर लिएका छन् । त्यस्तै उनले एकल बन्दी जीवनको आलोचना समेत गरी यसले मानसिक स्वास्थ्यमा गम्भीर असर पार्ने जसको कारण साइकोसिस, आत्महत्या गर्ने प्रवृत्ति र अन्य गम्भीर मानसिक समस्या निम्त्याउने जिकिर लिएका छन् । त्यस्तै दण्ड व्यवस्थाको सुधारको लागि लेखकले मनोवैज्ञानिक अनुसन्धान र मानव मर्यादाका सिद्धान्तहरूसँग मेलखाने दण्ड नीतिहरूमा सुधार हुनुपर्ने, कैदीहरूको सफल पुनर्स्थापना सुनिश्चित गर्न कारागारको ओभरक्राउडिङ घटाउने, कारागारको अवस्था सुधार गर्ने र तालिम कार्यक्रम सञ्चालन गर्ने लागायतका दण्डको सट्टा सुधारमा ध्यान केन्द्रित गर्नुपर्ने भनी राखेका धारणाहरू प्रस्तुत अध्ययनको लागि मननीय छ ।

११ Craig Haney, **Reforming Punishment: Psychological Limits to the Pains of Imprisonment.** The author makes clear in the book's that his analysis of the psychological harms caused by certain prison conditions is not intended to be a critique of the use of imprisonment per se or as a recommendation that imprisonment should not be retained as an essential component of a rational strategy of crime control. The focus of the book is on the excesses of prison conditions and inmate management that cause detrimental psychological harm that undermines positive behavioral development. The book's review of contemporary psychological analyses of criminal behavior emphasizes the psychological and physical abuses, as well as the contexts of disadvantage, both physical and social, that underlie harmful and dangerous behaviors. These criminogenic factors can be aggravated when psychological harm and stressful conditions persist in prison. Instead, prison conditions and programs must be tailored to criminogenic needs through humane conditions, respectful management policies, and proven treatment programs. Given that controlled confinement is punishment in itself, security policies should focus on ensuring the safety of inmates and the public. https://www.ojp.gov/ncjrs/virtual-library/abstracts/reforming-punishment-psychological-limits-pains-imprisonment

# परिच्छेद - तीन

## सुधारात्मक दण्ड प्रणाली

"Prisons do not disappear social problems, they disappear human Beings -Angela Davis

### ३.१ सुधारात्मक दण्ड प्रणालीको परिचय र उद्देश्य

नर्वेकी २८ वर्षीय महिला मारिया चोरी र धोखाधडीमा संलग्न थिइन् । उनलाई ३ वर्षको जेल सजाय सुनाइएको थियो, तर नर्वेको सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी व्यवस्था बमोजिम उनलाई बास्टोय जेलमा राखियो, जहाँ महिला कैदीहरूका लागि विशेष सुविधा र पुनर्स्थापना कार्यक्रम प्रदान गरिन्थ्यो । जेलमा मारियाले शिक्षा प्राप्त गरिन् र उनले व्यवसाय प्रबन्धनमा डिप्लोमा गरिन् । जेलबाट छुटेपछि उनले आफ्नै सानो व्यवसाय शुरु गरिन् र समाजमा एक सम्मानित व्यक्तिको रूपमा पुनःस्थापित भइन् । उनले आफ्नो अनुभव बाँड्दै अन्य महिलाहरूलाई सही मार्गमा लाग्न प्रेरित समेत गर्छिन् । सुधारात्मक दण्ड प्रणालीको एउटा प्रेरणादायी उदाहरणको रुपमा यसलाई लिन सकिन्छ ।

**परिचय**

"अपराधीको हत्या गरेर अपराधीलाई सुधार गर्न सकिँदैन" भन्ने मान्यताका साथ सुधारात्मक दण्ड प्रणालीको शुरुवात भएको पाइन्छ । सजायको मुख्य उद्देश्य अपराधीको आचरण र चालचलनमा परिवर्तन ल्याउनु हो । दण्डको सुधारात्मक सिद्धान्तले दण्डलाई केवल सजायको रुपमा मात्र प्रयोग नगरी अपराधीको सकारात्मक परिवर्तनलाई जोड दिन्छ । यो व्यवस्थाले कसूरदारको वैयक्तिकरणको माध्यमबाट कसूरदारलाई रुपान्तरण गर्ने र समाजमा पुनर्स्थापना गर्ने मान्यता राख्दछ । यो कसूरदारले कसूर गरेको भएपनि उसलाई सभ्य र असल नागरिक हुनबाट बञ्चित गर्नु हुँदैन भन्ने मानवीयताको सिद्धान्तमा आधारित छ ।[१२]

यसको उद्देश्य अपराधीको आचरण र चालचलनमा सुधार ल्याई समाजमा कानून पालन गर्ने सभ्य नागरिकको रूपमा पुनर्स्थापित गर्नु हो ।दण्ड समाजको नियम र नीतिहरूको पालना सुनिश्चित गर्नको लागि एक महत्त्वपूर्ण उपकरण हो, जसले शान्ति र व्यवस्था कायम राख्न मद्दत गर्दछ । यदि अपराधीको निगरानी गरिएन भने, यसले समुदाय र मानिसहरूको दैनिक जीवनमा समस्याहरू उत्पन्न गर्न सक्छ । सुधारात्मक सिद्धान्तले अपराधीमा ध्यान केन्द्रित गर्दै, निजलाई मानसिक रूपमा परिवर्तन गरेर पुनः समाजमा पुनर्स्थापित गर्ने प्रयास गर्दछ । यस अनुसन्धानमा नेपालको परिप्रेक्षमा सुधारात्मक दण्ड

१२ https://blog.ipleaders.in/reformative-theory-of_punishment/#:~:text=According%20to%20ref_ormative%_0theory%2C%20the,just%20because%20he%20commits%20crimes. हेरिएको मिति २०८१/०८/०६ ।

प्रणाली सम्बन्धी विभिन्न प्रावधानहरू, तिनको कार्यान्वयनको अवस्था र तिनको कार्यान्वयनमा देखिएका समस्या र चुनौतीको तुलनात्मक रुपमा अध्ययन गरी तिनको प्रभावकारी कार्यान्वयनका लागि सुझाव समेत दिने प्रयास गरिएको छ ।

## उद्देश्य

सन् १९८० को दशकमा संयुक्त राज्य अमेरिकामा गरिएको एक अध्ययन अनुसार, केवल २५% अपराधीहरू पेशेवर वा अभ्यस्त प्रकृतिका हुन्छन्, जसलाई सुधार गर्न प्रायः असम्भव मानिन्छ । तर ७५% अपराधीहरू भने सामाजिक अवस्था, पारिवारिक विघटन, अशिक्षा, गरिबी र शहरीकरणको नकारात्मक प्रभाव जस्ता विभिन्न कारक तत्वहरूको चक्रमा फसेर अपराध गर्न पुगेका हुन्छन् । यस्ता संयोगजन्य अपराधी वा अवसरवादी अपराधीहरूको हकमा अपराधको कारण पत्ता लगाई, सोको समाधान गरेर, उनीहरूलाई सुधार गरेर समाजमा पुनर्स्थापित गर्न सकिन्छ ।[१३] सुधारात्मक दण्ड प्रणालीको उद्देश्य सजायको वैयक्तिकरणका माध्यमले कसूरदारको सुधार गर्नुपर्छ भन्ने नै हो ।[१४] सुधारात्मक दण्ड प्रणालीको उद्देश्य सजायलाई दण्डात्मक नभई सुधारात्मक बनाउनु हो, जसले अपराधीको मानसिकता र उसको सामाजिक व्यवहारलाई परिवर्तन गर्न ध्यान दिन्छ ।[१५] सजायको वास्तविक उद्देश्य अपराधको रोकथाम र अपराधीलाई सुधार गर्नु हो, जसले समाजमा शान्ति र व्यवस्था कायम राख्न सहयोग पुऱ्याउँछ ।[१६]

सुधारात्मक दण्ड प्रणालीले अपराधीलाई पुनःसमायोजन गर्ने, पुनर्स्थापना गर्ने र अपराधको पुनरावृत्तिलाई रोक्न सहयोग पुऱ्याउँछ । यसले न्याय प्रणालीलाई मानवीय दृष्टिकोण दिन्छ ।[१७] यसले कसूरदारलाई कसूर प्रति पश्चाताप गराई आचरण र चालचलनमा सुधार ल्याउन उत्प्रेरित गर्दछ ।

सुधारात्मक दण्ड प्रणालीमा अपराधीलाई सुधार गृह, सामुदायिक सेवा, परामर्श, शिक्षाको निरन्तरता वा अन्य प्रकारका सुधारात्मक कार्यक्रमहरूमा सहभागी गराई उनीहरूलाई केवल सजाय दिएर दण्डित गर्नु नभई उनीहरूको चालचलन, चरित्र र व्यवहारलाई सुधार्दै समाजमा पुनर्स्थापना गर्नु, अपराधको कारण र परिस्थिति बुझेर सजायको वैयक्तिकरणको माध्यमबाट कसूरदारलाई सजाय गरी सक्षम र उत्तरदायी नागरिक बनाउनु, समाजको अपराधदर घटाई समाजमा स्थिरता र शान्ति कायम गर्नु, कैद

१३ हरिबंश त्रिपाठी, *सजायको उद्देश्य तथा निर्धारणका आधारहरु*, **देवानी तथा फौजदारी संहिता स्रोत सामाग्री,** २०७५, (भाग २), राष्ट्रिय न्यायीक प्रतिष्ठान नेपाल, काठमाडौं, पृष्ठ २२०।

१४ महेश शर्मा पौडेल, **सजाय निर्धारण र कार्यान्वयन,** २०७७, पैरवी बुक हाउस प्रा. लि., काठमाडौं, पृष्ठ २३०।

१५ ***Indian Penal Reform Commission Report*** *(1973).*

१६ Cesare Beccaria*, **On Crimes and Punishments** (1764).*

१७ *UNODC* ***Handbook on the Crime Prevention and Criminal Justice Reform*** *(2016).*

सजायको खर्च घटाई सुधारात्मक व्यवस्था मार्फत आर्थिक मितव्ययीता कायम गर्नु, अन्ततः समग्र न्याय प्रणालीलाई मानवीय, विवेकपूर्ण, न्यायपूर्ण र सुदृढ बनाउनु यसको उद्देश्य रहेको छ ।

## ३.२ सुधारात्मक दण्ड प्रणालीको अवधारणा, विकास र नेपालको ऐतिहासिक पृष्ठभूमि

### अवधारणा

फौजदारी न्याय प्रणालीको मुख्य उद्देश्य मध्ये दण्ड वा सजाय पनि एक हो । अपराधको नियन्त्रण र समाजको रक्षा गर्न दण्डको महत्वपूर्ण भूमिका रहेको हुन्छ । मनुस्मृति[१८] का अनुसार राज्यको शासन दण्ड व्यवस्थाबाट सञ्चालित हुन्छ र दण्ड व्यवस्था राज्यद्वारा व्यवस्थित गरिएका नियमहरूबाट निर्देशित हुन्छ ।[१९] फौजदारी न्याय अन्तर्गत दण्ड प्रणालीका सिद्धान्तले अपराध र अपराधीको स्वभाव, समाजका आवश्यकता र न्यायको अवधारणामा आधारित रही दण्डको उद्देश्य, प्रक्रियाहरू र त्यसको प्रभावलाई स्पष्ट रूपमा परिभाषित गरेको हुन्छ ।

### दण्डका सिद्धान्तहरू

परम्परागत र आधुनिक न्याय प्रणालीमा दण्डका विभिन्न सिद्धान्तहरूको विकास भएको छ, जसलाई मुख्य रूपमा पाँच भागमा वर्गीकृत गर्न सकिन्छः

(क) प्रतिशोध (Retribution),
(ख) हतोत्साहन (Deterrence),
(ग) निरोध वा अशक्तिकरण (Prevention or Incapacitation),
(घ) सामूहिक निन्दा वा भर्त्सना (Denunciation),
(ङ) पीडितको अधिकारको पुनर्स्थापना (Restoration of victim's rights) र
(च) सुधार वा पुनर्वास (Reformation or Rehabilitation) ।

माथि उल्लिखित दण्डका सिद्धान्तहरू मध्ये दण्डका सुधारात्मक सिद्धान्तलाई आधुनिक दण्ड प्रणालीको रुपमा हेर्ने गरिन्छ, जसले अपराधीको सुधारमा ध्यान दिएको हुन्छ । दण्डको सुधारात्मक प्रणालीले अपराधीलाई एक रोगीको रुपमा हेरी निजलाई उपचारको माध्यमबाट सुधार गर्नुपर्ने मान्यता राख्छ । सुधारात्मक दण्ड प्रणालीको मूलभूत उद्देश्य भनेको अपराधीलाई रोगीको रूपमा हेरेर चिकित्सकले बिरामीलाई जाँच गरी रोग निदान गरी सोको आधारमा रोग निको पारे जस्तैः अपराधीलाई पनि अपराधको कारण पत्ता लगाई सोको आधारमा निजलाई सुधार गरेर सभ्य, सक्षम, जिम्मेवार, योग्य र

---

१८ मनुका अनुसार दण्डले नै प्रजालाई शासन गर्छ र सबैको सुरक्षा पनि दण्डबाटै भएको हुन्छ । मानिस सुते पनि दण्ड जागा रहन्छ । यो दण्डको धर्म हो ।

१९ सहायक प्रा. दिल्लीराम गौतम, *मानब सभ्यताको मौलिक स्रोतको रुपमा मनुस्मृति,* **कानून अन्वेषिका अनुसन्धानमूलक पत्रिका**, बर्ष १, अङ्क १, २०७४, काठमाडौ स्कूल अफ ल, काठमाडौं ।

समाजोपयोगी व्यक्तिमा रूपान्तरण गर्नु हो । यस सिद्धान्तका अनुसार सामाजिक वातावरण र अवस्थाले अपराधलाई उत्पन्न गर्छ र अपराध गर्ने व्यक्ति त केवल अपराधको एक माध्यम मात्र हो । सुधारात्मक वा पुनर्वास सम्बद्ध मोडेलको उद्देश्य अपराधीलाई उपचार गरेर समाजमा पुनःस्थापित गर्नु र भविष्यमा निजबाट थप अपराध हुने सम्भावनालाई घटाउनु हो ।

*W.C. Reckless का अनुसार* सुधारात्मक दण्ड प्रणालीले अपराधीलाई कसूरप्रतिको दायित्व बोध गराई सजायको माध्यमबाट सुधार गर्ने र निजको सामाजिक तथा नैतिक पुनर्स्थापनामा जोड दिन्छ । यसको उद्देश्य समाजलाई अपराधमुक्त बनाउनु हो ।[२०]

*Herman Mannheim को अनुसार* "सुधारात्मक दण्ड विधि भनेको सजायका आधुनिक विधिहरू अपनाई अपराधीको पुनर्स्थापनाका लागि अपनाइने प्रक्रिया हो, जसले अपराधीलाई समाजमा जिम्मेवार नागरिकको रुपमा फर्काउने काम गर्दछ ।"[२१]

मानिसबाट अपराध विभिन्न कारणले भएको हुन सक्छ र यसको कारक तत्वहरू पनि फरक फरक हुन सक्छन् । त्यसैले एक पटक अपराध गरेको व्यक्तिले बारम्बार अपराध गर्दछ भन्ने मान्यता राख्नु उचित हुँदैन । समाजका लागि सबै प्रकारका अपराधीहरू सधैंको लागि खतरा नहुन सक्छन् । यस्ता अपराधीहरूलाई सुधार गरेर समाजमा नै पुनर्स्थापना गर्नु आवश्यक मानिन्छ, जुन आधुनिक सुधारात्मक दण्ड विधिको मान्यता पनि हो । यस बाहेक अपराधले समाज, अभियुक्त र पीडितका साथै निजका परिवारका सदस्य समेतलाई प्रभाव पारेको हुन्छ र यसले उनीहरू बीचको आपसी सम्बन्धलाई बिगारेको हुन्छ । त्यसैले पुनर्स्थापकीय न्यायको मान्यताबाट त्यसरी बिग्रेको आपसी सम्बन्धमा पनि पुनर्स्थापना गर्नु पर्दछ भन्ने मान्यता समेत सजायको सुधारात्मक सिद्धान्तमा रहेको हुन्छ ।[२२]

## सुधारात्मक दण्ड प्रणालीको विकास

सुधारात्मक दण्ड प्रणालीको विकास ऐतिहासिक रूपमा समाजको सोच र कानूनी दृष्टिकोणमा आएको परिवर्तनका कारण भएको हो ।

प्राचीन समाजहरूमा दण्डको मुख्य उद्देश्य प्रतिशोध, हतोत्साह, निन्दा र अपराधीलाई शारीरिक यातना दिनु थियो । उदाहरणका रूपमा प्राचीन रोमन साम्राज्यमा अपराधको सजायको रुपमा मृत्युदण्ड र दासत्व जस्ता कठोर सजायहरू लागू गरिन्थे । अपराधीलाई असल र भद्र नागरिक बन्नको सट्टा समाजबाट बाहिर गर्ने र शारीरिक यातना दिने प्रचलन थियो । नेपालको प्राचीन समाज एवं कानूनी इतिहासलाई समेत हेर्दा कठोर दण्ड सजायहरू प्रचलनमा रहेको पाइन्छ ।

---

२० W.C. Reckless, ***The Crime Problem*** *(1967).*

२१ Herman Mannheim, ***Comparative Criminology*** *(1940).*

२२ पूर्वपाद ३, पृष्ठ २३२ ।

अठारौं शताब्दिको उत्तरार्धमा विशेषगरी औद्योगिक क्रान्ति र समाजमा आएका परिवर्तनहरूका कारण सुधारात्मक दण्ड प्रणालीको अवधारणाको विकास भएको देखिन्छ । त्यस समयमा दण्डलाई केवल शारीरिक पीडा वा कठोर दण्डको रुपमा मात्र नहेरी अपराधीलाई सुधार गरेर समाजमा पुनःस्थापना गर्नुपर्ने प्रणालीको रुपमा हेर्न थालियो । यस सिद्धान्तलाई प्रमुख रुपमा जेरमी वेन्थम र सीजर बेकारियाले अगाडि सारेका हुन् । Bentham ले दण्ड प्रणालीमा सुधार गर्नुपर्ने मान्यता राखी अपराधीलाई कडा शारीरिक यातनाको सट्टा सुधारका उपायहरू प्रयोग गर्नु पर्छ भन्ने विचार राखेको पाइन्छ ।

उन्नाइसौं शताब्दिमा सुधारात्मक दण्ड व्यवस्थाको मान्यता एवं सिद्धान्तहरूलाई व्यवहारमा ल्याउन थालियो जसको फलस्वरुप समाजमा सुधार गृहहरूको स्थापना हुन थाल्यो । उदाहरणका रूपमा अमेरिका र यूरोपका विभिन्न देशहरूमा सुधार गृहहरू स्थापना गरिएको थियो, जहाँ अपराधीलाई विभिन्न सुधारका उपायहरू मार्फत सुधार गर्नको लागि प्रयास गरिन थालियो ।

वर्तमान समयमा सुधारात्मक दण्ड प्रणालीले अपराधीलाई मानसिक र सामाजिक सुधारका लागि विभिन्न कार्यक्रमहरूको माध्यमबाट पुनर्स्थापना गर्ने लक्ष्य राख्छ । उदाहरणको लागि स्वीडेन र नर्वे जस्ता देशहरूले सुधारात्मक दण्ड विधिलाई प्राथमिकतामा राख्दै अपराधीलाई सुधार र पुनःसामाजिकरणका लागि विभिन्न कार्यक्रमहरू अगाडि सारेका छन् । त्यसका साथै जापान, अष्ट्रेलिया, बेलायत लागायतका देशले सुधारात्मक दण्ड प्रणालीका विभिन्न व्यवस्थालाई सफल रुपमा प्रयोग गरिराखेको पाइन्छ ।

सुधारात्मक दण्ड प्रणालीको विकासले समाजका कानूनी र दण्ड प्रणालीमा महत्वपूर्ण परिवर्तन ल्याएको छ । यसले अपराधीलाई सजाय दिने भन्दा पनि सुधार र पुनर्स्थापना गर्ने उद्देश्य राख्दछ, जसले गर्दा समाजमा शान्ति, सहिष्णुता र सामन्जस्यता कायम राख्न मद्दत पुऱ्याउँछ । नेपालको सन्दर्भमा समेत हाल कार्यान्वयनमा रहेको मुलुकी अपराध संहिता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा सुधारात्मक दण्ड प्रणालीका विभिन्न प्रावधानहरू अवलम्बन गरिएको पाइन्छ, जसमध्ये प्यारोल सम्बन्धी व्यवस्था हाल कार्यान्वयनमा आइसकेको छ ।

## नेपालको ऐतिहासिक पृष्ठभूमि

नेपालको कानूनी इतिहास धर्ममा आधारित रहेको पाइन्छ । विभिन्न कालखण्डमा प्रचलनमा रहेका धर्मग्रन्थ, संस्कृति, सामाजिक मान्यता, सद्विवेकको आधारमा त्यसबेलाको न्याय प्रणाली निर्देशित भएको पाइन्छ ।[२३] धर्मशास्त्रको आधारमा गरिएको वर्णन र व्यक्तिसँग सम्बन्धित रीतिरिवाजको आधारमा हिन्दू न्याय प्रणालीले अपराधलाई पापका रूपमा लिएको पाइन्छ र पापकर्मको प्रायश्चित्तस्वरूप विभिन्न प्रकारका दण्ड दिनुपर्ने परम्परा कायम गरेको थियो । प्राचीन समयमा अपराधी वा दुष्टलाई सजाय दिनु राजाको कर्तव्य तथा दायित्व मानिन्थ्यो । राजाले सजाय दिन्छन् भन्ने विश्वासका कारण जनता

२३ https://ne.wikipedia.org/wiki/ **नेपालको-कानूनी-इतिहास,** हेरिएको मिति २०८१/०७/२८ ।

आ-आफ्नो धर्ममा प्रवृत्त हुने मान्यता धर्मशास्त्रीय दृष्टिकोणले राखेको थियो । नेपालमा कानूनी शासन व्यवस्था किराँतकालबाट शुरु भएको देखिन्छ । तत्पश्चात लिच्छवी काल, मल्ल काल, राणा काल समेतमा सामाजिक मान्यता र धर्मग्रन्थका आधारमा दण्ड व्यवस्था सञ्चालन हुने गर्दथ्यो । मल्लकालीन राजा जयस्थिति मल्लले "मानव न्यायशास्त्र" तयार गर्न लगाई सोही कानूनको आधारमा न्यायको क्षेत्रमा व्यापक सुधार गरेका थिए । निजले अपराधीलाई शारीरिक दण्ड मात्र दिने पहिलेको न्यायिक व्यवस्थामा व्यापक परिवर्तन गरी अपराध अनुसारको आर्थिक दण्ड दिने कानूनी व्यवस्था लागू गरेका थिए ।[२४]

बेलायत भ्रमणबाट फर्के पछि जङ्गबहादुर राणाले वि.सं. १९१० मा मुलुकी ऐन जारी गरी सारवान र कार्यविधि दुबै कानूनी व्यवस्थाहरूलाई अंगीकार गरेको पाइन्छ । त्यसबेलासम्म नेपालमा प्रतिशोध (Retribution), हतोत्साह (Deterrence ), निरोध वा अशक्तिकरण (Prevention or Incapicitation), सामूहिक निन्दा वा भत्सर्ना (Denunciation) लगायतका दण्डात्मक पद्धति (Punitive Approach) कायम रहेकोमा मुलुकी ऐन २०२० जारी भएपश्चात् फौजदारी कसूरमा सजाय गर्दा केही खास प्रकृतिका अपराधमा सजायको निर्धारण गर्दा उल्लिखित सुधारात्मक दण्ड प्रणालीलाई कुनै न कुनै रूपमा भएपनि आत्मसात् गरिएको थियो । सो ऐनको दण्ड सजायको महलको ११क नं. मा तीन वर्ष भन्दा घटी कैदको सजाय हुने कसूरमा पहिलो पटक कसूरदार ठहरी अड्डाले कैदमा राख्न मनासिव नठहऱ्याएमा दिनको २५ रुपैयाँका दरले रकम बुझाए कैदमा नराख्ने गरी फैसला गर्न सक्ने र तीन वर्ष भित्र पुनःअपराध गरे उक्त कैद समेत थप गरी सजाय गरिने व्यवस्था गरिएको थियो ।

त्यसैगरी विशेष ऐनको रुपमा जारी भएको बालवालिका सम्बन्धी ऐन, २०४८ मा मुद्दाको तहकिकात वा पुर्पक्षका क्रममा मुद्दा हेर्ने अधिकारीलाई लागेमा निजको बाबुआमा, नातेदार वा संरक्षकको जिम्मा लगाई वा बाल सुधार गृह वा बालकको हितकारी संस्थाको जिम्मा लगाउन सक्ने र कसूरदार ठहर भई सजाय पाएको बालकलाई निजको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति समेतका आधारमा कारागारमा राख्न उपयुक्त नहुने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा त्यसरी तोकिएको सजाय तत्काल भोग्न नपर्ने गरी स्थगित राख्न वा त्यसरी तोकिएको सजायको अवधि कुनै बाल सुधार गृहमा बसी वा कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतित गर्नुपर्ने गरी तोक्न सक्ने व्यवस्था समेत गरिएको थियो ।

---

२४ डा. श्रीरामप्रसाद उपाध्याय, **नेपालको समिक्षात्मक इतिहास**, पृष्ठ ३१ ।

तत्कालीन महान्यायधिवक्ता बद्रिबहादुर कार्कीको अध्यक्षतामा गठन भएको फौजदारी न्याय प्रशासन अध्ययन तथा सुझाव कार्यदलले अपराध संहिताको मस्यौदामा सुधार गृह र सामुदायिक केन्द्रमा कैद भुक्तान गर्न सकिने जस्ता कैदका वैकल्पिक व्यवस्थाहरू प्रस्ताव गरेको थियो ।[२५]

कारागार ऐन, २०१९ को दोस्रो संशोधन मार्फत कारागारको वैकल्पिक व्यवस्थाको रुपमा सामुदायिक सेवा र खुल्ला कारागारको अवधारणालाई कानूनमा प्रवेश गराइएको थियो । यो व्यवस्थाबाट यस क्षेत्रमा राम्रो फड्को मारेको भए पनि कार्यान्वयन भने हुन सकेन ।[२६] उक्त संशोधित व्यवस्था अनुसार तीन वर्ष भन्दा कम कैदको सजाय हुने ठहरिएका कसूरदारलाई मुद्दा हेर्ने अधिकारीले सामुदायिक सेवा अर्थात् विद्यालय, अस्पताल, स्थानीय निकाय, देवालय, वृद्धाश्रम लगायतका त्यस्तै प्रकृतिका सामाजिक संस्थामा गरिने सेवामा पठाउन सक्ने र अदालत बाहेकको मुद्दा हेर्ने अन्य अधिकारीले यसरी पठाउँदा जिल्ला अदालतको अनुमति लिनुपर्ने व्यवस्था गरिएको थियो । सामुदायिक सेवा र खुला कारागारका उपरोक्त व्यवस्थाहरू जिउ मास्ने बेच्ने, जबरजस्ती करणी, कैदबाट भागे भगाएको, भन्सार चोरी निकासी पैठारी, लागू औषधको कारोबार, भ्रष्टाचार र जासूसी सम्बन्धी मुद्दामा भने लागू नहुने व्यवस्था रहेको थियो ।

हाल कार्यान्वयनमा रहेको बालबालिका सम्बन्धी ऐन, २०७५ ले सुधारात्मक दण्डका व्यवस्थाहरूलाई अझ स्पष्ट र व्यापक रूपमा समेटेको छ । यस ऐनले बाल अदालतलाई बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र उक्त कार्य भएको परिस्थितिलाई ध्यानमा राखी विभिन्न सुधारात्मक उपायहरू अपनाउने अधिकार दिएको छ । जस्तैः सजाय स्थगन गर्न वा शर्त तोकी/नतोकी बालबालिकालाई परिवारका सदस्य वा संरक्षकद्वारा असल व्यवहारका विषयमा सम्झाउने र बुझाउने, सेवाप्रदायक व्यक्ति वा संस्था मार्फत अभिमुखीकरण गराउने, एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श उपलब्ध गराउने, तोकिएका शर्तहरू पालना गर्ने गरी परिवारका सदस्य, संरक्षक, विद्यालय वा सेवा प्रदायक संस्थाको निगरानीमा राख्ने, निश्चित अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने वा बाल सुधार गृहमा अधिकतम सजाय अवधि नबढ्ने गरी बस्न लगाउने जस्ता सुधारात्मक प्रावधानहरू ऐनमा समावेश गरिएको छ ।[२७]

नेपालको वर्तमान न्याय प्रणाली सुधारात्मक दण्ड विधि तथा पुनर्स्थापकीय न्याय प्रणालीमा प्रवेश गरिसकेको छ । न्यायपूर्ण, शान्तिपूर्ण, सुरक्षित र सभ्य समाज सिर्जना गरी सर्वसाधारणको हित र सदाचार कायम गर्नको लागि फौजदारी कसूर गर्ने कसूरदारलाई उचित सजाय निर्धारण गर्ने तथा त्यस्तो सजाय कार्यान्वयन गर्ने

---

२५ **अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताको मस्यौदा तथा प्रतिवेदन,** २०५८ को दफा ३७ ।

२६ *पूर्व*पाद ३, पृष्ठ २३८ ।

२७ **बालबालिका सम्बन्धी ऐन, २०७५** ।

उद्देश्यका साथ मिति २०७४/०६/३० गते प्रमाणीकरण भई मिति २०७५/०५/०१ गतेदेखि लागू भएको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा निश्चित प्रकृतिका अपराधमा सुधारात्मक दण्ड प्रणालीलाई आत्मसात् गर्न वैकल्पिक कारागार प्रणाली (Alternative Prison System) को व्यवस्था गरिएको छ । उक्त ऐनको दफा २२ मा सामुदायिक सेवाको व्यवस्था, दफा २४ मा कैद सजाय निलम्वन गर्न सकिने व्यवस्था, दफा २५ मा सुधार गृहमा पठाउन सकिने व्यवस्था, दफा २६ मा पुनर्स्थापना केन्द्रमा पठाउने व्यवस्था, दफा २७ मा सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने व्यवस्था, दफा २८ मा खुल्ला कारागारमा राख्ने व्यवस्था, दफा २९ मा प्यारोलमा राख्ने व्यवस्था, दफा ३० मा सामाजिकीकरण गराउनुपर्ने व्यवस्था, दफा ३१ मा कैद बापत शारीरिक श्रममा लगाउन सकिने व्यवस्था, दफा ३४ मा अस्पताल वा यस्तै अन्य स्थानमा राखुपर्ने व्यवस्था र दफा ३७ मा कैद कट्टा हुन सक्ने व्यवस्था रहेका छन् ।

त्यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४० मा सजायका प्रकार अन्तर्गत कैदको सट्टामा सुधार गृह वा सामुदायिक सेवामा रहन सक्ने व्यवस्था समेत गरिएको छ ।

साथै कारागार ऐन, २०७९ र अपराध पीडित संरक्षण ऐन, २०७५ मा पनि सुधारात्मक दण्ड प्रणाली सम्बन्धी spirit र value लाई अवलम्बन गरिएको छ, जसको चर्चा यसै अध्ययनको कानूनी व्यवस्था अन्तर्गत गरिएको छ ।

## ३.३ सुधारात्मक दण्ड विधि वा प्रणाली सम्बन्धी सिद्धान्त, कानूनी व्यवस्था तथा न्यायिक अभ्यास

### क. सुधारात्मक दण्ड विधि वा प्रणाली सम्बन्धी सिद्धान्त

दण्ड प्रणाली समय र समाजको सापेक्षतामा परिवर्तन हुँदै आएको देखिन्छ । मृत्युदण्ड, देश निकाला, जात पतित गर्ने, चारपाटा मोड्ने, हात खुट्टा काट्ने जस्ता अमानवीय (inhumanitarian) दण्ड व्यवस्था प्रचलनबाट हराइसकेका छन् । कसूरको मात्रा अनुसार सजायको भिन्नता हुने सिद्धन्तकै जगमा दण्ड नीति खडा भएको हुन्छ । दण्ड विधिको सुधारात्मक सिद्धान्तले criminal are not born, but made भन्ने कथनलाई स्वीकार गर्दछ । कसूरदारलाई अनुशासित, सभ्य र नैतिकवान बनाई सामाजिकीकरण र पुनर्स्थापना मार्फत समाजमा पुनर्स्थापित हुन सक्ने असल नागरिकका रुपमा रूपान्तरण गर्नु यस सिद्धान्तको मान्यता हो । कसूरदारलाई सुधार गरी असल नागरिकको रुपमा समाजमा पनुर्स्थापित गर्नु सुधारात्मक सिद्धान्तको मकसद पनि हो ।

### १. समानुपातिक सजायको सिद्धान्त

कसूरदारले गरेको कसूर वा दोषको मात्रा जति छ सोही अनुपातमा सजाय निर्धारण गर्नु पर्दछ भन्ने मनसाय समानुपातिक सजाजयको सिद्धान्त हो । यो सिद्धान्त बमोजिम कसूरदारले गरेको आपराधिक

कार्यको दोषको मात्रा र अपराधको गम्भीरतालाई आधार मानेर समानुपातिक सजाय निर्धारण गर्ने गरिन्छ। यो सिद्धान्त बमोजिम मूलतः Quantum of punishment and degree of offence लाई विचार गरी सजाय निर्धारण गर्नुपर्ने हुन्छ। यो सिद्धान्तको मान्यता एउटै कसूर भएपनि सो कसूरमा संलग्न सबै कसूरदारलाई एउटै वा समान सजाय निर्धारण गर्नु हुँदैन भन्ने हो, जसको प्रमुख कारण कसूरदारको कसूर गर्दाको भूमिका (Role) र जिम्मेवारी (Culpability), निजले गरेको कसूर वा कार्यबाट पीडितलाई भएको हानि-नोक्सानी (Extent of Damage) समेतको विश्लेषणका आधारमा मात्र निजलाई आवश्यक र उपयुक्त सजाय निर्धारण गर्नु पर्दछ भन्ने नै हो। कसूरदारले गरेको आपराधिक कार्यको दोषको मात्रा र अपराधको गम्भीरता तथा अपराध पीडितलाई पर्न गएको असर वा क्षति समेतलाई आधार मानी कसूरदारको कसूरको अनुपातमा सजाय निर्धारण गरिन्छ । त्यसरी सजाय निर्धारण गर्न सकिएमा कसूरदारलाई निजले गरेको आपराधिक कार्य बापत भोग्नुपर्ने भन्दा बढी सजाय भोग्नुनपर्ने र कसूरबाट पीडित तथा समाजका अन्य सदस्यको नजरमा पनि कसूरदारले आवश्यक र उपयुक्त सजाय पाएको अनुभूति भई सन्तुष्टि मिल्ने एवं कसूरदारसँग बदला लिने भावना वा अन्य कुनै प्रकारको तुष समेत समाप्त हुने विश्वास लिन सकिन्छ । यस सिद्धान्तलाई नेपाल कानूनमा पनि अवलम्बन गरिएको छ, जस्तैः फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४ को खण्ड (क) मा "सजाय निर्धारण गर्दा कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा अनुसार सजाय गर्दा समानुपातिक भन्दा बढी हुन नहुने" र खण्ड (घ) मा “एक भन्दा बढी कसूरको लागि सजाय गर्दा वा कुनै कसूरमा सजाय भोगिरहेको कसूरदारलाई अर्को कसूर बापत सजाय गर्दा समग्र सजाय उचित र समानुपातिक भन्दा बढी हुन नहुने" ।

### २. आवश्यक सजायको सिद्धान्त

कसूरदारलाई जति आवश्यक हो त्यति नै सजाय गर्ने मान्यता यो सिद्धान्तको हो । अर्थात् कसूरदारलाई निजले गरेको कसूरको मात्रा अनुसार नै सजाय गर्नु पर्दछ र सो मात्रा भन्दा बढी वा घटी सजाय निर्धारण गर्न हुदैन भन्ने मान्यता यो सिद्धान्तको हो। कसूरदारलाई कति सजाय निर्धारण गर्न आवश्यक वा उपयुक्त हुन्छ भन्ने कुरा कसूरदारलाई हतोत्साहित गर्ने, समाजलाई सुरक्षित गर्ने, पीडितलाई क्षतिपूर्ति सहितको न्याय र पुनर्स्थापना गर्ने, कसूरदारलाई आफ्नो कसूरप्रति पश्चाताप गराउने वा निजालाई सुध्रिने मौका दिने वा निजलाई समाजबाट अलग राख्ने वा सुधार गर्ने आदि जस्ता सजायको उद्देश्यको आधारमा हेर्नु पर्दछ । सजाय निर्धारण गर्नुको उद्देश्य के हो भन्ने सम्बन्धमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३ मा उल्लेख गरिएको छ। कसूरदारलाई सजाय निर्धारण गर्नु परम्परागत दण्ड नीति वा विधि अनुरुप निजलाई पीडा वा सजाय दिनका लागि मात्र नभएर सुधारात्मक दण्ड नीति वा विधि अनुरुप निजलाई सुध्रिन मौका दिने उद्देश्यले पनि सजाय गर्ने गरिन्छ।

यदि कसूरदारलाई कम सजाय निर्धारण गर्दा पनि अपेक्षित उद्देश्य हासिल हुन्छ भने आवश्यक भन्दा बढी सजाय गर्नु हुँदैन भन्ने यो सिद्धान्तको मान्यता हो। कसूरदारले गरेको दोषको मात्रा भन्दा बढी अर्थात् आवश्यक भन्दा बढी सजाय निर्धारण गर्नाले निज र निजका निकट व्यक्तिमा न्याय र व्यवस्था प्रति नै असन्तुष्टि पैदा भई राज्य र समाजप्रति आदर र सम्मानको भावना भन्दा बढी घृणा र द्वेषको भावना जगाउँछ । कसूरदार र निजका निकटस्थमा उत्पन्न हुने राज्यप्रतिको घृणा र द्वेषको भावनाले विद्रोही स्वभाव विकसित भई राज्य र समाजप्रति जनाउने प्रतिक्रिया स्वरुप पुनः अन्य कसूरमा संलग्न हुन सक्ने सम्भावना रहन्छ, जुन राज्य र समाजको लागि थप हानिकारक हुन्छ । यो सिद्धान्तलाई नेपाल कानूनमा पनि अवलम्बन गरिएको पाइन्छ, जस्तैः फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा दफा १४ को खण्ड (ख) मा "सजायको उद्देश्य प्राप्त गर्न आवश्यक हुने भन्दा चर्को सजाय हुन नहुने" ।

### ३. समान सजायको सिद्धान्त

राज्यको अति महत्वपूर्ण कार्य अन्तर्गत न्याय प्रदान गर्ने कार्य पनि पर्दछ। न्याय प्रदान गर्दा कुनै पनि प्रकारको विभेद नहुने र समानता कायम हुने तर्फ सजग हुन जरुरी छ । अविभेद र समानता विनाको न्यायलाई समानताउन्मुख न्याय मान्न नसकिने हुँदा ती दुवै न्यायका पूर्वशर्त हुन् । न्यायको मर्म अन्तर्गत अविभेद र समानता पर्ने हुँदा अविभेद र समानतालाई न्यायको आधारशीला मानिन्छ । कुनै कसूर गरे बापत कसूरदार ठहर गर्दा होस् वा तिनीहरूलाई सजाय गर्दा नै किन नहोस् कसूरदारहरू बीच पनि विभेद गरिनु हुँदैन र समान व्यवहार पनि गरिनु पर्दछ । समान अभियोग र समान कसूरमा समान संलग्नता र समान परिस्थितिका कसूरदारहरूलाई समान रुपमा कसूरदार ठहर गरी समान सजाय गर्ने अर्थात् समान कसूरदारहरू बीच कुनै किसिमको विभेद नगर्ने मान्यता यो सिद्धान्तको रहेको छ। एक समान वा उस्ताउस्तै परिस्थितिमा घटेका कसूरका हकमा एउटा कसूरदारलाई एक किसिमको र अर्को कसूरदारलाई अर्को किसिमको व्यवहार र कसूर ठहर एवं सजाय निर्धारण गर्नु हुँदैन वा तिनीहरू बीच विभेद गर्नु हुँदैन भन्ने यो सिद्धान्तको आशय हो । अदालतबाट सजाय निर्धारण गर्दा पूर्वानुमानयोग्य, पारदर्शी र निश्चित मापदण्डमा आधारित रहेर गर्नुपर्ने अर्थात् सजाय निर्धारण गर्ने निश्चित र उचित मापक निश्चित हुनु पर्ने कुरामा यो सिद्धान्तको जोड रहन्छ । समान भूमिका र स्थितिका कसूरदारलाई सजाय निर्धारण गर्दा फरक फरक सजाय निर्धारण नगरी समान सजाय निर्धारण गर्नुपर्छ भन्ने मान्यता यो सिद्धान्तको रहेको छ । समान अभियोग लागेका समान भूमिका निर्वाह गरेका र समान परिस्थितिका कसूरदारहरूलाई निर्धारण गरिने सजायमा विभेद र असमानता हुनु हुँदैन भन्ने यस सिद्धान्तको मर्म पनि हो । यो सिद्धान्तलाई नेपाल कानूनमा अवलम्बन गरिएको उदाहरणको रुपमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा दफा १४ को खण्ड (ग)

मा "उस्तै परिस्थितिमा घटेको कसूरको अर्को कसूरदारलाई पहिले दिइएको सजायसँग अमिल्दो वा असमान सजाय हुन नहुने" व्यवस्थालाई लिन सकिन्छ ।

### ४. अन्तिम विकल्पको रूपमा कैद सजायको सिद्धान्त

फौजदारी कानूनमा अति कठोर सजायको रुपमा रहेको मृत्युदण्डलाई अन्तर्राष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी कानून समेतका दृष्टिकोणले अमानवीय घोषणा गर्दै उन्मूलन गरेपछि सो को बिकल्पमा आजीवन कैद वा जन्म कैदको व्यवस्था गरिएको पाइन्छ । आधुनिक समयमा कठोर दण्डको रुपमा कैदलाई लिने गरिए तापनि कैद सजाय हुने कसूरदारको संख्यामा कुनै कमि नआई कारागारमा कैदीबन्दीहरूको संख्या निरन्तर रुपमा बढिरहेको अवस्था एकातिर छ भने अर्कोतिर ती कैदीबन्दीहरूको उपयुक्त व्यवस्थापन र तिनीहरूलाई उपलब्ध गराउनु पर्ने न्यूनतम सेवा सुविधा र मानव अधिकारको संरक्षण पनि चुनौतिपूर्ण नै रहेको छ । आधुनिक समयमा आर्थिक अपराधहरू र समाजको लागि कम हानिकारक अपराधहरूमा कैदको बिकल्पमा आर्थिक दण्ड जरिवाना गर्ने गरी कानूनमा सुधारको प्रक्रिया अगाडि बढेको पाइन्छ । कैदीबन्दीलाई सुधारको मौका, प्रदान गर्नुपर्ने सेवा सुविधा, मानव अधिकारको संरक्षण र उपयुक्त व्यवस्थापन समेतमा विभिन्न समस्याहरू देखा परेपछि व्यावहारिक रुपमै कैद सजायलाई अन्तिम विकल्पको रुपमा प्रयोग गर्ने अभ्यास बढ्दो छ । मृत्युदण्ड पछिको कठोर दण्ड सजायको रुपमा रहेको कैदलाई सैद्धान्तिक दण्ड प्रणालीमा संभव भएसम्म कार्यान्वयन गर्नु हुँदैन भन्ने मान्यता यो सिद्धान्तको हो। अदालतबाट कुनै कसूरदारलाई कसूर गरे बापत अन्य दण्ड सजाय पर्याप्त हुने बिकल्प रहेसम्म कैद सजाय गर्नु हुँदैन अर्थात् Prison or imprisonment should be treated as the last of the last resort भन्ने यस सिद्धान्तको मान्यता हो। सोही मान्यता अनुरुप यो सिद्धान्तलाई नेपाल कानूनमा अवलम्बन गरिएको उदाहरणको रुपमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा दफा १४ को खण्ड (ङ) मा "कसूरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने" व्यवस्था गरिएको पाइन्छ । त्यसैगरी दफा २३ मा "यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसूरदारलाई सजाय गर्दा जरिवाना र सामुदायिक सेवा पर्याप्त नहुने भएमा कैदको सजाय गर्नु पर्ने" व्यवस्थालाई लिन सकिन्छ ।

### ५. मानवीय दृष्टिकोणको सिद्धान्त

यो सिद्धान्तले अपराधीहरूलाई समाजको शत्रुको रूपमा नभई, यथोचित र उपयुक्त मार्गदर्शन तथा सहयोग चाहिने व्यक्तिको रुपमा हेर्ने दृष्टिकोणलाई प्रोत्साहन गर्दछ । यसले अपराधीहरूको व्यक्तित्व विकासमा ध्यान दिन्छ, जसले गर्दा उनीहरूलाई पुनःअपराध गर्नबाट रोक्न सकिन्छ । साथै, यो सिद्धान्तले मानव मर्यादाको सम्मान सुनिश्चित गर्दै अपराधीहरूप्रति अपमानजनक वा अमानवीय व्यवहार

गर्न नहुने कुरामा जोड दिन्छ । अपराधीहरूप्रति मानवीय दृष्टिकोणले पुनर्स्थापनाको प्रक्रियालाई सहज बनाउँछ ।

## ६. व्यक्तिगत उपचारको सिद्धान्त

यो सिद्धान्तले प्रत्येक अपराधीको अपराध गर्दाको बखतको फरक परिस्थिति, आवश्यकता र व्यवहारलाई सजाय निर्धारणमा ध्यान दिनु पर्ने कुरामा जोड दिन्छ । प्रत्येक व्यक्तिको अपराध गर्ने कारण, मनोवैज्ञानिक अवस्था र पारिवारिक पृष्ठभूमि फरक हुने भएकाले अनुकूलित उपचार र सुधारका कार्यक्रमहरूको आवश्यकता पर्छ । यस सिद्धान्तले अपराधीहरूको सुधारका लागि विशेष रूपमा अनुकूलित कार्यक्रमहरू तयार गर्न, उनीहरूको व्यवहार सुधार गर्न र जीवनोपयोगी सीपहरूको विकासमा लगाई राज्यले healing and rehealing गरी राज्यको जिम्मेवारी बोध गराउँछ । यस्तो उपचारले अपराधीलाई उत्पादक जीवन जिउन प्रेरित गर्दछ ।

## ७. पुनरावृत्ति कमिको सिद्धान्त

यो सिद्धान्तको उद्देश्य अपराधीहरूलाई उत्पादनशील जीवनका लागि आवश्यक उपकरण र सीपहरू प्रदान गरेर अपराध दोहोरिने सम्भावनालाई न्यून गर्नु हो । यसले अपराधीहरूलाई शिक्षा, व्यावसायिक तालिम र मानसिक स्वास्थ्य सेवा प्रदान गरेर पुनः अपराध गर्नबाट रोक्ने प्रयास गर्दछ । साथै, यसले समुदायमा आधारित सुधारात्मक कार्यक्रमहरू र कारावास पछिको सामाजिक पुनर्मिलन र पुनर्बास (social integration and rehabilitation) लाई प्राथमिकता दिन्छ ।

## ८. पुनर्स्थापकीय न्यायको सिद्धान्त

यो सिद्धान्तले पीडित, पिडक र समुदाय बीच मेलमिलापको प्रक्रियामा आधारित कार्यक्रमहरू सञ्चालनमा जोड दिन्छ । यो सिद्धान्त अनुसार पुनर्स्थापकीय न्यायको माध्यमबाट अपराधको प्रभावलाई सम्बोधन गर्दै पीडित र पिडक बीच जवाफदेहिता र मेलमिलापलाई प्रोत्साहन गरिन्छ । यसले समुदायको समर्थन प्राप्त गर्न र सामाजिक सम्बन्ध सुधार गर्न मद्दत गर्दछ । पिडकले आफूले गरेको हानिको जिम्मेवारी लिनु र पीडितसँग मेलमिलाप गर्नु नै यो सिद्धान्तको प्रमुख उद्देश्य हो ।

## ९. नैतिकता र सामाजिक पुनर्मिलनको सिद्धान्त

यो सिद्धान्तले अपराधीको मानसिकतामा परिवर्तन गरी सामाजिक मापदण्ड र नैतिक मूल्यहरूसँग आवद्ध गर्न मद्दत पुऱ्याउँछ । यसले अपराधीहरूलाई उनीहरूको व्यवहारको परिणाम बुझ्न र सकारात्मक सोचको विकास गर्न प्रेरित गर्दछ । यो सिद्धान्त समाजमा अपराधीहरूको पुनःएकीकरण सुनिश्चित गर्न र उनीहरूलाई समाजमा सकारात्मक योगदान गर्न सक्षम बनाउने तर्फ केन्द्रित छ । नैतिक र

सामाजिक पुनर्मिलनले अपराधी र समाज बीचको दुरी घटाउन र दुवै पक्ष बीच विश्वास निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्छ ।

## ख. सुधारात्मक दण्ड प्रणाली सम्बन्धी नेपालको संवैधानिक र कानूनी प्रावधानको मजबुन

सुधारात्मक दण्ड प्रणाली सम्बन्धी नेपालको संवैधानिक र कानूनी प्रावधानहरूलाई प्रस्तुत अध्ययनको अनुसूची-१ मा समावेश गरिएको छ, ती प्रावधानहरूको मजबुनलाई यहाँ चर्चा गरिएको छ ।

नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यको नीति, राज्यको दायित्व र अनुसूची समेतमा भएको समग्र व्यवस्थालाई हेर्दा मृत्युदण्डको सजाय दिनेगरी कानून नबनाइने, कानूनको प्रयोगमा समानता र अविभेदको सिद्धान्तको अवलम्बन गरिने, पीडितले पुनर्स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने, थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना नदिइने र निजसँग निर्मम वा अमानवीय व्यवहार नगरिने, कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने, कसैलाई पनि देश निकाला नगरिने, महिला तथा बालबालिका उपर शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक, हिंसाजन्य कार्य वा शोषण नगरिने, विवाद समाधानका बैकल्पिक उपायहरूको अवलम्बन गरिने, मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्बर्धन गर्ने, स्वतन्त्र न्यायपालिकाबाट स्वच्छ सुनुवाइको हकको प्रत्याभूतिको साथै कानूनी राज्यको अवधारणामा प्रतिबद्ध रहनुका साथै फौजदारी न्यायका सिद्धान्तहरूलाई संवैधानिक व्यवस्थाका रुपमा स्वीकार गरिएको देखिन्छ।

नेपालको फौजदारी न्याय प्रणालीमा विशेष कानूनको रुपमा (Lex Specialis) रहेका अपराध पीडित संरक्षण ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, कारागार ऐन, २०७९, जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३, कारागार नियमावली, २०२०, फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ आदि तथा सामान्य कानूनको रुपमा (Lex Generalis) रहेका मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा दण्डको एकरुपता, उपयुक्तता, वैयक्तिकरण, पृथक र पर्याप्त सुनुवाइ, पीडितको भूमिका, परिपूरण तथा क्षतिपूर्ति, कसूरदारलाई सुध्रिने मौका तथा सुधारात्मक सजाय लगायत आधुनिक फौजदारी न्याय प्रणालीले स्वीकार गरेका अवधारणालाई समावेश गरिएको छ। ती कानूनी प्रावधानले दण्ड सजायको क्षेत्रमा गरेका मूलभूत व्यवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

१. **सजाय सम्बन्धी सामान्य सिद्धान्तको व्यवस्थाः** मुलुकी अपराध संहिता, २०७४ मा कानून बमोजिम बाहेक सजाय नहुने, एउटै कसूरमा दोहोरो सजाय नहुने जस्ता सजायसँग सम्बन्धित सिद्धान्तहरू र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा कसूर गर्दाको बखत भन्दा सजाय निर्धारण गर्दाका बखत कानून बमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी दण्ड निर्धारण गर्नु पर्ने, एकभन्दा बढी सजाय कार्यान्वयन गर्न नहुने, अन्तिम विकल्पको रुपमा कैद सजाय गर्ने जस्ता सिद्धान्तहरू उल्लेख गरिएको छ।

२. **कसूरको गम्भीरता बढाउने तथा घटाउने अवस्थाहरुः** मुलुकी अपराध संहिता, २०७४ मा कसूरको गम्भीरता बढाउने अवस्थाहरू तथा घटाउने अवस्थाहरूको बारेमा स्पष्ट उल्लेख गरिएको छ, जसबाट विधायिकाद्वारा निर्धारित सीमाभित्र रही उपयुक्त सजायको मात्रा निर्धारण गर्न न्यायाधीशलाई ठोस आधार प्राप्त हुन्छ।

३. **दण्डको नमूनामा परिवर्तनः** अपराध संहितामा व्यवस्था गरिएका अधिकांश सजायहरूमा विधायिकाले सजायको माथिल्लो हद मात्र तोकी उपयुक्त सजायको मात्रा अदालतले निर्धारण गर्ने व्यवस्था गरिएको छ, जसको उद्देश्य न्यायपालिकालाई दण्ड सजाय तोक्ने सम्बन्धमा स्वविवेकीय अधिकार प्रदान गर्नु हो।

४. **कैद र जरिवानाको अनुपात निर्धारणः** कैद र जरिवानामा एकरुपता कायम गर्न एक वर्षको कैदसँग दश हजार रुपैयाँलाई समायोजन गरी सोही अनुपातमा सजायको व्यवस्था गरिएको छ।

५. **सजायपूर्वको प्रतिवेदनः** तीन वर्ष भन्दा बढी कैद वा तीस हजार रुपैयाँ भन्दा बढी जरिवानाको सजाय हुने मुद्दामा सजाय निर्धारण गर्ने प्रयोजनको लागि अदालतले कसूरदारको व्यक्तिगत, सामाजिक र साँस्कृतिक पृष्ठभूमि, कसूर गर्दाको परिस्थिति, कसूर गर्नुअघिको कसूरदारको चालचलन, कसूरदारको उमेर लगायत कसूरदारको सम्बन्धमा सुनुवाइपूर्वको प्रतिवेदन तयार गर्न प्रोवेशन अधिकृत वा प्यारोल अधिकृतलाई आदेश दिन सक्ने व्यवस्था गरिएको छ, जसबाट कसूरदार सापेक्ष हुने गरी दण्डको छनौट गर्न सकिने आधार स्थापित भएको छ।

६. **पृथक सुनुवाइको व्यवस्थाः** तीन वर्षभन्दा बढी कैद हुने कुनै कसूरदारको हकमा कसूर ठहर र सजाय निर्धारणको छुट्टाछुट्टै सुनुवाइको व्यवस्था गरिएको छ । कुनै व्यक्ति अदालतबाट कानून बमोजिम कसूरदार ठहर भइसके पछि अपराध गर्दाको अवस्था, अपराधको गम्भीरता, अपराधीको समाजमा पुनःएकीकरण र सुधारको सम्भावना, अपराधीको विगत, उसको चरित्र, उमेर, पारिवारिक पृष्ठभूमि, रोजगारीको अवस्था, अपराधको पटक, मनोचिकित्सक तथा चिकित्सकको प्रतिवेदन, कामको अभिलेख, विद्यालयको अभिलेख, कुनै संगठनमा उसको संलग्नता जस्ता विविध कुराहरूलाई विचार गरेर त्यस्तो कसूरको सम्बन्धमा सजाय निर्धारण गर्नु पर्ने व्यवस्था गरिएको छ ।

७. **दण्ड सजाय निर्धारणका आधारहरूको व्यवस्थाः** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा सजायको उद्देश्य, कैद सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने कुराहरू, जरिवानाको सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने कुराहरू, सजाय निर्धारण गर्ने आधारहरू, बालबालिकालाई सजाय गर्दा विचार गर्नु पर्ने कुराहरू, सजाय निर्धारण गर्दा खुलाउनु पर्ने कुराहरूका विषयमा विस्तृत र पर्याप्त रुपमा उल्लेख गरिएको छ।

८. **क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** नेपालको संविधानमा अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने, अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने मौलिक हकको रुपमा प्रत्याभूत गरिएको छ। उल्लिखित व्यवस्थालाई मुलुकी अपराध संहिता, २०७४ मा सामान्य सिद्धान्तको रुपमा स्वीकार

गरिएको छ। उक्त संहिताको दफा ४०(१) (ङ) मा क्षतिपूर्तिलाई सजायको एक प्रकार अन्तर्गत राखिएको छ भने दफा ४८ मा अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्ने कानूनी व्यवस्था गरिएको छ। उक्त संहिताको सारवान व्यवस्था गर्ने सबै परिच्छेदहरूमा कसूरबाट कसैलाई हानि नोक्सानी पुगेको अवस्थामा ... कसूरदारबाट पीडित व्यक्तिलाई त्यसको मनासिब क्षतिपूर्ति भराई दिनु पर्ने व्यवस्था गरी अपराध पीडितको क्षतिपूर्तिको हकलाई आमनियमको रुपमा स्वीकार गरिएको छ। यसका साथै फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा क्षतिपूर्ति भराई दिनु पर्ने, क्षतिपूर्ति तत्काल बुझाउनु पर्ने, तत्काल बुझाउन नसके सम्पत्ति जमानत दिए १ वर्ष भित्र ३ किस्तामा बुझाउन सक्ने, कसूरको मात्रा अनुसार प्रत्येक कसूरदारले क्षतिपूर्ति व्यहोर्नु पर्ने, क्षतिपूर्ति नतिरे कैद हुने लगायतका व्यवस्थाहरू समावेश गरिएको छ।

९. **पीडित राहत कोषको व्यवस्थाः** विशेष कानूनको रुपमा रहेको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १४ मा पुनर्स्थापना कोषको व्यवस्था गरिएको भए तापनि अपराध-पीडितलाई राहत दिन साझा पीडित राहत कोष खडा गर्नु पर्ने कानूनी व्यवस्था गरिएको छ।

१०. **सुधारात्मक सजाय तथा कार्यक्रमको व्यवस्थाः** मुलुकी संहिताहरूमा **सजायको प्रारम्भिक चरणमा** सामुदायिक सेवामा लगाउन सकिने, कैद सजाय निलम्बन गर्न सकिने, सुधार गृहमा पठाउन सकिने, पुनर्स्थापना केन्द्रमा पठाउन सकिने, सप्ताहान्त वा रात्रीकालीन समयमा कैद भुक्तान गर्न सकिने, **सजायको अवधिमा** कैद बापत शारीरिक श्रममा लगाउन सकिने, कारागार बाहिर जान दिन सकिने, सुधारात्मक कार्यक्रम सञ्चालन गर्नु पर्ने तथा **सजायको उत्तरार्धमा** खुल्ला कारागारमा राख्न सकिने, प्यारोलमा छाड्न सकिने, सामाजिकीकरण गराउनु पर्ने र कैद कट्टा हुन सक्ने जस्ता व्यवस्थाहरू गरिएका छन्। यसका अतिरिक्त कारागारमा सुधारात्मक कार्यक्रम सञ्चालन गर्नु पर्ने कुरालाई पनि कानूनमा समावेश गरिएको छ।

## ग. सुधारात्मक दण्ड प्रणाली सम्बन्धी नेपालको संवैधानिक र कानूनी प्रावधानको SWOT Analysis

सुधारात्मक दण्ड प्रणाली सम्बन्धी नेपालको संवैधानिक र कानूनी प्रावधानहरूको SWOT Analysis देहाय बमोजिम गरिएको छः

### सुधारात्मक दण्ड प्रणालीका सबल पक्षहरुः

- ✓ स्वतन्त्र न्यायपालिका र कानूनी राज्यको अवधारणालाई लोकतान्त्रिक मूल्य र मान्यताको रुपमा, फौजदारी न्यायका हकहरूलाई मौलिक हकको रुपमा र राज्यका नीतिको रुपमा न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति तथा मौलिक हक र मानव अधिकारको संरक्षण र सम्बर्धन गर्ने राज्यको दायित्वलाई संविधानमै आत्मसात् गरिएको छ।

- ✓ UDHR, ICCPR, Mandela Rules, Beijing Rules जस्ता Soft Laws लाई अंगीकार गरी सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधि र पद्धतिहरूलाई कानूनहरूमा समावेश गरिएको छ।
- ✓ सजायपूर्वको प्रतिवेदनको व्यवस्थाले कसूरदार सापेक्ष हुने गरी दण्डको छनौट गर्न सकिने कानूनी आधार स्थापित भएको छ।
- ✓ कुनै व्यक्ति कुनै कसूरका सम्बन्धमा अदालतबाट कानून बमोजिम कसूरदार ठहर भइसके पछि मात्र अदालतले त्यस्तो व्यक्तिलाई त्यस्तो कसूरको सम्बन्धमा सजाय निर्धारण गर्नुपर्ने व्यवस्थाले अपराध गर्दाको अवस्था, अपराधको गम्भीरता, अपराधीको समाजमा पुनःएकीकरण र सुधारको सम्भावना, अपराधीको विगत, उसको चरित्र, उमेर, पारिवारिक पृष्ठभूमि, रोजगारीको अवस्था, अपराधको पटक, मनोचिकित्सक तथा चिकित्सकको प्रतिवेदन, कामको अभिलेख, विद्यालयको अभिलेख, कुनै संगठनमा उसको संलग्नता जस्ता कुराहरूलाई सम्बोधन गर्ने प्रयास गरिएको छ।
- ✓ दण्डको उद्देश्य तथा सजाय निर्धारण गर्ने आधारहरू स्पष्ट रुपमा कानूनमा उल्लेख गरिएकोले सजाय निर्धारणमा एकरुपता कायम भएको छ।
- ✓ पर्याप्त मात्रामा सुधारात्मक सजाय तथा कार्यक्रमको व्यवस्था गरिएको छ, जस अन्तर्गतः (क) **सजायको प्रारम्भिक चरणमा** सामुदायिक सेवामा लगाउन सकिने, कैद सजाय निलम्बन गर्न सकिने, सुधार गृहमा पठाउन सकिने, पुनर्स्थापना केन्द्रमा पठाउन सकिने, सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा कैद भुक्तान गर्न सकिने ,**(ख) सजायको अवधिमा** कैद बापत शारीरिक श्रममा लगाउन सकिने, कारागार बाहिर जान दिन सकिने, सुधारात्मक कार्यक्रम सञ्चालन गर्नुपर्ने र **(ग) सजायको उत्तरार्धमा** खुल्ला कारागारमा राख्न सकिने, प्यारोलमा राख्न सकिने, सामाजिकीकरण गराउनु पर्ने र कैद कट्टा हुन सक्ने व्यवस्थाहरू गरिएका छन्। त्यसका साथै कारागारमा सुधारात्मक कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरालाई पनि कानूनमै समावेश गरिएको छ।
- ✓ कैद सजाय पाएका कसूरदारको सामाजिक पुनर्स्थापना तथा एकीकरण गर्ने कार्यमा सहयोग पुऱ्याउन संघ र प्रदेशस्तरमा छुट्टाछुट्टै प्रोवेशन तथा प्यारोल बोर्डको व्यवस्था गरिएको छ।
- ✓ सजाय निर्धारण सम्बन्धी नीति निर्धारण गर्नको लागि सजाय सुझाव समितिको व्यवस्था गरिएको छ।
- ✓ कसूरबाट पीडितलाई औषधोपचार, अन्तरिम क्षतिपूर्ति तथा राहत उपलब्ध गराउन पीडित राहत कोष खडा गरिएको छ ।

**सुधारात्मक दण्ड प्रणालीका दुर्बल पक्षहरुः**

- ✓ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा आत्मसात् गरिएका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्थाहरू नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि लागू हुने व्यवस्था गरिएकोले सो व्यवस्थाको कार्यान्वनमा अनिश्चितता देखिन्छ।
- ✓ सैद्धान्तिक रुपमा प्रोवेशन तथा प्यारोल सम्बन्धी अवधारणाहरू फरक-फरक भए तापनि विद्यमान कानूनी व्यवस्था हेर्दा सोमा अष्पस्टता रहेको देखिन्छ।

- ✓ सामुदायिक सेवा गर्न आदेश दिइएका कसूरदारहरूले सामुदायिक सेवा गर्दा पीडितलाई प्रत्यक्ष फाइदा पुग्ने काममा लगाउनु पर्ने भनी स्पष्ट रुपमा कानूनी व्यवस्था गर्न सकिएको छैन।
- ✓ प्रचलित कानूनमा प्यारोलमा राख्न सकिने तथा कैद कट्टा हुन सक्ने कसूरको हकमा रहेका नकारात्मक सूचीहरू धेरै रहेको कारण ती व्यवस्थाहरू कार्यान्वयन गर्नमा कठिनाई रहेको देखिन्छ। साथै प्यारोलमा छाड्ने र बाँकी कैद कट्टा गर्ने प्रयोजनको लागि कैदीबन्दीको आचरण र कैद भुक्तान गरेको समयको आधारलाई प्रमुख आधार बनाउन सकिएको छैन।
- ✓ प्रचलित कानूनमा कस्तो अवस्थामा प्रोवेशन अधिकृत र कस्तो अवस्थामा प्यारोल अधिकृतको आवश्यकता पर्दछ र तिनीहरूको काम, कर्तव्य र अधिकार के के हुने भनी स्पष्ट गर्न सकिएको छैन।
- ✓ प्रचलित कानूनमा प्रोवेशन र प्यारोल सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने निकायहरू फरक-फरक हुने हुँदा ती दुबैलाई नियमन गर्न छुट्टाछुट्टै निकायको व्यवस्था गर्न सकिएको छैन।
- ✓ प्रचलित कानूनमा जीवित रहेसम्म कैदको सजाय पाएका कसूरदारहरूको हकमा तोकिएको अवधि कैद भुक्तान गरिसकेपछि (mandatory sentencing) कैद छुट दिन सकिने वा कैदको अन्य विकल्प प्रयोग गर्न सकिने सम्बन्धमा कुनै व्यवस्था गरिएको छैन।
- ✓ अदालतबाट कसूरदारलाई सुधारारत्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधिहरू अवलम्बन गर्ने आदेश दिँदा पीडितको सुरक्षा र संरक्षण तथा परामर्श कसरी गर्ने भन्ने सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था गर्न सकिएको छैन।
- ✓ सुधारात्मक दण्ड प्रणाली अवलम्बन गर्दा पीडितको धारणा लिने, पीडितको आवश्यकता र सन्तुष्टिलाई प्राथमिकतामा राख्ने, पीडितको पुनर्स्थापना र पुनःसामाजिकीकरणको पाटोलाई महत्व दिन सकिने मापदण्ड वा आधारहरू तय गर्न सकिएको छैन।

**सुधारात्मक दण्ड प्रणालीका अवसरहरुः**

- ✓ नेपालको संविधानमै सुधारात्मक दण्ड प्रणालीको लागि मार्गप्रशस्त गरिएको छ र मुलुकी अपराध संहिता, सजाय निर्धारण ऐन तथा अन्य विषयगत ऐनहरूमा भएका व्यवस्थाहरूबाट सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधि र पद्धतिहरू कार्यान्वयन गर्नको लागि सुनिश्चितता प्रदान गरिएको छ।
- ✓ नेपालको सोह्रौं राष्ट्रिय योजनामा न्यायिक प्रशासन प्रणालीमा सुदृढीकरण कार्यक्रम अन्तर्गत सुधारात्मक दण्डका उपायहरूको प्रभावकारी कार्यान्वयन गर्ने भन्ने विषय समावेश गरिएको छ।
- ✓ महान्यायाधिवक्ताको कार्यालयको चालु पञ्चवर्षीय रणनीतिक योजनामा संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्ने लक्ष्य अन्तर्गतको रणनीति ४ मा दण्ड प्रणालीको सुधार र सोसँग सम्बन्धित बोर्ड, समितिलाई क्रियाशील बनाउन विभिन्न ६ वटा क्रियाकलापहरू उल्लेख गरिएको छ । जसअन्तर्गत सुधारात्मक दण्ड व्यवस्थाका सम्बन्धमा तुलनात्मक विश्लेषण सहितको अनुसन्धानमूलक अध्ययन गर्ने विषय समेत समावेश गरिएको छ।

- ✓ कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरू, २०८० को तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।
- ✓ सर्वोच्च अदालतबाट प्यारोल सम्बन्धी निर्देशिका, २०८१ को निर्माण भई कार्यान्वयनमा ल्याइएको छ।
- ✓ सरोकारवालाहरूको समन्वय र सहकार्यमा संघीय प्रोवेशन तथा प्यारोल बोर्डले कैदीहरूलाई प्यारोलमा छोड्नको लागि सिफारिश गरेको छ, त्यसरी सिफारिश गरिएका मध्ये हालसम्म १५६१ जना वयस्क र ११ जना बालबिज्याइँकर्ता रहेका छन्।
- ✓ सजाय निर्धारण ऐन र कारागार ऐनमा भएको खुला कारागार सम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्ने प्रयोजनको लागि बाँके जिल्लाको गनापुरमा खुला कारागारको निर्माण गरिएको छ।

**सुधारात्मक दण्ड प्रणालीका चुनौतीहरुः**

- ✓ कैदीहरूलाई प्यारोलमा छोड्न शुरु गरिएको भए तापनि छुट्टै प्रोवेशन बोर्डको गठन तथा प्रोवेशन तथा प्यारोल अधिकृतको नियुक्ति र व्यवस्थापनका कार्य बाँकी नै रहेका छन्।
- ✓ सुधारात्मक दण्ड प्रणालीका नवीनतम् आयामहरूलाई प्रयोगमा ल्याउन आवश्यक पर्ने संरचनात्मक प्रबन्ध र अन्य नीतिगत प्रबन्धको अभाव रहेको छ।
- ✓ नेपालको सोह्रौं राष्ट्रिय योजनामा न्यायिक प्रशासन प्रणालीमा सुदृढीकरण कार्यक्रम अन्तर्गत सुधारात्मक दण्डका उपायहरूको प्रभावकारी कार्यान्वयन गर्ने भन्ने विषय समावेश गरिएको भए तापनि सोको लागि आवश्यक स्रोतको सुनिश्चितता भएको देखिदैन।
- ✓ सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्थाहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने KITS+I (Knowledge, Information, Technology, Skills +Information) tool को व्यवस्था गर्न सकिएको छैन । साथै ती सुधारात्मक दण्डका विधिहरू सम्बन्धी छुट्टाछुटै कार्यविधिहरू, कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरू, आवश्यक स्रोतसाधनको व्यवस्था तथा बलियो सुपेरिवेक्षण र अनुगमन संयन्त्रको अभाव रहेको देखिन्छ।
- ✓ प्रोवेशन र प्यारोल अधिकृतको व्यवस्था गर्न दक्ष जनशक्तिको अभाव रहेको देखिन्छ।
- ✓ सरोकारवाला निकायहरूको समन्वय र सहयोग अपेक्षित रुपमा प्राप्त हुन नसक्नु पनि अर्को चुनौती रहेको छ।
- ✓ समाज अझै पनि परम्परागत कडा सजायको पक्षमा रहेको कारण सुधारात्मकत दण्ड प्रणालीका विभिन्न व्यवस्थाहरूको पूर्ण कार्यान्वयनमा कठिनाई रहेको देखिन्छ।
- ✓ हालसम्म पनि कैदीबन्दीहरूको सामाजिकीकरण, पुनःस्थापना, परामर्श र रोजगारीको उपलब्धता जस्ता कार्यहरूमा समाजको अपेक्षित सहयोग प्राप्त हुन सकेको देखिदैन।

- ✓ प्यारोलमा छोडिएका कैदीहरूले त्यसरी छोड्नु अघि तोकिएका शर्तहरूको पालना नगर्ने र पुनः अपराधमा संलग्न हुने जोखिम रहेको देखिन्छ (संघीय प्रोवेशन तथा प्यारोल बोर्डले प्यारोलमा छोड्नको लागि सिफारिश गरेका कैदीबन्दीहरू मध्ये हालसम्म ६ जनाले तोकिएको शर्तको पालना नगरेकोले पुनः कारागारमा पठाइएको अवस्था छ)।
- ✓ Information, Communication and Technology, Artificial Intelligence, Information System, Database, Data Analytics जस्ता नवप्रवर्तनमुखी विषयहरूसँग सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्थाहरूलाई प्रभावकारी रुपमा जोड्न सकिएको छैन।
- ✓ सूचना प्रविधिको उच्चतम प्रयोगबाट मात्र सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्थाहरूको कार्यान्वयन गर्न सकिने भएकोले त्यसको लागि उपयुक्त प्रशिक्षणको व्यवस्था गर्नु पनि उत्तिकै चुनौतीपूर्ण रहेको छ।

| सबल पक्ष | दुर्बल पक्ष |
|---|---|
| • सुधारात्मक दण्ड प्रणालीलाई नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यको नीति, राज्यको दायित्व र अनुसूचीमा समेत आत्मसात् गरिएको | • सुधारात्मक दण्ड प्रणाली सम्बन्धी अधिकांश कानूनी व्यवस्थाहरु कार्यान्वयनमा आउन बाँकी |
| • अन्तर्राष्ट्रिय कानूनहरुको आन्तरिकीकरण गरिएको | • प्रोवेशन तथा प्यारोल विधिको अवधारणागत स्पष्टता नरहेको |
| • सजाय निर्धारण र सजायपूर्वको प्रतिवेदनको व्यवस्था | • सुधारात्मक दण्ड प्रणाली कसूरदारको अधिकार हो वा सुविधा हो भन्ने विषयमा स्पष्टता नरहेको |
| • सजाय निर्धारण गर्ने आधारहरुको उल्लेखन | • आजन्म कैदको हकमा सुधारात्मक दण्ड प्रणाली लागू गर्न नसकिने |
| • सुधारात्मक सजाय तथा कार्यक्रमको व्यवस्था | • पीडितको भूमिका स्पष्ट नरहेको |
| • संघीय र प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड | • प्रोवेशन तथा प्यारोल अधिकृतको काम, कर्तव्य र अधिकार विस्तृत रुपमा नतोकिएको |
| • सजाय सुझाव समितिको व्यवस्था | • नकारात्मक सूची धेरै रहेको |
| | |
| **अवसर** | **चुनौती** |
| • संवैधानिक पहिचान र प्रत्याभूति | • प्यारोलमा छाडिएका केही कैदीहरु पुनः अपराधमा संलग्न भएका |

| | |
|---|---|
| • नेपालको सोह्रौं आवधिक योजनामा समावेश | • सुधारात्मक दण्ड प्रणालीलाई सूचना प्रविधिसँग आबद्ध गर्न नसकिएको |
| • महान्यायाधिवक्ताको कार्यालयको चालू पञ्चवर्षीय रणनीतिक योजनामा समावेश | • KITS+I Tools (Knowledge, Information, Technology, Skills + Idea) को अभाव |
| • कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरु, २०८० को तर्जुमा तथा कार्यान्वयन | • समाजमा अझै पनि कडा सजायको Hangover बाँकी नै रहेको |
| • सर्वोच्च अदालतबाट प्यारोल सम्बन्धी निर्देशिका, २०८१ को निर्माण | • सुधारात्मक दण्ड प्रणालीको लागि आवश्यक Manual, Meta policy, Procedure, Conditions र Action Plan को अभाव |
| • दिगो विकास लक्ष्य नं. १६ मा समावेश | • सुधारात्मक दण्ड प्रणालीलाई Geographic Fencing, Artificial Intelligence, Information System जस्ता Innovative Measures सँग जोड्नु |
| | • सुधारात्मक दण्ड प्रणाली कार्यान्वयनका लागि आवश्यक Man, Money, Material, Machine र Method सबैको अभाव रहेको। |

## घ. अन्तर्राष्ट्रिय कानून

### (क) गैरहिरासतीय उपाय सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय न्यूनतम मापदण्डको टोकियो नियमावली

कानून प्रणालीमा प्रचलित कैद प्रणालीलाई घटाउँदै अन्य वैकल्पिक व्यवस्था अवलम्बन गर्ने सन्दर्भमा संयुक्त राष्ट्रसंघले गैरहिरासतीय उपाय सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय न्यूनतम मापदण्डको टोकियो नियमावली जारी गरेको छ ।[२८] सदस्य राष्ट्रहरूले कैद सजायको प्रयोग घटाउने गरी अन्य उपाय उपलब्ध गराउने यो नियमावलीको लक्ष्य रहेको छ । यो नियमावलीले अनुसन्धान, पुर्पक्ष र सजाय ठेकिएकाहरू सबैका हकमा कैदको कम प्रयोगको अपेक्षा राखेको छ । जस अनुसार आरोपित कसूरदारको अनुसन्धान र समाज तथा पीडितको संरक्षणलाई उचित ध्यान दिई पुर्पक्षपूर्वको थुनछेकलाई फौजदारी प्रक्रियामा अन्तिम साधनको रूपमा प्रयोग गरिने व्यवस्था छ ।[२९] कसूरदारको व्यक्तिगत अधिकार, पीडितको अधिकार, सार्वजनिक हित तथा अपराध रोकथामका लागि समाजका सरोकारवालाहरू बीच सन्तुलन निश्चित गर्न प्रयत्न गर्ने, कसूरदारहरूलाई समाजप्रति उत्तरदायी बनाउने, सदस्य राष्ट्रलाई कैद सजाय घटाउने उपाय अवलम्बन गर्ने र मानव अधिकारको

---

२८ संयुक्त राष्ट्रसंघको महासभाले १४ डिसेम्बर १९९० मा पारित गरेको ।

२९ Detention as a last resort.

पालना, सामाजिक न्यायको आवश्यकता र कसूरदारको पुनर्स्थापनाको आवश्यकतालाई ध्यान दिई फौजदारी न्यायका नीतिहरू युक्तिसङ्गत बनाउन गैरहिरासतीय उपायहरू विकास गर्ने समेतका लक्ष्य लिइएको छ ।[३०] फौजदारी न्याय प्रक्रियाका अनुसन्धान, अभियोजन, पुर्पक्ष र सजाय कार्यान्वयनका सबै चरणमा लागू हुने, विना भेदभाव समान रूपमा लागू हुने, कसूरको प्रकृति र गम्भीरता, कसूरदारको व्यक्तित्व र पृष्ठभूमि तथा समाजको संरक्षण र कैद सजायको अनावश्यक प्रयोगको परित्यागको सामञ्जस्यतामा बृहत्तर लचिनोपनाका लागि पुर्पक्ष भन्दा पहिलेदेखि सजाय पछिको अवस्थासम्म गैरहिरासतीय उपायको फराकिलो दायरा वा क्षेत्र उपलब्ध गराउनुपर्ने, नयाँ गैरहिरासतीय उपायहरूको विकासलाई अभिप्रेरित गर्नुपर्ने, गैरहिरासतीय उपायको प्रयोग न्यूनतम हस्तक्षेपको सिद्धान्त अनुरुप हुनुपर्ने समेतका यस नियममा गैरहिरासतीय क्षेत्रहरूको व्यवस्था गरिएको छ ।[३१] गैरहिरासतीय उपायहरूको व्यवस्था कानूनद्वारा हुने पनि यसमा व्यवस्था छ ।[३२] सजायका क्रममा गैरहिरासतीय उपाय अवलम्बन गर्दा कसूरदारको पुनर्स्थापनाको आवश्यकता, पीडितको हित र समाजको संरक्षणलाई विचार गर्नुपर्ने व्यवस्था पनि नियमावलीमा उल्लेख छ । यो नियमावलीले सजाय गर्ने अधिकारीले कारावासको निम्न विकल्पलाई अपनाई मुद्दा किनारा गर्न सक्ने व्यवस्था गरेको छ :[३३]

- नसिहत, सतर्क र चेतावनी,
- सशर्त छुटकारा,
- प्रतिष्ठा दण्ड,
- जरिवाना जस्तै मौद्रिक सजाय,
- जफत वा जायजात आदेश,
- सजाय निलम्बन वा सजाय स्थगन,
- दण्ड परीक्षण (प्रोवेशन) र न्यायिक सुपरिवेक्षण,
- सामुदायिक सेवामा पठाउने,
- कुनै केन्द्रमा उपस्थित हुने,
- घरमै बन्दी बनाउने,
- उल्लिखित सजाय पद्धतिको मिश्रित सजाय व्यवस्था ।

यस नियमावलीमा सजाय पछिको चरणमा पनि गैरहिरासतीय उपायहरूको अवलम्बनका क्रममा विभिन्न व्यवस्थाहरू गरिएको छ, जस्तैः बिदा दिने (Furlough) तथा कारागार अधिकारीको अर्ध सुपरिवेक्षणमा रहने भवनहरूमा पठाउने (Halfway house), काम गर्न वा अध्ययनका लागि छुट्कारा (Work and Education Release), विभिन्न किसिमका जमानीमा छाड्ने (Parole), सजायमा छुट वा मिनाहा (Remission) र माफी

३० **टोकियो नियमावली**को नियम १ ।

३१ **टोकियो नियमावली**को नियम २ ।

३२ **टोकियो नियमावली**को नियम ३ ।

३३ **टोकियो नियमावली**को नियम ८ ।

(Pardon) जस्ता विषयहरू सजाय निर्धारण भएपछि गैरहिरासतीय उपायको रूपमा समावेश हुने व्यवस्था समेत गरिएको छ ।[३४]

**(ख) अन्तर्राष्ट्रिय दण्ड सुधार सम्मेलन**

सन् १९९९ मा इङल्यान्डको एगहाममा भएको अन्तर्राष्ट्रिय दण्ड सुधार सम्मेलनले सम्भव भएसम्म पुर्पक्षको लागि थुनामा राख्ने पद्धतिलाई र छोटो अवधिको कैदलाई गैरहिरासतीय विकल्पबाट प्रतिस्थापन गर्नुपर्ने सुझाव दिएको देखिन्छ । कैद सजायलाई पहिलो उपायको रूपमा होइन, अपवादस्वरुप मात्र अपनाउनु पर्छ भन्ने मान्यता राखिएको थियो । यो मान्यता अनुसन्धान र पुर्पक्षको सिलसिलामा अवलम्बन गर्नुपर्छ भन्ने कुरामा यो सम्मेलको जोड थियो । पुनर्स्थापकीय न्याय, विवादको वैकल्पिक समाधान, समुदायमा आधारित अनौपचारिक न्याय, बन्दी संख्याको न्यूनीकरण र कारागारको व्यवस्थापन जस्ता दीर्घकालीन रूपमा कारागारलाई प्रतिस्थापन गर्न सक्ने रणनीतिलाई यस सम्मेलनले आत्मसात् गरेको पाइन्छ ।[३५]

**(ग) बाल अधिकार सम्बन्धी महासन्धि १९८९**

यस महासन्धिका सदस्य राष्ट्रले बालबालिकालाई काराबास बाहेकका अन्य विकल्प अपनाउन दिशानिर्देश गरेको देखिन्छ ।[३६] त्यसैगरी बालबालिकाको परिस्थिति र अपराधमा समानुपातिक हुने गरी निजहरूसँग व्यवहार गर्न विभिन्न प्रकारका उपायहरू, जस्तैः स्याहार, मार्गदर्शन र निरीक्षण सम्बन्धी आदेशहरू, सरसल्लाह, सेवा, दण्ड निलम्बन, पालनपोषणका अन्य विकल्पहरू अपनाइने व्यवस्था रहेको देखिन्छ ।[३७] यी व्यवस्थाले कारागारको वैकल्पिक व्यवस्थाको चाहनालाई आत्मसात् गरेका छन् ।

समग्रमा यस महासन्धिले मूलतः बालबिज्याइँकर्ताहरूका लागि दण्डात्मक उपायहरू भन्दा सुधारात्मक उपायहरूको उपयोगको वकालत गर्दछ, शैक्षिक र पुनर्स्थापनात्मक कार्यक्रमहरूलाई प्रोत्साहन गर्दछ र थुनामा राख्नुपर्ने विकल्पहरू, जस्तैः समुदायमा आधारित कार्यक्रमहरू प्रयोग गर्न आग्रह गर्दछ ।

**(घ)कैदीहरूको व्यवहार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय न्यूनतम मापदण्डको नेल्सन मण्डेला नियमावली**[३८]

यस नियमावलीका मुख्यतः सामाजिक पुनर्स्थापनालाई जेल सजायको प्रमुख लक्ष्यको रुपमा प्राथमिकता दिने, कैदीहरूको लागि शिक्षा, व्यावसायिक तालिम र कामको अवसर प्रदान गर्न प्रोत्साहित गर्ने, यातना, अमानवीय व्यवहार र अनावश्यक सजायलाई प्रतिबन्ध लगाउने, जेलमुक्ति पछि समाजमा पुनःसमायोजन (पुनःएकीकरण) लाई प्रोत्साहन गर्ने लगायतका प्रावधानहरू रहेका छन् ।

---

३४ **टोकियो नियमावली**को नियम ९ ।

३५ महेश शर्मा पौडेल, **सजाय निर्धारण र कार्यान्वयन**, २०७७, पैरवी बुक हाउस प्रा.लि., काठमाडौं, पृ.२३५ ।

३६ **बाल अधिकार सम्बन्धी महासन्धि**को धारा ३७ ।

३७ **बाल अधिकार सम्बन्धी महासन्धि**को धारा ४०।

३८ Adopted by the UN Commission on Crime Prevention and Criminal Justice in 2015 as a revision of the 1955 United Nations Standard Minimum Rules on the Treatment of Prisoners.

### (ङ) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६

यस महासन्धिको धारा १०(३) मा "कारागारमा कैदीहरूलाई गरिने व्यवहारको मुख्य उद्देश्य उनीहरूको सुधार र सामाजिक पुनर्स्थापना हुनु पर्दछ" भन्ने व्यवस्था गरेको छ, जसबाट कैदीहरूलाई मानवीय व्यवहार गर्ने र सुधारात्मक सुविधाहरूमा पुनर्स्थापनालाई प्राथमिकता दिनको लागि प्रोत्साहन मिल्छ ।

### (च)यूरोपेली कारागार नियमावली २००६

यस नियमावलीमा व्यावसायिक तालिम, शिक्षा र उपचार मार्फत कैदीहरूको पुनर्स्थापना र खुला कारागार तथा समाजमा हुने क्रमिक पुनर्स्थापनालाई प्रोत्साहन गरिएको पाइन्छ ।

### (छ) नागरिक तथा मानव अधिकार सम्बन्धी अफ्रिकी चार्टर (बाञ्जुल चार्टर) १९८१

यस चार्टरमा कैदी बन्दीहरूलाई मानवीय व्यवहार गर्नुपर्ने र निजहरूको पुनर्स्थापनामा केन्द्रित सुधारात्मक दण्ड प्रणालीमा जोड दिइनुको साथै समुदायमा आधारित सुधारात्मक उपायहरू र पुनर्स्थापकीय न्यायका अभ्यासहरूको वकालत गरिएको पाइन्छ ।

### (ज) बैंकक नियमावली २०१०

यो नियमावलीलाई महिला कैदीहरूसँग गरिने व्यवहार र महिला कसूरदारहरूको लागि गैरहिरासतीय उपायहरू सम्बन्धी संयुक्त राष्ट्रसंघीय नियमावली पनि भनिन्छ । यो नियमावलीमा मूलतः महिला कसूरदारहरूको विशेष आवश्यकताहरूलाई पहिचान गर्ने र निजहरूलाई व्यावसायिक तालिम, मनोसामाजिक परामर्श तथा सहयोग तथा समुदायमा आधारित सजायलाई प्रोत्साहन गर्नुपर्ने कुरामा जोड दिइएको पाइन्छ ।

### (झ) पुनर्स्थापकीय न्याय मार्गदर्शन २००६

संयुक्त राष्ट्रसंघको लागूऔषध र अपराध कार्यालय (UNODC) द्वारा जारी गरिएको यो मार्गदर्शनमा विशेष गरी पीडित, कसूरदार र समुदायको सहभागितामा हुने संवादलाई प्रोत्साहन गरिएको छ, पीडित र कसूरदार बीचको मध्यस्थता र सामुदायिक सेवा जस्ता पुनर्स्थापकीय न्यायका अभ्यासहरूलाई प्रोत्साहन गरिएको छ, त्यसका साथै पीडितलाई उचित क्षतिपूर्ति व्यवस्था गर्नुपर्ने र मुद्दाका पक्षहरू बीचको मेलमिलापलाई प्रवर्द्धन गर्नुपर्ने कुरामा जोड दिइएको पाइन्छ ।

### (ञ) अन्य घोषणापत्र, नियमावली र सिद्धान्तहरू

माथि उल्लिखित महासन्धि, नियमावली र मार्गदर्शनका अतिरिक्त देहाय बमोजिमका दस्तावेजहरू पनि अस्तित्वमा रहेका पाइन्छन्, जुन कैदको वैकल्पिक व्यवस्था र कसूरदारको सुधारसँग सान्दर्भिक छन्:

- अपराध र अख्तियारको दुरुपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, १९८५,
- फौजदारी विषयमा पुनर्स्थापकीय न्यायको प्रयोग सम्बन्धी आधारभूत सिद्धान्तहरू, २००२,

- बालबालिकाहरूको न्याय प्रशासनका लागि संयुक्त राष्ट्रसङ्घीय न्यूनतम मापदण्डको नियमावली (बेइजिङ नियमावली) १९८५,
- लागू औषधको माग घटाउने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तहरू,
- मानसिक रूपमा बिरामी व्यक्तिहरूका लागि संयुक्त राष्ट्रसङ्घीय सिद्धान्तहरू, आदि ।

## ङ. न्यायिक दृष्टिकोणको मजबुन

सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी व्यवस्थाहरूको व्याख्या र सो सम्बन्धमा नेपालको सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूलाई प्रस्तुत अध्ययनको अनुसूची-२ मा समावेश गरिएको छ, ती न्यायिक दृष्टिकोणहरूको मजबुनलाई यहाँ चर्चा गरिएको छ ।

दण्डको उद्देश्य पीडितलाई क्षतिपूर्ति सहितको न्याय र समाजलाई सुरक्षाको अनुभूति दिलाउने, अपराधको पुनरावृत्ति हुन नदिने, अपराधीमा देखिएको समस्या पहिचान गरी त्यसको यथोचित उपचार गरेर सामाजिक पुनर्स्थापना गराउने हुनु पर्दछ । साथै कसूरदारलाई दण्डित गर्नु, त्यस्तो कसूर गर्नबाट अरुलाई निरूत्साहित गर्नु र कानूनको अधीनमा रही कसूरदारमा अपराधको बोध गराई सुधारको बाटोतर्फ लाग्न प्रेरित गर्नु पनि हो ।

सुधारात्मक दण्ड प्रणालीले कसूरदारलाई अपराध गर्ने एउटा माध्यमको रुपमा र आपराधिक कार्यले कसूरदार स्वयंलाई पनि क्षति पुर्याएको हुन्छ भन्ने धारणा राख्दछ। पुनर्स्थापकीय न्याय पीडितको मात्र नभई कसुरदारको पनि पुनर्स्थापनामा केन्द्रित हुन्छ । राज्य र कानूनको उद्देश्य अपराधलाई रोकथाम गर्नु हो । अपराधमा संलग्न व्यक्तिहरू अपराधका प्रतिकात्मक रूपमात्र भएकाले निजहरूको सुधार र समाजमा पुनर्स्थापना गर्नु राज्यको दण्ड नीतिको आधारभूत विषयको रुपमा रहेको हुन्छ । अपराधीहरूलाई कानूनको उद्देश्य पूरा हुने गरी कारागार, खुला कारागार, सामुदायिक सेवा, पारिवारिक मिलन जस्ता सुधारात्मक दण्ड प्रणालीका वैकल्पिक उपाय अवलम्बनको लागि अभिप्रेरित गर्दै फौजदारी अपराधमा दोषीहरूलाई समेत सुधारको मौका प्रदान गरिनु गरी कारागारको वैकल्पिक प्रणालीलाई समेत प्रोत्साहित गर्नु पर्दछ । बालबालिकाहरूको शारीरिक तथा मानसिक अपरिपक्वताको कारण अपराधमा संलग्न हुन सक्ने भएकोले बालबालिकाले गर्ने अपराधलाई विशेष प्रकृयाद्वारा निगरानी एवं संरक्षण गर्नुपर्ने र बालबालिकाको हकहितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र वौद्धिक विकासमा सहयोग गर्नुपर्ने राज्यको दायित्व पूरा गर्नुपर्ने देखिन्छ ।

कारागारहरू यातना गृह होइनन्, तिनलाई सुधार गृहहरूको रुपमा सञ्चालन गरिनु पर्दछ । राज्यले व्यक्तिको विरुद्ध प्रतिशोधपूर्ण व्यवहार गर्नु हुँदैन । अपराध एक सामाजिक रोग वा समस्या भएकाले सो रोग वा समस्याको निदान वा निवारण गर्नेतर्फ राज्यको प्रयास केन्द्रित रहनु पर्छ । कारागार भित्र विविध प्रकारका जीवनोपयोगी सीप-विकास सहित रचनात्मक/सृजनात्मक क्रियाकलाप सञ्चालन गरिनु आवश्यक हुन्छ । अदालतबाट कसूर ठहर भएका कसुरदारलाई सुविधा दिनुको उद्देश्य निजलाई निरपेक्ष रुपमा कैदमा बस्नुपर्ने दायित्वबाट उन्मुक्ति दिनु मात्र नभई निजलाई आफूले गरेको कसूरजन्य कार्यप्रति पश्चाताप बोध गराउने र भविष्यमा त्यस्तो

कार्यको पुनरावृत्ति नगर्ने एवं राम्रो आचरण गर्ने वाचा गराउने समेतका सुधारात्मक दृष्टिकोण लिइएको पाइन्छ ।

कानूनमा कैद सजाय भुक्तानीका लागि थुनामा नै बस्नुपर्ने व्यवस्थाका विकल्पमा सामुदायिक सेवा, खुल्ला कारागार, कैद सजाय निलम्बन तथा प्रोवेशन र प्यारोल जस्ता अनेकौं विधिहरू अवलम्बन भईरहेको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को व्यवस्था पनि दण्ड व्यवस्थामा सुधारको एक विकल्प भएकाले यस सम्बन्धी कानूनी व्यवस्थालाई पनि दण्ड व्यवस्थाको सुधार सम्बन्धी उपागम (Approach) को सापेक्षतामा हेरिनु पर्ने दिशानिर्देश भएको पाइन्छ । साथै फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को व्यवस्थाले गरेको सुधारात्मक दण्ड प्रणाली अवलम्बन गर्न आवश्यक कानूनी र संरचनात्मक व्यवस्था गर्नका लागि समेत निर्देशनात्मक आदेश जारी भएको पाइन्छ ।

## ३.४ सुधारात्मक दण्ड प्रणालीमा महान्यायाधिवक्ताको भूमिका र जिम्मेवारी

संविधानवाद, कानूनको शासन तथा सुशासनको प्रवर्द्धन गर्ने तथा समाजमा कानून र व्यवस्था कायम गर्ने कार्यमा महत्वपूर्ण भूमिका महान्यायाधिवक्ताको हुन्छ । निज संवैधानिक पदाधिकारी भई नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकार, मुख्य अभियोजनकर्ता, पीडित र प्रतिवादीको मानव अधिकारको प्रमुख संरक्षणकर्ता पनि हो । निजमा मुलुकको सुधारात्मक दण्ड प्रणाली कस्तो बनाउने र सो को प्रभावकारी कार्यान्वयन कसरी गर्ने भन्ने पनि प्रमुख भूमिका देखिन्छ ।

महान्यायाधिवक्तालाई Mandate to serve three masters प्रदान गरिने हुँदा राज्यको सुधारात्मक दण्ड नीति निर्माण गर्दा, सुधारात्मक दण्ड सम्बन्धी कानून निर्माण गर्दा, सुधारात्मक दण्ड नीति र कानूनको व्याख्या गर्नको लागि न्यायपालिकालाई सहजिकरण गर्ने कार्यमा महान्यायाधिवक्ताको प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका प्रमुख रुपमा रहने गर्दछ ।

साथै Contitutional mandate र मुलुकको राष्ट्रिय कानूनले पनि निजलाई फौजदारी कसूर गर्नेलाई के कति र कस्तो सजाय गर्दा उपयुक्त हुन्छ भन्ने सम्बन्धमा सजाय सुझाव समितिको संयोजकको हैसियतले कार्यकारिणी र संघीय संसदलाई उपयुक्त सुझाव दिने तथा फौजदारी कानूनको निर्माण र कार्यान्वयनमा समेत निजको भूमिका र जिम्मेवारी प्रमुख र अग्रणी हुने गर्दछ । निजमा फौजदारी कानून लागू गर्ने प्रमुख जिम्मेवारी पनि रहन्छ ।

निजमा सार्वजनिक हितको सुरक्षा गर्ने अधिकार पनि अन्तरनिहित रहेको हुन्छ । निजमा सरकारवादी फौजदारी मुद्दामा सरकारका तर्फबाट अभियोजन गर्ने सन्दर्भमा नियन्त्रण र निर्देशन गर्ने जिम्मेवारी पनि रहन्छ । निजलाई त्यस्तो मुद्दा फिर्ता लिने क्रममा राय व्यक्त गर्ने अधिकार पनि रहन्छ ।

निजलाई न्यायकर्ताबाट सजाय निर्धारण गर्ने क्रममा सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी व्यवस्था प्रयोग गर्ने विषयमा राय दिने अधिकार समेत रहन्छ । सुधारात्मक दण्ड प्रणालीको प्रयोगमा आवश्यकता अनुसार अदालतको अनुरोधमा एमिकस क्युरीको रुपमा समेत महान्यायाधिवक्ताले भूमिका निभाउनु पर्ने हुन्छ ।

महान्यायाधिवक्तामा प्रतिवादीको समेत मानव अधिकारको संरक्षण गर्ने, निजको मानवीयता उपर उपयुक्त व्यवस्था गर्ने, पीडित र प्रतिवादीको सुरक्षा र संरक्षण गर्ने तथा पीडित र प्रतिवादीको समाजमा पुनर्स्थापना गर्ने भूमिका समेत हुँदा राज्यले अवलम्बन गरेका सुधारात्मक दण्ड प्रणालीको apply गर्ने भूमिका पनि implied रुपमा रहेको हुन्छ ।
महान्यायाधिवक्तालाई न्यायपालिकाले आवश्यक ठानेमा सजाय निर्धारण सम्बन्धी मार्गदर्शन निर्माणका क्रममा राय दिने वा आफ्नो प्रतिनिधि पठाई ती मार्गदर्शनहरू निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने जिम्मेवारी पनि रहन्छ ।
महान्यायाधिवक्तालाई कारागारमा रहेका कैदीबन्दीको मानव अधिकार उल्लंघन भए नभएको र कैदीबन्दीहरूले सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी प्रावधानको Liverage पाए नपाएको कुरा यकिन गरी तत्काल आदेश गर्ने अधिकार पनि हुन्छ ।

वि.सं. २०७२ सालमा जारी नेपालको संविधान लागू भएपछि मुलुक संघीयतामा गएसँगै संघीयताको मर्म अनुरुप केही अभियोजन र सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी व्यवस्था प्रदेश र स्थानीय तहको हकमा पनि गर्नुपर्ने हुँदा सो विषयमा समेत महान्यायाधिवक्ताले आवश्यक परेको बखत सम्वद्ध निकायलाई राय र सल्लाह दिनुपर्ने जिम्मेवारी रहन्छ । मुलुक संघीयतामा पदार्पण गरेसँगै संविधान निर्माणका प्रमुख चार आधार वा पिलर मध्येको एक पिलरको रुपमा रहेको संघीयताको मर्म र भावना तथा संविधानको मूल मर्म र भावना अनुरुप केही सीमित अभियोजन र सुधारात्मक दण्ड प्रणाली सम्बन्धी अधिकार प्रदेशलाई दिनुपर्ने र संविधान बमोजिम स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्दा त्यस्ता निकायलाई पुनर्स्थापकीय न्याय र सुधारात्मक दण्ड प्रणालीका सिद्धान्त र मान्यता समेतलाई विचार गरी स्थानीय स्तरलाई पनि जिम्मेवार बनाउने र त्यसको दायित्वाधिन बनाउनु पर्ने कुरामा समेत महान्यायाधिवक्ताले महत्वपूर्ण भूमिका खेल्नुपर्ने देखिन्छ ।
सरकारवादी फौजदारी मुद्दाको प्रतिनिधित्व र प्रतिरक्षाको क्रममा सुधारात्मक दण्ड प्रणालीको प्रवर्द्धन हुने गरी महान्यायाधिवक्ताले आफ्नो राय दिने जिम्मेवारी पनि रहन्छ ।
महान्यायाधिवक्तालाई पीडित संरक्षण सुझाव समितिको संयोजकको हैसियतले पीडितको हक, हित संरक्षणका लागि विद्यमान कानूनमा गर्नुपर्ने सुधार तथा परिमार्जनको विषयमा तथा पीडितको सुरक्षा तथा पीडितले कसूरको कारणबाट व्यहोरेको क्षति र प्रतिकूल असर न्यून गर्नका लागि नेपाल सरकारले अवलम्बन गर्नुपर्ने नीतिगत उपायहरूका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने जिम्मेवारी पनि रहन्छ ।
महान्यायाधिवक्तालाई सजाय सुझाव समितिको संयोजकको हैसियतमा कसूरको गम्भीरता अनुसार कसूरदारलाई हुने सजायको उपयुक्त हद निर्धारण गर्न मापदण्ड विकसित गर्ने र प्रचलित दण्ड नीतिको

सम्बन्धमा अनुसन्धान गर्ने तथा सुधारका लागि नेपाल सरकार समक्ष सुझाव दिने जिम्मेवारी समेत रहन्छ ।

साथै महान्यायाधिवक्तामा कुनै खास प्रकृतिका कसूरका सम्बन्धमा गर्नुपर्ने सजायका सम्बन्धमा नेपाल सरकारलाई राय, सल्लाह र परामर्श दिने, दण्ड सजायका सम्बन्धमा सुझाव दिने र दण्ड सजायका सम्बन्धमा प्रचलित कानूनमा कुनै सुधार गर्नुपर्ने देखेमा नेपाल सरकारलाई सुझाव दिने समेतको जिम्मेवारी रहेको देखिन्छ ।

त्यसैगरी समन्वय समितिको अध्यक्षको हैसियतले महान्यायाधिवक्तालाई अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान तथा अभियोजनमा संलग्न हुने निकायका बीचमा समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउने दायित्व समेत हुन्छ । त्यति मात्र नभएर महान्यायाधिवक्तालाई अनुसूची-१ वा अनुसूची-२ अन्तरगतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजन सम्बन्धमा निर्देशिका बनाउन नेपाल सरकारलाई राय दिने अधिकार समेत रहेको छ ।

संघीय प्रोवेशन तथा प्यारोल वोर्डको अध्यक्षको हैसियतमा महान्यायाधिवक्तालाई कैद सजाय पाएका कसूरदारको सामाजिक पुनर्स्थापना तथा एकीकरण गर्ने कार्यमा सहयोग पुऱ्याउने प्रमुख जिम्मेवारीका साथै प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति निर्माण गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने, कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड विकसित गर्ने, प्रोवेशन तथा प्यारोलमा छाड्ने कसूरदारले पालन गर्नुपर्ने शर्तहरू निर्धारण गर्ने समेतको जिम्मेवारी रहेको देखिन्छ । सोही बमोजिमको जिम्मेवारीलाई पूरा गर्न महान्यायाधिवक्ताको अध्यक्षतामा संघीय प्रोवेशन तथा प्यारोल बोर्ड गठन भई कार्य सम्पादन हुँदै आएको छ ।

## ३.५ सुधारात्मक दण्ड प्रणालीमा मुख्य न्यायाधिवक्ताको भूमिका र जिम्मेवारी

प्रत्येक प्रदेशमा कानूनको शासन तथा सुशासन प्रवर्द्धन गर्ने कार्यमा महत्वपूर्ण भूमिका मुख्य न्यायाधिवक्ताको हुन्छ । निज संवैधानिक पदाधिकारी भई प्रदेश सरकारको प्रमुख कानूनी सल्लाहकार तथा आफ्नो प्रदेश भित्रका फौजदारी कसूरबाट पीडित र प्रतिवादीको मानव अधिकारको प्रमुख संरक्षणकर्ता पनि हो । नेपालको संविधानमा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एंव कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने संवैधानिक व्यवस्था छ ।[३९] महान्यायाधिवक्ताको मातहातमा मुख्य न्यायाधिवक्ता रहने संवैधानिक प्रावधान अनुरुप सुधारात्मक दण्ड प्रणालीको implementing hands को रुपमा पनि मुख्य न्यायाधिवक्ता रहेको अप्रत्यक्ष रुपमा (implidely) बुझ्न सकिन्छ । संघीयताको मर्म र भावना, अन्य संघीय मुलुकको अभ्यास र संविधानको भावना

३९ **नेपालको संविधान**को धारा १६० को उपधारा (५) ।

अनुरुप मुख्य न्यायाधिवक्तामा केही अभियोजन तथा सुधारात्मक दण्ड प्रणाली सम्बन्धी अधिकारहरू अन्तरनिहित हुने हुँदा सो अनुरुप कानूनी प्रबन्ध समेत गरिन जरुरी छ ।

बमोजिम संघीय प्रोवेशन तथा प्यारोल बोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको संयोजकत्वकोमा प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड रहने कानूनी व्यवस्था गरिएको छ ।[४०] सात प्रदेशले नै मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन बनाई प्रदेश सरकार अन्तर्गत हिरासत तथा थुनामा रहेका थुनुवा उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा अनुगमन गर्ने अधिकार मुख्य न्यायाधिवक्तालाई दिइएको छ ।

यद्यपि संघीयता कार्यान्वयनका लागि ल्याइएको कारागार ऐन, २०७९ मा महान्यायाधिवक्ता र प्रमुख जिल्ला अधिकारीको सुधारात्मक दण्ड प्रणाली कार्यान्वयनमा अप्रत्यक्ष भूमिका उल्लेख गरे तापनि मुख्य न्यायाधिवक्ताको भूमिका पनि उल्लेख हुनु पर्नेमा सो उल्लेख हुन छुट भएको छ । संघीय प्रणालीमा मुलुक प्रवेश गरेपश्चात् दण्ड प्रणालीमा पनि संघीयताको मर्म आत्मसात् हुनु जरुरी हुन्छ ।
कारागार ऐन, २०७९ बमोजिम प्रदेश सरकार मातहत सञ्चालन तथा व्यवस्थापन हुने प्रदेश कारागार स्थापना भएपछि आफ्नो प्रदेश भित्रका प्रदेश कारागार तथा आफ्नो प्रदेश भित्रका बाल सुधार गृहमा रहेका कैदी बन्दी तथा बालबालिका उपर मानवोचित व्यवहार भए, नभएको तथा ती कारागारमा रहेका कैदी बन्दी तथा बालबालिकाले सुधारात्मक दण्ड प्रणालीबाट प्राप्त गर्न सक्ने सेवा सुविधाको हकमा मुख्य न्यायाधिवक्ताले आवश्यक कानून तथा नीति निर्माण एवं संयन्त्र निर्माणको पहल गरी प्रभावकारी रुपमा सोको कार्यान्वयन गर्ने तर्फ विशेष अग्रसरता देखाउनु पर्ने देखिन्छ ।

यसै सन्दर्भमा अमेरिकाका विभिन्न राज्यका महान्यायाधिवक्ताहरू सुधारात्मक दण्ड प्रणाली कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । क्यालिफोर्नियाका महान्यायाधिवक्ता रोब बोन्ताले "Proposition 47 scheme" को प्रवर्द्धन गर्दै गैर-हिंस्रक अपराधका लागि सजाय घटाउने नीति अघि बढाएका छन्, जसले कैदी बन्दीको संख्या कम गर्न सहयोग गरेको छ । टेक्सासका महान्यायाधिवक्ता केन प्याक्स्टनले "Justice Reinvestment Initiative" कार्यान्वयन गरी पुनर्वास तथा पुनःअपराध न्यूनीकरण कार्यक्रमलाई प्राथमिकता दिएका छन् । माथि उल्लिखित असल अभ्यासको अनुसरण गर्दै नेपालमा पनि सुधारात्मक दण्ड प्रणालीका कतिपय व्यवस्थालाई आत्मसात् गर्न सकिने अवस्था रहन्छ ।
मुख्य न्यायाधिवक्ताको कार्यालयले आफ्नो कार्यालयको संस्थागत क्षमता अभिवृद्धि गर्ने, सूचना प्रविधिको प्रयोग र विस्तार गर्ने, प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डको गठन गर्ने, महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी हिरासतमा रहेका थुनुवाहरू तथा कैदीबन्दीहरूउपर मानवोचित व्यवहार भए, नभएको सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरी भूमिका देखाउनु पर्दछ ।

४० **मुलुकी फौजदारी कार्यविधि संहिता२०७४** , को दफा ३८ को उपदफा (२) ।

## परिच्छेद - ४

## सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधिका पद्धति र प्रक्रिया

**Justice that loves mercy is always superior to justice that seeks only to punish."**
*– Bryan Stevenson*

विश्वका सबै मुलुकमा फौजदारी कसूर गर्ने कसूरदारलाई कसूर ठहर गरी सजाय दिने व्यवस्था गरिएको हुन्छ । तर त्यस्तो कसूरदारलाई के कस्तो सजाय दिने र कसरी दिने भन्ने कुरा प्रत्येक मुलुकको राष्ट्रिय कानूनद्वारा व्यवस्थित गर्ने अभ्यास रहेको छ । त्यसरी कसूरदारलाई कसूर ठहर एवं सजाय दिने सम्बन्धी कानूनी व्यवस्था र कार्यान्वयनको प्रक्रिया निर्धारण गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी कानूनले निर्देश गरेका मूल्य मान्यतालाई भने फौजदारी कानून, फौजदारी कार्यविधि कानून र सजाय निर्धारण कानून मार्फत राज्यले अक्षरसः पालना गर्नुपर्ने हुन्छ । कसूरदारलाई के कति, कसरी, कुन विधि अपनाई दण्ड सजाय दिने भन्ने कुरा मुलुकको दण्ड नीति, दण्ड संहिता, दण्ड पद्धति र प्रक्रिया समेतका आधारमा निक्यौंल गर्ने गरिन्छ । कसैको बहकाउमा आएर, कसैले सिकाएर, भुलवश, भवितव्य परी वा आवेशमा आएर वा गल्तीले पहिलो पटक कसूर गर्ने कसूरदारलाई दण्ड सजाय गर्दा भविष्यमा पुनर्स्थापना र सुधार गर्ने अभिप्रायःले कठोर भन्दा कठोर सजाय नगरी सामान्य सजाय गर्ने वा निजलाई आफूले गरेको गल्तीको महशुस गराई भविष्यमा सुध्रिने वा त्यस्तो गल्ती नदोहोर्याउने शर्तमा कम सजाय गर्ने वा सजाय स्थगन गर्ने लगायतका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधिहरूको आधारमा सजाय निर्धारण गर्ने आधुनिक विधिशास्त्रीय मान्यता हो। भविष्यमा सुध्रिने वा आफूले गरेको गल्तीप्रति पश्चाताप नगर्ने र समाजलाई नै सुरक्षा चुनौती दिने एवं कठोर सजाय हुन सक्ने जघन्य र गम्भीर प्रकृतिका फौजदारी कसूर पटक पटक गरिरहने Hard core criminal का हकमा भने समाजको सुरक्षा, पीडितलाई पुनःपीडित हुनबाट जोगाउनु, पुनःकसूर गर्न सक्ने प्रवल सम्भावना समेतको आधारमा दण्डका सुधारात्मक विधि वा उपायहरूको अवलम्बन नगरिने प्रचलन छ।

फौजदारी कानूनले निषेध गरेको कार्य वा कसूर गर्ने व्यक्तिलाई फौजदारी कानूनको उल्लंघन गरे बापत वा त्यस्तो कसूर गरे बापत दिइने पीडा वा कष्टलाई सजाय भनिन्छ । सजाय कसूरदारले मुलुकको फौजदारी कानूनको उल्लंघन गरे बापत व्यहोर्नु पर्ने फौजदारी दायित्व हो । सजायका विभिन्न प्रकार अन्तर्गत मृत्युदण्ड, आजीवन कारावास, देश निकाला, कैद, जरिवाना, क्षतिपूर्ति, जरिवाना नतिरे बापत कैद, सामुदायिक सेवा, प्रोवेशन, प्यारोल, खुला कारागार, सुधार गृह आदि पर्दछन् ।

फौजदारी कसूर ठहर भएका कसूरदारलाई सजाय निर्धारण गर्नुको अर्थ समाजको सुरक्षा र कसूरदारको सुधार गर्नु पनि हो । यसका लागि कसूरदारलाई दण्डका सुधारात्मक उपायहरू मार्फत सुधार गर्नु र

सम्भावित कसूर गर्ने व्यक्तिलाई कसूर गर्न हतोत्साहित गर्नु दण्ड सजायको उद्देश्य हो ।कसूरदारलाई दण्डित गर्ने र कसूरदारमा अपराधको बोध गराई सुधारको बाटो तर्फ लाग्न प्रेरित गर्नु पनि सजायको उद्देश्य हो भनी नेपाल सरकार वि. शेरबहादुर बस्नेत भएको मुद्दाको व्याख्याको क्रममा सिद्धान्त प्रतिपादन भएको पाइन्छ। [४१]

कसूरदारलाई अनुशासित र नैतिकवान बनाई सामाजिकीकरण र पुनर्स्थापना मार्फत समाजमा पनुस्थार्पित हुन सक्ने योग्य व्यक्तिको रुपमा रूपान्तरण गर्नु दण्डको सुधारात्मक सिद्धान्तको मान्यता हो । यो सिद्धान्तको मुख्य उद्देश्य नै कसूरदारहरूको मानसिकतामा परिवर्तन ल्याई निजहरूलाई सुधार गर्ने हो ।कसूरदारलाई सुधार गरी असल नागरिकको रूपमा समाजमा पनुस्थार्पित गर्नु सुधारात्मक सिद्धान्तको मान्यता हो भनी अर्को एउटा मुद्दाको व्याख्याको क्रममा सिद्धान्त प्रतिपादन भएको पाइन्छ। [४२]

सुधारात्मक दण्ड प्रणालीले कसूरदारलाई अपराध गर्ने एउटा माध्यम मात्र मान्ने र आपराधिक कार्यले कसूरदार स्वयंलाई पनि क्षति पुर्याएको हुन्छ भन्ने धारणा राख्ने हुँदा फौजदारी अपराधमा दोषीलाई समेत सुधारको मौका प्रदान गरिनु पर्ने कुरामा जोड दिई दण्डका विभिन्न वैकल्पिक विधिहरूलाई समेत प्रोत्साहित गर्ने उद्देश्य राखेको हुन्छ। नेपालमा मृत्युदण्ड दिने गरी कानून नबनाइने र नागरिकलाई देश निकाला नगरिने संवैधानिक प्रत्याभूतिका साथै दण्ड व्यवस्थामा सुधारात्मक सिद्धान्तलाई स्वीकार गरिएको पाइन्छ। सोही बमोजिम मुलतः कारागार ऐन, २०७९ एवं फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतमा सुधारात्मक दण्ड प्रणाली सम्बन्धी सामुदायिक सेवा, प्रोवेशन, प्यारोल, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला काराकार, सामाजिकीकरण गराउने, सुधारात्मक कार्यक्रम जस्ता विभिन्न विधि वा उपायहरूलाई आत्मसात् गरिएको पाइन्छ । त्यसरी नेपाल कानूनमा अवलम्बन गरिएका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधिहरुका पद्धति र प्रक्रियाका बारेमा देहाय बमोजिम चर्चा गर्ने प्रयास गरिएको छः

## ४.१. सामुदायिक सेवा सम्बन्धी पद्धति र प्रक्रिया

सामुदायिक सेवा अन्तर्गत अदालतबाट कसूर ठहर भई सजाय पाएका कसूरदारलाई सडक सरसफाइ, पार्क सरसफाइ, वृक्षारोपण, भवन मर्मत, विद्यालयको रंगरोगन जस्ता कार्यहरूमा संलग्न गराइन्छ । त्यस्तै वृद्धाश्रम, बालगृह र अस्पताल जस्ता स्थानमा स्वयंसेवकको रुपमा वृद्धहरूको हेरचाह, बालबालिकालाई पढाउन शिक्षकको रूपमा काम गर्न पठाइन्छ । त्यसैगरी कसूरदारलाई व्यावसायिक तालिम, परामर्श र शिक्षा उपलब्ध गराइन्छ । कसूरदारलाई अपराधबाट अलग गर्न रोजगारीका अवसर उपलब्ध गराउनुको साथै सामाजिक सचेतना कार्यक्रमहरू जस्तै कुलत विरोधी अभियान, अपराध न्यूनीकरण कार्यक्रमहरूमा सहभागी गराइन्छ ।

---

४१ ने.का.प २०७१, अंक ३, निर्णय नं.९१३६) ।

४२ ने.का.प. २०७७, अंक ५, निर्णय नं. १०५०९ ।

सामुदायिक सेवा अदालतको निर्णयबाट कसूरदारको अपराधको गम्भीरता र व्यक्तिगत स्थितिलाई आधार मानी तोक्ने गरिन्छ । तत्पश्चात कसूरदारलाई उपयुक्त कार्यस्थलको छनौट गरी सामुदायिक सेवाको लागि खटाइन्छ । उक्त स्थानको छनौट गर्दा कसूरदारको सीप र क्षमताको मूल्यांकन गरी सरकारी निकाय वा गैरसरकारी संस्थाबाट कसूरदारको गतिविधिमा निगरानी राख्ने र आवश्यक निर्देशन र सहयोग प्रदान गर्ने गरिन्छ ।

**फिलिपिन्समा सामुदायिक सेवाका प्रक्रिया र पद्धति**[४३]

- फिलिपिन्समा सामुदायिक सेवालाई कानूनी रूपमा Republic Act No. ११३६२ (Community Service Act) द्वारा मान्यता दिइएको छ। यस कानूनले अदालतलाई *arresto menor* (१ दिन देखि ३० दिन सम्मको कारावास) र *arresto mayor* (१ महिना देखि ६ महिना सम्मको कारावास) जस्ता सजायहरूलाई सामुदायिक सेवाको रूपमा परिवर्तन गर्न अनुमति प्रदान गरेको छ ।
- अदालतबाट कसूरदारलाई सजाय सुनाइसके पछि, निजलाई १५ दिन भित्र निम्न विकल्पहरू प्रदान गरिन्छः
    - पुनरावेदन दायर गर्ने,
    - प्रोवेशनको लागि आवेदन गर्ने,
    - सामुदायिक सेवा गर्न अनुरोध गर्ने ।
- यदि कसूरदारले माथिका विकल्प मध्ये सामुदायिक सेवा गर्ने विकल्प छनौट गरेको खण्डमा निजले आवेदन दिनु पर्छ । यो आवेदन पुनरावेदन गर्ने अवधि भित्रै दायर गर्नु पर्छ ।
- त्यसरी आवेदन प्राप्त गरेपछि अदालतले ५ क्यालेन्डर दिन भित्र सुनुवाई गरी सामुदायिक सेवा गर्ने निर्णय गर्नु पर्छ।
- प्रोवेशन अधिकारीले अदालतको निर्णय बमोजिम सामुदायिक सेवा गर्ने अवसर पाएको कसूरदारको सामुदायिक सेवाको अनुगमन गर्नु पर्छ र सो सेवा पूरा भए पछि ५ दिन भित्र अन्तिम प्रतिवेदन पेश गर्नु पर्छ।
- कसूरदारको अदालतको निर्णय बमोजिमको सामुदायिक सेवा पूरा भए पछि प्रोवेशन अधिकारी र सामाजिक कल्याण अधिकारीको प्रतिवेदनको आधारमा अदालतले कसूरदारलाई मुक्त गर्ने निर्णय गर्न सक्छ।

४३ GUIDELINES IN THE IMPOSITION OF COMMUNITY SERVICE AS PENALTY IN LIEU OF IMPRISONMENT, Philliphines

## ४.२. प्रोवेशन सम्बन्धी पद्धति र प्रक्रिया

प्रोवेशन अन्तर्गत अदालतबाट कसूर ठहर भई सजाय भएका कसूरदारलाई कैद सजायको सट्टामा निश्चित समयसम्म निगरानीमा राखिन्छ । प्रोवेशनमा रहेका व्यक्तिले अदालत वा अधिकारीहरूले तोकेको नियम र शर्तहरू पालना गर्नु पर्छ, ती नियम र शर्तहरु पालना नगरेको खण्डमा कारागारमा गई सजाय भुक्तान गर्नुपर्ने हुन्छ । कसूरदारले प्रोवेशनमा तोकिएको समयावधिसम्म प्रोवेशनमा रहनु पर्ने, निजलाई निश्चित ठाउँमा जान वा कार्य गर्न प्रतिबन्ध लगाउन सकिने, लागू पदार्थ, मदिरा आदिको सेवन नगर्नको लागि अदालत वा अधिकारीबाट आदेश हुन सक्दछ । प्रोवेशन अधिकृतबाट प्रोवेशनमा रहेका कसूरदारका गतिविधिहरू नियमित रूपमा अनुगमन हुने गर्दछ ।

प्रोवेशनमा छाडिएको कसूरदारलाई निश्चित समयका लागि कैद सजाय नदिई शर्त सहितको स्वतन्त्रता दिइन्छ । निजले पालना गर्नुपर्ने गरी तोकिएका ती शर्तहरूको उल्लंघन गरेमा निजलाई पुनः कैद सजायको दायरामा ल्याइन्छ । प्रोवेशनमा छाडिने कसूरदारले पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने, सामुदायिक सेवा गर्ने जस्ता सुधारात्मक गतिविधि गर्नुपर्ने हुन्छ । प्रोवेशन अधिकृत वा तोकिएको निकायबाट कसूरदारहरूलाई निरन्तर निगरानीमा राखी निजहरूको गतिविधि, व्यवहार र शर्तहरू पालनाको मूल्यांकन गर्ने गरिन्छ । यसमा कसूरदारलाई सामाजिक पुनर्स्थापनाका लागि परामर्श र सीप विकासका तालिम समेत आवश्यकता अनुसार प्रदान गरिन्छ ।

कसूरको गाम्भीर्यता, अपराधको प्रकृति, कसूरदारको व्यक्तिगत पृष्ठभूमि र सुधारको सम्भावना अध्ययन गरी अदालतले प्रोवेशनका लागि पठाउने आदेश गर्दछ। उक्त आदेशमा कसूरदारले पालना गर्नुपर्ने शर्तहरू र समयावधि उल्लेख गरिएको हुन्छ। त्यस्ता शर्तहरु अन्तर्गत नियमित रिपोर्टिङ, परामर्श सत्रमा सहभागी हुनुपर्ने र कुनै अवाञ्छित क्रियाकलापमा संलग्न हुन नपाइने लगायतका शर्तहरू समावेश गरिएका हुन्छन् । प्रोवेशन अधिकारीले प्रोवेशनमा छाडिएका व्यक्तिको गतिविधि निरन्तर अनुगमन गर्ने र समय-समयमा सुधारात्मक निर्देशन दिने कार्य गर्दछन् साथै तोकिएका शर्तहरूको पालना गरे नगरेको सुपरिवेक्षण र अनुगमन गरी सो को आधारमा प्रतिवेदन दिने कार्य समेत गर्दछन्। प्रोवेशनको समयावधि सकिएपछि कसूरदारको सुधारको अवस्थाको समीक्षा गरी कसूरदारले शर्तहरू पालना गरेको पाइएको खण्डमा निजलाई पूर्ण स्वतन्त्रता दिइन्छ ।

Confederation of European Probation को प्रोवेशन सम्बन्धी प्रक्रिया र पद्धति[४४]

- **पूर्व-निर्णय चरण (Pre-sentence phase)**: प्रोवेशन एजेन्सीले न्यायिक अधिकारीहरूलाई कसूरदारलाई जेल सजायको सट्टामा समुदायमा सजाय दिने विकल्पहरूको बारेमा जानकारी र सल्लाह प्रदान गर्दछ । यसमा कसूरदारलाई जेल नभई समुदायमा सजाय दिने उपयुक्तता, इलेक्ट्रोनिक मोनिटरिंग र अन्य शर्तहरूको बारेमा सिफारिस गर्ने काम समावेश छ ।
- **जोखिम मूल्यांकन (Risk assessment)**: कसूरदारको जोखिम मूल्यांकन गरेर मात्र प्रोवेशन प्रक्रियामा जाने वा नजाने निर्णय गरिन्छ ।
- **समुदायको निगरानी र सामुदायिक सेवा (Community supervision and community service)**: प्रोवेशन सेवाले कसूरदारलाई समुदायमा निगरानी गर्दछ र निजहरूको अपराधको कारणहरू सम्बोधन गर्न निजहरूलाई मद्दत गर्दछ । सामुदायिक सेवाको आदेशले कसूरदारलाई समुदायमा निःशुल्क श्रम गर्न बाध्य बनाउँछ, जसले समुदायलाई फाइदा पुर्याउँछ ।
- प्रोवेशन अधिकृतबाट कसूरदारको गतिविधिहरुको सुपरिवेक्षण गर्नुपर्ने, कसूरदारले पालना गर्नुपर्ने शर्तहरूको पालना भए नभएको निगरानी गर्नुपर्ने र कुनै पनि नियम वा शर्तहरुको उल्लंघन भए नभएको सम्बन्धमा अदालतमा प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ।

## ४.३. प्यारोल सम्बन्धी पद्धति र प्रक्रिया

आफूलाई अदालतबाट तोकिएको कैद सजायको तोकिए बमोजिमको निश्चित् अवधि भुक्तान गरिसकेको कैदीलाई बाँकी अवधि तोकिएका शर्तहरूको पालना गर्ने गरी प्यारोल अधिकृतको निगरानीमा समाजमा जीवनयापन गर्न अनुमति दिइएको अवस्था प्यारोल हो । प्यारोलमा छाडिएको कसूरदारले तोकिएका शर्तहरूको पालना गरेमा कैद सजाय भुक्तान भएको मानिन्छ । प्यारोलमा रहेको कसूरदारले तोकिएका शर्तहरूको पालना नगरेमा वा प्यारोलमा छाडिएको अवधिमा पुनःकैद सजाय हुने अर्को कुनै कसूर गरेको खण्डमा निजले आफूलाई तोकिएको बाँकी कैद सजाय समेत कारागारमै बसी भुक्तान गर्नुपर्ने हुन्छ।

प्यारोलमा छाडिने कैदीलाई कुनै निश्चित अवधि कैदमा बसिसके पछि तोकिएको कैद सजाय पूरा हुनु अगाडि नै शर्तसहित रिहा गरिन्छ । रिहाइको समयावधि कैदीको व्यवहार, अपराधको प्रकृति र कानूनी प्रावधानमा आधारित हुन्छ । प्यारोल अवधिमा कैदीले निर्दिष्ट शर्तहरू पालना गर्नु पर्छ, जस अन्तर्गत ती शर्तहरू पालना भए नभएको नियमित प्रतिवेदन, पुनः अपराध नगर्ने र सुधारात्मक गतिविधिमा

[४४] https://www.unafei.or.jp/publications/pdf/J_RS_No1/No1_7_EN.pdf

संलग्न हुने प्रतिवद्धताका विषयहरू समेत पर्दछन् । प्यारोल अधिकारी वा सम्बन्धित निकायबाट प्यारोलमा छाडिएको कसूरदारको गतिविधिमा निगरानी गरी सुधारात्मक परामर्श, तालिम र समाजमा पुनःस्थापित हुन आवश्यक सहायता समेत प्रदान गरिन्छ ।

प्यारोलको सुविधा प्राप्त गर्न कैदी स्वयं, उनका परिवारका सदस्य वा कानूनी प्रतिनिधिले निवेदन दिन सक्छन् । उक्त निवेदनमा कैदीको व्यक्तिगत जानकारी, अपराधको विवरण र सुधारका संकेतहरू उल्लेख गरिएको हुन्छ । आवेदन पश्चात् कारागार प्रशासनबाट कैदीको व्यवहार, सुधारका सम्भावना र जोखिमको मूल्यांकन गरी उपयुक्त ठहरिएमा आवेदनलाई सिफारिस सहित सम्बन्धित निकायमा पठाइन्छ । सम्बन्धित निकाय वा बोर्डबाट कैदीलाई प्यारोलमा रिहा गर्ने वा नगर्ने निर्णय अपराधको प्रकृति, कैदीको चालचलन, व्यवहार र सामाजिक सुरक्षा जस्ता पक्षलाई आधार लिएर गरिन्छ । प्यारोलमा रिहा गर्नु अघि कैदीलाई पालना गर्नुपर्ने शर्तहरू तोकिन्छ । प्यारोलमा छाडिएका कैदीले नियमित रूपमा प्यारोल अधिकारीलाई आवधिक प्रतिवेदन पेश गर्नु पर्छ । प्यारोल अधिकृत वा तोकिएका अधिकारीले कैदीको गतिविधि र सुधार प्रक्रियालाई निरन्तर रूपमा मूल्यांकन गर्छन् । यदि त्यसरी तोकिएका शर्तहरूको उल्लंघन गरेको पाइएको खण्डमा वा निजको गतिविधि शंकास्पद भएको खण्डमा वा निजको सुधार प्रक्रिया सन्तोषजनक नभएको खण्डमा कैदी वा कसूरदारलाई पुनः कारागारमा बाँकी कैद भुक्तानको लागि फिर्ता गरिन्छ ।

## ४.४. सुधार गृह सम्बन्धी पद्धति र प्रकृया

सुधार गृह कसूरदार वा कानूनको विवादमा परेका व्यक्तिहरूको सुधार, पुनर्स्थापना र सामाजिकीकरण गर्न स्थापना गरिएको संस्था हो । कानूनको विवादमा परेका व्यक्तिलाई आधारभूत शिक्षा, व्यावसायिक तालिम र सीप विकासका कार्यक्रम प्रदान गरी रोजगारीको अवसर प्रदान गर्दै अपराध पुनःदोहोरिन नदिने र निजलाई गल्तीको महशुस गराई सुध्रिने मौका समेत दिने सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधि अन्तर्गत पर्ने सुधार गृहमा रही सजाय भुक्तान गर्ने विधिको मुख्य उद्देश्य हो । कानूनको विवादमा परेका व्यक्तिहरूको अपराधको प्रकृति, मानसिक अवस्था र सुधारको सम्भावना समेतको अध्ययन गरी अदालतबाट निजहरूलाई कारागारमा नराखी सुधार गृहमा राखी सजाय भुक्तान गर्न उपयुक्त हुने देखेमा सुधार गृहमा पठाउने गरी आदेश गरिन्छ।

सुधार गृहमा बसी सजाय भुक्तान गरिरहेका प्रत्येक कानूनको विवादमा परेका व्यक्तिहरूका लागि छुट्टै सुधार योजना बनाइन्छ । उक्त योजनामा निजहरूलाई प्रदान गरिने शिक्षा, तालिम, परामर्श र पुनर्स्थापना समेतलाई समावेश गरिएको हुन्छ । सुधार गृहमा खटिएका परामर्शदाता र मनोविज्ञले निजहरूको मानसिक, भावनात्मक र सामाजिक समस्याहरूको पहिचान र ती समस्याहरूको समाधान गरी निजहरूको अपराधप्रतिको सोच परिवर्तन गर्दै सकारात्मक जीवनशैली अपनाउन प्रेरित गर्छन् । निजहरूलाई सुधार गृहमा रहेको अवधिमा समुदायसँगको पुनर्मिलनको लागि सामाजिक गतिविधि र

सामुदायिक सेवा जस्तैः सरसफाइ कार्यक्रम, वृक्षारोपण, रक्तदान कार्यक्रम जस्ता गतिविधिहरूमा सहभागी गराइन्छ । त्यसैगरी ती कानूनको विवादमा परेका व्यक्तिहरूलाई सुधार गृहमा रहँदाबस्दा पालना गर्नुपर्ने अनुशासनका नियमहरू, नैतिक मूल्यहरू सिकाएर असल, सभ्य र जिम्मेवार नागरिक बनाउने प्रयास गरिन्छ । साथै ती कानूनको विवादमा परेका व्यक्तिहरुलाई कला, संगीत, खेलकूद र सांस्कृतिक कार्यक्रमहरूमा समेत संलग्न गराइन्छ ।

सुधार गृहमा रहेका व्यक्तिको चालचलनमा सुधार नआएमा वा निजले पालना गर्नुपर्ने शर्तहरूको पालना नगरेमा वा त्यस्तो अवधिमा कैद सजाय हुने अर्को कुनै कसूर गरेमा निजले पूरा कैद अवधि कारागारमा भुक्तान गर्नु पर्दछ ।

## ४.५. पुनर्स्थापना केन्द्र सम्बन्धी पद्धति र प्रकृया

पुनर्स्थापना केन्द्र अपराध, दुर्व्यसन वा कुनै प्रकारको सामाजिक विकृति भोगिरहेका व्यक्तिहरूलाई सुधार, पुनर्स्थापना र सामाजिकीकरण गर्न स्थापना गरिएको संस्था हो । कसूरदारहरूलाई पुनर्स्थापना केन्द्रमा मानसिक, शारीरिक र सामाजिक रूपमा सुधार गरी समाजमा पुनर्स्थापित गराउने, निजहरूलाई आवश्यक सीप सिकाई आत्मविश्वास प्रदान गरी समाजमा योगदान गर्न सक्ने योग्य नागरिक बनाउने, अपराध वा दुर्व्यसनको पुनरावृत्ति रोक्ने, मानसिक स्वास्थ्य, परामर्श, मनोवैज्ञानिक र भावनात्मक सहायता प्रदान गर्ने गरिन्छ । पुनर्स्थापना केन्द्रले मुख्यतः निजहरूको व्यवहारमा सुधार र समाजमा पुनर्मिलनको लागि सामाजिक शिक्षा दिने, जीविकोपार्जनका लागि सीपमूलक शिक्षा दिने, शारीरिक तथा मानसिक समस्याको उपचार गराइदिने, परिवार र समाजसँग घुलमिल गराइदिने लगायतका कामहरू गर्दछ।

पुनर्स्थापना केन्द्रमा कसूरदारलाई मानसिक, भावनात्मक र सामाजिक समस्या समाधान गर्नको लागि आवश्यक पर्ने विभिन्न किसिमका परामर्श सेवाहरू उपलब्ध गराइन्छ, जसको मुख्य उद्देश्य कसूरदारलाई सकारात्मक जीवनतर्फ उन्मुख गराउनु हो । पुनर्स्थापना केन्द्रमा कसूरदारहरूलाई रोजगारीका अवसरहरूको सम्भावना बढाउन सिलाइ-कटाइ, प्लम्बिङ, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक सामानहरुको मर्मत, कृषि लगायतका सीप विकास सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिन्छ । पुनर्स्थापना केन्द्रमा आवश्यकतानुसार आधारभूत शिक्षा र व्यावसायिक तालिमका साथसाथै कानूनी सचेतना प्रदान गरिन्छ । साथै कसूरदारलाई सामाजिक मूल्य मान्यता र नैतिकता सम्बन्धी ज्ञान दिन विशेष शिक्षा कार्यक्रम सञ्चालन गरिन्छ । दुर्व्यसनग्रस्त वा मानसिक समस्याग्रस्त कसूरदारहरूको उपचारका लागि नियमित स्वास्थ्य परीक्षण र परामर्श सेवा समेत प्रदान गर्ने गरिन्छ ।

पुनर्स्थापना केन्द्रमा कसूरदारलाई व्यक्तिगत सुधार योजना अनुसार लक्ष्यित तालिम, परामर्श र शिक्षा कार्यक्रम सञ्चालन गरी सुधारको प्रयास गरिन्छ । कसूरदारको सुधारको प्रगति विवरण नियमित रूपमा

अनुगमन गरी आवश्यकता अनुसार सुधार योजनामा परिमार्जन गरिन्छ । कैद अवधि भुक्तान भई सुधार केन्द्र छाड्नु अघि कसूरदारलाई समाजमा पुनर्स्थापनाका लागि रोजगारी, आवास र सामाजिक सहकार्य सुनिश्चित गर्न आवश्यक पर्ने अन्य सहयोग पनि गरिन्छ ।

## ४.६. खुल्ला कारागार सम्बन्धी पद्धति र प्रकृया

कैदीले तोकिएको समयमा आफूलाई राखिएको ठाउँ भन्दा बाहिर समेत गई कुनै काम गर्न पाउने गरी तोकिएको कुनै ठाउँ नै खुल्ला कारागार हो । खुल्ला कारागारमा कैदीहरूलाई बन्द कोठामा मात्र सीमित नराखी कैदीहरूले निर्दिष्ट क्षेत्र भित्र स्वतन्त्र रूपमा घुम्न, काम गर्न र बस्न पाउँछन् । कैद सजायको अवधिमा कैदीलाई खुल्ला कारागारमा रही कृषि, पशुपालन, हस्तकला र अन्य कुनै उत्पादनमूलक काममा संलग्न गराई सीपमूलक तालिम र शिक्षा मार्फत आत्मनिर्भर बन्न उत्प्रेरित गरिन्छ ।

कैदीको व्यवहार, सुधारको सम्भावना र जोखिमको मूल्यांकन गरी सुधारको उच्च सम्भावना भएका कैदीहरूलाई मात्र अदालत वा सम्बन्धित निकायको सिफारिसमा खुल्ला कारागारमा पठाइन्छ । त्यसरी खुल्ला कारागारमा पठाइएका कैदीहरूलाई शुरुवातमा खुल्ला कारागारका नियमहरूबारे जानकारी गराइन्छ । खुल्ला कारागारमा राखिएका कैदीहरूलाई खुल्ला कारागारमा राखिएको अवधिमा तालिम, परामर्श र व्यावसायिक सीप प्रदान गरी निजहरूको जीवनशैलीमा सुधार ल्याउनका लागि विभिन्न प्रकारका सुधारात्मक कार्यक्रमहरुको सञ्चालन गरिन्छ । खुल्ला कारागारमा राखिएका कैदीहरूलाई कृषि, हस्तकला, निर्माण वा अन्य काममा संलग्न गराई आम्दानीको निश्चित भाग निजको बचतको रुपमा राखिन्छ । खुल्ला कारागारमा राखिएको कैदीको प्रगति नियमित रूपमा अनुगमन गरी सुधारका आधारमा कैदीको पूर्ण स्वतन्त्रता वा थप सुधार प्रक्रियाको निर्णय गरिन्छ ।

खुल्ला कारागारमा कठोर सुरक्षा व्यवस्थाको सट्टा, आत्मानुशासन र न्यूनतम निगरानीमा राखिन्छ । उक्त समयमा डिजिटल प्रविधि वा नियमित निरीक्षण मार्फत कैदीहरूको गतिविधि अनुगमन समेत गरिन्छ । खुल्ला कारागारमा राखिएका कैदीहरूले तोकिएका नियम र शर्तहरू पालना नगरेमा वा त्यहाँबाट भाग्ने प्रयास गरेमा वा पुनःअपराध गरेमा निजहरुलाई थप सजाय समेत हुन सक्ने समेतका कारबाहीको दायरामा ल्याइन्छ ।

## ४.७. सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिने व्यवस्था सम्बन्धी पद्धति र प्रकृया

यस व्यवस्था अन्तर्गत अदालतबाट कसूरदारलाई निजले गरेको कसूर र सोको प्रकृति, निजको उमेर, कसूरको गम्भीरता, कसूर गरेको तरिका, निजको आचरण र सामाजिक स्थिति समेतको मूल्यांकन गरी नियमित रूपमा कैदमा राख्न उपयुक्त नदेखिएमा त्यसको कारण खोली सप्ताहको अन्तिम दिन वा

रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने गरी आदेश दिने गरिन्छ । सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा बाहेक अन्य दिन वा समयमा कैदीलाई कारागार बाहिर रहेर आफ्नो नियमित कार्य वा जिम्मेवारी पूरा गर्ने छुट दिइन्छ । कैदीलाई त्यसरी छुट दिनुअघि निजले अवलम्बन गर्नुपर्ने नियम वा कार्यविधि र शर्तहरु निर्धारण गरिन्छ । कैदीको गतिविधि नियमित रूपमा अनुगमन गरी निजको प्रगति र सुधारका आधारमा आवश्यकता अनुसार नियम परिमार्जन गरिन्छ । यो व्यवस्था सामान्यतः सामान्य अपराध वा गैर-हिंसात्मक अपराधमा संलग्न, आर्थिक अपराध वा गल्तीका कारण भएको अपराधमा संलग्न, कम अवधिको सजाय भएको अपराधहरू संलग्न कैदीहरूका हकमा लागू गरिन्छ। कैदीले पुनः अपराध नगर्ने सुनिश्चितता देखिएमा यो व्यवस्था लागू गर्ने गरिन्छ।

## ४.८. कैद बापत शारीरिक श्रममा लगाउने सम्बन्धी पद्धति र प्रकृया

कैद बापत शारीरिक श्रममा लगाउने व्यवस्था सजायको वैकल्पिक उपायको रूपमा र सजायको सुधारात्मक विधिको रूपमा स्वीकार गरिएको छ । सामान्य र गैर-हिंसात्मक अपराधहरू गरेका, अठार वर्ष भन्दा बढी उमेर पुगेका र शारीरिक रुपमा स्वस्थ र तन्दरूस्त कसूरदारका लागि निजले चाहेमा मात्र निजलाई कारागारले सार्वजनिक कामको लागि शारीरिक श्रममा लगाउन सक्ने व्यवस्था छ । साथै राम्रो आचरण भएका कैदीहरू जसमा सुधारको सम्भावना र जिम्मेवारीको भावना भएमा मात्र निजलाई कारागारबाट श्रममा लगाउन सकिन्छ । यस प्रक्रियाका लागि कैदीको सहमति र इच्छाशक्ति भए नभएको कुरा कारागारबाट आँकलन गरिनु पर्दछ ।

यो विधि र पद्धति अन्तर्गत कारागार प्रशासनले कैदीलाई शारीरिक श्रमका विभिन्न सार्वजनिक कामहरूमा संलग्न गराउँछ, जस्तैः कृषि कार्य, निर्माण कार्य (सडक निर्माण, भवन निर्माण), कारागार परिसरमा सरसफाइ, हस्तशिल्प, काठको काम, माटोको भाँडो बनाउने काम आदि । यसमा कैदीहरूको स्वास्थ्य, शारीरिक स्थिति, मानसिक अवस्था र कौशल समेतका आधारमा कैदीहरूलाई शारीरिक श्रम सम्बन्धी विभिन्न कार्यहरूसँग आवद्ध गरिन्छ । श्रम कार्यको समयावधि र प्रकृति पनि कैदीको सजायको अवधि र कारागारको नीतिमा निर्भर रहेको हुन्छ। शारीरिक श्रममा संलग्न कैदीलाई बिहानदेखि बेलुकीसम्म कार्य गराइ निश्चित विश्राम र खाने समय दिइन्छ र शारीरिक श्रमको समयमा निगरानी र सुरक्षा समेतको सुनिश्चितता गरिन्छ ।

## ४.९. सुधारात्मक कार्यक्रम सम्बन्धी पद्धति र प्रकृया

पुनर्स्थापकीय न्यायले पनि दण्डको सुधारात्मक पद्धतिलाई आत्मसात् गर्दै पीडितको मात्र नभई कसूरदारको समेत पुनर्स्थापनामा विशेष जोड दिएको पाइन्छ । यो सुधारात्मक कार्यक्रम सम्बन्धी विधि, पद्धति र प्रक्रियाले प्रगतिशील दृष्टिकोणबाट दण्ड निर्धारण गरिनुपर्ने कुरामा जोड दिँदै उपचारात्मक तथा सुधारात्मक सिद्धान्तको आधारमा कसूरदारलाई सुधार गरी असल नागरिकको रूपमा समाजमा

पुनर्स्थापित गर्ने उद्देश्य राख्दछ । सुधारात्मक दण्ड प्रणालीले कसूरदारलाई अपराध गर्ने एउटा माध्यम मात्र मान्दछ र समाजमा घट्ने आपराधिक कार्यले कसूरदार स्वयंलाई पनि क्षति पुर्याएको हुन्छ भन्ने धारणा राख्दछ ।

कैद सजाय भोगिरहेका कैदीहरूको चालचलन र आचरणमा सुधार ल्याउने उद्देश्यले कारागारबाट सीपमूलक, शिक्षामूलक तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने गरिन्छ । त्यसका साथै कारागारबाट कैदीहरूको लागि नैतिकता, अनुशासन, धार्मिक, आध्यात्मिक, योग तथा व्यायाम शिविर लगायतका बहुआयामिक सुधारात्मक उपायहरू सञ्चालन गरिन्छ । यसरी सञ्चालन गरिएका कार्यक्रम तथा उपायहरूबाट कैदीको आचरणमा सारभूत रुपमा सुधार आए नआएको सम्बन्धमा कारागारले तोकिएको निकायमा प्रतिवेदन पेश गर्नु पर्छ।

## ४.१०. कैद सजाय निलम्बन गर्ने सम्बन्धी पद्धति र प्रकृया

सामान्य प्रकृतिको कसूर गर्ने कसूरदारले पहिलो पटक कसूर गरेको र निजले गरेको कसूर, निजको उमेर, आचरण, कसूर गर्दाको परिस्थिति समेतका आधारमा अदालतबाट निर्धारण भएको कैद तत्काल कार्यान्वयन नगरी निलम्बन गर्न सक्ने व्यवस्थालाई सजायको वैकल्पिक वा सुधारात्मक उपायको रूपमा अवलम्बन गर्ने गरिन्छ । अदालतले कैदीको आचरण र सुधारका संभावनाहरूको मूल्यांकन गरी निलम्बनको अवधि र शर्तहरू निर्धारण गर्दछ । कसूरदारले निलम्बनको अवधिभर निःशुल्क रूपमा कुनै सार्वजनिक काम गर्ने, पीडितको सहमति भएमा पीडितको कुनै काममा सहयोग गर्ने, आदेशमा उल्लिखित शर्तहरुको पालना गर्ने, अदालतले तोकिदिएको कुनै स्थान हदमा रहने, उपचार तथा पुनर्स्थापना केन्द्रमा बस्ने जस्ता शर्तहरू कैदीले परिपालना गर्नुपर्ने गरी अदालतबाट कैद सजाय निलम्बन गर्ने आदेश गर्ने गरेको पाइन्छ । सजाय निलम्बन पछि कसूरदारलाई प्रहरी, सामाजिक कार्यकर्ता वा कारागार प्रशासनले नियमित निगरानीमा राख्दछन् ।

निलम्बनको अवधि निश्चित हुन्छ र यो अवधि समाप्त भए पछि कैदीको स्थिति पुनः मूल्यांकन गरिन्छ। यदि कैदीले निर्धारित शर्तहरू पूरा गरे भने, सजायको निलम्बन स्थायी रूपमा लागू गर्न सकिन्छ र कैदीलाई कारागारबाट मुक्त गरिन्छ । यदि कैदीले निलम्बनको शर्त उल्लंघन गरेमा बाँकी कैद सजाय कारागारमा बसी भुक्तान गर्नु पर्छ ।

## ४.११. सामाजिकीकरण सम्बन्धी पद्धति र प्रकृया

सुधारात्मक दण्ड प्रणाली सम्बन्धी एक महत्वपूर्ण विधिको रूपमा रहेको सामाजिकीकरण सम्बन्धी व्यवस्थाले कैदीहरूलाई खेलकूद, कला, सांस्कृतिक कार्यक्रम, सामूहिक छलफल, कार्यशाला र सामाजिक कार्यहरूमा सहभागी गराई कैदीहरूमा सहकार्य, सामाजिक एकता र जिम्मेवारीको भावना बढाउने गरिन्छ । कैदीलाई मानसिक र भावनात्मक रूपमा सुदृढ बनाउन व्यक्तिगत र समूह

काउन्सलिङको व्यवस्था गरिन्छ । काउन्सलरहरूले कैदीहरूको सकारात्मक सोच र सुधारात्मक विचारको विकासमा मद्दत पुऱ्याउँछन् । कैदीलाई नियमित रूपमा परिवारसँग भेटघाट गर्ने अवसर दिने, चिकित्सा, मनोविज्ञान, डिप्रेशन र तनावको उपचारका लागि विभिन्न उपायहरू प्रयोग गरी कैदीको मानसिक र भावनात्मक स्वास्थ्यमा सुधार गर्नका लागि मनोवैज्ञानिक सहायता उपलब्ध गराइन्छ । कैदीहरूलाई व्यावसायिक तालिमहरू जस्तैः सिलाइ-कटाइ, हजाम, इलेक्ट्रीकल र इलेक्ट्रोनिक्स सामानको मर्मत, कृषि कार्य, सिकर्मी, डकर्मी, पलम्बिङ आदि मार्फत आत्मनिर्भर हुने सुनिश्चितता प्रदान गरिन्छ । कैदीको सुधारपछि समाजमा पुनःस्थापित गर्ने कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । यस अन्तर्गत रोजगारीको अवसर, परिवारसँगको पुनर्मिलन र समाजमा सक्रिय रूपमा योगदान दिने खालका कार्यक्रमहरू समावेश गरिन्छ । समाजमा पुनर्स्थापना भए पछि पनि कैदीलाई निगरानी र काउन्सलिङ गरिन्छ । यसले उनीहरूको सामाजिक एकीकरणमा मद्दत पुर्याउँछ र पुनः अपराधको जोखिम घटाउन सहयोग गर्दछ ।

## ४.१२. कैद कट्टा सम्बन्धी पद्धति र प्रकृया

कैद कट्टा सम्बन्धी व्यवस्थाले सजायलाई प्रतिशोधको स्वरूपबाट सुधारात्मक स्वरूपतर्फ रूपान्तरण गर्न मद्दत गर्नुको साथै कैदीहरूको सुधार, सामाजिकीकरण र न्यायिक प्रणालीलाई मानवीय र न्यायोचित बनाउने उद्देश्य लिएको हुन्छ, जसमा कसूरदारले तोकिएको अवधिको अनिवार्य कैद सजाय भुक्तान गरे पछि निजको चालचलनमा सुधार आएमा बाँकी कैद सजाय कट्टा गर्न सकिन्छ । कैदीहरूको चालचलन र आचरणमा आएको सुधारको आधारमा कैद कट्टा गर्ने, शारीरिक वा मानसिक रुपमा अस्वस्थ रहेका कैदीहरूको सजाय कटौती, विशेष अवसरहरू जस्तो सार्वजनिक चाडपर्व वा महत्वपूर्ण राष्ट्रिय दिवसहरूमा कैद कट्टाको घोषणा गर्न सकिने, बालबालिका, वृद्ध र महिला कैदीहरूलाई विशेष मापदण्ड अनुसार कैद सजायमा छुट दिन सकिने लगायतका प्रावधानहरू हुन्छन् । कैदीहरूको चालचलन र आचरणमा आएको सुधार मूल्यांकनका लागि विशेष समितिको गठन गर्ने, कारागार वा सुधार केन्द्रहरूमा रहेका कैदीहरूको नियमित मूल्यांकन र रिपोर्टिङ प्रणाली लागू गर्ने जस्ता रहेका छन् ।

## ४.१३ अन्तर्राष्ट्रिय असल अभ्यास

### ४.१३.१ सामुदायिक सेवा

#### संयुक्त अधिराज्य

कसूरदारले गरेको कसूरको गम्भीरताको आधारमा ४० घण्टादेखि ३०० घण्टासम्म सामुदायिक सेवाको काम गर्न अदालतले आदेश दिने व्यवस्था छ । सामुदायिक सेवा अन्तरगत पार्क मर्मतसंभार, सामुदायिक भवन मर्मतसंभार, सार्वजानिक सडक सरसफाई तथा फोहोरमैला व्यवस्थापनका कार्यहरू पर्छन् । कसूरदारलाई सामुदायिक सेवामा पठाउदा पीडितले प्रत्यक्ष लाभ प्राप्त गर्ने कार्यमा सहभागी

गराइने अभ्यास रहेको छ । संयुक्त अधिराज्यमा सामुदायिक सेवाका लागि कानूनमा निर्धारित गरिएका शर्त हरूमध्ये (community order requirement) कम्तीमा एक शर्त पूरा गर्नुपर्ने हुन्छ र कतिपय अवस्थामा एकभन्दा बढी शर्त हरू संयुक्त रूपमा पूरा गर्नुपर्ने हुन्छ ।

**क्यानडा**

क्यानडामा कसूरदारलाई २४० घण्टामा नबढ्ने गरी गैरनाफामूलक तथा परोपकारी संस्थाहरू, स्थानीय सेवाप्रदायक संस्थाहरू, नर्सिङ होम, समुदायिक पार्कमा काम गर्ने गरी अदालतले आदेश दिन सक्ने व्यवस्था छ । यसरी आदेश दिँदा कसूरदारलाई निजको पारिवारिक दायित्व, रोजगारी जस्ता व्यक्तिगत जीवन व्यवस्थापनका विषयहरूमा असर नपर्ने गरी सामुदायिक सेवाको आदेश पालन गर्न सक्ने गरी Flexible scheduling को सुविधा प्राप्त हुने व्यवस्था छ ।

**संयुक्त राज्य अमेरिका**

अमेरिकामा हरेक कसूरदारको व्यक्तिगत सक्षमता हेरी शिक्षण, निर्माण तथा सरसफाई लगाएतका उपयुक्त सामुदायिक कार्यमा पठाउने अभ्यास रहेको छ । सुपरिवेक्षण न्यायपालिकाबाट हुने व्यवस्था रहेको, विद्यालय, परोपकारी संस्था तथा सार्वजनिक निकायसँगको समन्वयमा Community Service Roster तयार गरी सामुदायिक सेवामा पठाइन्छ ।

**अस्ट्रेलिया**

अस्ट्रेलियाको विभिन्न राज्यहरूमा सामुदायिक सेवामा पठाउनु भन्दा अगाडि प्रोवेशन अधिकृतले कुनै कसूरदार सामुदायिक सेवामा पठाउन शारीरिक रुपमा स्वस्थ छकि छैन भन्ने निक्यौंल गर्छ । अष्ट्रेलियाको फरक अभ्यास भनेको सामुदायिक सेवामा पाठइएका कसूरदारहरूलाई व्यापार, सिकर्मी तथा सूचना प्रविधि सम्बन्धी सीप विकासका तालिमहरू दिने, स्थानीय ज्येष्ठ नागरिकसँग अन्तरक्रिया, घुलमिल गर्ने साथै सांस्कृतिक चालचलन र अभ्यासहरूको बारेमा जानकारी लिने तथा सांस्कृतिक कार्यक्रममा सहभागी गराउने प्रचलन रहेको छ ।

**नर्वे**

नर्वेमा अदालतले कैदको सट्टा सामुदायिक सेवामा पठाउने निर्णय गर्छ भने, कसूरदारले ३० देखि ४५० घण्टासम्म काम गर्नुपर्ने हुन्छ ।[४५] सामुदायिक सेवा मुख्यतया सार्वजनिक क्षेत्रमा गरिन्छन् । जस्तै सार्वजनिक स्थान सफा गर्ने, निर्माण कार्यमा मद्दत गर्ने, लगायतका कार्यहरू पर्दछन । कसूरदारहरूलाई परामर्श तथा रोजगार तालिम दिने र सामाजिक कार्यक्रमसँग आवद्ध गरी शुरुमा सुपरिवेक्षणमा राखि सामुदायिक सेवाको कार्यहरू गराउने तत् पश्चात सुपरिवेक्षण बिना काम गर्न लगाई विश्वासको वातावरण सिर्जना गर्ने अभ्यास छ ।

---

४५ **Norwegian Penal Code**, section 49.

### ४.१३.२ प्रोवेशन

**अमेरिका**

अमेरिकामा रहेका Problem-Solving Courts जस्तै ड्रग कोर्ट, डोमेस्टिक भायोलेन्स कोर्ट र मेन्टल हेल्थ कोर्टले प्रोवेशनमा छोडिएका व्यक्तिहरूलाई प्रोवेशन अवधिभर समस्या समाधान गर्ने काम गर्छन् ।[४६] त्यस्तै GPS Monitoring (Integrated GPS and Radio Frequency System, Smart Phone Monitoring Apps, Alchohol Monitoring Device), डिजिटल चेक-इन प्रणाली र लागूऔषध मुद्दामा प्रोवेशनमा छोडिएका कसूरदारलाई Drug Testing Technology (Immunoassays and Oral Fluid Test), Finger Nail Testing जस्ता प्रविधिको प्रयोग गरिन्छ । अमेरिकामा Track group नामको App प्रयोगमा छ जसले प्रोवेशनमा रहेकाहरूको Geographical locations, reminders for Court Dates, Therapy session को सूचना दिने काम गर्छ ।

**क्यानडा**

क्यानडामा प्रमाणमा आधारित जोखिम मूल्यांकन मोडल (जस्तै, LSI-R) प्रयोग गरी अपराध दोहोरिने सम्भावना कम गरिन्छ ।उच्च जोखिमका अपराधीहरूमाथि कडा निगरानी र निम्न जोखिम भएका अपराधीहरूमाथि सुधारात्मक कार्यक्रम लागू गरिन्छ ।प्रोवेशनरहरूलाई अनुगमन गर्न इलेक्ट्रोनिक निगरानी GPS ट्र्याकिङ र इलेक्ट्रोनिक ब्रेसलेट प्रणाली प्रयोगमा रहेको र डिजिटल रिपोर्टिङ अन्तर्गत प्रोवेशनरहरूले अनलाइन माध्यमबाट आफ्नो प्रगति रिपोर्ट गर्न सक्ने व्यवस्था समेत रहेको छ[४७] । परामर्श, जोखिम मूल्यांकन र द्वन्द्व समाधानमा दक्षता अभिबृद्धिका लागि प्रोवेशन अधिकारीहरूलाई नियमित रुपमा तालिम दिने गरिन्छ । नियमित अनुगमन र मुल्याँकन अन्तर्गत प्रोवेशनरहरूको प्रगति नियमित रूपमा समीक्षा गरिन्छ ।प्रणालीको सुधारका लागि डाटामा आधारित निर्णयहरू गरिन्छ ।

**अस्ट्रेलिया**

अष्ट्रेलियामा प्रोवेशन 'रीसेट' रणनीतिअन्तर्गत, अपराधीहरूलाई पहिलो दुई-तिहाइ समयमा बढी ध्यान दिइ यो समयमा थप अनुगमन र पुनर्स्थापनामा केन्द्रित गराउने उद्श्य राखेको देखिन्छ । त्यसैगरी अपराधीहरूलाई ट्र्याक गर्न GPS र अल्कोहल मोनिटरिङ ट्यागहरू जस्ता उच्च प्रविधिको उपयोग अपराधीहरूको गतिविधि अनुगमन गर्ने ,कम जोखिम अपराधीहरूको लागि सुपरिवेक्षण समय घटाइने लगायतका व्यवस्थाहरू लागू गरिएको छ ।[४८]

---

४६ https://nij.ojp.gov/topics/articles/problem-solving-courts हेरिएको मिति २०८१/०८/१८ ।

४७ https://www.ontario.ca/page/correctional-services हेरिएको मिति २०८१/०९/०३ ।

४८ https://www.aic.gov.au/ हेरिएको मिति २०८१/०९/०३ ।

**भारत**

भारतमा प्रोवेशन सम्बन्धी व्यवस्था मुख्यतया निम्न कानूनहरूद्वारा निर्देशित छ प्रोवेशन अफ अफेन्डर्स एक्ट, 1958 फौजदारी कार्यविधि संहिता (CRPC), 1973 जुभेनाइल जस्टिस (केयर एण्ड प्रोटेक्शन अफ चिल्ड्रेन) एक्ट, 2015 रहेका छन । भारतमा फौजदारी कार्यविधि संहिता अनुसार २१ वर्षभन्दा माथिको कुनै व्यक्तिलाई जरिवाना मात्रको सजाय वा सात वर्षसम्म कैद सजाय भएकोमा वा २१ वर्षभन्दा कम उमेरको र महिला कसूरदार जसलाई मृत्युदण्ड वा जन्मकैदको सजायबाहेक पहिलो पटकको कसूरदारलाई निज कसूर ठहर हुनुभन्दा पहिले नै अदालतमा उपस्थित छ भने निजको उमेर, चालचलन, पृष्ठभूमि र कसूर गर्दाको परिस्थितिसमेतलाई विचार गरी कसूरदारलाई निजलाई सजायको सट्टामा शान्ति कायम र असल व्यवहार गर्ने कबुलियत गराई अदालतमा अदालतले बोलाएमा उपस्थित भई सजाय भुक्तान गर्ने गरी प्रोवेशनमा छाड्न सकिने व्यवस्था गरिएको छ । यस्तो प्रोवेशनको सुविधा नदिँदा किन नदिइएको हो भन्ने अनिवार्य रूपमा कारण खुलाउनुपर्छ ।[४९]

**जापान**

जापानमा, स्वयंसेवक पर्यवेक्षक (Volunteer Probation Officer) र व्यावसायिक पर्यवेक्षक (Professional Probation Officer) को निगरानीमा Probationee रहने गरेका छन जसमा यी दुइको भुमिका फरक फरक रहेको हुन्छ । Volunteer Probation Officers Act 1950 स्वयंसेवक पर्यवेक्षक हुनका लागि केही शर्त हरूको व्यवस्था गरेको छ । समाजमा राम्रो प्रतिष्ठा भएका पर्याप्त समय दिन सक्ने आर्थिक रुपमा बलियो हुनुपर्ने व्यवस्था गरेको छ । यी पर्यवेक्षकहरू प्रत्यक्ष रुपमा प्रोवेशनमा रहेका हरूलाई एकदम नजिकबाट निगरानी गर्ने अपराधीहरूको प्रगति मूल्यांकन गर्ने र ताकि तिनीहरू समाजमा फर्कन योग्य बनाउन प्रयत्नरत रहन्छन ।

व्यावसायिक पर्यवेक्षक (Professional Probation Officer) व्यावसायिक पर्यवेक्षकहरू सरकारी कर्मचारीहरू हुन्छन् र उनीहरूको काम बढी कानूनी र प्रशासनिक हुन्छ ।यीनीहरूले अपराधीहरूको निगरानी र अनुशासनको सुनिश्चितता गर्ने अदालतका आदेशहरूको पालनाको सुनिश्चित गर्ने अभियुक्तहरूको पुनःसामाजिकरणका लागि योजनाहरू बनाउने संघर्ष समाधान, अपराध नियन्त्रण र अपराधीहरूको सुधारका उपायहरूको विकास गर्ने लगायतका कार्यहरू गर्दछन ।

स्वयंसेवक र व्यावसायिक पर्यवेक्षकहरू को संयुक्त प्रयासबाट जापानमा प्रोवेशन प्रणालीलाई सफल मानिने गरिएको छ । व्यावसायिक पर्यवेक्षकहरू अपराधीहरूसगँ सम्बन्धित जटिल मामला समाधानका लागि कार्य गर्दछन भने स्वयंसेवक पर्यवेक्षकहरू अपराधीलाई व्यक्तिगत र सामाजिक सहयोग प्रदान गरेर पुनःसामाजिकिकरण गर्न मद्दत गर्दछन् ।

---

४९ **Criminal Procedure Code, 1973**, Sec 360.

### ४.१३.३ प्यारोल

**संयुक्त अधिराज्य**

प्यारोल प्रणाली बेलायतमा प्यारोल बोर्डले निरीक्षण गर्छ जुन एक स्वतन्त्र निकाय हो जसले कैदीहरूलाई समुदायमा सुरक्षित रूपमा रिहा गर्न सकिन्छ कि सकिँदैन भन्ने मूल्याङ्कन गर्छ । यसको मुख्य जिम्मेवारीमा कैदीहरूलाई सुरक्षित रूपमा समुदायमा रिहा गर्न सकिन्छ कि सकिँदैन भन्ने निर्धारण गर्न जोखिम मूल्याङ्कन गर्ने ,प्यारोलका लागि योग्य कैदीहरूको व्यवहार, पुनःस्थापना प्रगति र समाजमा सम्भावित जोखिम जस्ता पक्षहरूको मूल्याङ्कन गर्ने ,उच्च सुरक्षा जेलबाट कम सुरक्षा जेलमा कैदीहरूलाई स्थानान्तरण गर्न उपयुक्तता सम्बन्धी कैदीहरूको स्थानान्तरणमा सिफारिस गर्ने, कैदीहरूलाई समुदायमा पुनर्स्थापना गर्ने, सार्वजनिक सुरक्षा सुनिश्चित गर्ने र दोषीको पुनःस्थापना सहयोग गर्नका लागि लाइसेन्स शर्त हरू निर्धारण गर्ने ।[५०]

**क्यानडा**

प्यारोल कैदीहरूको लागि एक विकल्प हो । तर जन्मकैदको सजाय भएकोमा यो सुविधा प्राप्त हुँदैन। पहिलो डिग्री हत्याको सजाय भोगिरहेको कसूरदारले यदि एउटा मात्र हत्यामा दोषी ठहरिएको भए कैद सजाय भोगेको २५ वर्षपछि प्यारोलको लागि आवेदन दिन सकिन्छ । एकभन्दा बढी पहिलो वा दोस्रो श्रेणीको हत्याको कसूरदारका हकमा भने न्यायाधीशले योभन्दा बढी अवधिका लागि प्यारोलका लागि अयोग्यता निर्धारण गर्ने स्वविवेकीय अधिकार राख्दछन् ।[५१]

क्यानडाको Corrections and Conditional Release Act (CCRA) ले प्यारोल बोर्डलाई कुनै पनि सशर्त रिहाइ निर्णय लिँदा समाजको संरक्षणको पक्षलाई मूलभूत रूपमा ध्यान दिनुपर्ने, समाजको संरक्षणसँग सङ्गत हुने भएमा मात्र यस्तो निर्णय लिइने र सशर्त रिहाइको उद्देश्यको आनुपातिकता र आवश्यकता जस्ता सीमित अवस्थामा मात्र यसको प्रयोग गर्ने भनी आधारभूत सिद्धान्तहरू र मार्गदर्शनको व्यवस्था गरेको छ ।[५२]

### ४.१३.५ पुनर्स्थापना केन्द्र

**नर्वे (Norway)**

यदि कुनै व्यक्तिले कम गम्भीर किसिमका अपराध गरेको छ र उसमा सुधारको आशा गरिएको छ भने जेलमा नपठाइ पुनर्स्थापना केन्द्रमा पठाइन्छ जहाँ सामुदायिक सेवा, मनोवैज्ञानिक उपचार र व्यावसायिक तालिममा जोड दिइन्छ ।

---

५० https://justice.org.uk/parole-system-england-wales/ हेरिएको मिति २०८१/०९/०३ ।

५१ **Criminal Code of Canada, 1985,** sec 745.

५२ **Corrections and Conditional Release Act 1992**, sec 102.

### स्वीडेन (Sweden)

स्वीडेनमा मानसिक स्वास्थ्यका कारणहरूका आधारमा अपराधीहरूलाई पुनर्स्थापना केन्द्रमा पठाइन्छ। यहाँका केन्द्रहरूमा अपराधीहरूको उपचार र पुनर्स्थापना प्रक्रियामा ध्यान केन्द्रित गरिएको छ ।

### फिनल्यान्ड (Finland)

फिनल्यान्डमा गैर-हिरासत सजाय (non-custodial sentences) अन्तर्गत कसूरदारहरूलाई घरमै निगरानी गर्ने जसमा **Electronic Monitoring** मार्फत विशेष उपकरण जस्तै GPS ट्र्याकर लगाएर उनीहरूको गतिविधि निगरानी गर्ने[५३] साथै आवश्यकता अनुसार सुधार केन्द्रमा पठाउने व्यवस्था लागू गरिएको छ ।

### क्यानडा (Canada)

अपराधीहरूलाई जेलको सट्टा पुनर्स्थापना केन्द्रमा पठाउनका लागि "conditional sentences" (सशर्त सजाय) र सामुदायिक सेवा कार्यक्रमहरूको व्यवस्था गरिएको छ ।[५४] **Diversion Programs for Youth** अन्तर्गत विशेष गरी युवा अपराधीहरूको लागि सुधार केन्द्रमा पठाउने व्यवस्था गरिएको छ, जसले उनीहरूलाई सामाजिकिकरण, शिक्षा र व्यावसायिक तालिम प्रदान गर्दछ ।[५५]

## ४.१३.६ खुल्ला कारागार

### संयुक्त राज्य अमेरिका

उन्नाइसौं शताब्दिमा अमेरिकामा "Open Farms" नामबाट खुला आकाश कारागार प्रचलनमा थिए । यहाँ कैद भुक्तान गर्न लागेका बन्दीलाई कामदारका रूपमा पठाइन्थ्यो । यद्यपि, यी क्याम्पहरू सम्मानजनक नभई दासत्व क्याम्प जस्तै थिए । यही अवधारणाबाट कम सुरक्षा भएको आधुनिक खुला कारागारको विकास भयो । कारागारमा भीडभाड कम गर्न यस प्रणालीलाई महत्वपूर्ण मानिन्छ ।

सन् १९१५ मा अमेरिकाको म्यासाच्युट्स र क्यालिफोर्नियामा धेरै खुल्ला कारागार क्याम्प सञ्चालनमा आएका थिए । जब क्यालिफोर्नियाको विधायिकाले सन् १९३५ मा कारागार सुधारको कानून बनायो, तब खुल्ला कारागारको वास्तविक शुरुआत भएको थियो ।[५६] अमेरिकामा विभिन्न राज्यमा विभिन्न नामका न्यूनतम सुरक्षाका कारागारहरू प्रचलनमा छन् ।

---

५३ https://www.prialteur.pt/application/files/9216/4665/0538/Finland.pdf हेरिएको मिति २०८१/०९/०३ ।

५४ **Criminal Code of Canada, 1985**, section, 742.

५५ **Youth Criminal Justice Act, 2002**, section 4 and section 10.

५६ A History of Convict Labor in California Ward M. McAfee https://online.ucpress.edu/scq/article-abstract/72/1/19/86566/A-History-of-Convict-Labor-in-California?redirectedFrom=fulltext हेरिएको मिति २०८१/०९/०३

**अस्ट्रेलिया**

अस्ट्रेलियामा पहिलो खुल्ला कारागार क्याम्प सन् १९३९ मा भिक्टोरिया राज्यमा स्थापना गरिएको थियो । यस प्रणालीले प्रभावकारी रूपमा काम गरेकाले यसलाई दण्ड प्रणालीको एक महत्त्वपूर्ण अङ्गको रूपमा स्वीकार गरिएको छ ।

**भारत**

सन् १८३६ मा अल इन्डिया जेल कमिटी गठनसँगै जेल प्रशासनको पुनरावलोकन शुरु भएको थियो र यस अवधारणाको विकास भएको हो । पछि, सन् १९५६-१९५७ मा बनेको जेल कमिटीले खुल्ला कारागारको सिफारिस गरेको थियो । उत्तर प्रदेशमा सन् १९४९ मा पहिलो खुल्ला क्याम्प स्थापना गरिएको थियो । सन् १९५४ मा आन्ध्र प्रदेशले Mauli Ali Colony, असममा Open Air Agriculture Cum Industrial Colony Bagbheta स्थापना गर्यो र यसरी अन्य प्रदेशहरूमा पनि खुल्ला कारागार स्थापना गरिएका थिए ।

**अन्य**

निदरलैन्ड, फ्रान्स, नर्वे, स्विडेन, हंगेरी, बेल्जियम, थाइलैन्ड, जिम्बाबे, भेनुजुएला, श्रीलंका आदि मुलुकहरूमा पनि विभिन्न स्वरूप र नामबाट खुल्ला कारागारको अवधारणाले मूर्तरूप पाएको मानिन्छ । अर्जेन्टिनामा कम सजाय हुने वृद्ध र बिरामीलाई घरमा नै थुनाको व्यवस्थासमेत रहेको पाइन्छ ।[५७]

### ४.१३.७ सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान

चिलीमा रात्रिमा मात्र अर्थात् राती १० बजे देखि बिहान ६ बजेसम्म मात्र कारागारमा बस्नुपर्ने वैकल्पिक व्यवस्थासमेत सन् १९९३ देखि अपनाइको पाइन्छ । फ्रान्समा कसूरदारले समाजमा रहेर रोजगार गर्ने र तालिममा सहभागी हुने सुविधा पाउँछन् तर उनीहरू रात्रिकाल वा सप्ताहान्तमा कारागारमा उपस्थित हुनुपर्ने हुन्छ । क्यानडामा नब्बे दिनभन्दा कम कैद सजाय भएकोमा सप्ताहान्तमा (Intermittent) सो सजाय कार्यान्वयन गर्ने गरी प्रोवेशनको आदेश दिन सक्ने व्यवस्था पनि गरिएको छ ।

### ४.१३.८ कैद बापत शारीरिक श्रम

**संयुक्त अधिराज्य**

संयुक्त अधिराज्यको Sentencing Act, 2003 अनुसार, २८ हप्तादेखि ५१ हप्तासम्मको कैद सजाय भएका कसूरदारहरूको सजाय निलम्बन गर्न सकिन्छ, यदि उनीहरूले विशेष शर्त हरू पालन गर्छन् । यी शर्त हरूमा सुपरिवेक्षण अवधि, विभिन्न क्रियाकलापमा सहभागिता, मानसिक स्वास्थ्य उपचार, मादक पदार्थ पुनर्स्थापना केन्द्रमा रहनु र २५ वर्षभन्दा कम उमेरका कसूरदारहरूको लागि केन्द्रमा उपस्थित हुनु जस्ता प्रतिबन्धहरू समावेश छन् । यदि कसूरदारले यी शर्त हरूको उल्लङ्घन गरेमा, अदालतले कैद

५७ **Argentine Criminal Code, 1984**, Article 13 and 14.

सजाय पुनः लागू गर्न सक्छ । सुपरिवेक्षण अवधि ६ महिनाभन्दा कम र २ वर्षभन्दा बढी हुन नहुने व्यवस्था पनि गरिएको छ ।[५८]

## अस्ट्रेलिया

अस्ट्रेलियाको क्यापिटल कानून अनुसार कुनै व्यक्तिलाई दोषी करार गरी कैद सजाय तोकिएकोमा अदालतले त्यस्तो कैद सजाय पूरै वा आंशिक रूपमा निलम्बन गर्ने आदेश दिन सक्छ । अदालतले कैद सजाय निलम्बित गर्ने आदेश गर्दा कैद सजाय निलम्बन भएको अवधि वा सोभन्दा बढीको अवधिसम्मका लागिसमेत कसूरदारले असल चालचलन गर्नुपर्ने गरी आदेश दिनुपर्दछ ।[५९]

---

५८ **Sentencing Act, 2003**, sec 189-214.

५९ **Crime (Sentencing) Act, 2005**, sec. 12.

# परिच्छेद - पाँच

# सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्थाहरू कार्यान्वयनको नेपालको वर्तमान अवस्था

## ५.१ सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्थाहरू कार्यान्वयनको वर्तमान अवस्था

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा कसूरदारलाई प्रोवेशन अधिकृत वा प्यारोल अधिकृतको सुपरिवेक्षणमा रहेर सामुदायिक सेवा गर्न आदेश दिन सक्ने, सार्वजनिक रुपमा काम गर्ने गरी वा पीडितको कुनै काममा सहयोग गर्ने समेतको शर्त निर्धारण गरी कैद सजाय निलम्बन गर्न सकिने, कसूरदारलाई सुधार गृहमा पठाउन सकिने, सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तानी गर्न सकिने, खुला कारागारमा राख्न सकिने तथा प्यारोलमा राख्न सकिने समेतका सजाय कार्यान्वयन सम्बन्धी सुधारात्मक व्यवस्थाहरू गरिएको छ ।

फौजदारी कसूर (सजाय तथा निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मिति २०७५ भदौ १ गतेबाट प्रारम्भ हुनु अघि पनि कारागार ऐन, २०१९ मा संसोधन गरी सामुदायिक सेवा तथा खुल्ला कारागार समेतको व्यवस्था समावेश गरेको पाइन्छ । कारागार ऐन, २०७९ मा पनि विशेष कारागारमा बन्दी व्यवस्थापन, खुल्ला कारागार सम्बन्धी व्यस्था जस्ता दण्डका सुधारात्मक अवधारणा समेटिएको छ । नेपाल राजपत्रमा मिति २०७७।०६।२३ मा प्रकाशन भएको सूचनाबाट फौंजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ को खण्ड (छ) र दफा २४ मिति २०७७।०६।२६ गतेदेखि प्रारम्भ भई कैद सजाय निलम्बन गर्न सकिने व्यवस्था कार्यान्वयनमा आइसकेको छ ।

नेपाल राजपत्रमा मिति २०८०।०६।२५ मा प्रकाशित सूचनामा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ को खण्ड (च), दफा २९ र दफा ४९ मिति २०८०।०७।०१ गतेदेखि प्रारम्भ भएको छ र दफा ४९ बमोजिम प्यारोल अधिकृत नियुक्ति नभएसम्मको लागि सम्बन्धित कारागार प्रशासकलाई सो दफाको प्रयोजनको लागि मिति २०८०।०७।१ गतेदेखि लागू हुने गरी प्यारोल अधिकृत तोकिएमा हुँदा कसूरदारलाई प्यारोलमा राख्न सकिने विषय कार्यान्वयनमा आएको छ।

नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट मिति २०८०।१०।१८ गते प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति, २०८० स्वीकृत भई लागू भएको छ। फौजदारी कसूर सजाय कार्यान्वयनको सम्बन्धमा गरिएको आधुनिक र सुधारात्मक व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्ने लक्ष्य लिएको यो नीतिको उद्देश्य ऐनमा भएको प्रोवेशन तथा प्यारोल सम्बन्धी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्ने रहेको छ ।

प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति, २०८० मा उद्देश्य प्राप्तिका ५ वटा नीतिहरू र १९ वटा कार्यनीतिहरूको व्यवस्था गरिएको छ ।

संघीय प्रोवेशन तथा प्यारोल बोर्डले कैदीबन्दीहरूलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा रहने कसूरदारहरूले पालना गर्नु पर्ने शर्तहरू, २०८० तर्जुमा गरी कार्यान्वयनमा आएको छ । सुधार गृहमा पठाउनको लागि सिफारिस गर्ने मापदण्ड, पुनर्स्थापना केन्द्रमा पठाउनको लागि सिफारिस गर्ने मापदण्ड, प्यारोलमा राख्नको लागि सिफारिस गर्ने मापदण्ड, प्रावेशनमा राख्न आदेश दिनका लागि सिफारिस मापदण्ड, सुधार गृहमा रहने कसूरदारहरूले पालना गर्नु पर्ने शर्तहरू, पुनस्थार्पना केन्द्रमा रहने कसूरदारहरूले पालना गर्नु पर्न शर्तहरू, प्रोवेशनमा रहने कसूरदारले पालना गर्नुपर्न शर्तहरू, प्यारोलमा रहने कसूरदारले पालना गर्नु पर्ने शर्तहरू यसमा उल्लेख गरिएको छ ।

प्यारोल बोर्डको सिफारिस बमोजिम कारागारमा रहेको कसूरदारलाई प्यारोलमा छाड्ने आदेश दिदा जिल्ला अदालतले अपनाउनु पर्ने प्रक्रियात्मक एकरुपताका सम्बन्धमा व्यवस्थित गर्न सर्वोच्च अदालतबाट प्यारोल सम्बन्धी निर्देशिका, २०८१ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त निर्देशिकामा बोर्डको सिफारिस जाँच, दर्ता र इजलासमा पेश गर्ने कार्यविधि, अदालतले प्यारोलमा छाड्ने आदेश जारी गर्नु अघि प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने गरी तोक्न सक्ने शर्तहरूको बारेमा व्यवस्था गरिएको छ ।

अदालतबाट दोषी ठहर भएका कसूरदार तथा बालबिज्याईंकर्तालाई संघीय प्रावेशन तथा प्यारोल बोर्डको सिफारिसमा फौजदारी कसूर (सजाय तथा निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २९ बमोजिम प्यारोलमा छाड्ने कार्य निरन्तर जारी छ । हालसम्म संघीय प्रावेशन तथा प्यारोल बोर्डबाट १२७६ जना कसूरदारहरू र ३ जना बालबिज्याईंकर्ताहरूलाई प्यारोलमा छाड्न सिफारिस गरिसकिएको छ ।

## ५.२ सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कार्यान्वयनमा आउन बाँकी विभिन्न व्यवस्थाहरू

फौजदारी कसूर (सजाय तथा निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ को खण्ड (घ) बमोजिम सामुदायिक सेवा गर्ने आदेश भएकोमा सेवाको किसिम, अवधि, समय र सेवा नगरे बापत हुन सक्ने सजाय, खण्ड (ङ) बमोजिम सुधार गृह वा पुनर्स्थापना केन्द्रमा बसी कैद सजाय भुक्तान गर्ने गरी सजाय निर्धारण गर्दा त्यस्तो गृह वा केन्द्रमा बस्नु पर्ने अवधि, पालना गर्नु पर्ने शर्त र त्यस्तो शर्त उल्लंघन गरे बापत हुन सक्ने सजाय, दफा २२ बमोजिम सामुदायिक सेवा गर्न आदेश दिन सक्ने, दफा २५ बमोजिम सुधार गृहमा पठाउन सक्ने, दफा २६ बमोजिम पुनस्थार्पना केन्द्रमा पठाउन सकिने, दफा २७ बमोजिम सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सक्ने, दफा २८ बमोजिम खुला कारागारमा राख्न सकिने, दफा ३० बमोजिम समाजिकरण गराउनु

पर्ने, दफा ३१ बमोजिम कैद बापत शारीरिक श्रममा लगाउन सकिने व्यवस्थाहरू हालसम्म कार्यान्वयनमा आइसकेका छैनन् ।

# परिच्छेद - छ

## सजाय सुझाव समितिको कार्य क्षेत्र

**The reformative approach recognizes that every person has the capacity for change and growth."**– *Jane Addams*

वर्तमान समयमा सरकारको प्रमुख कानूनी सल्हाकार र मुख्य अभियोजनकर्ताको रुपमा रहेको महान्यायाधिवक्तालाई फौजदारी न्याय प्रशासनको मियोको रुपमा लिने गरिन्छ । महान्यायाधिवक्ताले सरकारका तीनवटै अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई कानूनी सल्लाह, प्रतिनिधित्व र प्रतिरक्षा समेतको सेवा दिनुपर्ने र फौजदारी न्याय प्रशासनको द्वारपाल (Gatekeeper of the Criminal Justice System) को भूमिका समेत निभाउनु पर्ने हुँदा न्याय सम्पादन गर्ने क्रममा न्यायकर्तालाई र कानून बनाउने क्रममा विधायिकालाई सहज होस् भन्ने मनसायले सजाय सुझाव समितिको व्यवस्था गरी सोको काम, कर्तव्य र अधिकार कानूनमै व्यवस्था गर्ने गरिन्छ । महान्यायाधिवक्ताले कसूरको वर्गीकरण गरी कैद सजायका आधारविन्दु निर्धारण गरी दण्ड नीति सम्बन्धी राय विधायिकालाई दिनुपर्ने समेतको कर्तव्य रहन्छ ।

### ६.१. वर्तमान कानूनी व्यवस्था

नेपालमा सजाय निर्धारण सम्बन्धी नीति निर्माण समेतको कार्य गर्नको लागि महान्यायाधिवक्ताको अध्यक्षतामा कानून सचिव, नेपाल प्रहरीको महानिरीक्षक, नेपाल सरकारले तोकेको अपराध अनुसन्धानको क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभवप्राप्त व्यक्ति वा दण्डविद् र कसूरदारलाई पुनर्स्थापना गर्ने काममा कम्तीमा १० वर्षको अनुभव प्राप्त व्यक्ति गरी ५ सदस्यीय सजाय सुझाव समितिको व्यवस्था गरिएको छ । उक्त समितिलाई कसूरको गम्भीरता अनुसार कसूरदारलाई हुने सजायको उपयुक्त हद निर्धारण गर्न मापदण्ड विकसित गर्ने, प्रचलित दण्ड नीतिको सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने तथा सुधारका लागि नेपाल सरकार समक्ष सुझाव दिने, कुनै खास प्रकृतिका कसूरका सम्बन्धमा गर्नुपर्ने सजायका सम्बन्धमा नेपाल सरकारलाई राय, सल्लाह र परामर्श दिने, कसूरदारको विवरण संकलन गर्ने र अद्यावधिक गरी राख्ने, विश्लेषण गर्ने र दण्ड सजायका सम्बन्धमा सुझाव दिने तथा दण्ड सजायका सम्बन्धमा प्रचलित कानूनमा कुनै सुधार गर्नु पर्ने देखेमा नेपाल सरकारलाई सुझाव दिने अधिकार

रहेको छ।[६०] उक्त समितिको काम कर्तव्य र अधिकारलाई कार्य विस्तृतीकरण गरी थप स्पष्ट पार्न र आवश्यकता अनुसार उक्त ऐनमै पनि यथोचित संशोधन गर्नको लागि नेपाल सरकारलाई सुझाव दिनुपर्ने देखिन्छ ।

## ६.२. दण्डका नमूना वा मोडेलहरू

मूलतः मुलुकको सर्वोच्च विधायिका वा संसदले फौजदारी कानूनको उल्लंघन गर्ने कसूरदारलाई ऐनमै फौजदारी कसूर र त्यस्तो कसूर गरे बापत हुने सजाय समेतको व्यवस्था गर्ने विश्वव्यापी मान्यता र प्रचलन छ । सोही क्रममा राष्ट्रिय दण्ड नीति निर्धारण गरी सोही नीतिको आधारमा फौजदारी कसूर गर्ने जुनसुकै कसूरदारलाई विभिन्न प्रकारका सजाय गर्ने व्यवस्था मिलाइएको हुन्छ । त्यसरी सजाय निर्धारण गर्ने विधिलाई दण्डका मोडेल वा नमूनाको रुपमा चित्रित गर्ने गरिएको छ । समग्रमा सजायको नमूना वा मोडेलहरू (Models of Punishment) लाई देहाय बमोजिम तीन प्रकारमा विभाजन गर्ने गरिएको पाइन्छः

१. विधायिकीय नमूना वा मोडेल (Legislative Model)

फौजदारी कसूरको परिभाषा गर्ने र त्यस्तो कसूर गर्ने कसूरदारलाई सजाय तोक्ने अधिकार अर्थात् फौजदारी सारवान कानून निर्माण गर्ने अधिकार सामान्यतः सर्वोच्च विधायिकी अंगलाई नै हुन्छ । फौजदारी कानून उल्लंघन हुने गरी कसूर गरे बापत निश्चित सजाय हुने किटानी व्यवस्था विधायिकी कानून वा ऐनमै गर्ने र कसूरदारलाई सजाय निर्धारण गर्ने सम्बन्धमा न्यायपालिका वा अदालतलाई कुनै स्वविवेकीय अधिकार नहुने पद्धति नै विधायिकी नमूना वा मोडेल हो । यो पद्धति बमोजिम विधायिकाले ऐनमै तोकिदिएको सजाय निर्धारण न्यायकर्ताले गर्नुपर्ने हुँदा यसलाई बाध्यात्मक सजाय निर्धारण पद्धति पनि भनिन्छ ।

२. न्यायपालिकीय नमूना वा मोडेल (Judicial Model)

फौजदारी कानून उल्लंघन हुने गरी कसूर गरे बापत न्यूनतम र अधिकतम वा अधिकतम हदसम्मको सजायको व्यवस्था गर्ने गरी विधायिकी कानून वा ऐनमै गर्ने र न्यायकर्ताले कसूरदारलाई सजाय निर्धारण गर्दा विधायिकाले ऐनमै तोकिदिएको सीमाभित्र रहेर स्वविवेकीय

---

६० **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,** २०७४ को दफा ४६ र ४७ ।

अधिकारको प्रयोग गरी सजाय निर्धारण गर्ने पद्धति नै न्यायपालिकीय नमूना वा मोडेल हो । यो पद्धति बमोजिम न्यायकर्ताले सजाय निर्धारण गर्दा विधायिकाले ऐनमै तोकिदिएको सजायको न्यूनतम र अधिकतम वा अधिकतम हदसम्मको निश्चित सीमाभित्रै रहेर विवेकसम्मत तरिकाले गर्नुपर्ने व्यवस्थालाई अंगिकार गरिएको हुन्छ । न्यायकर्ताले कसूरदारलाई विधायिकाले ऐनमा तोकिदिएको हदभित्रको निश्चित सजाय निर्धारण गर्दा स्पष्टसँग आधार र कारण भने उल्लेख गर्नुपर्ने हुन्छ, जसलाई प्राकृतिक न्यायको सिद्धान्त मध्येको पछिल्लो समयमा विकसित सिद्धान्त reasoned decision पनि भनिन्छ । दण्डको न्यायपालिकीय नमूना बमोजिम सजाय निर्धारण गर्दा तीन वर्ष वा सो भन्दा बढी सजाय हुन सक्ने अर्थात् गम्भीर र जघन्य कसूर गर्ने कसूरदारको हकमा न्यायकर्ताले सजाय निर्धारण गर्दा छुट्टै सुनुवाइ गर्नुपर्ने कानूनी बाध्यतालाई नेपालमा अवलम्बन गरिएको छ ।

३. प्रशासकीय वा कार्यपालिकीय नमूना वा मोडेल (Executive or Administrative Model)

यो मोडेललाई अवलम्बन गर्ने मुलुकमा सर्वोच्च विधायिकी अंगले ऐन निर्माण गर्दा नै फौजदारी कानून उल्लंघन गर्ने अभियुक्तलाई दोषी वा निर्दोष ठहर गर्ने जिम्मेवारी न्यायकार्तालाई हुने र दोषी ठहर भएको अवस्थामा त्यस्तो कसूरदारलाई सजाय निर्धारण गरी उक्त सजायको कार्यान्वयन समेत गर्ने जिम्मेवारी प्रशासकीय अधिकारीलाई हुने व्यवस्था मिलाइएको हुन्छ । फौजदारी कसूर गरेको आरोप लागेको अभियुक्तको मुद्दाको प्रमाणको परीक्षण गरी सुनुवाइ पश्चात न्यायकर्ताले अभियुक्तलाई दोषी वा निर्दोष ठहर गर्ने र दोषी ठहर भएको अवस्थामा विधायिकी ऐनमा तोकिए बमोजिमको सजाय निर्धारण गरी सो को कार्यान्वयन समेत गर्ने पद्धति नै प्रशासकीय वा कार्यपालिकीय नमूना वा मोडेल हो ।

नेपालको वर्तमान कानूनी व्यवस्थालाई हेर्दा माथि उल्लिखित नमूना वा मोडेल मध्ये विधायिकीय तथा न्यायपालिकीय नमूना वा मोडेलको व्यवहारिक रुपमा प्रयोग र प्रचलन गरिएको छ भने प्रशासकीय वा कार्यपालिकीय नमूना वा मोडेलको बारेमा समय समयमा चर्चा चले तापनि व्यवहारमा प्रचलनमा ल्याइएको छैन ।

## ६.३. अन्तर्राष्ट्रिय असल अभ्यास

फौजदारी न्याय प्रणालीको नवीनतम् विधिशास्त्रीय मान्यता Judge-based punishment बाट rule-based punishment मा shift भएको देखिन्छ । सोही मान्यतालाई मूर्तरुप दिने उद्देश्यले आधुनिक समयमा विभिन्न मुलुकमा सजाय निर्धारण गर्ने कार्यलाई मानकीकरण गर्न र न्याय प्रणालीलाई अधिक प्रभावकारी बनाउन विशेष संस्थाहरू स्थापना गर्ने प्रचलन बढ्दै गएको देखिन्छ। त्यसरी स्थापना भएका संस्थाहरूले कसूर र सजायको बीचमा उचित सम्बन्ध स्थापित गर्न, सजायको प्रकृति र मात्रा निर्धारण गर्न तथा न्यायिक प्रक्रियालाई पारदर्शी र अनुमानयोग्य बनाउन विशेष भूमिका निर्वाह गर्दै आएका छन् । छिमेकी भारत लगायतका केही मुलुकहरूले अवलम्बन गरेका असल अभ्यासलाई निम्न बमोजिम प्रस्तुत गरिएको छः

### क. भारत

भारतमा विधायिका तथा न्यायपालिका निर्मित सजाय निर्धारण सम्बन्धी मापदण्ड वा मार्गदर्शन नभए तापनि अदालत सुधारका लागि बनेका Malimath Committee र Madhava Menon Committee ले अदालतबाट कसूरदारलाई निर्धारण हुने सजायमा एकरुपता ल्याउनका लागि सजाय सुझाव समिति स्थापना गर्ने र त्यसरी स्थापना भएको समितिले समय समयमा विभिन्न मार्गदर्शन तयार पार्ने गरी जिम्मेवारी दिनु पर्ने सिफारिस गरेको थियो।[६१]

तथापि भारतीय सर्वोच्च अदालतबाट मृत्युदण्डको सजाय कार्यान्वयन गर्नका लागि विस्तृत मार्गदर्शन निर्माण गरी लागू गरेको देखिन्छ। त्यसैगरी भारतीय सर्वोच्च अदालतबाट Gurmukh Singh v State of Haryana[६२] को मुद्दामा सजाय निर्धारण गर्दा देहाय बमोजिमका मानकलाई आधार लिई भारत सरकारलाई एकीकृत सजाय निर्धारण सम्बन्धी नीति (Uniform Sentencing Policy) निर्माण गरी लागू गर्नको लागि आदेश जारी गरेको पाइन्छः

- Whether the incident had taken place on the spur of the moment;
- The intention/knowledge of the accused while inflicting the blow or injury;
- Whether the death ensued instantaneously or the victim died after several days;
- General health condition of the accused;

६१ https://www.civilsdaily.com/news/capital-punishment/
६२ (2009) 15 SCC 635.

- Whether the injury was caused in a sudden fight;
- The nature and size of weapon used for inflicting the injury and the force with which the blow was inflicted;
- Number of other criminal cases pending against the accused;
- Incident occurred within the family members relations or close;
- Whether the accused had taken the injured/the deceased to the hospital immediately to ensure that he/she gets proper medical treatment?

साथै State of Karnataka v Raju[६३] को मुद्दामा भारतीय सर्वोच्च अदालतबाट सजाय निर्धारण गर्दा अभियुक्तको सामाजिक-आर्थिक हैसियत, धर्म, जात वा सम्प्रदाय अप्रासंगिक हुने (Socio-economic status, religion, caste or creed of the accused are irrelevant consideration in sentencing policy) भनी कानूनी सिद्धान्त प्रतिपादिन गरेको छ ।

## ख. संयुक्त राज्य अमेरिका

संघीय न्याय प्रणालीमा सजाय निर्धारण गर्ने कार्यलाई मानकीकरण गर्ने उद्देश्यले सन् १९८४ मा संयुक्त राज्य अमेरिकामा सजाय निर्धारण आयोग (United States Sentencing Commission - USSC) **को** स्थापना भएको पाइन्छ । उक्त आयोगले संघीय अपराधहरूको लागि सजाय निर्धारण गर्ने मार्गदर्शनहरू निर्माण गरेको पाइन्छ । USSC ले कसूर अनुसारका छुट्टाछुट्टै सजाय निर्धारण मार्गदर्शनहरू निर्माण गरेको छ । ती मार्गदर्शनहरूले न्यायाधीशहरूलाई संघीय अपराधहरूको लागि सजाय निर्धारण गर्न मद्दत गर्छन् । ती मार्गदर्शनहरूले अपराधको प्रकृति, अपराधको गम्भीरता र अपराधीको इतिहास जस्ता कारक तत्वहरूको आधारमा सजाय मात्रा के कति हुने कुराको सिफारिस गर्छन्। ती मार्गदर्शनहरूमा अन्य कुराका अतिरिक्त सजाय निर्धारण सम्बन्धी तालिका (Sentencing Table) समेत समावेश गरिएको हुन्छ, जसले अपराधको स्तर (Offense Level) र अपराधीको आपराधिक इतिहास (Criminal History Category) को आधारमा सजायको अवधि निर्धारण गर्न सहयोग पुर्याउँछ। ती मार्गदर्शनहरूमा प्रत्येक अपराधलाई एक विशिष्ट **अपराधको स्तर** प्रदान गरिन्छ, जुन अपराधको गाम्भीर्यतामा आधारित हुन्छ। उदाहरणका लागि हत्या जस्तो गम्भीर अपराधको स्तर धेरै उच्च हुन्छ भने थोरै परिमाणमा मादक पदार्थ सेवन गरेको सम्बन्धी अपराधको स्तर कम हुन्छ । अपराधको स्तरलाई विभिन्न कारक तत्वहरूले प्रभावित गर्छन् र जस्तैः पीडितको संख्या, आर्थिक क्षति वा हिंसाको प्रयोग आदि।

---

६३ (2007 SCALE 14).

माथि नै उल्लेख गरिसकियो कि USSC ले निर्माण गरेका मार्गदर्शनहरूमा **सजाय तालिका समेत समावेश गरिएको हुन्छ**, जसले अपराधको स्तर र कसूरदारको आपराधिक इतिहासको अवधिलाई आधार लिई सजायको अवधि निर्धारण गर्न न्यायाधीशलाई मद्दत पुर्याउँछ। उक्त सजाय तालिकामा सजायको अवधि महिना वा वर्षमा उल्लेख गरिएको हुन्छ । कसूरदारलाई सजाय निर्धारण गर्दा केही विशेष परिस्थितिमा न्यायाधीशलाई ती मार्गदर्शनमा उल्लिखित सजाय तालिका अनुरुप सजाय निर्धारण नगरे पनि हुने छुटको अनुमति प्राप्त छ, जसलाई Departures वा Variances भनिन्छ । उदाहरणका लागि अपराधीले अपराध स्वीकार गरेको छ वा न्यायिक प्रक्रियामा सहयोग गरेको छ भने न्यायाधीशले निजको हकमा सजाय निर्धारण गर्दा कम सजाय गर्न सक्छन् । त्यसैगरी अपराधीको स्वास्थ्य अवस्था वा पारिवारिक अवस्था जस्ता केही विशेष परिस्थितिमा न्यायाधीशले कसूरदारलाई सजाय निर्धारण गर्दा सजायमा लचिलोपन ल्याउन सक्छन्।

संयुक्त राज्य अमेरिकामा केही विशेष प्रकारका अपराधको लागि **अनिवार्य न्यूनतम सजाय** तोकिएको हुन्छ, जसलाई न्यायाधीशले कम गर्न सक्दैनन्। उदाहरणका लागि मादक पदार्थ सम्बन्धी अपराधमा अनिवार्य न्यूनतम सजाय लागू हुन सक्छ।

USSC ले समय-समयमा सजाय निर्धारण सम्बन्धी मार्गदर्शनहरूमा संशोधन गरी समाजको विवेक अनुकूल बनाउने प्रयत्न गर्छ । USSC ले समाजमा देखा परेका नयाँ प्रकारका अपराधहरू, सामाजिक परिवर्तनहरू र न्यायिक नीतिहरूको आधारमा समेत ती मार्गदर्शनहरूलाई अद्यावधिक गर्ने काम गर्छ। USSC ले वार्षिक रूपमा सजाय निर्धारण सम्बन्धी मार्गदर्शनहरू प्रकाशित गरी न्यायिक प्रक्रियालाई अनुमानयोग्य, पारदर्शी र जवाफदेही बनाउन सघाउ पुर्याएको देखिन्छ।

**ग. संयुक्त अधिराज्य**

संयुक्त अधिराज्यमा सजाय निर्धारण मार्गदर्शनहरू निर्माण गर्नका लागि Sentencing Council for England and Wales स्थापना गरिएको छ । उक्त सजाय निर्धारण परिषद्ले कसूरदारलाई सजाय निर्धारण गर्ने कार्यमा त्यहाँका न्यायाधीश तथा मजिस्ट्रेटलाई सहजिकरण वा मार्गदर्शन दिन विभिन्न मार्गदर्शनहरू निर्माण गरेको पाइन्छ । उक्त Sentencing Council ले घरेलु हिंसा (Domestic Violence), यौनजन्य अपराधहरू (Sexual Offenses), वित्तीय अपराध (Fraud and Money Laundering र लागू औषध सम्बन्धी अपराधहरू (Drug Offenses) मा निर्धारण गरिने सजाय सम्बन्धी छुट्टाछुट्टै मार्गदर्शनहरू निर्माण गरेको पाइन्छ । उक्त परिषद्ले निर्माण गरेका ती मार्गदर्शनहरूको प्रयोग अपराधको गाम्भीर्यता, अपराधीको नियत, पीडितलाई परेको असर र अन्य कानूनी मापदण्डहरूका

आधारमा सजाय निर्धारण गर्ने क्रममा हुन्छ । उक्त Sentencing Council **ले** कारावास सजाय (Custodial Sentences), निलम्बित कारावास (Suspended Sentences), समुदायमा आधारित सजाय (Community Sentences), जरिवाना (Fines) र अन्य प्रतिबन्धात्मक आदेशहरू (Disqualification, Restraining Orders) जस्ता सजायको समेत सिफारिस गरेको पाइन्छ । उक्त Sentencing Council **ले** सजाय घटाउने तथा सजाय बढाउने कारक तत्वहरू समेत निर्धारण गरेको छ ।

## ६.४. सजाय सुझाव समितिको काम, कर्तव्य र अधिकारलाई कार्य विस्तृतीकरण गरी थप प्रभावकारी बनाउने उपायहरू

सजाय सुझाव समितिको काम, कर्तव्य र अधिकारलाई सजाय निर्धारण सम्बन्धी विश्वव्यापी सिद्धान्त एवं मान्यता, विधिशास्त्रीय दृष्टिकोण, अन्य मुलुकको असल अभ्यास र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको आधारमा कार्य विस्तृतीकरण गरी थप प्रभावकारी बनाउने उपायहरू देहाय बमोजिम रहेका छनः

- २०७२ सालमा संविधानसभाबाट नेपालको संविधान जारी भएपछि एकात्मक मुलुकबाट संघीयतामा प्रवेश गरेसँगै संघीयताको मर्म अनुरुप र अन्य मुलुकको असल अभ्यास समेतको आधारमा नेपालको दण्ड नीति र सजाय निर्धारणका मापदण्डहरूलाई पनि दण्ड निर्धारणका विश्वव्यापी मान्यता, दण्डका मोडेलहरू र न्यायका मान्य सिद्धान्त समेतका आधारमा परिमार्जन गर्नुपर्ने देखिन्छ । तदनुकूल विद्यमान फौजदारी कानूनसँग सम्बन्धित केही विषयमा संघीय इकाइ मध्येका प्रदेशहरूलाई समेत दण्ड नीति र सजाय निर्धारणका मापदण्ड सम्बन्धी केही अधिकारहरू प्रदान गर्नुपर्ने भएकोले तदनुरुप प्रचलित फौजदारी कानूनहरूमा संशोधन गर्नुपर्ने देखिन्छ,
- नेपालको संविधानको मर्म र भावना तथा संहिता कानूनले आत्मसात् गरेको कैद र जरिवानाको समानुपातिकताको सिद्धान्त अनुरुप अन्य विषयगत फौजदारी कानूनमा पनि परिमार्जन गरी सोही संशोधित कानूनी व्यवस्था अनुरुप सजाय सुझाव समितिले नेपाल सरकारलाई सजाय निर्धारणका मापदण्डहरूको निर्माण गरी लागू गर्नको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नुपर्ने देखिन्छ,
- आधुनिक विधिशास्त्रीय मान्यता अनुरुप Judge-based punishment system बाट rule-based punishment system मा shift गर्ने गरी सजाय सुझाव समितिले Sentencing Policy को निर्माण गरी लागू गर्नको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नुपर्ने देखिन्छ,
- नेपालले हालसम्म विधायिकीय मोडेल तथा न्यायपालिकीय मोडेललाई आत्मसात गर्नेगरी कानून निर्माण गर्ने गरेको हुँदा सोही विधिशास्त्रीय मान्यता र सिद्धान्त अनुरुप सजाय सुझाव समितिले

सजाय निर्धारणका मापदण्डहरूको निर्माण गरी लागू गर्नको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नुपर्ने देखिन्छ,

- सजायका विभिन्न प्रकारहरू अन्तर्गत अन्तिम विकल्पको रुपमा कैदलाई लिइने हुँदा सोको विकल्पमा तीन वर्षसम्म कैद हुन सक्ने कसूरका हकमा कैद र जरिवाना वा दुवै सजायको सट्टामा जरिवाना मात्र गर्ने र जरिवानाको मात्रा बढाउने त्यसरी जरिवानाको मात्रा बढाउदा प्रति दिन पाँच सय रुपैयाँका दरले एक वर्ष कैद बराबर एक लाख बयासी हजार पाँच सय हुने गरी Sentencing Policy अवलम्बन गर्नको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नुपर्ने देखिन्छ,
- Larger Public Interest लाई खासै असर नगर्ने आर्थिक प्रकृतिका कसूरमा कैद र जरिवाना वा दुवै सजाय हुने कसूर हुने प्रचलित कानूनमा भएका व्यवस्थालाई संशोधन गरी कैदलाई भन्दा जरिवानालाई जोड दिने र त्यस्ता कसूरमा प्रतिदिन पाँच हजारको दरले जरिवाना गर्ने नीति अवलम्बन गर्नको लागि नेपाल सरकार समक्ष सिफारिस गर्नुपर्ने देखिन्छ, (उदाहरणको लागि ताइवानमा कसूरको प्रकृति हेरी प्रतिदिन ३०-९० USD जरिवाना गर्ने नीति अवलम्बन गरिएको पाइन्छ)
- पछिल्लो कालखण्डमा निर्माण भएका संहिता कानून र अन्य प्रचलित कानूनमा आत्मसात् गरिएका दण्ड नीति र सजाय निर्धारण सम्बन्धी मानकका आधारमा मुलुकमा विद्यमान सबै कानूनमा दण्ड सजाय नीतिमा एकरुपता कायम हुने गरी दण्डका समान मापदण्डहरू सिफारिस गर्न र सोही अनुरुप सबै कानूनमा संशोधन गर्नको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सिफारिस गर्नुपर्ने देखिन्छ,
- कर, राजश्व, भन्सार प्रशासनसँग सम्बन्धित कसूर गर्ने कसूरदारलाई कैदमा नराखी बिगो र जरिवाना बमोजिम लाग्ने रकम तिर्न लगाई मिलापत्र गर्न आदेश दिन सक्ने नीति अवलम्बन हुने गरी विद्यमान कानूनहरूमा संशोधन गर्ने र सोही अनुरुपका प्रावधान नयाँ निर्माण हुने कानूनमा राख्नको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सिफारिस गर्नुपर्ने देखिन्छ,
- कसूरको गम्भीरता बढाउने तथा घटाउने अवस्थाहरूको आधारमा सजायको उपयुक्त हद निर्धारण गर्न मापदण्ड बनाई लागू गर्नको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सिफारिस गर्नुपर्ने देखिन्छ,
- बालबालिका, जेष्ठ नागरिक, सात महिना भन्दा बढीकी गर्भवती महिला, होस ठेगानमा नरहेको व्यक्ति र द्वन्द पीडित व्यक्तिका हकमा सजायको उपयुक्त हद निर्धारण गर्न छुट्टै मापदण्ड बनाई लागू गर्न सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सिफारिस गर्नुपर्ने देखिन्छ,
- कानूनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्ने कानूनी व्यवस्थाको दायरा साँघुरो भएकोले दायरा फराकिलो हुने गरी कानून संशोधन गर्नको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सुझाव दिनुपर्ने देखिन्छ,

- प्रचलित कानूनमा रहेको सजायको उद्देश्यलाई समेत विचार गरी सजाय निर्धारणमा जोड दिनको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सुझाव दिनुपर्ने देखिन्छ,
- नेपालको संविधान र प्रचलित कानूनमा रहेका माफी (राष्ट्र प्रमुखबाट अपवादात्मक अपवादको स्थितिमा मात्र कसूरदारलाई न्यायकर्ताले गरेको दण्ड सजायबाट मुक्ति दिने काम), मिनाहा (सम्बन्धित कैदीबन्दीले कारागारमा रहेको वखत असल चालचलन गरेको आधारमा दण्ड सजायमा छुटको लागि दाबी गरी बाँकी दण्ड सजाय छुट दिने काम) र कैद कट्टी (कैदीबन्दीले कैदमा बस्दा असल चालचलन गरेको सिफारिसका आधारमा बाँकी कैद कट्टी गरिदिने काम) का विषयलाई अलग अलग हुने गरी प्रचलित कानूनी व्यवस्थामा यथोचित संशोधन गर्नको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सुझाव दिनुपर्ने देखिन्छ,
- नेपालको संविधान तथा संहिता कानून र कारागार ऐनमा आत्मसात् गरिएका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी प्रावधानहरू जस्तैः कैद सजाय निलम्बन गर्न सकिने, प्यारोलमा राख्न सकिने, कैद कट्टा हुन सक्ने,[६४] सजाय माफी दिन सकिने[६५] मा रहेका नकारात्मक सूचीमा पुनरावलोकन गरी घटाउनको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सुझाव दिनुपर्ने देखिन्छ,
- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी प्रावधान जस्तैः सामुदायिक सेवा गर्न आदेश दिन सक्ने[६६] व्यवस्था अन्तर्गत रहेको "छ महिनासम्म कैद सजाय निर्धारण भएको कसूरदारलाई" भन्ने व्यवस्थाको सट्टामा "एक वर्षसम्म कैद सजाय भएको कसूरदारलाई" भनी संशोधन गर्नको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सुझाव दिनुपर्ने देखिन्छ,
- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी प्रावधान जस्तैः सुधार गृहमा पठाउन सकिने[६७] व्यवस्था अन्तरगत रहेको "दुई वर्ष वा सो भन्दा कम कैदको सजाय भएको कसूरदार" भन्ने व्यवस्थाको सट्टामा "तीन वर्ष वा सो भन्दा कम कैदको सजाय भएको कसूरदार" भनी संशोधन गर्नको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सुझाव दिनुपर्ने देखिन्छ,
- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी प्रावधान जस्तैः सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिने[६८] "एक वर्षसम्म कैद निर्धारण भएको कसूरदारलाई" भन्ने व्यवस्थाको सट्टा "दुई वर्षसम्म कैद निर्धारण भएको कसूरदारलाई" भनी भनी संशोधन गर्नको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सुझाव दिनुपर्ने देखिन्छ,

---

६४ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४** को दफा २४, २९ र ३७ ।

६५ **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४** को दफा १५९ ।

६६ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४** को दफा २२ ।

६७ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४** को दफा २५ ।

६८ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४** को दफा २७ ।

- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी प्रावधान जस्तैः प्यारोलमा राख्न सकिने[६९] व्यवस्था अन्तरगत “दुई तिहाई अवधि” भन्ने व्यवस्थाको सट्टामा “पचपन्न प्रतिशत अवधि” भनी संशोधन गर्नको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सुझाव दिनुपर्ने देखिन्छ,
- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी माथि उल्लिखित कानूनी प्रावधानहरू कार्यान्वयनमा आएपछि कैद कट्टीको विषय[७०] असान्दर्भिक हुने भएकोले कानूनमा रहेको सो प्रावधान खारेज गर्नको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सुझाव दिनुपर्ने देखिन्छ,
- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी प्रचलित कानूनमा रहेका प्रावधानहरूलाई तत्काल कार्यान्वयनमा ल्याउन तत्सम्बन्धी छुट्टाछुट्टै कार्यविधिहरू र शर्तहरू निर्धारण गर्न तथा त्यस्ता शर्तहरू उल्लंघन गर्ने कैदीबन्दीलाई निजले बहन गर्नुपर्ने दायित्व समेत थप हुने गरी प्रचलित कानूनमा संशोधन गर्नका लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सिफारिस गर्नुपर्ने देखिन्छ,
- हामीले मृत्युदण्डको विकल्पको रुपमा कसूरदारलाई जीवित रहेसम्म कैद वा आजीवन कैद ठेक्ने प्रावधान[७१] लाई संहिता कानून निर्माणका क्रममा आत्मसात गरेका हौं, जुन प्रावधन मृत्युदण्डको सजाय भन्दा पनि बढी चर्को मानिने र कैदीबन्दीको जीवनमा सम्पूर्ण आशा हराउने, अन्तराष्ट्रिय मानवीकी कानून र मानव अधिकार विपरीतको, अन्तर्राष्ट्रिय फौजदारी अदालतले समेत कसूरदारलाई बढीमा तीस वर्षसम्म कैद निर्धारण गर्न सक्ने व्यवस्था समेतको विपरीत र कारागार भित्रको शान्ति सुव्यवस्थाको लागि चुनौतीको रुपमा रहेको छ । उक्त कसूरदारलाई “जीवित रहेसम्म कैद हुने” वा आजीवन कैद हुने प्रावधानको सट्टामा “तीस वर्ष कैद हुने” गरी संशोधन गर्नको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सिफारिस गर्नुपर्ने देखिन्छ,
- प्रचलित कानूनमा व्यवस्था भएका सामुदायिक सेवा गर्न, सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न, खुला कारागारमा राख्न सकिने, कैद बापत शारीरिक श्रममा लगाउन सकिने लगायतको कानूनी व्यवस्थाको कार्यान्वयन गर्न निर्णयकर्ताले आवश्यकता अनुसार कुनै कसूरदारलाई कैदमा नराखी विद्युतीय निगरानी यन्त्रको प्रयोग गरी विकास निर्माण सम्बन्धी कार्य, परोपकारी र स्वयंसेवक सम्बन्धी कार्य, अध्यापन समेतको कार्य गर्नुपर्ने समेतको शर्त राखी निश्चित स्थानमा सीमित हुने, सम्बन्धित सामुदायिक प्रहरीको निगरानीमा रहने र राहदानी, नागरिकता, बैंक खाता समेतमा सीमित नियन्त्रण हुने गरी कसूरदारलाई छाड्न सक्ने तथा त्यसरी छुटेको व्यक्तिले तोकिएको ढाँचामा निश्चित अन्तरालमा

---

६९ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४** को दफा २९ ।

७० **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४** को दफा ३७ ।

७१ **मुलुकी अपराध संहिता, २०७४** को दफा ४१ ।

स्वयं प्रतिवेदन बुझाउनु पर्ने र सो को आधारमा थप निर्णय गर्ने कानूनी व्यवस्था गर्नको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सिफारिस गर्नुपर्ने देखिन्छ,

- न्यायकर्ताबाट कसूरदारले कसूर गरेको ठहर भई सजाय निर्धारण समेत भएपश्चात् मानसिक सन्तुलन गुमाएका कैदीबन्दीको हकमा समेत कैद मिनाहा हुने कानूनी व्यवस्था गर्नका लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सुझाव दिनुपर्ने देखिन्छ,
- राष्ट्रिय मानव अधिकार आयोग, बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगले समय-समयमा दिएका सुझाव समेतका आधारमा सशस्त्र द्वन्दको क्रममा घटेका घटनाका सम्बन्धमा अभियोजन भएका कसूरहरूमा कसूरदारलाई हुने सजायको उपयुक्त हद निर्धारण गर्न मापदण्ड विकसित गरी नेपाल सरकार समक्ष सिफारिश गर्ने,
- ती आयोगहरूबाट vetting को लागि सिफारिश भएका कसूरदारको हकमा सजाय निर्धारण गर्दा अपनाउनु पर्ने मापदण्ड विकसित गरी नेपाल सरकार समक्ष सिफारिश गर्ने,
- नेपालको संविधान र अन्य प्रचलित कानूनमा राज्यको उच्च ओहदामा रहने पदाधिकारी उच्च नैतिक चरित्र भएको हुनुपर्ने र निजले नैतिक पतन देखिने फौजदारी कसूर गरेको हुन नहुने परिकल्पना गरिएको सन्दर्भमा नैतिक पतन देखिने फौजदारी कसूर र उच्च नैतिक चरित्रको मानक तयार गरी उपयुक्त कानूनी प्रबन्ध गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने,
- प्रचलित कानूनमा दावीको सौदावाजीलाई सजायको सौदावाजीको रुपमा मात्रै व्यवस्था गरेको सन्दर्भमा अभियोजनमा सौदावाजी (charge bargaining), एकीकृत कसूर मध्ये कुनै कसूरमा अभियोजनको सौदावाजी (count bargaining) र तथ्यको सौदावाजी (fact bargaining) समेतका प्रावधानहरू थप गर्ने गरी प्रचलित कानूनमा संशोधन गर्नका लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सुझाव दिनुपर्ने देखिन्छ,
- चरम मानसिक वा भावनात्मक अशान्ति, लगातार उत्पीडनका कारण अपराध घटेको अवस्था र Battered women syndrome बाट प्रभावित भएको अवस्थामा कुनै कसूरदारले कसूर गरेको अवस्थामा कसूरको गम्भीरता घट्ने गरी प्रचलित कानूनमा संशोधन गर्नका लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सुझाव दिनुपर्ने देखिन्छ,
- कुनै पनि कसूरदारले गलत र दोहोरो पहिचानको आधारमा आफूले गरेको कसूरको सजायबाट उन्मुक्ति लिनसक्ने संभावनालाई निस्तेज पार्न राष्ट्रिय परिचयपत्रलाई कसूरदारको जैविक र अन्य विवरणसँग आवद्ध गरी अभिलेख अध्यावधिक गर्ने कानूनी व्यवस्था गर्नको लागि सजाय सुझाव समितिले नेपाल सरकार समक्ष सुझाव दिनुपर्ने देखिन्छ ।

## परिच्छेद- सात

## समस्याहरू र विश्लेषण

**Punishment should be a stepping stone to a better life, not a dead end."**– Ruth Wilson Gilmore

### ७.१ सुधारात्मक दण्ड प्रणालीको प्रभावकारी रुपमा कार्यान्वयन गर्न देखिएका समस्याहरू

सुधारात्मक दण्ड प्रणालीको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालय मातहतका सरकारी वकील कार्यालयहरू तथा सर्वोच्च अदालत, गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग, नेपाल प्रहरी प्रधान कार्यालय समेतका सरोकारवाला निकायहरूबाट पहिचान गरिएका समस्याहरूलाई अनुसूची-४ मा उल्लेख गरिएको छ । ती समस्याहरूको मजबुनलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

- प्रचलित नेपाल कानूनमा उल्लेख भए बमोजिमका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्था कार्यान्वयन गर्नको लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाहरू तयार नहुँदा कार्यान्वयनमा कठिनाई भएको,
- मृत्युदण्डको विकल्पमा आत्मसात् गरिएको कसूरदार जीवित रहेसम्म कैद सजाय हुने व्यवस्थाका कारण लामो समय कैद भुक्तानको लागि कारागारमा रहेका कैदीहरू वृद्धवृद्धा भई शौचालय जान समेत नसक्ने, अशक्त अवस्था, दीर्घरोगी, जीवनको कुनै आशा र भरोसा नभई थप उत्प्रेरणाको सम्भावना बाँकी नरहेको कारण कारागारमै पुनः अपराध गर्नसक्ने सम्भावनाको अवस्था रहेकोले यसलाई प्रभावकारी कानून बनाई बाँचुञ्जेल कैद हुने व्यवस्थाको पुनरावलोकन गर्नु आवश्यक भएको,
- कसूरदारलाई समाजमा पुनर्स्थापना गर्नमा समस्या रहेको र कैद सजाय भुक्तानीपश्चात् पनि निजलाई समाजमा स्वीकार्यताको अभाव रहेको,
- सुधारको लागि कैदमा रहेका व्यक्तिलाई समाजमा पुनर्स्थापना गर्न जाँदा कठिनाई हुने हुँदा उनीहरूलाई सुधारको अवस्थामा रहँदा जीविकोपार्जन गर्न सीप विकासमा जोड दिएको अवस्था नदेखिएको,
- कैदीबन्दीलाई कैद बापत शारीरिक श्रममा लगाउन सकिने व्यवस्था कार्यान्वयन गर्नको लागि कानूनी कार्यविधि र अभ्यास नरहेकाले सो व्यवस्था कार्यान्वयनमा चुनौती रहेको,

- कैद कट्टा गरिएका तथा प्यारोलमा रहेका कैदी शर्त सहित थुनामुक्त भएपश्चात् पनि अनुगमन तथा निगरानीमा राख्ने प्रभावकारी संयन्त्रको अभाव हुँदा त्यसरी थुनामुक्त भएका कैदीले शर्तको पालना नगरेको वा पुनः अन्य अपराधमा संलग्न भएको पाइएको,
- कतिपय स्थानमा सुधार गृह तथा पुनर्स्थापना केन्द्रहरू नरहेको कारण कम सजाय हुने सामाजिक अपराधमा संलग्न व्यक्तिहरूलाई सुधार गृह तथा पुनर्स्थापना केन्द्रमा पठाउने व्यवस्था कार्यान्वयन गर्नको लागि समस्या भएको,
- कानूनको विवादमा परेका बालबालिकालाई अनुसन्धानकर्ता, अभियोजनकर्ता र बाल अदालतले दिशान्तर गर्ने निर्णय प्रक्रियामा हाल विद्यमान कानूनी दायरा साँघुरो रहेको,
- सजाय निर्धारण ऐनमा भएको व्यवस्था बमोजिम अदालतले आवश्यक ठानेमा सजायपूर्वको प्रतिवेदन पेश गर्न आदेश दिन सक्ने व्यवस्था भएपनि हाल उक्त ऐनमा भएको प्यारोल सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने प्रयोजनको लागि मात्र नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सम्बन्धित जिल्लाको कारागार प्रशासकलाई प्यारोल अधिकृत तोकिएकोमा निज कारागार प्रशासकबाटै सो प्रतिवेदन माग गर्ने गरेकोमा निजले सो प्रतिवेदन पेश गर्न कार्यबोझ एवं विषयविज्ञता समेतका कारण कठिनाई रहेको हुँदा सजायपूर्वको प्रतिवेदनको प्रभावकारितामा प्रश्न गर्ने ठाँउ रहेको,
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १ को उपदफा (२) मा यस ऐनको दफा १७ को खण्ड (घ), (ङ), (च) र (छ), दफा २२, २४,२५, २६, २७, २८, २९, ३०, ३१ र ४९ मा उल्लिखित सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न प्रावधानहरू नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि लागू हुने व्यवस्था भए तापनि दफा २९ मा रहेको प्यारोल सम्बन्धी व्यवस्था बाहेकका अन्य व्यवस्थाहरू हालसम्म पनि कार्यान्वयन भएको अवस्था नरहेको,
- मूलतः संहिता कानून लागू भएपछि सरकारवादी हुने फौजदारी मुद्दाको दायरालाई बढाइएको हुँदा सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधि र पद्धतिहरू कार्यान्वयन गर्ने indicators तयार भइनसकेको र ती विधि र पद्धतिहरूको standardization मा चुनौती रहेको,
- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधि र पद्धतिको सफलता मापन गर्न आवश्यक पर्ने तथ्याङ्क र सो सम्बन्धी अध्ययन अनुसन्धानको अभाव हुन सक्ने देखिएको,
- अज्ञानतावश वा परिबन्धमा परी कसूर गरेका, कसूरबाट कुनै लाभ नलिएका, पहिलो पटक सामान्य कसूर गरेका, कसूर गरेको कुरामा पश्चाताप गरी पुनः कसूर नगर्ने र समाजमा शान्तिपूर्वक बस्न चाहने अभियुक्तहरूलाई सांकेतिक सजाय गरी समाजमा पुनर्स्थापित हुने अवसर प्रदान गर्न नसकिएको र त्यस्तो अवसर प्रदान गर्ने प्रयोजनका लागि माथि उल्लिखित तथ्यहरू यकिन गर्न कठिन हुन सक्ने देखिएको,

- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधिहरू कार्यान्वयन गर्ने अनुसन्धानकर्ताहरू, अभियोजनकर्ताहरू र न्यायनिरुपणकर्ताहरूले नै ती विधिहरूको प्रयोग वा अभ्यास गर्ने सम्बन्धमा कम तत्परता देखाएको,
- धेरैजसो व्यक्तिहरूले सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधि र पद्धतिहरूलाई पीडितको हितमा नभई कसूरदारको हित वा पक्षमा मान्ने र जसको फलस्वरुप ती विधि र पद्धतिहरूलाई अप्रभावी मान्ने सोच राखेको पनि देखिएको र
- फौजदारी न्याय प्रशासनमा संलग्न सबै सरोकारवालाको कसूर पुष्टि गर्नेतर्फ ध्यान केन्द्रित भएको तर कसूरदार सुध्रिने सम्भावना, कसूरदारबाट कसूर पुनः नदोहोरिने प्रतिवद्धता, पीडित, कसूरदार र समाजलाई कसूरबाट पर्ने असर, पीडित र कसूरदारको समाजमा हुन सक्ने पुनर्स्थापनाको सम्भावना, निजहरूको समाजिक, आर्थिक, मानसिक, मनोवैज्ञानिक, ट्रमाटिक असर र त्यसको प्रभावबाट जोगिने उपाय तथा निजहरूलाई चाहिने विभिन्न प्रकारका परामर्श समेतका सम्बन्धमा अध्ययन अनुसन्धान भएको नदेखिएको।

## ७.२ समस्याको कारक तत्वहरूको पहिचान र विश्लेषण

प्रस्तुत अध्ययनमा नेपालमा संहिता कानूनहरू लागू भएपछि आत्मसात गरिएका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कतिपय व्यवस्थाहरूको कार्यान्वयनमा देखिएका समस्याहरूलाई माथि उल्लेख गरिसकिएको छ । ती समस्याहरूको आलोकमा सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी व्यवस्था कार्यान्वयनमा देखिएका समस्याहरूको कारक तत्वहरूको पहिचान गरी देहाय बमोजिम विश्लेषण गरिएको छः

**१. नेपालमा अझै पनि परम्परागत दण्ड प्रणाली सम्बन्धी mind-set कायमै रहेको तथा सुधारात्मक दण्ड प्रणाली सम्बन्धी अवधारणागत बुझाईमा कमि रहेको**

नेपालमा हालसम्म पनि फौजदारी कसूरको अनुसन्धानकर्ता, अभियोजनकर्ता, न्यायकर्ता र सजाय कार्यान्वयन अधिकारी समेतमा परम्परागत दण्ड प्रणाली सम्बन्धी mind-set कायमै रहेको र सो को hang-over का कारण सुधारात्मक दण्ड प्रणालीका नवीनतम् व्यवस्थाहरूको अक्षरसः पालना र कार्यान्वयनमा हिचकिचाहट देखिएको ।

सुधारात्मक दण्ड प्रणालीलाई कसूरको प्रकृति, सजायको उद्देश्य, समाजको सुरक्षा तथा शान्ति र सुव्यवस्था, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव एवं सहिष्णुताको भावना अभिवृद्धि गर्ने, कसूरदारलाई सभ्य र असल नागरिक बनाउने प्रयास, पीडित र पीडकलाई कसूरपूर्वको अवस्थामा रुपान्तरण गर्ने प्रयास, मानव अधिकारको सम्मान तथा कसूरदार र पीडितलाई समाजमा पुनर्स्थापना गर्नुपर्ने राज्यको दायित्व समेतको holistic approach को आधारमा बुझ्नुपर्ने हुन्छ । नेपालमा सुधारात्मक दण्ड प्रणाली सम्बन्धी अध्ययन अनुसन्धानको अपर्याप्तताको

कारण यस सम्बन्धी अध्ययन सामग्री ज्यादै कम मात्रामा फेला पर्ने अवस्था, सर्वोच्च अदालतबाट ज्यादै न्यून मात्रामा यस सम्बन्धी सिद्धान्तहरू प्रतिपादन भएको अवस्था र त्यसरी प्रतिपादित सिद्धान्तमा पनि सुधारात्मक दण्ड प्रणाली सम्बन्धी अन्यौलतालाई स्पष्ट मार्गदर्शन दिने प्रकृतिका कानूनका विहंगम व्याख्या भएका फैसला आउन नसकेका अवस्था तथा महान्यायाधिवक्ताको कार्यालयबाट समेत यस सम्बन्धी अध्ययन सामग्री तथा यथोचित मार्गदर्शन दिने दस्तावेजको अभाव रहेको अवस्था समेतका कारण यस सम्बन्धी अवधारणात्मक बुझाईमा कमि देखिएको छ ।

सुधारात्मक दण्ड प्रणालीको अवधारणा नै व्यापक, जटिल, बहपक्षीय र छुट्टाछुट्टै मत र तर्कमा आधारित प्रकृतिको हुने हुँदा अवधारणात्मक अस्पष्टता हुनु स्वभाविकै हो । सुधारात्मक दण्ड प्रणाली सम्बन्धी अवधारणात्मक अस्पष्टता भएमा यसको मूलभूत उद्देश्य नै पराजित हुने सम्भावना हुन्छ । अन्य सभ्य मुलुकहरूमा जस्तै नेपालमा पनि सुधारात्मक दण्ड प्रणालीका सम्बन्धमा यो लागू गर्ने निकायहरू बीच मतैक्य भएको देखिदैन र कानून कार्यान्वयनकर्ताहरूको बुझाईमा पनि कमि रहेको देखिन्छ ।

**२. नेपालको सन्दर्भमा सुधारात्मक दण्ड प्रणालीका विषय नँया अभ्यासको रुपमा रहेको**

नेपालको कानूनी इतिहास हेर्ने हो भने किराँत, लिच्छवि र मल्लकालिन नेपालमा मृत्यु दण्ड, देश निकाला, सर्वश्व हरण गर्ने, जात पतित गर्ने, चारपाटा मुड्ने, दामल गर्ने जस्ता अमानुषिक दण्ड व्यवस्था अवलम्बन गरिएको देखिन्छ । मानव अधिकारको संरक्षण र सम्बर्धन गर्दै विधिको शासन कायम गर्ने राज्यको नीति अनुरुप मुलुकमा कानून तथा व्यवस्था एवं समुदाय बीचको सुसम्बन्ध तथा शान्ति कायम गरी न्यायपूर्ण, शान्तिपूर्ण र सुरक्षित समाज सिर्जना गरी सर्वसाधारणको हित र सदाचार कायम गर्न जारी भएका मुलुकी अपराध संहिता, २०७४, फौजदारी कसूर तथा सजाय (निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले paradigm shift गरी जन्म कैद, कैद, जरिवाना, क्षतिपूर्ति लगायतका सजाय र उपचारको व्यवस्था गर्दै प्रोवेशन, प्यारोल, खुल्ला कारागार, सामुदायिक सेवा, सुधार गृह, सामाजिकीकरण, पुनर्स्थापना केन्द्र, दिशान्तर जस्ता समुदाय केन्द्रित (community based) अवधारणालाई आत्मसात् गरेको पाइन्छ। दण्डका सुधारात्मक प्रणालीलाई कारागार ऐन २०७९ र कारागार नियमावलीमा पनि आत्मसात् गरिएको पाइए तापनि यो नेपालको लागि नयाँ अभ्यास भएको र सो को परिपालनामा नेपाल सरकार, अदालत र अन्य सबै सरोकारवाला निकायको सामूहिक उत्तरदायित्व र प्रतिवद्धताको अभावका कारण ती नवीनतम व्यवस्थाहरू नेपालको न्याय प्रणालीले अझैसम्म पनि स्वीकार गरिसकेको अवस्था देखिदैन ।

### ३. नेपालमा सुधारात्मक दण्ड प्रणालीका कतिपय व्यवस्थाहरू लागू गर्नका लागि कार्यविधिगत व्यवस्थाहरू, कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरू र त्यस्ता शर्तहरू उल्लंघन गरे बापत कैदीबन्दीले बहन गर्नुपर्ने दायित्व निर्धारणको अभाव रहेको

नेपालमा सुधारात्मक दण्ड प्रणालीका कतिपय व्यवस्थाहरू लागू गर्न कार्यविधिगत व्यवस्थाहरू, कैदीबन्दीले पालना गर्नु पर्ने शर्तहरू र त्यस्ता शर्तहरू उल्लंघन गरे बापत कैदीबन्दीले बहन गर्नुपर्ने दायित्व निर्धारणको अभाव भएकाले ती व्यवस्थाहरू लागू गर्न अदालत तथा नेपाल सरकालाई व्दिविधा भएको देखिन्छ । हाम्रो परम्परागत न्याय प्रणाली प्रतिवादीलाई के कति सजाय दिने भन्ने विषयमा मात्र बढी केन्द्रिकृत रहेको हुनाले सुधारात्मक दण्ड प्रणालीका नवीनतम् व्यवस्थाहरू ओझेलमा पर्ने गरेको देखिन्छ । तसर्थ नेपालमा सुधारात्मक दण्ड प्रणालीको विषयले प्राथमिकता प्राप्त गर्न नसकेको कारणले सुधारात्मक दण्ड प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त Standard Operating Procedure, Implementation Plan, Guide Book र Implementation Manual का साथै कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरू र त्यस्ता शर्तहरू उल्लंघन गरे बापत कैदीबन्दीले बहन गर्नुपर्ने दायित्व निर्धारण सम्बन्धी व्यवस्था निर्माण गरी कार्यान्वयनमा ल्याउन नसकेको कारणले समस्याहरू देखापरेको अवस्था छ ।

### ४. सुधारात्मक दण्ड प्रणाली लागू गर्ने क्रममा पीडितको भूमिका स्पष्ट नरहेको

सुधारात्मक दण्ड प्रणाली सम्बन्धी व्यवस्थाहरूमा पीडित र कसूरदार वा कैदीबन्दीको अधिकार दुबैलाई सन्तुलनमा राख्नुपर्ने हुन्छ । एकातर्फ नेपालको संविधानको धारा २० मा अभियुक्तको अधिकारलाई मौलिक हकको रुपमा राखिएको छ भने अर्कोतर्फ धारा २१ मा अपराध पीडितको हकलाई मौलिक हकको रुपमा राखिएको छ । संविधानका मस्यौदाकारहरूले नै विपरीत धुर्वमा रहेका अभियुक्त र पीडित दुबैको अधिकारलाई मौलिक हकको रुपमा संरक्षण गर्ने संवैधानिक मनसाय राखेको सन्दर्भमा सुधारात्मक दण्ड प्रणाली लागू गर्ने क्रममा पीडितको भूमिका के कस्तो हुने भनी पत्ता लगाउन नै चुनौतिपूर्ण हुन्छ । पीडितको भूमिका पत्ता लागेको खण्डमा पनि सो को प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि कानून कार्यान्वयन अधिकारीहरू विशेष सजग र सचेत हुन जरुरी छ । सुधारात्मक दण्ड प्रणाली लागू गर्ने क्रममा पीडितको भूमिका विद्यमान प्रचलित कानूनमा स्पष्ट नरहेको हुँदा पीडितको भूमिकालाई प्रचलित कानूनमै थप स्पष्ट पार्नुपर्ने देखिन्छ । अपराध पीडित संरक्षण ऐन, सजाय निर्धारण ऐन, कारागार ऐन लगायतका प्रचलित कानूनमा पीडितको भूमिका सम्बन्धी स्पष्ट व्यवस्था भएको देखिदैन । Excessive reformative approach को प्रयोगले पीडितको अधिकारलाई नै जोखिममा पारी नेपालको संविधानको धारा २१ लाई प्रयोग विहिन बनाउन सक्ने प्रबल सम्भावना देखिदा अभियुक्त र पीडितका मौलिक अधिकारको पूर्ण प्रत्याभूति हुने गरी प्रयोग र पालना गर्ने तर्फ कानून कार्यान्वयन अधिकारीहरू सतर्क हुनुपर्ने देखिन्छ ।

**५. सुधारात्मक दण्ड प्रणाली लागू गर्ने क्रममा पीडितको धारणा लिने अभ्यासमा कमि रहेको**

फौजदारी कसूरमा प्रतिवादीलाई अदालतबाट कसूरदार ठहर भएपछि सजाय निर्धारण र सो को कार्यान्वय गर्ने क्रममा तथा सुधारात्मक दण्ड प्रणाली बमोजिमका कुनै सुविधा पाउने निर्णय गर्ने सम्बन्धमा पीडितको धारणा लिनु पर्ने तथा पीडितले चाहेमा पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्ने व्यवस्था अपराध पीडित संरक्षण ऐन समेतमा रहेको छ । पुनर्स्थापकीय न्याय प्रणालीमा पीडितलाई परिपूरण र क्षतिपूर्ति दिइने, निजको पुनर्स्थापना गरिने विषयसँगै पीडितको आवश्यकताको पहिचान गरी निजको सन्तुष्टिलाई विचार गर्ने गरिन्छ । दण्डहिनताको अन्त्य गरी कसूरदारलाई कसूर गरे बापत पश्चातापको बोध गराई सजाय दिलाउने र समाजमा पुनर्स्थापना गर्ने एवं पीडितलाई क्षतिपूर्ति सहितको न्याय दिलाई समाजमा पुनर्स्थापना समेत गर्नुपर्ने हालको संवैधानिक र कानूनी दायित्व निर्धारण भए अनुरुप राज्यका विभिन्न सार्वजनिक अधिकारीले कार्य गर्नुपर्ने हुँदा जुनसुकै फौजदारी कसूरको अनुसन्धान, अभियोजन र न्याय निरुपण एवं सो को कार्यान्वयनको क्रममा समेत पीडितको धारणा बुझ्ने र निजको धारणा समेतलाई विचार गरी ती प्रक्रियाहरू अगाडि बढाउनु पर्ने अभ्यासमा कमि देखिएको छ ।

**६. सुधारात्मक दण्ड प्रणालीलाई समग्र न्याय प्रणालीको सुधारको सन्दर्भमा संस्थागत प्राथमिकतामा राख्न नसकिएको**

नेपाल सरकार विशेष गरी गृह मन्त्रालयको प्रयास तथा न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना, महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना र नेपाल कानून व्यवसायी परिषद्को पञ्चवर्षीय रणनीतिक योजना समेतको अध्ययनबाट समग्र न्याय प्रणालीमा सुधार गरी सो को overall quality मा सुधार ल्याउने र सुधारात्मक दण्ड प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दिशा तर्फ अग्रसर हुनु पर्नेमा यो विषयलाई प्राथमिकतामा राखी अगाडि बढेको पाइदैन । तथापि सर्वोच्च अदालतबाट १९ वटा छुट्टाछुट्टै विषयहरूमा सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शनहरू, २०७५ जारी भएको र ती मार्गदर्शनहरूमा न्यायकर्ताले सजाय निर्धारण गर्दा मूलतः कसूरमा हुने सजायकोआधारमा कसूरको वर्ग विभाजन गर्ने, कैद सजायको आधारविन्दु यकिन गर्ने, सजायको उद्देश्यलाई विचार गर्ने, समग्रतामा सजाय निर्धारण गर्ने, कसूरदारलाई हुने कैद यकिन गर्ने, जरिवाना यकिन गर्ने, थप सजाय हुने भए सो निर्धारण गर्ने, सजायमा कमि वा छुटको अवस्था भए सो अनुसार छुट दिने, कसूरसँग सम्बन्धित साधन वा सम्पत्ति जफत हुने भए सो जफत गर्ने, पीडितलाई भराउने बिगो र क्षतिपूर्ति यकिन गर्ने, दण्डका सुधारात्मक प्रणाली अवलम्बन गर्नुपर्ने अवस्था भए सो को आदेश गर्ने, नैतिक पतन हुने नहुने कसूरको घोषणा गर्ने एवं आधार र कारण सहितको फैसला तयार गर्ने समेतका विषयमा विशेष ध्यान दिनुपर्ने देखिन्छ भने महान्यायाधिवक्ताको कार्यालयबाट सजाय निर्धारण प्रक्रियामा सरकारी वकीलको जिम्मेवारी सम्बन्धी मार्गदर्शन, २०७६ जारी गरेको देखिन्छ । तर तोकिए बमोजिमको भूमिका र जिम्मेवारी न्यायकर्ता एवं सरकारी वकीलबाट निर्वाह गरेको कुरामा

न्यायपालिका र महान्यायाधिवक्ताको कार्यालय सन्तुष्ट हुन सक्ने अवस्था देखिदैन । तसर्थ सुधारात्मक दण्ड प्रणालीको प्रभावकारी कार्यान्वयनको लागि माथि उल्लिखित मार्गदर्शनहरूको अक्षरसः अनुसरण गर्दै छुट्टै नीतिगत र कानूनी व्यवस्थाका साथै विशिष्टीकरण तालिमको व्यवस्था र मातहत निकायलाई छुट्टै निर्देशन र परिपत्रको व्यवस्था समेत गरी हालको प्रचलनमा सुधार गर्नको लागि माथि उल्लिखित तीन वटै निकायबाट यसलाई संस्थागत प्राथमिकतामा राखी विशेष पहल गर्नुपर्नेमा हालसम्म सो गरेको देखिदैन । अतः नेपाल सरकार र माथि उल्लिखित तीन वटै निकायबाट सुधारात्मक दण्ड प्रणालीलाई समग्र न्याय प्रणालीको सुधारको सन्दर्भमा संस्थागत उच्च प्राथमिकतामा राखिएको देखिदैन ।

**७. सुधारात्मक दण्ड प्रणाली सम्बन्धी प्रायः व्यवस्थाहरूमा नकारात्मक सूची धैरै भएको कारण कार्यान्यनमा कठिनाई भएको**

नेपालमा आत्मसात गरिएका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कैद सजाय निलम्बन गर्न सकिने, प्यारोलमा राख्न सकिने, कैद कट्टा हुन सक्ने लगायतका कतिपय व्यवस्थाहरूमा नकारात्मक सूची धेरै भएको कारण ती व्यवस्थाहरू कार्यान्वयन गर्नमा कठिनाई भएको देखिन्छ। फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा कैद सजाय निलम्बन (दफा २४) मा १७ वटा नकारात्मक सूची, प्यारोलमा (दफा २९) मा १० वटा नकारात्मक सूची र कैद कट्टा गर्न सकिने (दफा ३७) मा ११ वटा नकारात्मक सूचीको व्यवस्था गरिएको अवस्था छ । सुधारात्मक दण्ड प्रणाली सम्बन्धी प्रायःजसो व्यवस्थाहरूमा नकारात्मक सूची धैरै भएको कारण ती व्यवस्थाहरू कार्यान्वयन गर्नमा कठिनाई भएको देखिन्छ। त्यसरी व्यवस्था भएका नकारात्मक सूचीहरूमा केही low risk crime परेको सन्दर्भमा ती सूचीहरूमा रहेका कसूरलाई संशोधन गरी घटाउनु पर्ने अवस्था देखिन्छ ।

**८. सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कतिपय व्यवस्था लागू गर्न नसक्दा कैदीबन्दीको मानव अधिकार र मौलिक हक उल्लंघनको जोखिम रहेको**

सुधारात्मक दण्ड प्रणालीका सम्बन्धमा Cesare Beccaria व्दारा गरिएको टिप्पणी निकै महत्वपूर्ण छ, जसले यस क्षेत्रमा सुधार र मानवतालाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिएको पाइन्छ। उनले फौजदारी कानून मानवतावादी हुनुपर्ने तथा अपराध र सजायको अनुपात मिलाउनु पर्ने गरी सजाय निर्धारित हुनुपर्ने कुरामा जोड दिएका छन् । त्यसका साथै उनले सजाय सबैका लागि समान हुनुपर्ने, कुनै निश्चित अपराध हुँदा सजाय पनि निश्चित नै हुनुपर्ने र सजाय सार्वजनिक हुनुपर्ने कुरामा जोड दिएका छन् । विशेष गरी सानातिना अपराध र कम जोखिमका अपराध (petty crimes and low risk offence), जसले समाज र राज्यको सुरक्षा वा विवेकलाई धेरै चुनौती दिंदैनन्, त्यस्ता अपराधका कैदीबन्दीहरूको हकमा सुधारात्मक दण्ड व्यवस्था लागू नगरेमा निजहरूको मानव अधिकार र मौलिक हक उल्लंघन हुने जोखिम रहन्छ । त्यसैले कसूरदारलाई गरिने सजाय मध्ये कैद सजायलाई अन्तिम विकल्पको रुपमा लिई सुधारात्मक

दण्ड प्रणाली सम्बन्धी अन्य विकल्पलाई सामान्य अवस्थामा प्रयोग गर्ने गरिन्छ । दण्ड सजाय निर्धारण गर्दा अन्तिम विकल्पको रुपमा निर्धारण गरिने कैद सजायले कसूरदारको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार समेत हनन् हुने जोखिम हुने हुँदा सो कुरालाई समेत विचार गरी दण्डाधिकारीव्दारा सजाय निर्धारण गर्नुपर्ने हुन्छ र सजाय निर्धारण भई सो को कार्यान्वयनका क्रममा पनि कैदीबन्दीको मानव अधिकार र मौलिक हक उल्लंघनको जोखिम तर्फ विशेष सजगता अपनाउनु पर्छ ।

**९. सुधारात्मक दण्ड प्रणाली अनुरुप न्यायकर्ताले सजाय निर्धारण गर्दा हालसम्म पनि विज्ञसँग परामर्श गर्ने पद्धतिको विकास गर्न नसकिएको**

आजको न्यायपालिकाले सुधारात्मक दण्ड प्रणालीलाई समग्र न्याय प्रणालीको सुधारको उच्च प्राथमिकतामा राखी कसूरदारलाई सजाय निर्धारण गर्नुपर्ने देखिन्छ । सुधारात्मक दण्ड प्रणाली अनुरुप न्यायकर्ताले सजाय निर्धारण गर्दा न्यायको उद्देश्य पराजित नहुने गरी एवं पीडित र कसूरदारको मौलिक हक समेत उल्लंघन नहुने गरी सभ्य राष्ट्रहरूले अवलम्बन गरेको असल अभ्यास तथा अन्तर्राष्ट्रिय मान्यतालाई समेत आत्मसात गर्नुपर्ने हुँदा कसूरदारलाई सजाय निर्धारण गर्नुपूर्व अपराधशास्त्री, दण्डविद, पीडितशास्त्री, समाजशास्त्री, मानवशास्त्री, मनोवैज्ञानिक लगायतका विज्ञहरूसँग परामर्श गर्ने पद्धतिको विकास गर्नुपर्ने हुन्छ । सो अनुरुप नेपालमा हालसम्म पनि सम्बन्धित विषय विज्ञहरूसँग परामर्श गर्ने पद्धतिको विकास गर्न सकिएको छैन। सुधारात्मक दण्ड प्रणालीलाई आत्मसात गर्नेगरी सजाय निर्धारण गर्ने विषय पनि नौलो, प्राविधिक, जटिल, अस्पष्ट र व्दिविधापूर्ण हुन सक्ने भएकोले विषयविज्ञताको आधारमा विभिन्न क्षेत्रका विषयविज्ञहरूसँग छलफल र परामर्श समेत गरी सजाय निर्धारण हुन सकेमा त्यो अझ बढी वस्तुपरक, यथार्थ, वैज्ञानिक, विश्वसनीय र विवेकपरक हुन सक्छ । न्यायकर्ताले सार्वजनिक हित, पीडितको हित र अभियुक्तको हित समेत प्रति अत्यन्त संवेदनशील भई सम्बन्धित विषय विज्ञहरूको परामर्श समेतको आधारमा उपयुक्त सुधारात्मक दण्ड प्रणाली apply हुने गरी सजाय निर्धारण गर्नुपर्नेमा सो हुन सकेको देखिदैन ।

**१०. सुधारात्मक दण्ड प्रणाली अनुरुप सजाय निर्धारण गर्दा विचार पुर्याउनु पर्ने कुराहरूका सम्बन्धमा अभियोजनकर्ता, प्रतिपक्षी कानून व्यवसायी र न्यायकर्तामा विशेषज्ञताको अभाव देखिएको**

अन्य मुलुकमा प्रचलनमा रहेका असल अभ्यास, न्यायका मान्य सिद्धान्त, अन्तर्राष्ट्रिय मान्यता र समाजको आवश्यकता तथा वदलिदो स्वरुप अनुरुप समेतलाई हृदयंगम गरी वर्तमान समयमा प्रचलनमा रहेका सुधारात्मक दण्ड प्रणाली अनुरुप न्यायकर्ताले सजाय निर्धारण गर्दा विचार पुर्याउनु पर्ने कुराहरूका सम्बन्धमा अभियोजनकर्ता, प्रतिपक्षी कानून व्यवसायी र न्यायकर्ता जानकार हुनैपर्ने आजको बाध्यता हो । तर नेपालमा हालसम्म पनि सुधारात्मक दण्ड प्रणाली अनुरुप सजाय निर्धारण गर्दा विचार पुर्याउनु पर्ने कुराहरूका सम्बन्धमा अभियोजनकर्ता, प्रतिपक्षी कानून व्यवसायी र न्यायकर्तामा विशेषज्ञताको अभाव देखिन्छ ।

**११. सुधारात्मक दण्ड प्रणाली कार्यान्वयनका लागि ICT सँग tie-up नभएको**

नेपालको सुधारात्मक दण्ड प्रणालीमा आधुनिक ICT (सूचना र सञ्चार प्रविधि) को समुचित प्रयोग नभएकोले कारागारमा रहेका कैदीबन्दीहरूलाई सुधारात्मक दण्ड प्रणाली सम्बन्धी नवीनतम् सुविधा प्रदान गर्न नसकिएको र विभिन्न समस्याहरूको सामना गर्नु परेको देखिन्छ। सुधारात्मक दण्ड प्रणालीमा डेटा सङ्कलन र विश्लेषणको सुविधा नभएकोले ICT सँग tie-up गर्न सकिएको छैन । ICT सँग tie-up नगरिएको कारणले कैदीबन्दीहरूलाई अनुगमन मार्फत राष्ट्रिय प्राथमिकताको क्षेत्रमा प्रयोग गर्न सकिएको छैन । कैदीबन्दीहरूलाई अनुगमन गर्न सकिने र सुविधा प्रदान गर्न सहज हुने GPS Tracking, E-surveillance, biometric, Ankle Bracelets, Home based Radio frequency, biometric security system, Automobile ignition interlock device को प्रयोग लगभग शून्य प्रायः छ । प्रत्येक कैदीको biometric, check-in check-out, मुद्दाको पेशी, सजायको अवधि, व्यक्तिगत योग्यता तथा सीप, स्वास्थ्य अवस्था, कारागार स्थानान्तरण लगायतका विवरणहरू खुल्ने गरी कैदी व्यवस्थापन सूचना प्रणाली (Prisoner Information Management System (PIMS) ) को विकास गर्न सकिएको छैन ।

**१२. सुधारात्मक दण्ड प्रणाली सम्बन्धी असल अभ्यासको पहिचान गरी सार्वजनिक गर्न नसकिएको**

सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधि र पद्धतिहरूका बारेमा भएका असल अभ्यासको पहिचान गरी त्यस्ता असल अभ्यासलाई सम्बन्धित निकाय तथा अदालतबाट अनुशरण गर्दै सो को व्यवहारिक प्रयोग गर्न उत्प्रेरित गर्नु सकिएको छैन । सुधारात्मक दण्ड प्रणाली सम्बन्धी आधुनिक विधि र पद्धतिहरूको innovative र creative प्रयोग गर्ने न्यायाधीश एवं अधिकारीलाई पहिचान गरी सम्मान गर्ने परिपाटी बसाल्न सकिएको छैन ।

**१३. सजाय सुझाव समितिको काम, कर्तव्य र अधिकारलाई कार्य विस्तृतिकरण गरी थप प्रभावकारी बनाउन नसकिएको**

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा महान्यायाधिवक्ताको अध्यक्षतामा सजाय सुझाव समिति रहने तथा सो समितिको काम, कर्तव्य र अधिकार समेतको व्यवस्था भए बमोजिम सो समितिको समय समयमा बैठक बसी विभिन्न निर्णय हुँदै आए तापनि हालसम्म पनि सो समितिको काम, कर्तव्य र अधिकारलाई कार्य विस्तृतीकरण गरी थप प्रभावकरी बनाउन सकिएको छैन । प्रस्तुत अध्ययनको परिच्छेद - छ मा सजाय सुझाव समितिको कार्य क्षेत्रका सम्बन्धमा विकसित नवीनतम् मान्यता, सिद्धान्त, विधिशास्त्रीय दृष्टिकोण र अन्तर्राष्ट्रिय असल अभ्यास समेतको विश्लेषण गरिएको छ, सो समेतलाई विचार गरी नेपालको हकमा माटो सुहाउँदो प्रावधानहरू कानून संशोधन गरी थप गर्न सकिएको छैन।

### ७.१.२ समस्या सम्बोधनका लागि चाल्नु पर्ने कदम

माथि उल्लिखित सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी व्यवस्था कार्यान्वयनमा देखिएका समस्याहरू तथा ती समस्याहरूको कारक तत्वहरूको विवेचना र विश्लेषण गर्दा ती समस्याहरू सम्बोधनको लागि चाल्नुपर्ने कदमहरू देहाय बमोजिम रहेका छनः

१. **नेपालमा हालसम्म पनि कायम परम्परागत दण्ड प्रणाली सम्बन्धी mind-set लाई बदल्नु पर्ने तथा सुधारात्मक दण्ड प्रणाली सम्बन्धी अवधारणागत बुझाईमा स्पष्टता र एकरुपता ल्याउनु पर्ने**

नेपालको प्रायःजसो ऐतिहासिक कालखण्डमा कारागार केन्द्रित दण्ड नीति (prison based penal policy) लाई मात्र अबलम्बन गरिएको देखिन्छ । सुधारात्मक दण्ड प्रणाली सम्बन्धी व्यवस्थाहरूलाई कारागारको सुधारको मात्र एजेण्डामा सीमित गरी एकांकी दृष्टिकोण ( tunnel vision syndrome) बाट हेर्ने अभ्यास रहेको देखिन्छ । सोही अभ्यासका कारण नेपालमा एकातर्फ कानून कार्यान्वयन गर्ने अधिकारीहरूमा हालसम्म पनि कायमै रहेको परम्परागत दण्ड प्रणाली सम्बन्धी mind-set लाई बदल्नु पर्ने देखिन्छ भने अर्कोतर्फ सो को hang-over लाई निर्मुल पारी सुधारात्मक दण्ड प्रणालीका नवीनतम् व्यवस्थाहरूको अक्षरसः पालना र कार्यान्वयन गर्न निजहरूलाई अभिप्रेरित गर्नुपर्ने देखिन्छ ।

कसूरदारले गरेको कसूरको प्रकृति र निजलाई निर्धारण गरिएको दण्ड सजाय अनुसार सजाय स्थगन गर्ने, प्रोवेशन तथा प्यारोलमा राख्ने, शर्त तोकी कैद सजाय निलम्बन गर्ने, कैद कट्टा गर्ने, खुल्ला कारागारमा रही कैद भुक्तान गर्ने, सुधारगृह वा पुनर्स्थापना केन्द्रमा कैद सजाय भुक्तान गर्ने, दिशान्तर गर्ने, सामुदायिक सेवा गर्ने, सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने, सामाजिकीकरण गराउने, कैद बापत शारीरिक श्रममा लगाउने, सुधारात्मक कार्यक्रम सञ्चालन गर्ने जस्ता सुधारात्मक दण्ड प्रणाली सम्बन्धी फरक-फरक व्यवस्थाका अवधारणाहरू लागू हुने हुँदा कानून कार्यान्वयन अधिकारीहरू (अनुसन्धानकर्ता, अभियोजनकर्ता, न्यायकर्ता र फैसला कार्यान्वयनकर्ता समेत) को अवधारणागत बुझाईमा स्पष्टता र एकरुपता ल्याई ती व्यवस्थाहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रत्येक सुधारात्मक दण्ड प्रणाली सम्बन्धी व्यवस्थाहरूको नीतिगत स्पष्टताका लागि छुट्टाछुट्टै white paper जारी गर्नु पर्ने देखिन्छ ।

२. **नेपालको सन्दर्भमा सुधारात्मक दण्ड प्रणालीका विषय नँया अभ्यासको रुपमा रहेकोले सो सम्बन्धी नीतिगत स्पष्टताको आवश्यकता रहेको**

सुधारात्मक दण्ड प्रणाली सम्बन्धी व्यवस्थाहरू नेपालको लागि नयाँ विषय भएकाले यसको अभ्यासमा अन्यौलता र व्दिविधा रहेको देखिन्छ । यस विषयमा कतिपय अवस्थामा कानूनमा समेत स्पष्ट प्रावधान नरहेको हुँदा व्दिविधा हुनु स्वभाविकै हो । सजाय (निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २४ मा कैद सजाय निलम्बन गर्न सकिने व्यवस्था गरिए तापनि कैद सजाय

निलम्बनले नै प्रोवेशन जनाउने विधायिकी मनसाय हो वा प्रोवेशन सम्बन्धी अवधारणा नै फरक हो भन्ने सैद्धान्तिक प्रश्नमा ऐन अड्केको देखिएकाले यस विषयमा समेत ऐनमा नै स्पष्टता हुनुपर्ने देखिन्छ । साथै सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कानूनी व्यवस्थाहरूलाई आत्मसात गरी परिष्कृत रुपमा अभ्यासमा ढाली trial and error approach मा समेत जान सकिन्छ ।

दण्डका सुधारात्मक प्रणाली सम्बन्धी प्रायःजसो व्यवस्थाहरू नेपालको लागि नयाँ अभ्यास भएको र सो को परिपालनामा नेपाल सरकार, अदालत र अन्य सबै सरोकारवाला निकायहरूबाट सामूहिक उत्तरदायित्व र प्रतिवद्धता जाहेर गर्नुपर्ने देखिन्छ । नेपाल सरकार, अदालत, कारागार प्रशासन समेतको सामूहिक कटिबद्धता हुन सकेमा सुधारात्मक दण्ड प्रणालीका नवीनतम व्यवस्थाहरू नेपालको न्याय प्रणालीले सहजै स्वीकार गरी व्यवहारिक अभ्यासमा रुपान्तरण गर्न सक्ने अवस्था देखिन्छ ।

**३. नेपालमा सुधारात्मक दण्ड प्रणालीका कतिपय व्यवस्थाहरू लागू गर्नका लागि कार्यविधिगत व्यवस्थाहरू, कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरू र त्यस्ता शर्तहरू उल्लंघन गरे बापत कैदीबन्दीले बहन गर्नुपर्ने दायित्व निर्धारण गरी लागू गर्नुपर्ने**

नेपालमा सुधारात्मक दण्ड प्रणालीका कतिपय व्यवस्थाहरू लागू गर्नका लागि कार्यविधिगत व्यवस्थाहरू, कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरू र त्यस्ता शर्तहरू उल्लंघन गरे बापत कैदीबन्दीले बहन गर्नुपर्ने दायित्वको अभाव भएकाले ती व्यवस्थाहरू लागू गर्न कार्यविधिगत व्यवस्था र कैदीबन्दीले पालना गर्नु पर्ने शर्तहरू निर्धारण गरी लागू गर्नुपर्ने देखिन्छ । कतिपय देशहरूमा त सुधारात्मक दण्ड प्रणालीका कतिपय व्यवस्थालाई छुट्टै कानून बनाई लागू गरिएको समेत पाइन्छ, जसको उदाहरणको रुपमा भारतमा सुधारात्मक दण्ड प्रणालीको प्रोवेशन सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि Lex Specilais Probation of Offender Act, १९५८ निर्माण गरी लागू गरिएको छ भने जापानमा Offender Rehabilitation Act, २००७ निर्माण गरी लागू गरिएको छ । नेपालमा सुधारात्मक दण्ड प्रणालीका कतिपय व्यवस्थाहरू मध्ये प्यारोल, कैद कट्टा, सुधार केन्द्र, पुनर्स्थापना केन्द्र, दिशान्तरण समेतका व्यवस्थाहरू कार्यान्वयनमा रहेका छन् भने बाँकी व्यवस्थाहरू कार्यान्वयनका लागि Standard Operating Procedure, Implementation Plan, Guide Book र Implementation Manual का साथै कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरू र त्यस्ता शर्तहरू उल्लंघन गरे बापत कैदीबन्दीले बहन गर्नुपर्ने दायित्व निर्धारण सम्बन्धी कानूनी व्यवस्था निर्माण गरी लागू गर्नुपर्ने देखिन्छ ।

**४. सुधारात्मक दण्ड प्रणाली लागू गर्ने क्रममा ऐनमै पीडितको भूमिका स्पष्ट राख्नु पर्ने**

मूलभूत रुपमा सुधारात्मक दण्ड प्रणाली सम्बन्धी व्यवस्थाहरूको प्रभावकारिता ability to secure justice to the victims of the crime र protection of rights of the inmates गरी दुई तरिकाले विश्लेषण गर्न सकिन्छ । पीडितको क्षतिपूर्ति सहितको न्याय पाउनु पर्ने अधिकार र कैदीबन्दीको

पुनर्स्थापना एवं मानव अधिकार उपभोगको अधिकारलाई सन्तुलित (balanced) र सामंजस्यपूर्ण (harmonized) बनाउनु पर्ने देखिन्छ ।

कानूनमा नै सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कतिपय व्यवस्थाहरू राखे पश्चात् Hofield को co-relativity सिद्धान्त अनुसार कैदीबन्दीको अधिकार सिर्जना हुन्छ र राज्यको कार्यान्वयन गर्ने दायित्व (state obligation) थपिन्छ । राज्यसँग money, muscle र purse हुने हुँदा पीडितलाई उपेक्षा गरी कार्यान्वयन गर्ने प्रवृत्ति रहन सक्छ । सो कुरालाई neutralize गर्न संविधानको धारा २१ मा पीडितको अधिकार राखिएको सन्दर्भमा सुधारात्मक दण्ड प्रणालीका कतिपय व्यवस्थाहरू भित्र पीडितलाई समेत ठाउँ दिनु पर्ने देखिन्छ । Scandivian देशहरूको अभ्यास र प्रयोग हेर्ने हो भने प्रोवेशन र प्यारोललाई प्रयोग गर्दा पीडित प्रभाव प्रतिवेदन, प्यारोल र प्रोवेशनको सुनुवाइमा पीडितको प्रतिनिधित्व र पीडितलाई हुने जोखिम मूल्याङ्कन (risk assessment to victim) लाई समेत हेर्ने गरिन्छ ।

सुधारात्मक दण्ड व्यवस्थाको प्रयोग अनियन्त्रित, अपरिमित र स्वेच्छाचारी ढंगबाट गर्नु नहुने विश्वव्यापी मान्यता अनुरुप अनियन्त्रित, अपरिमित र स्वेच्छाचारी ढंगको प्रयोग रोक्नका लागि विभिन्न शर्त र अवस्थाहरू तोकिने प्रचलन समेत रहेको छ । संविधान र कानूनले नै सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कतिपय व्यवस्थाहरलाई मान्यता दिएकाले यस अन्तर्गतका हरेक कार्यहरूमा संविधानवादका आधारभूत सिद्धान्त र मूल्य मान्यताहरूलाई अनुशरण गर्नैपर्ने हुन्छ । कसूरदारलाई सुधारात्मक विधि अवलम्बन गर्दा पीडितको अधिकार हनन् हुन सक्ने हुँदा यो अघिकार प्रयोग गर्दा ज्यादै सचेत र सम्वेदनशील बन्नु पर्दछ । कानून र न्यायका मान्य सिद्धान्तहरूको किञ्चित मात्र पनि उपेक्षा गरी सुधारात्मक विधि प्रयोग गर्नु हुँदैन । प्रस्तुत सन्दर्भमा सर्वोच्च अदालतबाट भारती शेर्पा विरुद्ध राष्ट्रपतिको कार्यालय[७२] समेत भएको मुद्दामा आम माफिको प्रयोग गर्दा पीडितको सहमति अनिवार्य रुपमा लिनुपर्ने गरी प्रतिपादित नजिर समेतलाई मनन् गर्नुपर्ने देखिन्छ । साथै सुधारात्मक दण्ड प्रणाली लागू गर्ने क्रममा पीडितको भूमिका विद्यमान प्रचलित कानूनमा स्पष्ट नरहेको हुँदा पीडितको भूमिकालाई प्रचलित कानूनमै थप स्पष्ट पार्नुपर्ने देखिन्छ । अपराध पीडित संरक्षण ऐन, सजाय निर्धारण ऐन, कारागार ऐन लगायतका प्रचलित कानूनमा पीडितको भूमिका स्पष्ट व्यवस्था भएको नदेखिदा ती कानूनमा संशोधन गर्नुपर्ने देखिन्छ ।

## ५. सुधारात्मक दण्ड प्रणाली लागू गर्ने क्रममा पीडितको धारणा लिने अभ्यासलाई पूर्ण रुपमा कार्यान्वयमा ल्याउनु पर्ने

सुधारात्मक दण्ड प्रणालीले पनि victim centric approach लाई नकार्दैन बरु यसले पीडकलाई कसूर गरे बापतको दायित्व स्वीकार गर्न अभिप्रेरित गर्दै असल, जिम्मेवार र सभ्य नागरिक बन्ने मौका समेत प्रदान गर्दछ । सुधारात्मक दण्ड प्रणाली बमोजिमका कुनै पनि सुविधा कसूरदारले

---

७२ ०८०-WF-००२६ ।

प्राप्त गर्ने निर्णय गर्नुपूर्व पीडितको धारणा अनिवार्य रुपमा लिनुपर्ने र पीडितले चाहेमा पीडित प्रभाव प्रतिवेदन समेत पेश गर्न सक्ने व्यवस्था अपराध पीडित संरक्षण ऐन समेतमा रहेको छ । पुनर्स्थापकीय न्याय प्रणालीमा पीडितलाई परिपूरण र क्षतिपूर्ति दिइने, निजको पुनर्स्थापना गरिने विषयसँगै पीडितको आवश्यकताको पहिचान गरी निजको सन्तुष्टिलाई समेत विचार गर्नुपर्ने हुन्छ । दण्डहिनताको अन्त्य गरी कसूरदारलाई कसूर गरे बापत पश्चातापको बोध गराई सजाय दिलाउने र समाजमा पुनर्स्थापना गर्ने एवं पीडितलाई क्षतिपूर्ति सहितको न्याय दिलाई समाजमा पुनर्स्थापना गर्नुपर्ने हालको संवैधानिक र कानूनी दायित्व निर्धारण भए अनुरुप राज्यका विभिन्न सार्वजनिक अधिकारीले कार्य गर्नुपर्ने हुँदा जुनसुकै फौजदारी कसूरको अनुसन्धान, अभियोजन र न्याय निरुपण एवं सो को कार्यान्वयनको क्रममा समेत पीडितको धारणा बुझ्ने र निजको धारणा समेतलाई विचार गरी सुधारात्मक दण्ड प्रणालीका विभिन्न व्यवस्थाहरूलाई कार्यान्वयन गर्ने अभ्यासलाई बढावा दिनुपर्ने देखिन्छ ।

**६. सुधारात्मक दण्ड प्रणालीलाई समग्र न्याय प्रणालीको सुधारको सन्दर्भमा संस्थागत प्राथमिकतामा राख्नु पर्ने**

नेपालको समग्र न्याय प्रणालीमा सुधार गरी सो को overall quality मा सुधार ल्याउने र सुधारात्मक दण्ड प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दिशा तर्फ अग्रसर हुनु पर्ने देखिँदा नेपाल सरकार र न्यायपालिकाले यो विषयलाई उच्च प्राथमिकतामा राखी अगाडि बढ्नु पर्ने देखिन्छ । सर्वोच्च अदालतबाट १९ वटा छुट्टाछुट्टै विषयहरूमा सजाय निर्धारण सम्बन्धी सामान्य मार्गदर्शनहरू, २०७५ जारी भएको र महान्यायाधिवक्ताको कार्यालयबाट सजाय निर्धारण प्रक्रियामा सरकारी वकीलको जिम्मेवारी सम्बन्धी मार्गदर्शन, २०७६ जारी गरेको प्रयास सराहनीय भएपनि यसलाई मात्र पर्याप्त मान्न सकिदैन । सुधारात्मक दण्ड प्रणालीको प्रभावकारी कार्यान्वयनको लागि माथि उल्लिखित मार्गदर्शनहरूको अक्षरसः अनुसरण गर्दै छुट्टै नीतिगत र कानूनी व्यवस्थाका साथै कानून कार्यान्वयन अधिकारीहरू सबैलाई विशिष्टीकरण तालिमको व्यवस्था र मातहत निकायलाई छुट्टै निर्देशन र परिपत्रको व्यवस्था समेत गरी हालको प्रचलनमा सुधार गर्नको लागि न्यायपालिका, महान्यायाधिवक्ताको कार्यालय र नेपाल कानून व्यवसायी परिषदबाट यसलाई संस्थागत प्राथमिकतामा राखी विशेष पहल गर्नुपर्ने देखिन्छ । अब कुनै विलम्ब नगरी नेपाल सरकार र माथि उल्लिखित तीन वटै निकायबाट सुधारात्मक दण्ड प्रणालीलाई समग्र न्याय प्रणालीको सुधारको सन्दर्भमा संस्थागत उच्च प्राथमिकतामा राखी अगाडि बढ्नु पर्ने देखिन्छ ।

**७. सुधारात्मक दण्ड प्रणाली सम्बन्धी प्रायः व्यवस्थाहरूमा नकारात्मक सूची धेरै भएकोले आवश्यकता आधारमा ऐन संशोधन गर्नुपर्ने**

नेपालमा संहिता कानूनहरूको निर्माण र ती कानून लागू गर्ने समयमा घटेका कसूरको modus operandi and cruelty समेतका आधारमा त्यतिवेलाका विधायकहरूले दण्ड सजाय निर्धारणमा कठोरताको नीति अवलम्बन गरेको पाइन्छ । समकालीन न्याय व्यवस्था र फौजदारी कानूनको

प्रयोगको अवस्था समेतको आधारमा दण्ड सजाय निर्धारणमा कठोरताको नीतिको अनुशरण गर्दै तत्कालीन विधायकहरूले पनि मुद्दा फिर्ताको कारबाही गर्दा वा सजायको माफी गर्ने, मुलतबी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने कारबाही गर्दा वा कैद सजाय निलम्बन गर्दा वा प्यारोलमा छाडदा वा कैद कट्टा गर्दा पनि नकारात्मक सूचीमा रहेका कसूरका हकमा सो गर्न नसकिने कानूनी व्यवस्था गरिदिएको पाइन्छ । अन्य कतिपय सभ्य राष्ट्रको असल अभ्यासलाई हेर्दा मूलतः low risk, petty and low gravity crime हरूलाई नकारात्मक सूचीमा समेटने गरेको पाइदैन । छिमेकी मुलुक भारतमा नकारात्मक सूचीको coverage net कम राख्नका लागि ७ वर्ष भन्दा बढी कैद सजाय हुने कसूरको हकमा प्रोवेशन लागू नहुने कानूनी व्यवस्था रहेको देखिन्छ ।[७३]

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा कैद सजाय निलम्बन (दफा २४) मा १७ वटा नकारात्मक सूची, प्यारोलमा (दफा २९) मा १० वटा नकारात्मक सूची र कैद कट्टा गर्न सकिने (दफा ३७) मा ११ वटा नकारात्मक सूचीको व्यवस्था गरिएको अवस्था छ । त्यसरी कायम भएका नकारात्मक सूचीहरूमा विशेषतः low risk, petty and low gravity crime हरू समेत रहेको देखिएकाले विद्मान सूची मध्येबाट त्यस्ता low risk, petty and low gravity crime हरूलाई हटाउने गरी ऐनमै संशोधन गर्नुपर्ने देखिन्छ ।

## ८. सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कतिपय व्यवस्थाको प्रयोगलाई कैदीबन्दीको मानव अधिकार र मौलिक हकको संरक्षणको विषय बनाउनु पर्ने

सुधारात्मक दण्ड प्रणालीको उद्देश्य मूलतः कसूरदारलाई सुधार गरी असल चालचलनयुक्त सभ्य नागरिक बनाउने, निजलाई आफूले गरेको कसूरमा पश्चाताप गर्ने, सुध्रिने र पुनः कसूर नगर्ने वातावरण वा मौका प्रदान गर्ने, सजाय भुक्तान गरेपछि निजलाई समाजमा पुनर्स्थापना गर्ने, पीडितप्रतिको निजको दायित्वलाई बोध गराई निजबाट क्षतिपूर्ति भराइदिने, कसूरदारप्रति मानवता प्रदर्शन गर्ने र कैदीबन्दीहरूको समेत मानव अधिकार तथा मौलिक हक, संवैधानिक र कानूनी अधिकारको उल्लंघन हुन नदिने रहेको छ ।

नेपालको सन्दर्भमा कैदीबन्दीको मानव अधिकार तथा मौलिक हकको उल्लंघन हुन नदिन फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४ को खण्ड (ङ) मा "कसूरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने" व्यवस्था गरिएको पाइन्छ । यसैगरी दफा २३ मा "यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसूरदारलाई सजाय गर्दा जरिवाना र सामुदायिक सेवा पर्याप्त नहुने भएमा कैदको सजाय गर्नु पर्ने" कानूनी व्यवस्था गरिएको छ । कानूनमा रहेका यी व्यवस्थाहरूले सुधारात्मक दण्ड प्रणाली सम्बन्धी व्यवस्थाहरूको प्रयोगलाई right-based approach, entitlement-based approach र dignity-based approach को

---

७३ Section 360 of the **Code of Criminal Procedure, 1973** "anyone under the age of twenty-one who has not been convicted of an offense punishable by imprisonment for up to seven years or by death or life imprisonment can be released on probation for a period of time for good conduct."

रुपमा लिएको देखिन्छ । फौजदारी कानूनमा मृत्युदण्डको उन्मूलन पछि कठोर दण्डको रुपमा कैद दण्डको व्यवस्था गरिएको भए पनि कारागारमा कैदीको संख्या बढी रहेको अवस्था र तिनीहरूको व्यवस्थापन तथा मानव अधिकारको संरक्षणका लागि समेत कैदलाई अन्तिम विकल्पको रुपमा ग्रहण गर्नुपर्ने देखिन्छ । खासमा सुधारात्मक दण्ड प्रणाली सम्बन्धी व्यवस्थाहरू अपवादको रूपमा प्रयोग गर्नु पर्ने विषय (exceptional rule) नभई सामान्य रुपमा प्रयोग गर्ने बिषय (general rule) भएकाले यसले कसूरदारको अधिकार सिर्जना गर्दछ भने सो अधिकारको संरक्षण गर्नुपर्ने दायित्व राज्यमा रहने गर्दछ । अतः दण्ड सजाय निर्धारण गर्दा अन्तिम विकल्पको रुपमा निर्धारण गरिने, कैद सजायले कसूरदारको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार समेत हनन् हुने जोखिम हुने हुँदा सो कुरालाई समेत विचार गरी दण्डाधिकारीव्दारा सजाय निर्धारण गर्नुपर्ने हुन्छ र सजाय निर्धारण भई सो को कार्यान्वयनका क्रममा पनि कैदीबन्दीको मानव अधिकार र मौलिक हकको संरक्षणको विषय बनाउनु पर्ने राज्यको दायित्व भएकोले राज्यले सो दायित्व समेत निर्वाह गर्नु पर्ने देखिन्छ ।

**९. सुधारात्मक दण्ड प्रणाली अनुरुप न्यायकर्ताले सजाय निर्धारण गर्दा विज्ञसँग परामर्श गर्ने पद्धतिको विकास गर्नुपर्ने**

न्यायकर्ताले सार्वजनिक हित, पीडितको हित र अभियुक्तको हित समेत प्रति अत्यन्त संवेदनशील भई सम्बन्धित विषय विज्ञहरूको परामर्श समेतको आधारमा उपयुक्त सुधारात्मक दण्ड प्रणाली apply हुने गरी सजाय निर्धारण गर्नुपर्ने हुन्छ । सुधारात्मक दण्ड प्रणाली अनुरुप न्यायको उद्देश्य पराजित नहुने, मानवता नमर्ने, समानताको सम्मान हुने, पीडित र कसूरदारको मानव अधिकार र मौलिक हकको संरक्षण हुने, सभ्य राष्ट्रहरूले अवलम्बन गरेको असल अभ्यासको अनुशरण गर्ने तथा अन्तर्राष्ट्रिय मान्यतालाई समेत आत्मसात गर्ने गरी न्यायकर्ताले सजाय निर्धारण गर्नुपर्ने हुन्छ। त्यसरी न्यायकर्ताले कसूरदारलाई सजाय निर्धारण गर्नुपूर्व अपराधशास्त्री, दण्डविद, पीडितशास्त्री, समाजशास्त्री, मानवशास्त्री, मनोवैज्ञानिक लगायतका विज्ञहरूसँग परामर्श गर्ने पद्धतिको विकास गर्नुपर्ने हुन्छ । सो अनुरुप नेपालमा पनि क्रमशः सम्बन्धित विषय विज्ञहरूसँग परामर्श गर्ने पद्धतिको विकास गर्न जरुरी भैसकेको छ । सुधारात्मक दण्ड प्रणालीलाई आत्मसात गरी न्यायकर्ताले सजाय निर्धारण गर्ने विषय पनि नेपालको लागि सर्वथा नौलो, प्राविधिक, जटिल, अस्पष्ट र व्दिविधापूर्ण भएकोले विषयविज्ञताको आधारमा विभिन्न क्षेत्रका विषयविज्ञहरूसँग छलफल र परामर्श समेत गरी सजाय निर्धारण हुन सकेमा त्यो अझ बढी वस्तुपरक, यथार्थ, वैज्ञानिक, विश्वसनीय र विवेकपरक हुन सक्छ । आधुनिकको न्यायपालिकाले सुधारात्मक दण्ड प्रणालीलाई समग्र न्याय प्रणालीको सुधारको उच्च प्राथमिकतामा राख्ने गरेको देखिंदा नेपालको न्यायपालिकाले पनि बिलम्ब नगरी सुधारको कार्य यथाशीघ्र प्रारम्भ गर्नुपर्ने देखिन्छ ।

## १०. सुधारात्मक दण्ड प्रणाली अनुरुप सजाय निर्धारण गर्दा विचार पुर्याउनु पर्ने कुराहरूका सम्बन्धमा अभियोजनकर्ता, प्रतिपक्षी कानून व्यवसायी र न्यायकर्तामा विशेषज्ञता हासिल गर्न क्षमता अभिवृद्धि गर्नुपर्ने

नेपालमा सुधारात्मक दण्ड प्रणाली लागू भएको धेरै भएको छैन । विश्वका सभ्य मुलुकले आत्मसात गरेका असल अभ्यास, न्यायका मान्य सिद्धान्त, अन्तर्राष्ट्रिय मान्यता र समाजको आवश्यकता तथा वदलिदो परिवेश अनुरुप समेतलाई हृदयंगम गरी वर्तमान समयमा प्रचलनमा रहेका सुधारात्मक दण्ड प्रणाली अनुरुप सजाय निर्धारण गर्दा विचार पुर्याउनु पर्ने कुराहरूका सम्बन्धमा अभियोजनकर्ता, प्रतिपक्षी कानून व्यवसायी र न्यायकर्ता जानकार हुनैपर्ने आजको आवश्यकता हो । निजहरूमा रहेको सुधारात्मक दण्ड प्रणाली सम्बन्धी ज्ञान र सीपको कमि वा विशेषज्ञताको अभावलाई हटाउन निश्चित अवधिको सो सम्बन्धी विशिष्टीकरण तालिम, सम्बन्धित विषय विज्ञहरूसँगको अन्तरक्रिया र परामर्श एवं सो सम्बन्धी कानूनहरू र उपयुक्त सन्दर्भ सामग्री उपलब्ध गराई क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

## ११. सुधारात्मक दण्ड प्रणाली कार्यान्वयनका लागि ICT सँग tie-up गर्नु पर्ने

सुधारात्मक दण्ड प्रणाली सम्बन्धी कतिपय व्यवस्थाहरूमा डेटा संकलन र विश्लेषणको सुविधा राखी ICT सँग tie-up गरी कैदीबन्दीहरूलाई e-monitoring मार्फत राष्ट्रिय प्राथमिकताको क्षेत्रमा प्रयोग गर्न सकिने देखिन्छ । उदाहरणको लागि कैदीबन्दीहरूलाई मुलुकको विकास निर्माण सम्बन्धी कार्य, श्रमदान सम्बन्धी कार्य, स्वयंसेवक सम्बन्धी कार्य, निःशुल्क अध्यापन सम्बन्धी कार्य, परोपकार सम्बन्धी कार्य आदिमा लगाउन सकिन्छ । कैदीबन्दीहरूलाई शारीरिक श्रममा लगाउँदा विशेष आर्थिक क्षेत्र, राष्ट्रिय गौरवका आयोजना र रुपान्तरणकारी आयोजनामा सहभागी गराउने र त्यसको अनुगमनको लागि GPS Tracking मा आधारित E- surveillance संयन्त्रको व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यसैगरी प्रत्येक कैदीको biometric, check-in check-out, मुद्दाको पेशी, सजायको अवधि, व्यक्तिगत योग्यता तथा सीप, स्वास्थ्य अवस्था कारागार स्थानान्तरण लगायतका विवरणहरू खुल्ने गरी कैदी व्यवस्थापन सूचना प्रणाली (Prisoner Information Management System (PIMS) ) को विकास गर्नु पर्ने देखिन्छ ।

कैदीबन्दीको यथोचित कानूनी उपचार मार्फत सामाजिक पुनर्स्थापना गराउने सुधारात्मक दण्डको उद्देश्य अनुरुप कारागार भित्र विविध प्रकारका जीवनोपयोगी सीप विकास सहित रचनात्मक र श्रृजनात्मक क्रियाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ । यसका लागि परम्परागत रुपमा रहेका मौलिक सीप विकास जस अन्तर्गत साना तथा मझ्यौला उद्योगमा आधारित सीप विकास, Sewing, knitting, plumber, electrician, carpenter, mechanic आदिका साथै सूचना प्रविधिमा आधारित आधुनिक सीप विकासका कार्यक्रमहरू जस्तैः Graphic Design, website design, software design, editing, content creation, coding, ethical hacking जस्ता सीप विकास गराउन सकिन्छ ।

सभ्य राष्ट्रको असल अभ्यासलाई हेर्दा संयुक्त राज्य अमेरिकामा कैद कट्टा गरिएका तथा प्यारोलमा छाडिएका व्यक्तिहरूलाई निगरानी गर्नका लागि ankle bracelets, home based radio frequency, biometric security system, automobile ignition interlock device को प्रयोग गर्ने गरिएको पाइन्छ। सुधारात्मक दण्ड प्रणालीमा सहभागी हुने कैदीबन्दीहरूलाई नेपाल भित्र भएका केही संवेदनशील क्षेत्रहरू पीडितको आवास, कार्यस्थल, महत्वपूर्ण सरकारी निकायमा समावेश गरी Exclusion Zone तोक्ने जस्ता अभ्यासलाई हाम्रो आवश्यकता तथा सामर्थ्य अनुरुप आन्तरिकीकरण गर्दै लैजानु पर्ने देखिन्छ ।

**१२. सुधारात्मक दण्ड प्रणाली सम्बन्धी असल अभ्यासको पहिचान गरी सार्वजनिक गर्नु पर्ने**

सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्थाहरूका बारेमा भएका असल अभ्यासको पहिचान गरी त्यस्ता असल अभ्यासहरूलाई सम्बन्धित निकाय तथा अदालतबाट अनुशरण गर्दै सो को व्यवहारिक प्रयोग गर्न उत्प्रेरित गर्नु पर्ने देखिन्छ ।

सुधारात्मक दण्ड प्रणाली सम्बन्धी आधुनिक व्यवस्थाहरूको innovative र creative प्रयोग गर्ने न्यायाधीश एवं अधिकारीलाई पहिचान गरी सम्मान गर्ने परिपाटी बसाल्नु पर्ने देखिन्छ । यसरी पहिचान र कदर गरिएको खण्डमा सम्बन्धित न्यायाधीश एवं अधिकारीलाई आफ्नो कार्यको मूल्यांकन हुँदै आइरहेको भन्ने ज्ञात भई आफ्नो कार्य सम्पादनमा थप सिर्जनशील भई लाग्न प्रेरणा मिल्छ । त्यसरी पहिचान गरिएका असल अभ्यासलाई अन्य अदालत र निकायले पनि क्रमशः अनुसरण गर्दैजाउन भन्नका लागि न्यायपालिका र महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित हुने बुलेटिन तथा वेभसाइटमा राखी सार्वजनिक गरेमा त्यसको सकारात्मक प्रभाव सबैमा पर्ने देखिन्छ। प्रस्तुत सन्दर्भमा बेलाबेलामा नेपालको न्यायपालिकाबाट केही उदाहरणीय कार्य समेत भएको पाइन्छ, जसमध्ये सर्वोच्च अदालतबाट कारागारमा नाजुक अवस्थामा रहेका बालबालिका, गर्भवती, दूध खुवाइरहेका महिला तथा जटिल स्वास्थ्य समस्या भएका कैदीहरूलाई प्राथमिकताको आधारमा निजहरूको अवस्थालाई अत्यन्त शतर्कतापूर्वक पहिचान गरी स्वास्थ्यमा हुने जोखिमसँग कसूरको प्रकृति र सार्वजनिक सुरक्षा समेतलाई ध्यानमा राखी तत्काल छाड्ने वा सजाय कम वा छुट गर्ने निर्णय गर्न नेपाल सरकारका नाममा आदेश समेत जारी गरेको पाइन्छ । त्यस्तै नेपाल सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम विशेष निर्णय गरेर कैदीबन्दीलाई छाड्न वा निजहरूको सजाय घटाउन सक्ने भनी सर्वोच्च अदालतबाट सुधारात्मक दण्ड नीतिमा creative र innovative व्याख्या भई Pandemic Jurisprudence समेत प्रतिपादिन भएको देखिन्छ ।

**१४. सजाय सुझाव समितिको काम, कर्तव्य र अधिकारलाई कार्य विस्तृतिकरण गरी थप प्रभावकारी बनाउनु पर्ने**

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा महान्यायाधिवक्ताको अध्यक्षतामा सजाय सुझाव समिति रहने र सो समितिको काम, कर्तव्य र अधिकार समेतको उल्लेख भएको पाइन्छ । सजाय सुझाव समितिको बारेमा विकसित नयाँ मान्यता र सिद्धान्त, विधिशास्त्रीय दृष्टिकोण र

अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा सो समितिको काम, कर्तव्य र अधिकारलाई कार्य विस्तृतीकरण गरी थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ । प्रस्तुत अध्ययनको परिच्छेद - छ मा सजाय सुझाव समितिको कार्यक्षेत्रका सम्बन्धमा विस्तृत विश्लेषण गरी उपयुक्त सुझाव समेत सिफारिस गरिएको छ, जस अन्तर्गत संघीयताको मर्म अनुरुप प्रदेशलाई समेत दण्ड नीति र सजाय निर्धारणका मापदण्ड सम्बन्धी केही अधिकार दिनुपर्ने, कैद र जरिवानाको समानुपातिकताको सिद्धान्त तथा नेपालले आत्मसात् गरेको विधायिकीय मोडेल र न्यायपालिकीय मोडेल अनुरुप सजाय निर्धारणका मापदण्डहरूको निर्माण गर्नुपर्ने, मुलुकमा विद्यमान सबै कानूनमा एकरुपता कायम हुनेगरी Sentencing Policy को निर्माण गर्नुपर्ने, ३ वर्षसम्म कैद हुने कसूरका हकमा कैदको विकल्पमा कैद र जरिवाना वा दुवै सजायको सट्टामा जरिवाना मात्र गर्ने र जरिवानाको मात्रा बढाउने, आर्थिक प्रकृतिका कसूरमा सजाय गर्दा कैदलाई भन्दा जरिवानालाई जोड दिने, निश्चित आर्थिक कसूरमा बिगो र जरिवाना बमोजिम लाग्ने रकम तिर्न लगाई मिलापत्र गर्न आदेश दिन सक्ने नीति अवलम्बन गर्ने, माफी, मिनाहा र कैद कट्टीका विषय अलग-अलग भएकोले सोको यथोचित सम्बोधन हुने गरी कानून संशोधन हुनुपर्ने, कैद सजाय निलम्बन गर्न सकिने, प्यारोलमा राख्न सकिने, कैद कट्टा हुन सक्ने, सजाय माफी दिन सकिने सम्बन्धी प्रावधानमा रहेका नकारात्मक सूचीमा पुनरावलोकन गरी घटाउने गरी कानूनमा संशोधन हुनुपर्ने, कसूरदारलाई जीवित रहेसम्म कैद गर्नुको सट्टामा ३० वर्ष कैद हुने गरी कानूनमा संशोधन हुनुपर्ने, निर्णयकर्ताले कसूरदारलाई आवश्यकता अनुसार सुधारात्मक दण्ड प्रणालीका उपयुक्त विधि वा पद्धति मध्ये कुनै एक विधि अनुरुप कसूरदारलाई कैदमा नराखी विद्युतीय निगरानी यन्त्रको प्रयोग गरी विकास निर्माण लगायतका कार्य गर्नुपर्ने शर्तमा छोड्न सक्ने गरी कानूनमा संशोधन हुनुपर्ने, नैतिक पतन देखिने फौजदारी कसूर र उच्च नैतिक चरित्रको मानक तयार हुने गरी कानून निर्माण हुनुपर्ने, राष्ट्रिय परिचयपत्रलाई कसूरदारको जैविक र अन्य विवरणसँग आवद्ध गरी अभिलेख अध्यावधिक गर्ने गरी कानून निर्माण हुनुपर्ने रहेका छन् । उक्त परिच्छेदमा दिइएका सुझाव समेतलाई विचार गरी नेपालको हकमा माटो सुहाउँदो प्रावधानहरू कानून संशोधन गरी थप गर्नुपर्ने देखिन्छ। कानून संशोधन नभएसम्मका लागि सो समितिले परिच्छेद - छ मा यस अध्ययन समितिले दिएका सुझाव समेतका आधारमा आफ्नो काम, कर्तव्य र अधिकारलाई अगाडि बढाउनु पर्ने देखिन्छ ।

# परिच्छेद- आठ

# निष्कर्ष र सुझाव

## ८.१. निष्कर्ष

फौजदारी न्याय प्रणालीप्रति सर्वसाधारणको भरोसा र जनआस्था अभिवृद्धि गर्नुपर्ने प्रमुख अभिभारा रहने महान्यायाधिवक्तालाई फौजदारी न्याय प्रशासनको मियोको रुपमा चित्रित गरिन्छ, निज र निज मातहतका सरकारी वकीलले मुलुकमा कानूनको शासन र सुशासन कायम गराउन, शंकितको फौजदारी न्याय सम्बन्धी हकको प्रत्याभूति गराउन, अपराध पीडितको क्षतिपूर्ति र पुनर्स्थापना सहितको न्याय प्राप्त गर्ने हकको सुनिश्चिता गर्न, समाजमा दण्डहिनता हुन नदिन, अपराध पुनः दोहोरिरहन नदिन, समाजमा शान्ति र सुव्यवस्था कायम गर्न तथा अपराध पीडित र पीडकको मानव अधिकारको संरक्षण गर्नका लागि स्वतन्त्र, निष्पक्ष, सक्षम र उत्तरदायी भूमिका बहन गर्न सक्नु पर्दछ । निजको संयोजकत्वमा रहने सजाय सुझाव समिति, निजको संयोजकत्वमा रहने संघीय प्रोवेशन तथा प्यारोल बोर्ड, निजको संयोजकत्वमा रहने अपराध पीडित संरक्षण समिति आदिबाट नीतिगत, कानूनी र संस्थागत प्रबन्ध मार्फत मुलुकको फौजदारी न्याय प्रशासनलाई थप सुदृढ गर्दै सोको निरन्तर सुधारमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

माथि उल्लिखित विषयवस्तुमा केन्द्रित रही प्रस्तुत अध्ययनमा मूलतः सुधारात्मक दण्ड प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनको लागि विकसित भएका आधारभूत सिद्धान्तहरू, विधिशास्त्रीय मान्यता, अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्थाहरू, विश्वका विकसित र सभ्य मुलुकले आत्मसात गरेका असल अभ्यासहरू, नेपालका संवैधानिक तथा कानूनी प्रावधानहरू एवं ती प्रावधानहरूको SWOT Analysis, मुद्दामामिलाको रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तहरू र सोही क्रममा जारी भएका निर्देशनात्मक आदेशहरू समेतको व्याख्या विवेचना र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

प्रस्तुत अध्ययन सुधारात्मक दण्ड प्रणालीका विभिन्न विधिहरू सम्बन्धी कानूनी व्यवस्था भएपनि नेपालमा ती विधिहरूको उपयुक्त अभ्यास गर्दै नेपालको दण्ड प्रणाली समय सापेक्ष रुपमा क्रमशः परिवर्तन हुँदै आएको सन्दर्भमा वर्तमान दण्ड विधिलाई एकातर्फ मानवीय र मानव अधिकारमैत्री बनाउन आवश्यक रहेको र अर्कोतर्फ कसूरदारलाई पीडितप्रति दायित्वाधिनका साथै अनुशासित र नैतिकवान बनाई सामाजिकीकरण र पुनर्स्थापना मार्फत समाजको जिम्मेवार नागरिकमा रुपान्तरण गर्न नसकिएको र सुधारात्मक दण्ड प्रणालीको उचित प्रयोग गर्ने कुरामा अभियोजनकर्ता, न्यायकर्ता र प्रतिद्वन्दी कानून

व्यवसायीलाई विज्ञको सहयोगमा सवलीकरण गरी दक्ष तुल्याउने सम्बन्धमा समस्याको पहिचान गरी समाधानको लागि चाल्नुपर्ने कदमको सम्बन्धमा केन्द्रिकृत रहेको छ । यस अध्ययनमा समस्या समाधानमुखी पद्धति अपनाई सुधारात्मक दण्ड प्रणालीको कार्यान्वयनमा देखिएका समस्याहरू र कारक तत्वहरू पहिल्याई समस्या समाधानको लागि चाल्नुपर्ने कदमहरू सुझाइएको छ । साथै प्रस्तुत अध्ययनमा सजाय सुझाव समितिको काम, कर्तव्य र अधिकारलाई थप प्रभावकारी बनाउने उपायहरू समेत सुझाइएको छ ।

परम्परागत दण्ड प्रणालीमा सम्प्रभु वा दण्डाधिकारी र कसूरदारको मात्र सहभागिता रही मूलतः कठोर दण्ड दिने, बदलाको भावनाले प्राथमिकता पाउने, कसूरदारलाई समाजबाट अलग गर्ने र जस्तालाई तस्तै व्यवहार वा सजाय दिने कुरामा विशेष जोड दिने गरिन्थ्यो र कसूरदारले कठोर भन्दा कठोर दण्ड पाएमा पीडित र समाज सन्तुष्ट हुने अवस्था थियो । जेललाई कालकोठरीको रुपमा राख्दै कसूरदारलाई जेलभित्र चरम यातना समेत व्यहोर्नु पर्ने बाध्यता थियो । संयोगबश यस अध्ययनका अनुगमनकर्तालाई बेलायतको लण्डनमा आयोजित एक कार्यक्रममा भाग लिने क्रममा त्यहाँको ओल्ड बेली वा सेन्ट्रल क्रिमिनल कोर्टको भिजिट गर्ने मौका मिलेकोमा सो कोर्टको दुई तला मुनि अण्डरग्राउण्डमा रहेको अत्यन्त अध्यारो कोठामा एउटा टिनको बाकस सरहको स्पेसमा कसूरदारलाई राखी निजलाई नेल र हतकडी समेत लगाइने गरी जेलको सजाय भुक्तान गर्नुपर्ने प्रचलन आजभन्दा करिब २५० वर्ष अगाडि विद्यमान रहेको कुरा जानकारी गराइएको थियो । परम्परागत दण्ड प्रणालीको विश्वका धेरै मुलुकले अनुसरण गर्ने बेलायतको सो उदाहरणबाट त्यतिबेलाका कसूरदारलाई अन्तर्राष्ट्रिय मानविकी कानून र मानव अधिकारको संरक्षणको अवस्था समेत नरहेको स्पष्ट बुझ्न सकिन्छ ।

आधुनिक र सुधारात्मक दण्ड प्रणालीमा पीडित, पीडक र समाज समेतको सहभागिता रहने सजायको मुख्य उद्देश्य कसूरदारको आचरण र चालचलनमा सुधार गर्ने र मूलतः कसूरदारलाई रोगीको रुपमा हेरी चिकित्सकले बिरामीको रोग पहिचान गरी निको पारे झै कसूरदारको शारीरिक, मानसिक, मनोवैज्ञानिक, सामाजिक, आर्थिक अवस्था समेतको पहिचान गर्दै यथोचित उपचार मार्फत सुधार गरेर समाजमा पुनर्स्थापित गर्ने, मानवीयताको हिसाबले हेर्ने, निजको मानव अधिकारको संरक्षण गर्ने, निजलाई त्यस्ता कसूर पुनः नदोहोरिने प्रतिबद्धता व्यक्त गर्न लगाई निजबाट समाजलाई सुरक्षित राख्ने, निजलाई पश्चाताप गर्ने मौका दिने र पीडितप्रति दायित्वाधिन बनाउने एवं पीडितलाई क्षतिपूर्ति दिलाई निजको समेत पुनर्स्थापनामा कसूरदारको प्रमुख भूमिका हुने कुरामा जोड दिइन्छ । वर्तमानमा नर्वेको हल्डेन जेललाई विश्वभरकै सबैभन्दा मानवीय जेल मानिन्छ, जहाँ कैदीले निजी कोठा, पुस्तकालय, खेलकुद, संगित स्टुडियो जस्ता सुविधाहरू प्राप्त गर्छन् र कैदीलाई थेरापी, औपचारिक शिक्षा र रोजगारमूलक तालिम समेतको अवसर प्राप्त हुन्छ ।

वर्तमान समयमा विकसित र सभ्य समाजमा दिनानुदिन सुधारात्मक दण्ड प्रणालीलाई अत्याधुनिक बनाउने होड नै चलेको भएपनि पीडितले क्षतिपूर्ति तथा पुनर्स्थापना सहितको न्याय पाउने अधिकार र समाजले सुरक्षाको महशुस गर्ने कुरामा भने कुनै सम्झौता (कम्प्रमाइज) नहुने तर्फ उत्तिकै सतर्क हुने गरेको पाइन्छ । सुधारात्मक दण्ड प्रणालीको अवलम्बन गर्दा एकातर्फ कैदीको उर्जाशील समयको पूर्ण सदुपयोग गर्दै निजको समेत राष्ट्र निर्माणमा योगदान पुग्न सक्ने, निजको चालचलन र चरित्रमा सुधार आई पुनर्स्थापनाको माध्यमबाट निज अनुशासित र सभ्य नागरिक बन्न उत्प्रेरित हुने सम्भावना प्रबल हुन्छ भने अर्कोतर्फ कैदीलाई कारागारमा राख्दा हुने सरकारी खर्चमा कटौती भई सो रकम विकास निर्माण कार्यमा लगाउन पाइने, कैदी उपर मानवीयता प्रदर्शन भई निजको मानव अधिकारको संरक्षण हुने र निजलाई सुधार गर्नमा समाजको समेत योगदान रहने सम्भावना रहन्छ ।

आधुनिक र सुधारात्मक दण्ड प्रणाली अन्तर्गत विश्वमा हालसम्म प्रचलनमा रहेका विभिन्न विधिहरू मध्ये नेपालमा आत्मसात गरिएका विधिहरूमा कैदीलाई सामुदायिक सेवामा लगाउने, प्रोवेशन वा प्यारोलमा छाड्ने, सुधार गृह तथा पुनर्स्थापना केन्द्रमा पठाउने, खुला कारागारमा पठाउने, रात्रीकालीन तथा सप्ताहको अन्तिम दिन कारागारमा बस्ने सुविधा दिने, कैद बापत शारीरिक श्रम गर्ने लगायतका रहेका छन् । ती विधिहरूलाई सजाय निर्धारण ऐन, कारागार ऐन समेतमा आत्मसात गरिएको भए तापनि ती मध्ये धेरैजसो कानूनी व्यवस्था कार्यान्वयनमा आएका छैनन् । ती कानूनी प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनका लागि नेपालमा त्यस्ता प्रत्येक विधिहरूको छुट्टाछुट्टै कार्यविधिगत व्यवस्थाहरू, कैदीबन्दीहरूले पालना गर्नुपर्ने शर्तहरू र त्यस्ता शर्तहरू उल्लंघन गरे बापत हुन सक्ने सजायको अभाव रहेको साथै सुधारात्मक दण्ड प्रणालीलाई समग्र न्याय प्रणालीको सुधारको सन्दर्भमा संस्थागत प्राथमिकतामा राख्न नसकिएको अवस्था छ । कैदलाई अन्तिम विकल्पको रुपमा आत्मसात् गर्नुपर्ने कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र कैदी उपर मानवीय व्यवहार प्रदर्शन गर्दै निजको मानव अधिकारको पनि संरक्षण गर्ने तर्फ थप सजग र सतर्क हुन जरुरी देखिन्छ । त्यसैगरी सुधारात्मक दण्ड प्रणालीका विविध विधाका विज्ञहरूको सहयोगमा ती विधिहरूको कार्यान्वयन गर्नेतर्फ आवश्यक पहल गर्नुपर्ने देखिन्छ । साथै परम्परागत कारागारको सट्टामा आधुनिक प्रविधिमैत्री स्मार्ट जेल वा सुधार गृहको विकल्पमा जानुपर्ने देखिन्छ । नर्वे लगायतले अवलम्बन गरेका जेलको संरचना तर्फ अग्रसर हुन र सकेसम्म जेल बाहिरै रहेर कैदीले कैद अवधि भुक्तान गर्न सक्ने विभिन्न विधिहरूको प्रयोगमा व्यापकता ल्याउन जरुरी छ ।

प्रस्तुत अध्ययनमा मूलतः प्रचलित नेपाल कानूनमा आत्मसात् गरिएका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी सबै विधिहरू वा पद्धतिहरूलाई कार्यान्वयनमा ल्याउनु पर्ने लगायतका विषयमा सुझाव दिइएको छ । सुधारात्मक दण्ड विधि मध्ये कतिपय विधिहरू जस्तै प्रोवेशन र प्यारोलमा छाड्ने विषय

अवधारणात्मक रुपमै भिन्न भए तापनि एउटै प्रोवेशन तथा प्यारोल बोर्डको गठन तथा सो बोर्डको काम, कर्तव्य, अधिकार तोकिएको अवस्था एवं प्रोवेशन अधिकृत र प्यारोल अधिकृतको दायित्व, भूमिका र जिम्मेवारी फरक फरक हुने भए तापनि नेपाल सरकारले प्रोवेशन वा प्यारोल अधिकृत तोक्ने विषयलाई एउटै विषय भए जसरी भएको कानूनी व्यवस्थामा संशोधन मार्फत सुधार ल्याउनु पर्ने समेतका सुझाव दिइएको छ ।

## ८.२. सुझाव

प्रस्तुत अध्ययनको प्रमुख उद्देश्य सजाय सुझाव समितिको काम, कर्तव्य र अधिकारलाई कार्य विस्तृतीकरण गरी थप प्रभावकारी बनाउने उपायहरूका सम्बन्धमा समेत उपयुक्त सुझाव दिने पनि हो, जसका बारेमा परिच्छेद-६ मै सुझाव प्रस्तुत गरिसकिएकोले यहाँ पुनरावृत्ति गरिएको छैन ।

यस खण्डमा मूलतः परिच्छेद-७ मा विवेचना गरिएको सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधि, पद्धति र प्रक्रिया समेतको कार्यान्वयनका सम्बन्धमा समस्या पहिचान गरी ती समस्यालाई सम्बोधन गर्न तलको तालिकामा देहाय बमोजिम नीतिगत, कानूनी, संस्थागत र कार्यविधिगत विषयका साथै अल्पकालीन र दीर्घकालीन सुझाव प्रस्तुत गरिएको छः

- नेपालमा संहिता कानून मार्फत आत्मसात् गरिएको सुधारात्मक दण्ड प्रणालीलाई समग्र न्याय प्रणालीको सुधारको सन्दर्भमा संस्थागत प्राथमिकतामा राख्नुपर्ने,
- आधुनिक सुधारात्मक दण्ड प्रणालीमा पीडित, पीडक र समाज तीन पक्षको सहभागिता रहने, सोको मुख्य उद्देश्य कसूरदारको आचरण र चालचलनमा सुधार गर्ने तथा कसूरदारको शारीरिक, मानसिक, मनोवैज्ञानिक, सामाजिक, आर्थिक अवस्था समेतको पहिचान गर्दै यथोचित उपचार मार्फत सुधार गरेर समाजमा पुनर्स्थापित गर्ने, कसूरदारलाई त्यस्ता कसूर पुनः नदोहोरिने प्रतिबद्धता व्यक्त गर्न लगाई निजबाट समाजलाई सुरक्षित राख्ने, कसूरदारलाई पश्चाताप गर्ने मौका दिने र पीडितप्रति दायित्वाधिन बनाउने एवं पीडितलाई क्षतिपूर्ति दिलाई पीडितको समेत पुनर्स्थापनामा कसूरदारको प्रमुख भूमिका हुने कुरामा जोड दिने भएको हुँदा उक्त सारलाई हुबहु रूपमा आत्मसात् हुनेगरी नेपालमा सुधारात्मक दण्ड प्रणालीका विभिन्न विधि वा पद्धतिहरूको अनुसरण गर्नुपर्ने,
- पीडितको पुनर्स्थापना एवं क्षतिपूर्ति सहितको न्याय प्राप्त गर्ने अधिकार र कैदीबन्दीको पुनर्स्थापना एवं मानव अधिकार संरक्षणको अधिकारलाई सन्तुलित र सामंजस्यपूर्ण हुने गरी सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधिहरूलाई कार्यान्वयनमा ल्याउनु पर्ने,
- प्रचलित नेपाल कानूनमा आत्मसात् गरिएका एवं यस अध्ययनको परिच्छेद-४ मा विवेचना गरिएका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी सबै विधिहरुलाई यथाशीघ्र कार्यान्वयनमा ल्याउनु पर्ने,

- नेपालको दण्ड प्रणाली समय सापेक्ष रुपमा क्रमशः परिवर्तन हुँदै आएको सन्दर्भमा वर्तमान दण्ड विधिलाई एकातर्फ मानवीय र मानव अधिकारमैत्री बनाउन आवश्यक रहेको र अर्कोतर्फ कसूरदारलाई पीडितप्रति दायित्वाधिनका साथै अनुशासित र नैतिकवान बनाई सामाजिकीकरण र पुनर्स्थापना मार्फत समाजको जिम्मेवार नागरिकमा रुपान्तरण गर्नुपर्ने,
- सुधारात्मक दण्ड प्रणालीका विभिन्न विधि वा पद्धतिको उचित प्रयोग गर्ने कुरामा अभियोजनकर्ता, न्यायकर्ता र प्रतिद्वन्दी कानून व्यवसायीलाई सुधारात्मक दण्ड प्रणालीका विभिन्न विधाका विज्ञहरूको सहयोगमा सवलीकरण गर्नुपर्ने साथै विषयगत विशिष्टीकृत प्रशिक्षणको व्यवस्था गर्नुपर्ने,
- यातनागृहको रूपमा रहेका जेल वा परम्परागत कारागारको बिकल्पमा अब निर्माण हुने कारागारलाई क्रमशः आधुनिक प्रविधिमैत्री स्मार्ट जेल वा सुधार गृहको रूपमा विकसित गर्दै जानुपर्ने,
- प्रचलित नेपाल कानूनमा व्यवस्था भएका सजायका विभिन्न प्रकारहरू मध्ये कैद सजायलाई अन्य सजाय पर्याप्त नभए मात्र वा अन्तिम बिकल्पको रूपमा मात्र प्रयोग गर्ने अभ्यासलाई कठोरतापूर्वक लागू गर्नुपर्ने,
- कारागार प्रशासनले कैदी उपर मानवीय व्यवहार र निजहरूको मानव अधिकारको संरक्षण समेतमा विशेष ध्यान दिनुपर्ने,
- सुधारात्मक दण्ड प्रणालीलाई नेपालमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि ICT सँग tie-up गर्नुपर्ने,
- बृहत् सार्वजनिक हितमा असर नपर्ने र कम जोखिम हुने सानातिना कसूरका हकमा कैदको विकल्पमा कैद र जरिवाना वा दुवै सजायको सट्टामा जरिवाना मात्र गर्ने र जरिवानाको मात्रा बढाउने, आर्थिक प्रकृतिका कसूरमा सजाय गर्दा कैदलाई भन्दा जरिवानालाई जोड दिने, निश्चित आर्थिक कसूरमा बिगो र जरिवाना बमोजिम लाग्ने रकम तिर्न लगाई मिलापत्र गर्न आदेश दिन सक्ने नीति अवलम्बन गर्नुपर्ने,
- जेल वा झ्यालखानाको पर्यायवाची शब्द कारागार भएकोले सो शब्दको नकारात्मक भावलाई हटाउन एवं सुधारात्मक दण्ड प्रणाली सम्बन्धी मूल्य मान्यतासँग मेल नखाने विद्यमान कारागार ऐनलाई परिवर्तन गरी सुधार गृह ऐन कामय हुने गरी प्रचलित कानूनमा सुधार गर्नुपर्ने,
- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधिको कार्यान्वयन गर्ने क्रममा अपराध पीडित संरक्षण ऐन, सजाय निर्धारण ऐन, कारागार ऐन लगायतका प्रचलित कानूनमा पीडितले आफ्नो धारणा राख्न पाउने लगायतको भूमिका स्पष्ट व्यवस्था भएको नदेखिदा ती कानूनमा संशोधन गर्नुपर्ने,

- सजाय निर्धारण ऐनमा कैद सजाय निलम्बन, प्यारोल र कैद कट्टा सम्बन्धी प्रावधानमा कायम भएका नकारात्मक सूचीहरू मध्येबाट low risk, petty and low gravity crime हरूलाई हटाउने गरी ऐनमै संशोधन गर्नुपर्ने,
- सुधारात्मक दण्ड प्रणालीका प्रोवेशन र प्यारोल विधि अवधारणात्मक रूपमै भिन्न भए तापनि प्रचलित सजाय निर्धारण ऐनमा एउटै प्रोवेशन तथा प्यारोल बोर्डको गठन तथा सो बोर्डको काम, कर्तव्य, अधिकार तोकिएको अवस्था एवं प्रोवेशन अधिकृत र प्यारोल अधिकृतको दायित्व, भूमिका र जिम्मेवारी फरक फरक हुने भए तापनि नेपाल सरकारले प्रोवेशन वा प्यारोल अधिकृत तोक्ने विषयलाई एउटै विषय भए जसरी भएको कानूनी व्यवस्थामा संशोधन गर्नुपर्ने,
- माफी, मिनाहा र कैद कट्टीका विषय अलग-अलग भएकोले सोको यथोचित सम्बोधन हुने गरी प्रचलित कानूनमै संशोधन हुनुपर्ने,
- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विद्यमान कानूनी प्रावधानहरू कार्यान्वयनमा आएपछि कैद कट्टा हुन सक्ने प्रावधान असान्दर्भिक हुने भएकोले सजाय निर्धारण ऐनमा भएको सो प्रावधान खारेज गर्न उपयुक्त हुने,
- प्रचलित कानूनमा व्यवस्था भएका सामुदायिक सेवा गर्न, सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न, खुला कारागारमा राख्न सकिने, कैद बापत शारीरिक श्रममा लगाउन सकिने लगायतको कानूनी व्यवस्थाको कार्यान्वयन गर्न निर्णयकर्ताले आवश्यकता अनुसार सुधारात्मक दण्ड प्रणालीका उपयुक्त विधि वा पद्धति मध्ये कुनै एक विधि अनुरुप कुनै कसूरदारलाई कैदमा नराखी विद्युतीय निगरानी यन्त्रको प्रयोग गरी विकास निर्माण सम्बन्धी कार्य, परोपकारी र स्वयंसेवक सम्बन्धी कार्य, अध्यापन समेतको कार्य गर्नुपर्ने समेतको शर्त राखी निश्चित स्थानमा सीमित हुने, सम्बन्धित सामुदायिक प्रहरीको निगरानीमा रहने र राहदानी, नागरिकता, बैंक खाता समेतमा सीमित नियन्त्रण हुने गरी कसूरदारलाई छाड्न सक्ने तथा त्यसरी छुटेको व्यक्तिले तोकिएको ढाँचामा निश्चित अन्तरालमा स्वयं प्रतिवेदन बुझाउनु पर्ने र सो को आधारमा थप निर्णय गर्न सक्ने गरी कानूनमा संशोधन गर्नुपर्ने,
- नेपालमा प्रचलनमा रहेको कसूरदारलाई जीवित रहेसम्म कैद हुने प्रावधान मृत्युदण्डको सजाय भन्दा पनि कठोर, भयानक र अमानवीय भएकोले सोको बिकल्पमा ३० वर्ष कैद हुने गरी प्रचलित कानूनमै संशोधन गर्नुपर्ने,
- कुनै पनि कसूरदारले गलत र दोहोरो पहिचानको आधारमा आफूले गरेको कसूरको सजायबाट उन्मुक्ति लिनसक्ने संभावनालाई निस्तेज पार्न राष्ट्रिय परिचयपत्रलाई कसूरदारको जैविक र अन्य विवरणसँग आवद्ध गरी अभिलेख अध्यावधिक गर्ने गरी कानून निर्माण गर्नुपर्ने,
- प्रचलित नेपाल कानूनमा व्यवस्था गरिएका सुधारात्मक दण्ड प्रणाली सम्बन्धी सबै विधिहरूको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि मूलतः ती विधिहरू सम्बन्धी आधारभूत सिद्धान्त,

विधिशास्त्रीय मान्यता, अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था, अन्य मुलुकले अवलम्बन गरेका असल अभ्यास, अदालतबाट प्रतिपादित सिद्धान्तहरु समेतका आधारमा आवश्यक पर्ने सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधिहरु सम्बन्धी छुट्टाछुट्टै नीतिहरू, कार्यविधिहरू, कैदीबन्दीलाई ती विधिहरूमा राख्ने मापदण्डहरू, ती विधिहरूमा राख्ने मापदण्डहरू कार्यान्वयन मार्गदर्शनहरू, ती विधिहरूमा राखिएका कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरू र ती उल्लंघन गरे बापत कैदीबन्दीले बहन गर्नुपर्ने दायित्व समेतको व्यवस्था हुनुपर्ने, जसमा समेटिनु पर्ने मूलभूत विषयहरूलाई देहायका छुट्टाछुट्टै शीर्षकमा बुँदागत रूपमा प्रस्तुत गरिएको छः

## १. प्रोवेशन सम्बन्धी

- सजाय निर्धारण ऐनमा भएको प्रोवेशन सम्बन्धी व्यवस्था नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तत्काल लागू गर्नुपर्ने तथा सो व्यवस्था लागू हुनु पूर्व प्रोवेशन सम्बन्धी कार्यान्वयन संयन्त्र, नीति, योजना, कार्यविधि, कैदीबन्दीलाई प्रोवेशनमा छाड्ने मापदण्ड, सो मापदण्ड कार्यान्वयन मार्गदर्शन, प्रोवेशनमा छाडिएका कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरु र ती उल्लंघन गरे बापत बहन गर्नुपर्ने दायित्व समेत निर्माण गरी लागू गर्नुपर्ने,
- प्रोवेशन लागू हुने अवस्था, यसको कार्यान्वयन प्रक्रिया र शर्त उल्लङ्घन गरेमा व्यहोर्नु पर्ने दायित्व समेतका व्यवस्था समावेश हुने गरी lex-specialis प्रोवेशन कानून निर्माण गरी लागू गर्नुपर्ने वा सोही अनुरूप विद्यमान कानूनमा संशोधन गर्नुपर्ने,
- प्रोवेशन विधि लागू हुने पूर्वावस्थामा निम्न कुरा समावेश गर्नुपर्नेः
  - सजायको गम्भीरता (Severity of Offense),
  - व्यक्तिगत र सामाजिक अवस्था (Personal and Social Circumstances), बालबालिका, महिला, वृद्ध वा शारीरिक रूपमा अशक्त व्यक्ति,
  - सुधारयोग्य व्यक्तिलाई पुनः समाजमा फर्काउने सम्भावना भएमा,
  - समुदायमा पुनः समावेशीकरण स्थिति (Reintegration Potential) ।
- प्रोवेशन विधि कार्यान्वयन कार्यविधि वा प्रक्रिया Modus Operandi मा निम्न कुरा समावेश गर्नुपर्नेः
  - प्रोवेशनमा छाडिएको व्यक्तिले समय समयमा प्रोवेशन अधिकृत समक्ष प्रतिवेदन बुझाउनु पर्ने
  - प्रोवेशन अधिकृतले निरन्तर रूपमा त्यसरी छाडिएको व्यक्तिको निगरानी (Supervision by Probation Officer) गर्नुपर्ने,
  - प्रोवेशनमा छाडिएकाहरूको निगरानीको लागि ICT tecniques प्रयोग गर्न सक्ने,

➢ प्राप्त प्रतिवेदन, निगरानी र जोखिम मूल्यांकन समेतको आधारमा प्रोवेशन अधिकृतले प्रोवेशनमा छाडिएको व्यक्तिको बारेमा अदालतलाई आवधिक वा नियमित प्रतिवेदन (Periodic Reporting) बुझाउनु पर्ने ।

- प्रोवेशनमा छाडिएका कसूरदारले पालना गर्नु पर्ने शर्तहरूमा निम्न कुरा समावेश गर्नुपर्नेः
  - ➢ पुनः अर्को कुनै कसूरमा संलग्न नहुने,
  - ➢ अदालत वा प्रोवेशन अधिकृतले तोकिएको समयमै प्रतिवेदन दिने,
  - ➢ लागू औषध, मदिरा वा गैरकानूनी गतिविधिबाट टाढा रहने,
  - ➢ पुनर्स्थापना कार्यक्रम वा पुनःशिक्षा कोर्समा सहभागी हुने,
  - ➢ निर्दिष्ट ठाउँ नछाड्ने वा अदालतको अनुमतिविना विदेश यात्रा नगर्ने,
  - ➢ पीडितलाई क्षतिपूर्ति दिने (यदि आवश्यक छ भने) ।
- प्रोवेशनको शर्त उल्लंघन गर्ने कसूरदारले व्यहोर्नु पर्ने दायित्व अन्तर्गत निम्न विषय समावेश गर्नुपर्नेः
  - ➢ प्रोवेशन खारेज (Revocation of Probation): अदालतले प्रोवेशन रद्द गरी पूर्ण कैद सजाय लागू गर्ने,
  - ➢ थप कडा शर्तहरू (Stricter Conditions): निगरानी बढाइने वा पुनर्स्थापना कार्यक्रम अनिवार्य गर्ने,
  - ➢ अतिरिक्त जरिवाना (Additional Fines): प्रोवेशन अवधि लम्ब्याइने वा आर्थिक दण्ड लगाउने ।

**२. प्यारोल सम्बन्धी**

- प्यारोल विधि लागू हुने अवस्था, यसको कार्यान्वयन प्रक्रिया र शर्त उल्लङ्घन गरेमा व्यहोर्नु पर्ने दायित्व समेतका व्यवस्था समावेश हुने गरी lex-specialis प्यारोल कानून निर्माण गरी लागू गर्नुपर्ने वा सोही अनुरूप विद्यमान कानूनमा संशोधन गर्नुपर्ने,
- नेपालमा प्यारोल सम्बन्धी व्यवस्था हाल लागू भएपनि सोको थप प्रभावकारिताको लागि प्यारोल सम्बन्धी कार्यान्वयन संयन्त्र, नीति, योजना, कार्यविधि, कैदीबन्दीलाई प्यारोलमा छाड्ने मापदण्ड, सो मापदण्ड कार्यान्वयन मार्गदर्शन, प्यारोलमा छाडिएका कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरु र ती उल्लंघन गरे बापत बहन गर्नुपर्ने दायित्व समेत निर्माण गरी लागू गर्नुपर्नेमा केही काम बाँकी रहेका छन् भने केहीमा थप सुधारको गुञ्जाइस रहेकोले सो प्रयोजनको लागि सुझाव दिइएको छ,
- प्यारोल लागू हुने पूर्वावस्थामा निम्न कुरा समावेश गर्नुपर्नेः
  - ➢ सजायको एक निश्चित भाग पूरा गरिसकेको (Completion of a Certain Sentence),

- सुधारको सम्भावना देखिएको (Demonstrated Rehabilitation),
- गंभीर जोखिम नभएको (No Serious Threat to Society),
- पहिलेदेखि नै कैदी सुधारको प्रक्रिया भित्र रहेको (Prior Engagement in Rehabilitation Programs) ।

- क्यानाडा (Canadian Parole Board System) : सार्वजनिक सुरक्षालाई ध्यानमा राखी जोखिम मूल्यांकनमा आधारित प्यारोल निर्णय लिने परम्परा स्थापित भएको देखिन्छ,
- प्यारोल विधि कार्यान्वयन कार्यविधि वा प्रक्रिया Modus Operandi मा निम्न कुरा समावेश गर्नुपर्नेः
  - प्यारोलमा छाडिएको व्यक्तिले समय समयमा प्यारोल अधिकृत समक्ष प्रतिवेदन बुझाउनु पर्ने
  - प्यारोल अधिकृतले निरन्तर रूपमा त्यसरी छाडिएको व्यक्तिको निगरानी (Supervision by Parole Officer) गर्नुपर्ने,
  - प्यारोलमा छाडिएकाहरूको निगरानीको लागि ICT tecniques प्रयोग गर्न सक्ने,
  - प्राप्त प्रतिवेदन, निगरानी र जोखिम मूल्यांकन समेतको आधारमा प्यारोल अधिकृतले प्यारोलमा छाडिएको व्यक्तिको बारेमा अदालतलाई आवधिक वा नियमित प्रतिवेदन (Periodic Reporting) बुझाउनु पर्ने ।
- प्यारोलमा रहेको कसूरदारले पालना गर्नु पर्ने शर्तहरूमा निम्न कुरा समावेश गर्नुपर्नेः
  - पुनः कुनै अर्को कसूरमा संलग्न नहुने (No New Offenses) प्रतिवद्धता,
  - निश्चित स्थानमै बसोबास गर्ने (Residing at a Designated Location),
  - प्यारोल अधिकृतसँग नियमित सम्पर्क राख्ने (Regular Contact with Parole Officer),
  - लागू औषध तथा मदिरा सेवन नगर्ने (No Drug or Alcohol Abuse), रोजगारी वा सुधारात्मक गतिविधिमा संलग्न हुने (Engagement in Employment or Rehabilitation Activities),
  - पीडित वा पीडितको परिवारसँग सम्पर्क नगर्ने (No Contact with Victims or Their Families),
  - विदेश यात्रा वा देश छोड्न नपाउने (No Unauthorized Travel) ।
- प्यारोलको शर्त उल्लंघन गर्ने कसूरदारले व्यहोर्नु पर्ने दायित्व अन्तर्गत निम्न विषय समावेश गर्नुपर्नेः
  - प्यारोल खारेज (Revocation of Parole) : अदालतबाट प्यारोलमा छाड्ने आदेशलाई रद्द गरी अपराधीलाई पुनः कारागारमै फर्काइने,

- थप कारावास अवधि (Additional Imprisonment Period) : उल्लंघनको गम्भीरता हेरी थप कारावासको अवधि तोकिने,
- अतिरिक्त निगरानी (Increased Supervision) : प्यारोलको अवधि लम्ब्याइने वा थप कडा निगरानी गरिने,
- अतिरिक्त आर्थिक जरिवाना (Monetary Penalties) : उल्लंघन अनुसार आर्थिक दण्ड तोकिने।
- अष्ट्रेलियन प्यारोल बोर्ड (Australian Parole Board) ले प्यारोल उल्लङ्घन गरेमा तुरुन्त कारबाहीको नीति लिएको।

## ३. खुला कारागार सम्बन्धी

- सजाय निर्धारण ऐन र कारागार ऐनमा भएको खुला कारागार सम्बन्धी व्यवस्था नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तत्काल लागू गर्नुपर्ने तथा सो व्यवस्था लागू हुनु पूर्व खुला कारागार सम्बन्धी कार्यान्वयन संयन्त्र, नीति, योजना, कार्यविधि, कैदीबन्दीलाई खुला कारागारमा छाड्ने मापदण्ड, सो मापदण्ड कार्यान्वयन मार्गदर्शन, खुला कारागारमा छाडिएका कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरु र ती उल्लंघन गरे बापत बहन गर्नुपर्ने दायित्व समेत निर्माण गरी लागू गर्नुपर्ने,
- खुला कारागार विधि लागू हुने अवस्था, यसको कार्यान्वयन प्रक्रिया र शर्त उल्लङ्घन गरेमा व्यहोर्नु पर्ने दायित्व समेतका व्यवस्था समावेश हुने गरी lex-specialis खुला कारागार सम्बन्धी कानून निर्माण गरी लागू गर्नुपर्ने वा सोही अनुरूप विद्यमान कानूनमा संशोधन गर्नुपर्ने,
- खुला कारागार विधि लागू हुने पूर्वावस्थामा निम्न कुराहरू समावेश गर्नुपर्नेः
  - व्यवहारिक मूल्यांकन: कैदीको सुधारको स्तर, राम्रो आचरण तथा पुनर्स्थापनाको सम्भावनाका आधारमा छनौट गर्नुपर्ने,
  - समाजमा पुनः एकीकरण: कम जोखिमयुक्त तथा सुधारमुखी कैदीहरूलाई पुनः समाजमा घुलमिल गराउने उद्देश्य राख्नुपर्ने,
  - स्वास्थ्य तथा मानसिक अवस्था: मानसिक रूपमा स्वस्थ र आत्मनिर्भर कैदीहरूलाई मात्र समावेश गर्नुपर्ने,
  - आर्थिक तथा पारिवारिक सम्बन्ध: परिवारमा फर्किने सम्भावना भएका तथा आर्थिक रूपमा आत्मनिर्भर हुन सक्ने कैदीलाई प्राथमिकता दिनुपर्ने ।
- खुला कारागार विधि कार्यान्वयन कार्यविधि वा प्रक्रिया Modus Operandi मा निम्न कुरा समावेश गर्नुपर्नेः
  - अर्ध-स्वतन्त्रता प्रणाली: खुला कारागारमा छाडिएको कैदीले निश्चित समयमा रिपोर्टिङ गर्नुपर्ने तर निजलाई काम, तालिम वा अध्ययनको लागि बाहिर जाने अनुमति दिनुपर्ने,

- सामुदायिक निगरानी: खुला कारागारमा छाडिएको कैदीलाई स्थानीय प्रशासन, प्रहरी र समाजसेवी संस्थाहरूको निगरानी तथा सहयोग हुनुपर्ने,
- व्यावसायिक तालिम र रोजगार: खुला कारागारमा छाडिएको कैदीलाई सीपमूलक तालिम प्रदान गरी समाजमा पुनः एकीकरण गर्न सहजीकरण गर्नुपर्ने,
- आचारसंहिता र दैनिक नियम: खुला कारागारमा छाडिएको कैदी उपर निश्चित घडी अनुसार काम गर्ने, कामबाट फर्किने तथा निगरानीमा रहने प्रणाली लागू गर्नुपर्ने, जसका लागि Open Prison Management Information System प्रयोगमा ल्याउनु पर्ने,
- टेक्नोलोजीको प्रयोग: नर्वेजियन मोडेल जस्तो GPS ट्र्याकिङ, बायोमेट्रिक रिपोर्टिङ तथा डिजिटल निगरानीमा राख्ने पद्धति अनुशरण गर्नुपर्ने ।

- खुला कारागारमा छाडिने कैदीले पालना गर्नुपर्ने शर्तहरूमा निम्न कुरा समावेश गर्नुपर्ने:
  - कारागार प्रशासकले खुला कारागारमा छाडिने प्रत्येक कैदीसँग छुट्टाछुट्टै Reform Gentlemen Agreement गर्नुपर्ने र खुला कारागार सम्बन्धी नियम पालना गर्ने प्रतिबद्धता जनाउनु पर्ने,
  - खुला कारागारमा छाडिने कैदीले कुनै अवैध गतिविधिमा संलग्न हुन नहुने, लागू पदार्थको सेवन गर्न नहुने तथा तोकिएको क्षेत्रमा मात्र रहनु पर्ने,
  - खुला कारागारमा छाडिने कैदीले तोकिएको समयमा निगरानी संयन्त्र वा निकायमा हाजिर हुनुपर्ने,
  - खुला कारागारमा छाडिने कैदीलाई स्थानीय समुदायसँग समायोजन गर्नुपर्ने र निजले सामाजिक उत्तरदायित्व समेत बहन गर्नुपर्ने,
  - खुला कारागारमा छाडिने कैदीले अनिवार्य रूपमा शिक्षा तथा पुनर्स्थापनासँग सम्बन्धित तालिम लिनुपर्ने।
- खुला कारागारको शर्त उल्लंघन गर्ने कसूरदारले व्यहोर्नु पर्ने दायित्व अन्तर्गत निम्न विषय समावेश गर्नुपर्ने:

| उल्लंघनको किसिम | लागू हुने अवस्था | कसूरदारले व्यहोर्नु पर्ने दायित्व |
|---|---|---|
| सामान्य उल्लंघन | नियमित रिपोर्टिङ नगर्ने | चेतावनी तथा निगरानी कडा गर्ने, पुनः मूल्यांकन गरी कठोर नियम लागू गर्ने |
| | सामान्य अनुशासन उल्लंघन गर्ने | |

| | | |
|---|---|---|
| मध्यम उल्लंघन | अनुमति बिना तोकिएको क्षेत्र बाहिर जाने | खुला कारागारको सुविधा खोसिने<br>पुनः बन्द कारागारमा फर्काइने<br>थप निगरानी गर्ने र मनोवैज्ञानिक परामर्श गराउने |
| | सामाजिक उत्तरदायित्व बहन नगर्ने | |
| गम्भीर उल्लंघन | फरार हुने | थप कानूनी कारबाही गर्ने र अतिरिक्त दायित्व थपिने,<br>पुनः खुला कारागारको मौका नदिइने,<br>निगरानी सख्त बनाइने |
| | पुनः अपराधमा संलग्न हुने | थप कानूनी कारबाही गर्ने र अतिरिक्त दायित्व थपिने, |
| | हिंसा गर्ने | थप कानूनी कारबाही र अतिरिक्त सजाय थपिने, |

**४. सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने सम्बन्धी**

- सजाय निर्धारण ऐनमा भएको सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने सम्बन्धी व्यवस्था नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तत्काल लागू गर्नुपर्ने तथा सो व्यवस्था लागू हुनु पूर्व सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने सम्बन्धी कार्यान्वयन संयन्त्र, नीति, योजना, कार्यविधि, कैदीबन्दीलाई सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने सुविधा प्रदान गर्ने मापदण्ड, सो मापदण्ड कार्यान्वयन मार्गदर्शन, सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने सुविधा प्रदान गर्ने गरी छाडिएका कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरु र ती उल्लंघन गरे बापत बहन गर्नुपर्ने दायित्व समेत निर्माण गरी लागू गर्नुपर्ने,
- सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने विधि लागू हुने अवस्था, यसको कार्यान्वयन प्रक्रिया र शर्त उल्लङ्घन गरेमा व्यहोर्नु पर्ने दायित्व समेतका व्यवस्था समावेश हुने गरी lex-specialis सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने सम्बन्धी कानून निर्माण गरी लागू गर्नुपर्ने वा सोही अनुरूप विद्यमान कानूनमा संशोधन गर्नुपर्ने,

- सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने विधि लागू हुने पूर्वावस्थामा निम्न कुरा समावेश गर्नुपर्नेः
    - कमगम्भीर वा गैर-हिंसात्मक कसूर (Non-violent & Petty Offences) मा दोषी ठहर भएका कैदीहरूले मात्र यो सुविधा प्राप्त गर्न सक्ने,
    - आर्थिक अपराध, प्रशासनिक त्रुटि वा सामाजिक सेवा बिकल्प भएका कसूरहरू,
    - कामकाजी वा विद्यार्थीहरू, जसको दैनिक जीवनमा गम्भीर असर नपरोस्,
    - विशेष परिस्थितिमा (जस्तैः एकल आमाबुवा, अशक्त व्यक्ति वा घरमा नाबालक छोराछोरी भएको) ।
- सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने विधिको कार्यविधि वा प्रक्रिया *Modus Operandi* मा निम्न कुरा समावेश गर्नुपर्नेः
    - विशेष इलेक्ट्रोनिक निगरानी प्रणाली वा हस्ताक्षर उपस्थितिको व्यवस्था,
    - सम्बन्धित व्यक्ति निश्चित समय (जस्तैः शुक्रबार राति ८ बजे देखि आइतबार बिहान ६ बजे सम्म) कारागारमै बस्नु पर्ने,
    - यो सुविधा पाउने कैदी र नपाउने कैदीलाई छुट्टाएर राख्नु पर्ने ।
- सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने सुविधा प्राप्त गर्ने कैदीले पालना गर्नुपर्ने शर्तहरूमा निम्न कुरा समावेश गर्नुपर्नेः
    - अदालतले तोकेको समयसीमा र कारागारका नियमहरूको पूर्ण पालना अनिवार्य रूपमा गर्नुपर्ने,
    - निश्चित स्थान (जेल) बाहेक अन्यत्र जान नपाइने,
    - मदिरा, लागू औषध तथा अन्य गैरकानूनी गतिविधिमा संलग्न हुन नपाइने,
    - पुनः अर्को कुनै कसूर नगर्ने प्रतिबद्धता व्यक्त गर्नुपर्ने,
    - त्यस्तो सुविधा प्राप्त कैदीले रोजगारी वा अध्ययनस्थलबाट प्रमाण पेश गर्नुपर्ने।
- सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्ने सुविधा प्राप्त कैदीले पालना गर्नुपर्ने शर्त उल्लंघन गरेमा व्यहोर्नु पर्ने दायित्व अन्तर्गत निम्न विषय समावेश गर्नुपर्नेः
    - सम्पूर्ण कैद अवधि पूर्ण रूपमा नियमित कारागारमै बसी व्यतित गर्नुपर्ने,
    - आर्थिक जरिवाना वा अतिरिक्त समाजसेवा गर्नुपर्ने,
    - भविष्यमा कुनै पनि सुधारात्मक दण्ड प्रणाली सम्बन्धी बैकल्पिक सजायको अवसर प्राप्त नहुने,
    - ती शर्तहरूको गम्भीर उल्लङ्घनमा थप कानूनी कारबाही समेत हुने।

## ५. सुधार गृहमा पठाउने सम्बन्धी

- सजाय निर्धारण ऐनमा भएको सुधार गृहमा पठाउने सम्बन्धी व्यवस्था नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तत्काल लागू गर्नुपर्ने तथा सो व्यवस्था लागू हुनु पूर्व सुधार गृहमा पठाउने सम्बन्धी कार्यान्वयन संयन्त्र, नीति, योजना, कार्यविधि, कसूरदारलाई सुधार गृहमा पठाउने मापदण्ड, सो मापदण्ड कार्यान्वयन मार्गदर्शन, सुधार गृहमा राखिएका कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरु र ती उल्लंघन गरे बापत बहन गर्नुपर्ने दायित्व समेत निर्माण गरी लागू गर्नुपर्ने,
- सुधार गृहमा पठाउने विधि लागू हुने अवस्था, यसको कार्यान्वयन प्रक्रिया र शर्त उल्लङ्घन गरेमा व्यहोर्नु पर्ने दायित्व समेतका व्यवस्था समावेश हुने गरी lex-specialis सुधार गृहमा पठाउने सम्बन्धी कानून निर्माण गरी लागू गर्नुपर्ने वा सोही अनुरूप विद्यमान कानूनमा संशोधन गर्नुपर्ने,
- सुधार गृहमा पठाउने विधि लागू हुने पूर्वावस्थामा निम्न कुरा समावेश गर्नुपर्नेः
  - पहिलो पटक अपराध गरेका व्यक्तिः पहिलो पटक कसूर गर्ने दुई वर्ष वा सोभन्दा कम कैद सजाय पाएका कसूरदारहरूलाई सुधार गृहमा राख्न प्राथमिकता दिनुपर्ने,
  - अल्पवयस्क वा युवा कसूरदारहरूः १६-२५ वर्ष उमेर समूहका कसूरदारहरूलाई सुधारात्मक न्याय प्रणाली सम्बन्धी सुधार गृहमा राखी पुनर्स्थापना गर्ने जर्मन मोडल अवलम्बन गर्नुपर्ने,
  - मानसिक वा व्यवहारगत सुधार आवश्यक पर्ने व्यक्तिः नशामुक्ति, मानसिक स्वास्थ्य समस्याका कारण अपराध गर्ने वा समाजमा घुलमिल हुन नसक्ने व्यक्ति,
  - सामाजिक तथा आर्थिक रूपमा कमजोर वर्गः जसले जीवन-यापनको समस्याका कारण अपराध गरेका छन् (जस्तैः गरिबीका कारण चोरी, सानातिना ठगी अपराध आदि),
  - गर्भवती महिला वा सन्तान भएका महिलाः जसले आफ्नो सन्तानको पालनपोषणका लागि सुधार गृहमा बस्न पाउँदा परिवारलाई समेत सहयोग पुग्छ।
- सुधार गृहमा पठाउने विधिको कार्यविधि वा प्रक्रिया *Modus Operandi* मा निम्न कुरा समावेश गर्नुपर्नेः
  - अदालत, प्रोवेशन अधिकृत र सुधार गृह बीच समन्वयः सुधार गृह पठाउने प्रक्रिया अदालतको निर्णय, प्रोवेशन अधिकृतको सिफारिस र सुधार गृहको उपलब्ध क्षमताका आधारमा गरिनु पर्ने,
  - व्यक्तिगत मूल्यांकन (Individual Assessment): कसूरदारको सामाजिक, मानसिक, आर्थिक तथा पारिवारिक पृष्ठभूमि बुझी सुधार गृह उपयुक्त हुने नतिजा आए मात्र लागू गरिनु पर्ने।
- सुधार गृहमा रहने कैदीहरूको लागि निम्न पुनर्स्थापनामूलक कार्यक्रम **लागू गर्नुपर्नेः**

- मनोपरामर्श तथा मानसिक स्वास्थ्य सहयोग,
- रोजगारी तथा व्यावसायिक तालिम कार्यक्रम,
- शिक्षा तथा सामाजिक पुनःएकीकरण योजना।

- प्रोवेशन तथा प्यारोल बोर्डको अनुगमनः सुधार गृहमा रहेका कसूरदारको प्रगति मूल्यांकन गरी आवश्यक सुधार देखिएमा समय अगावै समाजमा पुनर्स्थापनाको सिफारिस गर्ने।
- सुधार गृहबाट बाहिर जाने सुविधा दिँदा GPS मा आधारित ट्र्याकिङ सिस्टम वा अन्य प्रविधि उपयोग गर्ने।
- सुधार गृहमा बस्ने सुविधा प्राप्त कैदीले पालना गर्नुपर्ने शर्तहरू उल्लंघन गरेमा व्यहोर्नु पर्ने दायित्व अन्तर्गत निम्न विषय समावेश गर्नुपर्नेः
  - कसूरदारको हकमा निर्धारण भएको पूर्ण कैद अवधि कारागारमा बसी भुक्तान गर्नुपर्ने,
  - अतिरिक्त सजाय वा आर्थिक जरिवाना बुझाउनु पर्ने,
  - सुधार गृहमा बस्ने सुविधा भविष्यमा पुनः नपाउने,
  - गम्भीर उल्लङ्घन गर्ने कैदीलाई थप मनोवैज्ञानिक मूल्यांकन गरी पुनर्स्थापनाको अन्य विकल्पहरू खोजिने,
  - सुधार गृहमा बस्दा पुनः अर्को कुनै कसूर गरेमा कैदीलाई थप सजाय तोकिन सक्ने ।

**६. पुनर्स्थापना केन्द्रमा पठाउने सम्बन्धी**

- सजाय निर्धारण ऐनमा भएको पुनर्स्थापना केन्द्रमा पठाउने सम्बन्धी व्यवस्था नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तत्काल लागू गर्नुपर्ने तथा सो व्यवस्था लागू हुनु पूर्व खुला कारागार सम्बन्धी कार्यान्वयन संयन्त्र, नीति, योजना, कार्यविधि, कैदीबन्दीलाई पुनर्स्थापना केन्द्रमा पठाउने मापदण्ड, सो मापदण्ड कार्यान्वयन मार्गदर्शन, पुनर्स्थापना केन्द्रमा रहने कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरु र ती उल्लंघन गरे बापत बहन गर्नुपर्ने दायित्व समेत निर्माण गरी लागू गर्नुपर्ने,
- पुनर्स्थापना केन्द्रमा पठाउने विधि लागू हुने अवस्था, यसको कार्यान्वयन प्रक्रिया र शर्त उल्लङ्घन गरेमा व्यहोर्नु पर्ने दायित्व समेतका व्यवस्था समावेश हुने गरी lex-specialis पुनर्स्थापना केन्द्रमा पठाउने सम्बन्धी कानून निर्माण गरी लागू गर्नुपर्ने वा सोही अनुरूप विद्यमान कानूनमा संशोधन गर्नुपर्ने,
- पुनर्स्थापना केन्द्रमा पठाउने विधि लागू हुने पूर्वावस्थामा निम्न कुरा समावेश गर्नुपर्नेः
  - पहिलो पटक लागू औषध प्रयोग वा मानसिक समस्याबाट ग्रस्त कसूरदारलाई कारागारको सट्टामा पुनर्स्थापना केन्द्रमा राखी सुधार गर्ने,

- ➢ १६-२५ वर्ष उमेर समूहका दुर्व्यसनी भएका कसूरदारहरूलाई कारागारको सट्टामा पुनर्स्थापना केन्द्रमा राखी सुधार गर्ने,
  - ➢ महिला, गर्भवती महिला वा सन्तान भएका महिला जो लागू औषध दुर्व्यसनमा दोषी करार भएका छन्, तिनीहरूलाई कारागारको सट्टामा पुनर्स्थापना केन्द्रमा राखी सुधार गर्ने।

- पुनर्स्थापना केन्द्रमा पठाउने विधिको कार्यविधि वा प्रक्रिया *Modus Operandi* मा निम्न कुरा समावेश गर्नुपर्नेः
  - ➢ व्यक्तिगत मूल्यांकन (Individual Assessment): कसूरदारको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच अनिवार्य रूपमा गर्नुपर्ने साथै निजको मनोवैज्ञानिक, सामाजिक र आर्थिक पृष्ठभूमि विश्लेषण गर्नुपर्ने,
  - ➢ प्रोवेशन अधिकृत, पुनर्स्थापना विशेषज्ञ र अदालत बीच समन्वयः कसूरदारलाई पुनर्स्थापना केन्द्रमा पठाउनु अघि प्रोवेशन अधिकृतको सिफारिसलाई अनिवार्य गर्नुपर्ने, पुनर्स्थापना केन्द्रबाट नियमित प्रगति प्रतिवेदन अदालत वा सम्बन्धित निकायमा पेश गर्नुपर्ने,
  - ➢ पुनर्स्थापना केन्द्रमा निम्न सेवाहरू उपलब्ध हुनैपर्नेः मनोपरामर्श तथा परामर्शदाता सेवा, लागू औषध मुक्ति उपचार (Detoxification and Rehabilitation Program), रोजगारी तथा व्यावसायिक तालिम र सामाजिक पुनःएकीकरणका लागि प्रशिक्षण कार्यक्रम,
  - ➢ विद्युतीय निगरानी (Electronic Monitoring): पुनर्स्थापना केन्द्रमा पठाएको कसूरदारलाई बाहिर जानुपर्ने अवस्था भएमा GPS ट्र्याकिङ वा निगरानी प्रणाली अपनाउनु पर्ने।
- पुनर्स्थापना केन्द्रमा बस्ने सुविधा प्राप्त कैदीले पालना गर्नुपर्ने शर्तहरू उल्लंघन गरेमा व्यहोर्नु पर्ने दायित्व अन्तर्गत निम्न विषय समावेश गर्नुपर्नेः
  - ➢ सम्पूर्ण कैद अवधि कारागारमा भुक्तान गर्नु पर्ने,
  - ➢ थप उपचार वा निगरानी अनिवार्य गर्ने,
  - ➢ भविष्यमा पुनर्स्थापना केन्द्रमा रहने अवसर नदिने,
  - ➢ अतिरिक्त आर्थिक जरिवाना वा सामाजिक सेवा अनिवार्य गर्ने,
  - ➢ नयाँ अपराध गरे थप कानूनी कारबाही हुने ।
- नेदरल्यान्ड्स (Netherlands) मा लागू औषध दुर्व्यसनी कसूरदारहरूको लागि "Drug Courts" को व्यवस्था गरिएको छ, जसले पुनर्स्थापना केन्द्रमा पठाउने आदेश दिने गर्दछ। यो व्यवस्था नेपालमा समेत लागू गर्न उपयुक्त हुने देखिन्छ।
- Portugal मा जस्तो लागू औषध दुर्व्यसनी सम्बन्धी कसूरमा कैद सजायको सट्टा अनिवार्य पुनर्स्थापना कार्यक्रम (Mandatory Rehabilitation Program) लागू गर्न उपयुक्त हुने देखिन्छ।

### ७. सामुदायिक सेवा गर्न आदेश दिने सम्बन्धी

- सजाय निर्धारण ऐनमा भएको सामुदायिक सेवा गर्न आदेश दिने सम्बन्धी व्यवस्था नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तत्काल लागू गर्नुपर्ने तथा सो व्यवस्था लागू हुनु पूर्व सामुदायिक सेवा गर्न आदेश दिने सम्बन्धी कार्यान्वयन संयन्त्र, नीति, योजना, कार्यविधि, कैदीबन्दीलाई सामुदायिक सेवा गर्न आदेश दिने मापदण्ड, सो मापदण्ड कार्यान्वयन मार्गदर्शन, सामुदायिक सेवा गर्न आदेश भएका कैदीबन्दीले पालना गर्नुपर्ने शर्तहरु र ती उल्लंघन गरे बापत बहन गर्नुपर्ने दायित्व समेत निर्माण गरी लागू गर्नुपर्ने,
- सामुदायिक सेवा गर्न आदेश दिने सम्बन्धी विधि लागू हुने अवस्था, यसको कार्यान्वयन प्रक्रिया र शर्त उल्लङ्घन गरेमा व्यहोर्नु पर्ने दायित्व समेतका व्यवस्था समावेश हुने गरी l ex-speci al i s सामुदायिक सेवा गर्न आदेश दिने सम्बन्धी कानून निर्माण गरी लागू गर्नुपर्ने वा सोही अनुरूप विद्यमान कानूनमा संशोधन गर्नुपर्ने,
- सामुदायिक सेवा गर्न आदेश दिने विधि लागू हुने पूर्वावस्थामा निम्न कुरा समावेश गर्नुपर्नेः
  - ➢ युवा कसूरदारहरूको पुनर्स्थापनाका लागि सामुदायिक सेवा गर्न आदेश दिने विधि उपयोग गर्न सकिने,
  - ➢ शारीरिक रूपमा कारागारमा बस्न कठिन हुने तर समुदायमा सेवा दिन सक्ने कसूरदारहरूलाई सामुदायिक सेवा गर्न आदेश दिइने,
  - ➢ व्यावसायिक दक्षता भएका व्यक्ति जस्तैः शिक्षक, चिकित्सक, इन्जिनियर वा अन्य व्यवसायीहरूले आफ्नो सीप अनुसार समाजसेवा गर्न सक्ने।
- सामुदायिक सेवा गर्न आदेश दिने विधिको कार्यविधि वा प्रक्रिया *Modus Operandi* मा निम्न कुरा समावेश गर्नुपर्नेः
  - ➢ व्यक्तिगत मूल्यांकन (Individual Assessment)**:** कसूरदारको आर्थिक, सामाजिक र मानसिक अवस्थाको मूल्यांकन गर्नुपर्ने साथै निजको पूर्ववर्ती आचरण, अपराधको प्रकृति, पुनःअपराध गर्ने सम्भावनाको जाँच गर्नुपर्ने,
  - ➢ कसूरदारको सामुदायिक सेवाका लागि उपयुक्त क्षेत्र निर्धारण गर्नुपर्ने,
  - ➢ कसूरदारले गरेको सामुदायिक सेवाको प्रगति नियमित रूपमा मूल्यांकन गर्नुपर्ने,
  - ➢ कसूरदारले तोकिएको स्थानमा सेवा गरिरहेको छ वा छैन भनेर डिजिटल ट्र्याकिङ वा बायोमेट्रिक प्रणाली मार्फत् निगरानी गर्नुपर्ने,
  - ➢ समाजबाट निगरानी (Community Monitoring)**:** समुदायका प्रतिनिधिहरू मार्फत कसूरदारहरूको निगरानी राखी सेवा उल्लङ्घन गर्ने कसूरदारहरूको हकमा पुनःसमीक्षा गर्नुपर्ने,
  - ➢ NGO लाई समेत कसूरदारहरूको निगरानीका लागि परिचालन गर्न सकिने ।

- सामुदायिक सेवा गर्न आदेश प्राप्त कैदीले पालना गर्नुपर्ने शर्तहरू उल्लंघन गरेमा व्यहोर्नु पर्ने दायित्व अन्तर्गत निम्न विषय समावेश गर्नुपर्नेः
    - ➢ भविष्यमा सामुदायिक सेवाको सुविधा नदिने,
    - ➢ सामुदायिक सेवा नगरेमा कैद सजाय अनिवार्य रूपमा भुक्तान गर्नुपर्ने,
    - ➢ अतिरिक्त आर्थिक जरिवाना बुझाउनु पर्ने,
    - ➢ सामुदायिक सेवा गर्न आदेश प्राप्त गरेको अवधिमा नयाँ अपराध गरेमा थप कानूनी कारबाही हुने ।

## अनुसूची-१

## सुधारात्मक दण्ड प्रणाली सम्बन्धी नेपालको संवैधानिक र कानूनी प्रावधान

सुधारात्मक दण्ड प्रणालीका सम्बन्धमा वर्तमान नेपालको संविधान, विभिन्न विशेष ऐनहरू, विभिन्न संहिता कानूनहरू र अन्य प्रचलित नेपाल कानूनमा भएका प्रावधानहरूको निम्न बमोजिम चर्चा गरिएको छः

### १. संवैधानिक प्रावधान

नेपालको संविधानको प्रस्तावनामा मौलिक अधिकार, मानव अधिकार, स्वतन्त्र, सक्षम, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणामा प्रतिवद्ध रहने वाचा गरिएको पाइन्छ ।

नेपालको संविधानको भाग ३ को मौलिक हक अन्तर्गत धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक शीर्षकमा कसैलाई पनि मृत्युदण्डको सजाय दिनेगरी कानून नबनाइने प्रतिवद्धता जाहेर गरिएको छ । त्यसैगरी धारा १८ मा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक अवस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने हक, धारा २१ मा अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने, धारा २२ मा यातना विरुद्धको हक शीर्षकमा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, धारा २९ मा प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुने र कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने हक, धारा ३८ मा महिलाको हक अन्तर्गत महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य मनोवैज्ञानिक वा अन्य किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने प्रत्याभूति गरिएको छ । त्यसैगरी धारा ३९ मा बालबालिकाको हक शीर्षकमा कुनै पनि बालबालिकालाई शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने र त्यस्तो कार्य दण्डनीय हुने र सो बाट पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, धारा ४५ मा कुनै पनि नागरिकलाई देश निकाला नगरिने कुराको सुनिश्चित गरी सुधारात्मक दण्ड प्रणालीलाई आत्मसात् गरी परम्परागत र कठोर दण्डलाई निरुत्साहित गरी सुधारात्मक दण्ड प्रणालीमा विशेष जोड दिइएको पाइन्छ ।

नेपालको संविधानको भाग ४ को राज्यको नीतिहरू अन्तर्गत धारा ५१ को खण्ड (ट) मा उल्लिखित न्याय र दण्ड व्यवस्था सम्बन्धी नीति शीर्षकमा न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने र सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप,

मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अबलम्बन गर्ने व्यवस्था गरी सुधारात्मक दण्ड प्रणालीको सारलाई आत्मसात् गरिएको पाइन्छ ।

त्यसैगरी नेपालको संविधानको धारा ५२ को राज्यको दायित्व शीर्षकमा मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्बर्धन गर्ने राज्यको दायित्व हुने व्यवस्था गरी सुधारात्मक दण्ड प्रणालीलाई थप मजवुत र सुदृढ तुल्याउन संकल्प लिइएको पाइन्छ ।

साथै संघको अधिकारको सूची शीर्षकमा अनुसूची-५ को सि.नं. ३० मा फौजदारी कानून निर्माणको विषयलाई संघीय संसदको एकल अधिकार प्रदान गरिएको देखिन्छ ।

## २. कानूनी प्रावधान

### २.१ मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा भएका कानूनी व्यवस्था देहाय बमोजिम रहेका छन्:

(क) **सामुदायिक सेवा**

निःशुल्क रूपमा अस्पताल, वृद्धाश्रम, अनाथालय जस्ता संस्थामा सेवा गर्ने, निःशुल्क रूपमा सार्वजनिक वा सामुदायिक विद्यालयमा अध्यापन वा सेवा गर्ने, निःशुल्क रूपमा कुनै परोपकारी संघ संस्थाहरूमा काम गर्ने, अदालतले तोकिदिएको उपचारात्मक वा सुधारात्मक संघ संस्थामा उपस्थित हुने लगायको काम गर्ने जस्ता सेवा सामदुायिक सेवामा समावेश गरिएको छ । यो सेवा छ महिनासम्म कैद सजाय निर्धारण भएको कसूरदारका हकमा लागू हुन्छ ।[७४]

(ख) **कैद सजाय निलम्बन गर्ने**

एक वर्षभन्दा कम कैद निर्धारण भएको कसूरदारले पहिलो पटक कसूर गरेको र निजले गरेको कसूर, निजको उमेर, आचरण, कसूर गर्दाको परिस्थितिका आधारमा भएको कैद तत्काल कार्यान्वयन नगरी निलम्बन गर्न सक्ने व्यवस्था सजायको वैकल्पिक उपायको रूपमा रहेको छ ।[७५] कैद सजाय निलम्बन गर्दा कैद सजाय निर्धारण भएको मितिदेखि तीन वर्षसम्म निलम्बन गर्न सकिन्छ । निलम्बन अवधिभर शर्त पालना गरेमा निलम्बन अवधिको कैद भुक्तान गरेको मानिने र शर्त पालना नगरेमा उक्त कैद रद्द हुने व्यवस्था छ ।

(ग) **सुधार गृह**

दुई वर्ष वा दुई वर्षभन्दा कम कैदको सजाय भएको कसूरदारलाई निजले गरेको कसूर, निजको उमेर, आचरण, कसूर गर्दाको परिस्थिति विचार गर्दा निजलाई कारागारमा नपठाई सुधार गृहमा राख्न उपयुक्त देखिएमा प्रोवेशन अधिकृतको सिफारिसमा अदालतले सुधार गृहमा पठाउन सक्ने व्यवस्था गरिएको छ ।[७६]

---

७४ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन)** ऐन, २०७४ को दफा २२ ।

७५ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन)** ऐन, २०७४ को दफा २४ ।

७६ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन)** ऐन, २०७४ को दफा २५ ।

(घ) **पुनर्स्थापना केन्द्रमा पठाउन सकिने**

लागू औषधको सेवनको कसूरदार वा शारीरिक वा मानसिक दुर्वलताबाट पीडित कसूरदार वा अन्य यस्तै कसूरदारलाई निजको उमेर, कसूर गर्दाको परिस्थितिलाई विचार गर्दा निजलाई कारागारमा नपठाई पुनर्स्थापना केन्द्रमा पठाउन उपयुक्त देखिएमा प्रोवेशन अधिकृतको सिफारिसमा अदालतले त्यस्तो कसूरदारलाई पुनर्स्थापना केन्द्रमा पठाउन सक्ने व्यवस्था गरिएको छ ।[७७]

(ङ) **सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिने**

एक वर्षसम्म कैद निर्धारण भएको कसूरदारलाई निजले गरेको कसूर, निजको उमेर, कसूरको गम्भीरता र निजको आचरण समेतलाई विचार गर्दा नियमित रूपमा कैदमा राख्न उपयुक्त नदेखिएमा त्यसको कारण खोली अदालतले निजलाई सप्ताहको अन्तिम दिन मात्र वा दैनिक रूपमा रात्रिकालीन समयमा मात्र कारागारमा बस्न पर्ने गरी कैद निर्धारण गर्न सक्ने व्यवस्था रहेको छ ।[७८]

(च) **खुल्ला कारागार**

कैदीले तोकिएको समयमा आफूलाई राखिएको ठाँउभन्दा बाहिर समेत गई कुनै काम गर्न पाउने गरी नेपाल सरकारले तोकेको कुनै ठाउँ खुल्ला कारागार हो । कैद अवधिको दुई तिहाई अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कैदीलाई कारागार प्रमुखको सिफारिसमा सम्बन्धित जिल्ला न्यायाधीशले खुल्ला कारागारमा राख्ने आदेश दिन सक्ने व्यवस्था गरिएको छ ।[७९]

(छ) **प्यारोलमा राख्ने**

आफूलाई तोकिएको कैद सजायको दुई तिहाई अवधि भुक्तान गरिसकेको कैदीलाई बाँकी अवधि तोकिएको शर्त पालना गरी प्यारोल अधिकृतको निगरानीमा समाजमा जीवनयापन गर्न अनुमति दिइएको अवस्था प्यारोल हो । प्यारोल दण्ड सजायको वैकल्पिक र सुधारात्मक उपायको रूपमा मान्य रहेको छ । नेपाल कानूनमा एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तिहाई अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसूरदारलाई सम्बन्धित प्रोवेशन तथा प्यारोल बोर्डको सिफारिसमा जिल्ला अदालतको न्यायाधीशले प्यारोलमा राख्ने आदेश दिन सक्ने व्यवस्था गरिएको छ ।[८०] जन्मकैदको सजाय पाएको, भ्रष्टाचारको कसूरमा सजाय पाएको, जबरजस्ती करणीको कसूरमा सजाय पाएको लगायत गम्भीर कसूरमा सजाय पाएकोलाई प्यारोलमा राख्न सकिदैन । प्यारोलमा राख्ने आदेश गर्दा प्यारोलमा रहेको अवधिमा प्रोवेशन तथा प्यारोल बोर्डले निर्धारण गरेका शर्तहरू समेत तोकी दिनुपर्ने हुन्छ । शर्तहरू सम्बन्धित कसूरदारले पालना गरे वा नगरेको अनगुमन प्यारोल अधिकृतले गर्दछ । प्यारोलमा रहेको कसूरदारले तोकिएको शर्त पालना गरेमा तोकिएको कैद सजाय भुक्तान भएको मानिन्छ । प्यारोलमा रहेको कसूरदारले शर्त पालना नगरेमा वा कैदमा बसेको अवधिमा कैद

---

७७ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,** २०७४ को दफा २६ ।

७८ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,** २०७४ को दफा २७ ।

७९ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,** २०७४ को दफा २८ ।

८० **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,** २०७४ को दफा २९ ।

सजाय हुने कुनै अर्को कसूर गरेमा निजले आफूलाई तोकिएको बाँकी कैद सजाय कारागारमा बसी भुक्तान गर्नुपर्ने हुन्छ ।

(ज) **कैद बापत शारीरिक श्रममा लगाउने**

कैद बापत शारीरिक श्रममा लगाउने व्यवस्था सजायको वैकल्पिक उपायको रूपमा स्वीकार गरिएको छ । जस अनुसार तीन वर्ष वा तीन वर्षभन्दा बढी कैदको सजाय पाएको अठार वर्षभन्दा बढी उमेरको र शारीरिक रूपमा स्वस्थ्य रहेको कसूरदारले चाहेमा निजलाई कारागारले सार्वजनिक कामको लागि शारीरिक श्रममा लगाउन सक्ने व्यवस्था गरिएको छ ।[८१] सार्वजनिक कामको लागि शारीरिक श्रममा लगाइएको कसूरदारले प्रति तीन दिन श्रम गरे बापत थप एक दिनको दरले निजको कैद कट्टा हुने व्यवस्था गरिएको छ ।

(झ) **सामाजिकीकरण गराउने**

एक वर्षभन्दा बढी अवधिको कैद सजाय पाई कैद भुक्तान गरिरहेको र राम्रो आचरण भएको कसूरदारलाई निजलाई तोकिएको कैद अवधि भुक्तान हुनुभन्दा छ महिना अगावै कारागारले मासिक वा दैनिक रूपमा सामाजिकीकरणका लागि कारागारबाट छोड्न सक्ने व्यवस्था गरिएको छ ।[८२]

(ञ) **कैद कट्टा गर्ने**

नकारात्मक सूचीमा उल्लिखित कसूर बाहेकका कसूरदारको कैदमा रहँदा चालचलनमा सुधार आएमा र निजले तोकिएको कैदको पचास प्रतिशत सजाय भुक्तान गरेमा बाँकी कैद सजाय कट्टा गर्न सकिने व्यवस्था गरिएको छ ।[८३] कैद कट्टा नियमावली, २०७६ ले कैद कट्टा सम्बन्धी प्रक्रिया निर्धारण गरेको छ ।

(ट) **कैद बापत रकम तिर्न सकिने**

कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको मुद्दामा कसूरदारको उमेर, कसूरको गम्भीरता, कसूर गरेको तरिका, आचरण समेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्ने समेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यस बापत रकम लिई कैदबाट छाडिदिन उपयुक्त ठहऱ्याएमा कैद बापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्ने व्यवस्था गरिएको छ ।[८४] यस्तो सुविधा पाएको कसूरदारले कैद बापत रकम बुझाउँदा एक दिन कैदको तीन सय रुपियाँका दरले रकम बुझाउनुपर्ने व्यवस्था गरिएको छ । एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय पाई थुना वा कैदमा रहे बसेको विदेशी नागरिकले कैदको सट्टा रकम तिरी कैदबाट छुटकारा पाउन निवेदन दिएमा अदालतले मुलुकी कार्यविधि फौजदारी संहिताको दफा १५९ (४) मा उल्लिखित भ्रष्टाचार, यातना, जवरजस्ती करणी, क्रुर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको, तेजाब वा अन्य ज्वलनशील पदार्थ प्रयोग

---

८१ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४,** दफा ३१ ।

८२ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४,** दफा ३० ।

८३ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४,** दफा ३७ ।

८४ **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४** को दफा १५५ ।

गरी ज्यान मारेको वा अंगभंग गरेको वा शारीरिक क्षति पुऱ्याएको, जाति हत्या, विष्फोटक पदार्थ, अपहरण, शरीर बन्धक वा व्यक्ति बेपत्ता, मानव बेचबिखन ओसारपसार, सम्पत्ति शुद्धिकरण र तीन वर्षभन्दा बढी कैद सजाय हुने लागू औषधको ओसारपसार कारोवार सम्बन्धी कसूर बाहेक अन्य कसूरका कसूरदारलाई कैद सजाय बापत प्रतिदिन पाँच सय रुपियाँका दरले हुन आउने रकम एकमुष्ट तोकी त्यस्तो रकम बुझाएमा भने बाँकी अवधि कैदमा बस्नु नपर्ने गरी आदेश दिन सक्ने व्यवस्था गरिएको छ ।

(ठ) **ठूलो सजाय भुक्तान गरे सजाय भुक्तान गरेको मानिने**

सजाय कार्यान्वयनको सम्बन्धमा नेपालको फौजदारी कानूनी प्रणालीले ठूलो सजायमा सानो सजाय समाहित हुने पद्धति (Concurrent Model) लाई नियमको रूपमा र ठूलो सजायमा सानो सजाय जोडिने पद्धति (Consecutive Model) लाई अपवादको रूपमा प्रयोग गरी आएको अवस्था छ ।[८५] कुनै व्यक्तिले एउटै वारदातमा एकभन्दा बढी कसूर गरेमा त्यस्तो व्यक्तिले एकीकृत कसूर गरेको मानिने र एकीकृत कसूर गर्ने कसूरदारलाई सजाय गर्दा सबैभन्दा बढी सजाय हुने कसूर बापतको सजाय र त्यस पछिको अधिकतम सजाय हुने अर्को कसूर बापतको सजायको आधा सजाय थप गरी सजाय गर्नुपर्ने व्यवस्था गरिएको छ ।[८६] त्यसैगरी एकभन्दा बढी कसूरको सजाय निर्धारण गर्दा प्रत्येक कसूरका लागि छुट्टाछुट्टै सजाय निर्धारण गर्नुपर्ने,[८७] कैद सजाय कार्यान्वयन गर्दा एकै व्यक्तिलाई एउटै मुद्दामा विभिन्न कैद सजाय भएकोमा त्यस्तो मध्ये सबैभन्दा बढी कसूरको कैदको सजाय मात्र कार्यान्वयन गर्नुपर्ने[८८] समेत व्यवस्था गरिएको छ ।

(ड)**कैद सजायलाई अन्तिम विकल्प वा उपायको रूपमा मात्र प्रयोग गर्नुपर्ने**

सजायको सुधारात्मक सिद्धान्त अनुसार अन्य सजाय नै पर्याप्त र उपयुक्त भएमा कैद सजाय गर्नु हुँदैन । कैद गर्नै पर्ने अवस्था भएमा जति कम मात्रामा कैद सजाय गर्न सकिन्छ, त्यति कैद सजाय गर्नु पर्छ भन्ने नै यो सिद्धान्तको सार हो । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १४ (ङ) मा कसूरको अनुपातमा अन्य सजाय नै पर्याप्त हुने देखिएमा कैद सजाय नगर्ने तथा दफा २३ मा अन्य सजाय पर्याप्त नभए कैद सजाय गर्नुपर्ने व्यवस्था गरी यो सिद्धान्तलाई स्वीकार गरिएको छ ।

## २.२ अपराध पीडित संरक्षण ऐन, २०७५

सुधारात्मक दण्ड प्रणाली अन्तर्गत कसूरदारको मात्र पुनर्स्थापना र सुधारका विषय नसमेटी अपराध पीडितको क्षतिपूर्ति सहितको न्याय र पुनर्स्थापनाका विषय समेत समेटिने गर्दछन् । यस ऐनमा सुधारात्मक दण्ड प्रणाली सम्बन्धी सुधारका विभिन्न आयामलाई समेट्ने प्रयास गरिएको छ । ऐनमा मुलतः फौजदारी न्यायिक प्रक्रियामा पीडितका अधिकार अन्तर्गत स्वच्छ व्यवहार पाउने, भेदभाव विरुद्धको, गोपनीयताको, अनुसन्धान, अभियोजन र न्यायिक कारबाही सम्बन्धी सूचनाको, सुरक्षित हुन

८५ श्रीप्रकाश उप्रेती, **फौजदारी न्यायः सिद्धान्त र प्रयोग,** २०८०, पैरवी बुक हाउस प्रा.लि., काठमाडौं, पृ.२५३ ।

८६ **मुलुकी अपराध संहिता,** २०७४ को दफा ४३ ।

८७ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,** २०७४ को दफा ११ ।

८८ **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,** २०७४ को दफा ३६ ।

पाउने, धारणा व्यक्त गर्ने, कानून व्यवसायी राख्न पाउने, सुनुवाइमा उपस्थित र सहभागिताको, सम्पत्ति फिर्ता पाउने, मुद्दाका सम्बन्धमा छलफल गर्ने, क्षतिपूर्ति तथा सामाजिक पुनर्स्थापनाको समेतका अधिकार[८९]को प्रत्याभूतिका साथै पीडितका कर्तव्य अन्तर्गत समयमै कसूरका सम्बन्धमा जाहेरी वा सूचना दिने, अनुसन्धान र अभियोजन अधिकारीलाई सहयोग गर्ने, कसूरमा संलग्नलाई बचाउने उद्देश्यले बयान, बकपत्र वा कुनै प्रमाण पेश नगर्ने, आफ्नो नाम, थर, वतन, टेलिफोन नम्बर, इमेल समेतका विवरण उपलब्ध गराउने[९०] व्यवस्था रहेको छ। साथै पीडितले चाहेमा पीडित प्रभाव प्रतिवेदन पेश गर्न सक्ने, अन्तरिम क्षतिपूर्तिको आदेश दिन सक्ने, कसूरदारबाटै क्षतिपूर्ति भराइ दिने समेतका व्यवस्थाहरू[९१] समेटिएको छ ।

## २.३ बालबालिका सम्बन्धी ऐन, २०७५

यस ऐनले सुधारका व्यवस्थाहरूलाई अझै स्पष्ट र फराकिलो रूपमा व्यवस्था गरेको छ । बाल अदालतले बालबालिकाको उमेर, लिङ्ग, परिपक्वता, कसूरजन्य कार्यको प्रकृति र त्यस्तो कार्य गर्दाको परिस्थिति समेतलाई विचार गरी शर्त तोकी वा नतोकी निजलाई भएको सजाय स्थगन गर्न वा सजाय स्वरूप परिवारका कुनै सदस्य वा संरक्षकद्वारा असल मानवीय व्यवहारका सम्बन्धमा बालबालिकालाई सम्झाउन तथा बुझाउन लगाउने, सेवा प्रदान गर्ने संस्था वा व्यक्तिबाट बालबालिकालाई अभिमुखीकरण गराउन लगाउने, एकल, सामूहिक वा पारिवारिक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, परिवारका कुनै सदस्य, संरक्षक, विद्यालय, सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाको निगरानीमा निर्धारित शर्तहरू पालन गर्ने गरी निश्चित अवधिका लागि उनीहरू सँगै राख्न लगाउने, सेवाको प्रकृति र अवधि तोकी बालबालिकाको उमेर सुहाउँदो सामुदायिक सेवामा पठाउने, निजलाई भएको सजायभन्दा बढी अवधि नहुने गरी बाल सुधार गृहमा बस्न लगाउने समेतका दण्डका सुधारात्मक प्रणालीको व्यवस्था गरेको छ ।[९२]

## २.४ कारागार ऐन, २०७९

यस ऐनले कारागारको वैकल्पिक व्यवस्थाको रूपमा खुल्ला कारागारको अवधारणलाई आत्मसात गरेको छ। खुल्ला कागारमा रहेका बन्दीलाई नेपाल सरकार वा प्रदेश सरकार मातहत सञ्चालित विकास कार्यक्रम वा आयोजनामा वा कुनै सार्वजनिक निकायमा काम गर्न वा स्वयंसेवकको रुपमा काम गर्न वा क्षमता वा सीप विकास सम्बन्धी तालिम लिन खटाउन सकिने दण्डको सुधारात्मक प्रणालीको अनुसरण गरेको छ ।[९३]

## २.५ ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३

---

८९ **अपराध पीडित संरक्षण ऐन, २०७५** को दफा ५ देखि १९ सम्म ।

९० **अपराध पीडित संरक्षण ऐन, २०७५** को दफा २१ को खण्ड (क) देखि (घ) सम्म ।

९१ **अपराध पीडित संरक्षण ऐन, २०७५** को दफा २५, २९ र ३० ।

९२ **बालबालिका सम्बन्धी ऐन, २०७५** को दफा ३६ ।

९३ **कारागार ऐन, २०७९** को दफा ४१ ।

यस ऐनमा सरकारवादी भई चलेको कुनै मुद्दामा कैद सजाय पाई कैद भोगिरहेको ज्येष्ठ नागरिकलाई निजको उमेर र कसूरको अवस्था हेरी पचहत्तर प्रतिशतसम्म कैद छुट दिन सकिने व्यवस्था रहेको छ । त्यसैगरी कैद सजाय पाएको अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिकलाई अदालतले कसूरको गाम्भीर्यता हेरी कारागारमा नराखी हेरचाह केन्द्रमा राख्न आदेश दिन सक्ने[९४] व्यवस्था गरी सुधारात्मक दण्ड प्रणालीको अनुसरण गरेको देखिन्छ ।

## २.६ कारागार नियमावली, २०२०

कारागार नियमावलीमा सामुदायिक सेवा र खुला कारागार सम्बन्धी व्यवस्था गरिएको छ । कुनै मुद्दामा ३ वर्षसम्म कैद सजाय हुनसक्ने व्यक्तिले सामुदायिक सेवा गर्न चाहेमा मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिनुपर्ने लगायत अदालत बाहेक मुद्दा हेर्ने अन्य अधिकारीले कसूरदारलाई सामुदायिक सेवामा पठाउँदा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गरेको छ ।[९५] त्यसैगरी तीन वर्षभन्दा बढी कैद सजाय भई कम्तीमा एक तिहाई कैदको भुक्तान गरिसकेको कैदीले कारागार व्यवस्थापन विभाग समक्ष निवेदन दिनुपर्ने लगायतका व्यवस्थाहरू रहेका छन् ।[९६]

## २.७ फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६

कैदमा रहँदा कसूरदारको चालचलनमा सुधार आएमा र पचास प्रतिशत कैद भुक्तान गरेमा निजलाई भएको कैद सजायको बाँकी अवधि कट्टा गर्न सकिने [९७] कैदीको चालचलनको अभिलेख राख्नुपर्ने लगायतका व्यवस्थाहरू यस नियमावलीले गरेको छ ।

## २.८ नेपाल सरकारको सोह्रौं पञ्चवर्षीय योजना (आ. व. २०८१।८२ – २०८५।८६)

नेपाल सरकारको चालु सोह्रौं योजनामा न्यायिक प्रशासन प्रणालीमा सुदृढीकरण कार्यक्रम अन्तर्गत सुधारात्मक दण्डका उपायहरूको प्रभावकारी कार्यान्वयन गर्ने भन्ने विषय समावेश छ ।[९८]

## २.९ महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (आ. व. २०७८।०७९ - २०८२ ।०८३)

महान्यायाधिवक्ताको कार्यालयको चालु रणनीतिक योजनामा संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्ने लक्ष्य अन्तर्गतको रणनीति ४ मा दण्ड प्रणालीको सुधार र सो सँग सम्बन्धित बोर्ड, समितिलाई क्रियाशील बनाउन विभिन्न ६ वटा क्रियाकलापहरू उल्लेख गरिएको छ,

---

९४ **ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३** दफा १२(२) ।

९५ **कारागार नियमावली, २०२०** को नियम १६क ।

९६ **कारागार नियमावली, २०२०** को नियम १६ख ।

९७ **फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६** को नियम ३।

९८ **नेपाल सरकारको सोह्रौं पञ्चवर्षीय योजना,** नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाडौं, पृष्ठ २२९।

जस अन्तर्गत सुधारात्मक दण्ड व्यवस्थाका सम्बन्धमा तुलनात्मक विश्लेषण सहितको अनुसन्धानमूलक अध्ययन गर्ने विषय समेत समावेश गरिएको छ ।[९९]

९९ **महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना** (२०७८।७९ – २०८२।८३), पृष्ठ ७५।

## अनुसूची-२

## सुधारात्मक दण्ड प्रणालीसँग सम्बन्धित नजिरहरू

सुधारात्मक दण्ड प्रणालीको सम्बन्धमा सर्वोच्च अदालतले विभिन्न मुद्दा तथा रिट निवेदनहरूको सुनुवाइको क्रममा देहाय बमोजिम व्याख्या एवं सिद्धान्त प्रतिपादन गर्नुको साथै निर्देशनात्मक आदेशहरू जारी गरेको पाइन्छः

**१. सन्तोष भन्ने डिकबहादुर कार्की समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत**[१००]

- राज्यले अपनाउने दण्ड नीति यस किसिमको हुनुपर्छ भनी अदालतले निर्देशित गर्न नमिल्ने । कुन मुद्दाको कैदीलाई कारागारमा राख्न उपयुक्त हुने, कुन मुद्दाका कैदीलाई सामुदायिक सेवामा लगाउन वा खुल्ला कारागारमा पठाउन सकिने वा नसकिने भनी सरकारले तोक्न सक्ने हुँदा यस्तोमा सरकारको वद्नियत नै छ भन्न नमिल्ने ।
- कुनै एउटै मुद्दामा कसूरदार ठहरिएका कैदीहरू बीच फरक-फरक व्यवहार गरिएको अवस्था नभई केही गंभीर प्रकृतिका मुद्दाहरू तोकी त्यस्ता मुद्दामा कैद सजाय पाएका कसूरदारहरूलाई सामुदायिक सेवामा नपठाउने र खुल्ला कारागारमा नराख्ने गरी कानूनद्वारा तोकिएको अवस्था रहेकोले यसलाई सिधै समानताको सिद्धान्तको प्रतिकूल भएको भनी मान्न नमिल्ने ।

**२. नेपाल सरकार विरुद्ध नवल किशोर मण्डल समेत**[१०१]

- मुलुकी ऐन अ.वं. १८८ नं. को व्यवस्था सजायको सुधारात्मक सिद्धान्त अनुरुप कसूरदार ठहरेकालाई पनि सुधार र पुर्नस्थापन गर्ने प्रयोजनले गरिएको हो । अपराधीहरूलाई उत्साहित गर्ने प्रयोजनका लागि होइन ।

**३. पुण्यप्रसाद अर्याल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत**[१०२]

- फौजदारी कानूनले किटानी गरेका मूलभूत दण्ड (Fundamental Penalty) वा अपराधको प्रकृति अनुसार मुख्य दण्डसँगै अन्य प्रकारका दण्ड पनि दिने भनी कानूनले तोकेको अतिरिक्त दण्ड (Additional Penalty) तथा प्रमुख दण्डको विकल्पको रुपमा प्रमुख दण्डलाई खारेज नगरी सशर्त रुपमा निलम्बन गरी यसको विकल्पमा सहज खालका दण्ड तोक्ने वैकल्पिक दण्ड (Alternative Penalty) सम्बन्धी दृष्टिकोणहरू दण्ड प्रणालीमा आत्मसात गर्नुपर्ने ।

---

१०० **ने.का.प. २०६२,** अंक ७, निर्णय नं. ७५६१ ।

१०१ **ने.का.प. २०६५,** अंक ७, निर्णय नं. ७९९३ ।

१०२ **ने.का.प. २०६९,** अंक ७, निर्णय नं. ८८५४ ।

– अपराधको प्रकृति, अवस्था, असर र गाम्भीर्यता जस्ता दण्ड निर्धारणका विविध तत्वहरूलाई आधार मानी सानातिना अपराधको पुनरावृत्ति नहोस् र कसूरदारले पनि सुध्रिने मौका पाई एउटा असल नागरिक बन्न सकोस् भन्ने उद्देश्यले दण्डको सुधारात्मक सिद्धान्त (Reformative Theory) अवलम्बन गरी न्यायकर्ताले उपयुक्त दण्ड निर्धारण गर्न सक्ने गरी भएको कानूनी व्यवस्थालाई संविधान विपरीत भन्न नसकिने ।

**४. विरेन लामाको हकमा अधिवक्ता पुष्पराज पौडेल विरुद्ध काठमाण्डौ जिल्ला अदालत समेत**[१०३]

– पुर्पक्षको निमित्त माग गरेको धरौटी दिन नसकेको बालकलाई थुनछेकको प्रयोजनका लागि थुनाको विकल्पको रूपमा बालसुधार गृहमा राखेको कार्यलाई उचित र मुनासिब मान्न सकिन्न, बरू यसले उल्टै दण्डको सुधारात्मक अवधारणालाई इन्कार गरेको मान्न सकिन्छ । बालबालिकाको हकमा कानूनको द्वन्द्वमा परी निजले गरेको फौजदारी कसूरका सम्बन्धमा दण्ड निर्धारण गर्दा समेत उनीहरूको सर्वोत्तम हितलाई नजरअन्दाज गर्न सकिँदैन । प्रस्तुत मुद्दामा अन्तिम फैसला बमोजिम थुनामा बसेको अवस्था नभै चोरी मुद्दामा पूर्वशर्तको रूपमा धरौट माग गरी धरौट दिन नसकेको आधार बनाई थुनामा राख्ने गरी भएको कार्यलाई अन्तिम उपायको रूपमा मात्र थुनाको प्रयोग गरिने भन्ने बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ३७ (२) समेतको अनुकूल रहेको मान्न नमिल्ने ।

– बालबालिकालाई तोकिएको सजाय समेत स्थगन हुने वा भोग्न नपर्ने गरी निर्णयकर्ताले निर्णय गर्न सक्ने अवस्थामा धरौटीको विकल्पको रूपमा थुनालाई उपयोग गरिएको कार्यलाई "बालबालिकाको हक हितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानूनी व्यवस्था गर्न" जारी भएको बालबालिका सम्बन्धी ऐन, २०४८ को मर्म र भावना विपरीत देखिन आउने ।

**५. अधिवक्ता अजय शंकर झा समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत**[१०४]

– कारागारहरू यातना गृह होइनन्, यसलाई सुधार गृहको रूपमा सञ्चालन गरिनु पर्दछ । राज्यले व्यक्तिको विरूद्ध प्रतिशोधपूर्ण व्यवहार गर्नु हुँदैन । अपराध एक सामाजिक रोग वा समस्या भएकाले सो रोग वा समस्याको निदान वा निवारण गर्नेतर्फ राज्यको प्रयास केन्द्रित रहनु पर्ने ।

– दण्डको उद्देश्य मूलतः पीडितलाई न्याय र समाजलाई सुरक्षाको अनुभूति दिलाउने, अपराधको पुनरावृत्ति हुन नदिने, अपराधीमा देखिएको समस्या पहिचान गरी त्यसको यथोचित उपचार गरेर सामाजिक पुनर्स्थापना गराउने रहनु पर्दछ । यसका लागि कारागार भित्र विविध प्रकारका जीवनोपयोगी सीप-

---

१०३ **ने.का.प. २०७२,** अंक ९, निर्णय नं. ९४६९ ।

१०४ **ने.का.प. २०७४,** अंक ७, निर्णय नं. ९८४५ ।

विकास सहित रचनात्मक / सृजनात्मक क्रियाकलाप सञ्चालन गरिनु आवश्यक हुन्छ । सुधारात्मक पक्षमा कुनै प्रयास नै नगरी केबल बन्दी बनाएको कुरालाई जिम्मेवारी पूरा गरेको मान्न नमिल्ने ।

**६. अधिवक्ता रामकृष्ण बन्जरा समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत**[१०५]

- कैदी बन्दीलाई सुधार गरी असल नागरिकका रूपमा समाजमा स्थापित गर्नु पर्दछ भन्ने मान्यता दण्डको आधुनिक सुधारात्मक सिद्धान्तको रहेको देखिन्छ । यो मान्यतालाई हाम्रो देशको फौजदारी न्याय प्रणालीमा समेत आत्मसात् गरिनु पर्दछ । यही सिद्धान्तमा आधारित रही केही ऐन कानूनहरूमा समेत कैदी बन्दीको सुधारका सम्बन्धमा केही व्यवस्थाहरू गरिएको पाइन्छ । कारागार नियमावली, २०२० को नियम २९ को उपनियम (१) र (२) को व्यवस्था पनि कैदी बन्दीमा सुधार लक्षित एउटा कानूनी व्यवस्था हो । उक्त प्रावधानको कार्यान्वयनबाट कैदीहरूमा आफ्नो आचरण सुधार गर्न उत्प्रेरित हुने अवस्था रहन्छ । उत्साहका साथ आचरण सुधार गरेका कैदीले कानून बमोजिमको सुविधा नपाएमा कैदीमा नैराश्यता आई सामाजिक पुनर्स्थापनाका प्रयासहरू प्रभावित हुने देखिन्छ । कारागारहरूलाई यातना गृहको रूपमा होइन, सुधार गृहको रूपमा सञ्चालन गरिनु पर्दछ । राज्यले व्यक्तिको विरूद्ध प्रतिशोधपूर्ण व्यवहार गर्नु हुँदैन । दण्डको उद्देश्य मूलत: पीडितलाई न्याय र समाजलाई सुरक्षाको अनुभूति दिलाउने, अपराधको पुनरावृत्ति हुन नदिने, अपराधीमा देखिएको समस्या पहिचान गरी त्यसको यथोचित उपचार गरेर सामाजिक पुनर्स्थापना गराउने रहनु पर्दछ । कानूनमा व्यवस्था भए बमोजिमको सुविधा प्राप्त गर्ने हक अधिकार कारागारमा रहेका कैदी बन्दीमा निहित नै रहेको हुन्छ । कैदी बन्दी भएकै कारणले त्यस्तो हक अधिकारबाट वञ्चित गर्न मिल्दैन ।
- विवेचित आधार र कारणबाट कारागार ऐन, २०१९ तथा कारागार नियमावली, २०२० को नियम २९ (१) र (२) समेतका कानूनद्वारा प्रदान गरिने सुविधा वस्तुगत र न्यायोचित तवरबाट प्रदान गर्न बन्दीको असल चालचलन तथा कामकाजी सुविधा दिने प्रयोजनका लागि चालचलन तथा कामकाजी भूमिका निर्वाह गरेको समेतका कुराहरूको नियमितरूपमा मूल्याङ्कन गर्ने गर्नु, सो सम्बन्धी विवरण खुलाई अभिलेख राख्नु र यसरी गरिएको मूल्याङ्कनबाट असल चालचलन देखिएका कैदीहरू तथा कारागार नियमावली, २०२० को नियम २९(२) बमोजिमको सुविधा पाउने अवस्थाका कैदी भए सो समेत गणना गरी बढीमा ६० (साठी) प्रतिशतसम्म कैद छोट्याउने सुविधा प्रदान गर्ने लगायतका सुधारात्मक काम कारबाही स्वच्छ, निष्पक्ष, वस्तुगत एवम् पारदर्शी तवरबाट गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ ।

१०५ **ने.का.प. २०७५,** अंक १, निर्णय नं. ९९४१ ।

## ७. नेपाल सरकार विरुद्ध सागर भट्ट समेत[१०६]

- महिलाले वास्तविक न्याय तब प्राप्त गर्छन्, जब विधायिकाद्वारा निर्मित कानूनहरूको प्रभावकारी कार्यान्वयन, कानूनले व्यवस्था गरेका संस्थागत संरचनाको स्थापना, कार्यविधिगत प्रक्रियाको सुनिश्चितता, महिलाको हक अधिकारप्रतिको संवेदनशीलता, महिला उपर हुने हिंसा विरूद्ध लड्न सबै स्तरमा यथोचित निगरानी ... तथा व्यापक मनोवृत्तिगत परिवर्तन सुनिश्चित गरेर, कारक तत्त्वलाई हतोत्साहित गर्दै आवश्यक रोकथामको उपायहरू हासिल गर्न सकिन्छ । प्रस्तुत मुद्दाका सन्दर्भमा सजाय निर्धारणको सुनुवाइ गर्दा र क्षतिपूर्ति निर्धारण गर्दा, स्वच्छ सुनुवाइ, पुनर्स्थापकीय न्यायको सुनिश्चिततामा देखिने जटिलता सम्बोधन गर्नका लागि प्रणालीगत एवं संस्थागत सुधार गर्नु भनी नेपाल सरकारका नाममा देहाय बमोजिम निर्देशनात्मक आदेश जारी हुने ठहर्छः

  १. यस्ता प्रकृतिका मुद्दामा सजाय निर्धारण गर्न, प्रमाण प्राप्त गर्न र दण्डको सुधार नीतिलाई अवलम्बन गर्न तथा दोषीलाई सजायको गम्भीरता र सजायको समानुपातिकता यकिन गर्न फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १२ बमोजिम सजायपूर्वको प्रतिवेदन प्रोवेशन अधिकृत ... वा प्यारोल अधिकृत ... ले तयार गर्ने भन्ने व्यवस्था रहेको तर ऐ. दफा ले परिकल्पना गरे बमोजिम हालसम्म सो व्यवस्थालाई सक्रिय गरी कार्यान्वयन गर्न नसकेको भन्ने विद्वान् सहन्यायाधिवक्ताले बहसको क्रममा समेत उल्लेख गर्नुभएको र सजाय निर्धारण गर्न समेत अदालतलाई असहज भएको हुँदा ऐ. दफामा भएको व्यवस्थाबमोजिमको संरचना र आवश्यक बजेट विनियोजन ३ महिनाभित्र गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । सोको जानकारी नेपाल सरकारलाई लेखी पठाई दिनू । उक्त आदेश कार्यान्वयन भएपछि १५ दिनभित्र मातहतका अदालतले प्रोवेशन वा प्यारोल अधिकृतको नियुक्त गरी सक्नू ।

  २. कसूरदारहरूलाई आफूले गरेको गल्तीको अनुभूत गर्न लगाउने, उनीहरूको सुधार र समाजमा पुनर्स्थापना गर्नु महत्त्वपूर्ण विषय हो । सजाय अपराधलाई गरिएको हो । राज्य र कानूनको उद्देश्य त्यस्तो अपराधलाई रोकथाम गर्नु हो । अपराधमा संलग्न व्यक्तिहरू अपराधका प्रतिकात्मक रूप मात्र भएकाले निजहरूको सुधार र समाजमा पुनर्स्थापना राज्यको दण्ड नीतिको आधारभूत विषय भएको हुँदा यस्ता अपराधीहरूलाई कानूनको उद्देश्य पूरा हुने गरी कारागार, खुल्ला कारागार, सामुदायिक सेवा, पारिवारिक मिलन जस्ता विषयमा मध्यनजर गर्दै फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले व्यवस्था गरेको सुधारात्मक दण्ड प्रणाली अवलम्बन गर्न आवश्यक कानूनी र संरचनात्मक व्यवस्था आदेश प्राप्त भएको मितिले एक वर्षभित्र तयार गरिसक्नु र सो सम्बन्धमा भएका प्रगति प्रत्येक तीन-तीन महिनामा यस अदालतको अनुगमन तथा निरीक्षण

---

१०६ **ने.का.प. २०७६,** अंक १२, निर्णय नं. १०४०८ ।

महाशाखामा पठाउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् गृह मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।

**८. गोपाल सिवाकोटी (चिन्तन) समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत**[१०७]

– पुनःस्थापकीय न्याय पीडितको मात्र नभई कसूरदारको पनि पुनःस्थापनामा केन्द्रित हुन्छ । यसले प्रगतिशील दृष्टिकोणबाट दण्ड निर्धारण गरिनुपर्ने कुरामा जोड दिँदै उपचारात्मक तथा सुधारात्मक सिद्धान्तको आधारमा कसूरदारलाई सुधार गरी असल नागरिकको रूपमा समाजमा पुनर्स्थापित गर्ने आशय राख्दछ । सुधारात्मक दण्ड प्रणालीले कसूरदारलाई अपराध गर्ने एउटा माध्यम मात्र मान्दछ र आपराधिक कार्यले कसूरदार स्वयम्लाई पनि क्षति पुऱ्याएको हुन्छ भन्ने धारणा राख्दछ । फौजदारी अपराधमा दोषीहरूलाई समेत सुधारको मौका प्रदान गरिनु पर्दछ भन्नेमा जोड दिई कारागारको वैकल्पिक प्रणालीलाई समेत प्रोत्साहित गर्ने ।

**९. अधिवक्ता अजयशंकर झा 'रुपेस' विरुद्ध बझाङ जिल्ला अदालत समेत**[१०८]

– बालबालिका सम्बन्धी ऐनको दफा ४३(१) ले कानूनी द्वन्द्वमा परेमा बालबालिकालाई राख्ने व्यवस्थाको लागि बालसुधार गृहको स्थापना गरेको र सो बाल सुधार गृहमा बालबालिकाको लागि हुने कैदको सजायभन्दा बढी सजाय गर्नको लागि राखिएको स्थान हो भनी मान्न नमिल्ने । स्वभावैले पनि कैद भन्दा सुधारात्मक उपाय बालबालिकाका लागि सर्वोत्तम विकल्प हो । यस दृष्टिकोणबाट हेर्दा पनि ६ महिना कैद सजाय भुक्तान भइसकेको अवस्थामा एक वर्षका लागि बालसुधार गृहमा राखिएको कार्य झन् कष्टकर र गैरकानूनी देखिने । प्रस्तुत मुद्दामा सुधार गृह र बाल सुधार गृहको सम्बन्धमा व्याख्या गरिएको पाइन्छ ।

**१०. प्रदिप थापाको हकमा रामेश्वर न्यौपाने विरुद्ध जिल्ला प्रशासन कार्यालय काठमाण्डौ**[१०९]

– बालबालिकाहरूको शारीरिक तथा मानसिक अपरिपक्वताको कारण अपराधमा संलग्न रहन सक्ने भएकोले बालबालिकाले गर्ने अपराधलाई विशेष प्रकृयाद्वारा निगरानी एवं संरक्षण गर्नुपर्ने र बालबालिकाको हकहितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग गर्नु राज्यको दायित्व भित्र पर्ने ।

**११. जंगबहादुर सिंह समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत**[११०]

– कुनै पनि व्यक्तिले परिस्थितिवश अपराध गर्ने हुँदा सुधारेर सजाय पाएको व्यक्ति पुनः समाजमा असल नागरिक भएर स्थापित हुन सक्छ भन्ने मान्यतामा रही कैद सजाय पाएको व्यक्तिलाई कैद अवस्थामा नै पढ्न अवसर दिने, Vocational Training आदि दिई व्यापक सुधारात्मक सहुलियतहरू दिन थालिएको

---

१०७ **ने.का.प. २०७७,** अंक ५, निर्णय नं. १०५०९ ।

१०८ **ने.का.प. २०७८,** अंक १०, निर्णय नं. १०७५७ ।

१०९ **ने.का.प. २०६५,** अंक ९, नि.नं. ८०१५ ।

११० **ने.का.प. २०६८,** अंक ६, नि.नं. ८६३१ ।

छ । सो कुरा नेपालको कारागारमा पनि दिंदै आइएको छ । त्यही भएर कैदीलाई प्राप्त प्रजनन स्वास्थ्य तथा प्रजनन् सम्बन्धी हक पनि इन्कार गर्न नमिल्ने ।

**१२. नेपाल सरकार विरुद्ध शेरबहादुर बस्नेत**[१११]

- सजायको उद्देश्य कसूरदारलाई दण्डित गर्ने, त्यस्तो कसूर गर्नबाट अरूलाई निरूत्साहित गर्नु र कानूनको अधीनमा रही कसूरदारमा अपराधको बोध गराई सुधारको बाटो तर्फ लाग्न प्रेरित गर्नु हो । तजबिजी अधिकारको प्रयोग गर्दा दण्ड सम्बन्धी आधारभूत सिद्धान्तलाई अत्यन्त हलुको ढङ्गले लिन नमिल्ने ।

**१३. अधिवक्ता अजयशंकर झा विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत**[११२]

- कारागारहरू यातना गृह होइनन्, यसलाई सुधार गृहको रूपमा सञ्चालन गरिनु पर्दछ । राज्यले व्यक्तिको विरूद्ध प्रतिशोधपूर्ण व्यवहार गर्नु हुँदैन । अपराध एक सामाजिक रोग वा समस्या भएकाले सो रोग वा समस्याको निदान वा निवारण गर्नेतर्फ राज्यको प्रयास केन्द्रित रहनु पर्छ ।
- दण्डको उद्देश्य मूलतः पीडितलाई न्याय र समाजलाई सुरक्षाको अनुभूति दिलाउने, अपराधको पुनरावृत्ति हुन नदिने, अपराधीमा देखिएको समस्या पहिचान गरी त्यसको यथोचित उपचार गरेर सामाजिक पुनर्स्थापना गराउने रहनु पर्दछ । यसका लागि कारागारभित्र विविध प्रकारका जीवनोपयोगी सीप-विकाससहित रचनात्मक / सृजनात्मक क्रियाकलाप सञ्चालन गरिनु आवश्यक हुन्छ । सुधारात्मक पक्षमा कुनै प्रयास नै नगरी केबल बन्दी बनाएको कुरालाई जिम्मेवारी पूरा गरेको मान्न नमिल्ने ।

**१४. नरध्वज गुरूङ विरुद्ध उच्च अदालत पोखरा समेत**[११३]

- जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ जेष्ठ नागरिकहरूको हित, सुविधा तथा कल्याणका लागि जारी गरिएको विशेष ऐन हो । विधायिकाबाट निर्मित ऐनले गरेको व्यवस्था प्रतिकूल यदि कुनै नियममा प्रावधान छन् भने पनि त्यस्तो प्रावधानले मान्यता पाउन सक्तैन । ऐनकै व्यवस्थाको अनुशरण गरिनु पर्छ । कारागार नियमावली, २०२० को नियम २९(२क) मा उल्लिखित "असल चालचलन भएका" र "सत्तरी वर्ष उमेर पुगेका" कैदीहरूको हकमा उक्त नियम २९(१क) मा उल्लेख भएबमोजिम नकारात्मक सूचीमा परेका मुद्दामा नै कैद परेको भएपनि नियम २९(२क) बमोजिमको कैद छुट पाउन सक्ने । जेष्ठ नागरिकलाई कानूनले प्रदान गरेको सुविधालाई संकुचित अर्थमा ग्रहण गरी सुविधा दिनबाट वञ्चित गर्नु मनासिब हुँदैन । जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ तथा कारागार नियमावली, २०२० को नियम २९(२क) ले गरेको व्यवस्था अनुसारको सुविधा प्रदान गर्न ईन्कार गर्नुपर्ने कुनै कानूनी आधार तथा मनासिब कारण देखिन नआउने ।

---

१११ **ने.का.प. २०७१,** अंक ३, नि.नं. ९१३६ ।

११२ **ने.का.प. २०७४,** अंक ७, नि.नं. ९८४५ ।

११३ **ने.का.प. २०७५,** अंक ४, नि.नं. ९९९८ ।

## १५. राइन भन्ने कुमार श्रेष्ठ विरुद्ध काभ्रेपल्चोक जिल्ला अदालत समेत[११४]

- कुनै पनि व्यक्तिलाई अदालतले कैदको सजाय तोकेको छ भने कसूरदारले कैदमा नै बसी सजायको भुक्तानी गर्नुपर्ने फौजदारी न्याय प्रशासनको आधारभूत मान्यता हो । हामीले अवलम्बन गरेको न्यायिक तथा कानूनी प्रणालीले समेत यो मान्यतालाई आत्मसात् गरेको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा प्रदान गर्ने विषयलाई समेत सोही मान्यताको आलोकमा ग्रहण गरिनु पर्दछ भन्ने यो इजलासको दृष्टिकोण रहेको छ । तथापि फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लगायतका कानूनी व्यवस्था र हामीले अवलम्बन गरेको न्यायिक अभ्यासमा समेत कैदको सजायलाई अन्तिम विकल्पको रूपमा लिने गरिएको तथ्यलाई पनि अनदेखा गर्न मिल्दैन । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा २३ मा कसूरदारलाई सजाय गर्दा जरिवाना वा अन्य सजाय पर्याप्त नहुने भएमा मात्र कैदको सजाय गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको छ । सोही ऐनमा कैदको सजाय पाएका कसूरदारको हकमा समेत विभिन्न आधार, अवस्था र तोकिएको शर्त मा कैद सजाय निलम्बन गर्न सकिने, कसूरदारलाई सुधार गृहमा र खुल्ला कारागारमा पठाउन सकिने तथा प्यारोल प्रणालीको अवलम्बन जस्ता फौजदारी दण्ड प्रणालीमा सुधार (Penal Reform) का विकल्पका रूपमा विभिन्न उपायहरू अवलम्बन गरिएको पाइन्छ । वस्तुतः कसूरदारलाई कठोर दण्ड दिनु (Punitive and Retributive Approach) मात्र न्यायको उद्देश्य हुन सक्दैन । अपराधशास्त्रले कुनै पनि व्यक्ति जन्मसिद्ध अपराधी हुन्छ भन्ने मान्यतालाई इन्कार गर्दछ । व्यक्ति कुनै खास सामाजिक परिवेशले गर्दा आपराधिक कार्य गर्न पुगेको हुन्छ र त्यस्ता व्यक्तिलाई कठोर दण्ड दिनुको सट्टा बिरामीलाई उपचार गरे सरह सुधार गर्ने वातावरण तयार गर्न सकेमा दण्डको उद्देश्य प्राप्त हुन्छ भन्ने सुधारात्मक (Therapeutic or Reformative Approach) दृष्टिकोणबाट दण्ड व्यवस्थामा सुधारको उपायहरू अवलम्बन गरिएको पाइन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लगायत प्रचलित नेपाल कानूनमा कैद सजाय भुक्तानीका लागि थुनामा नै बस्नुपर्ने व्यवस्थाका विकल्पमा सामुदायिक सेवा, खुल्ला कारागार, कैद सजाय निलम्बन तथा प्रोवेशन र प्यारोल जस्ता अनेकौं विधिहरू अवलम्बन गरिरहेको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को व्यवस्था पनि दण्ड व्यवस्थामा सुधारको एक विकल्प भएकाले यस सम्बन्धी कानूनी व्यवस्थालाई पनि दण्ड व्यवस्थाको सुधार सम्बन्धी विविध उपागम (Approach) को सापेक्षतामा हेरिनुपर्ने हुन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ मा तोकिएको अवस्था र शर्तमा रकम तिरी कैद बस्न नपर्ने गरी सुविधा दिन सकिने कानूनी व्यवस्थालाई विधायिकाले दण्ड व्यवस्थाको सुधारको विविध उपायहरू मध्ये महत्त्वपूर्ण विकल्प वा सुधारको एक आयामका रूपमा स्वीकार गरेको अवस्थामा यस अदालतले त्यसप्रति अन्यथा दृष्टिकोण बनाउनु आवश्यक र उचित देखिँदैन ।

११४ **ने.का.प. २०७९,** अंक ७, नि.नं. १०८९६ ।

– अदालतले कसूरदारलाई सुविधा दिनुको उद्देश्य निजलाई निरपेक्ष रूपमा कैदमा बस्नुपर्ने दायित्वबाट उन्मुक्ति दिनु मात्र नभई निजलाई आफूले गरेको कसूरजन्य कार्यप्रति पश्चाताप बोध गराउने र भविष्यमा त्यस्तो कार्यको पुनरावृत्ति नगर्ने एवं राम्रो चालचलन, आचरण गर्ने वाचा गराउने समेतका सुधारात्मक दृष्टिकोण लिएको देखिन्छ । दफा १५५ मा केवल कसूरदारलाई कैदबाट मुक्त गर्ने मात्र नभई त्यसरी छुटेको व्यक्तिले तोकिएको अवधिभित्र कैदको सजाय हुने जुनसुकै कसूर गरेमा निजलाई पहिला भएको फैसला बमोजिम लागेको कैद समेत थप गरी सजाय गर्नुपर्ने तथा कैदमा बस्नु नपर्ने गरी भएको आदेश जुनसुकै बखत रद्द समेत हुन सक्ने व्यवस्था समेत गरेको देखिँदा उपदफा (१) बमोजिम प्रदान भएको कैदमा बस्नु नपर्ने सुविधा सशर्त र कसूरदारको चालचलन र आचरणमा सुधारको लागि गरिएको पहलका रूपमा लिनुपर्ने देखिन आउँछ ।

# अनुसूची-३

## सुधारात्मक दण्ड प्रणाली अन्तर्गत नेपालमा प्यारोल कार्यान्वयनको अवस्था

महान्यायाधिवक्ताको अध्यक्षतामा गठित संघीय प्रोवेशन तथा प्यारोल बोर्डबाट महान्यायाधिवक्ताको विशेष पहल र सक्रियतामा हालसम्म निम्नलिखित महत्वपूर्ण कार्यहरू भएको देखिन्छः

- संघीय प्रोवेशन तथा प्यारोल बोर्डको कार्य सञ्चालन कार्यविधि, २०७७ तर्जुमा गरी स्वीकृत गरिएको,
- प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति स्वीकृत गरी लागू गर्न नेपाल सरकार समक्ष सिफारिस गरेकोमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०।११।६ को निर्णयबाट स्वीकृत गरी लागू गरिएको,
- कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड र प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरू, २०८० निर्धारण गरिएको,
- कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड कार्यान्वयन मार्गदर्शन, २०८० स्वीकृत गरिएको,
- कानून बमोजिम निर्धारित अवस्था पूरा भएका प्यारोलमा छाड्न सकिने कैदीहरूको विभिन्न चरणमा विवरण तयार गरिए अनुसारका व्यक्तिहरूको सम्बन्धमा स्वीकृतिका लागि सम्बन्धित जिल्ला अदालतमा पेश गर्न कारागार कार्यालयहरूलाई लेखी पठाउने निर्णय भएको छ जुन निम्नानुसार रहेको छः

  क. <u>पहिलो चरणः</u> मिति २०८०।०९।२५ गते तत्कालीन महान्यायाधिवक्ता दिनमणी पोखरेलको अध्यक्षतामा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ बमोजिम संघीय प्रोवेशन तथा प्यारोल बोर्डको निर्णय अनुसार कारागार व्यवस्थापन विभागबाट पेश भएको विवरण अनुसार प्यारोलमा छाड्नको लागि सिफारिस गर्न योग्य कैदी बन्दीको नामावली उपर छलफल गरी योग्य देखिएका १४३ जना कैदी बन्दीलाई पहिलो चरणमा प्यारोलमा छाड्नको लागि सिफारिस गरिएको छ । कैदी बन्दीहरूलाई प्यारोलमा छाड्नको लागि सम्बन्धित जिल्ला अदालतबाट हुने आदेशमा एकरुपता कायम गर्ने प्रयोजनार्थ सर्वोच्च अदालतबाट उपयुक्त व्यवस्था गर्न अनुरोध गरिएको । कैदी बन्दीहरूलाई प्यारोलमा छोड्ने सम्बन्धमा प्यारोल अधिकृत (कारागार प्रशासक) लाई आवश्यकता अनुसार सहयोग गर्ने सम्बन्धमा महान्यायाधीवक्ताको कार्यालय, जनशक्ति व्यवस्थापन विभाग मार्फत सम्पूर्ण जिल्ला सरकारी वकील कार्यालयहरूमा

परिपत्र गर्नको लागि सिफारिस गर्ने निर्णय गरिएको र सो अनुरुप परिपत्र समेत भैसकेको ।

ख. <u>दोस्रो चरण:</u> संघीय प्रोवेशन तथा प्यारोल बोर्डको निर्णय अनुसार कारागार व्यवस्थापन विभागबाट पेश भएको विवरण अनुसार प्यारोलमा छाड्नको लागि सिफारिस गर्न योग्य कैदी बन्दीको नामावली उपर छलफल गरी योग्य देखिएका १५४ जना कैदी बन्दीलाई मिति २०८०/१२/१८ मा दोस्रो चरणमा प्यारोलमा छाड्नको लागि सिफारिस गरिएको छ ।

ग. <u>तेस्रो चरण:</u> संघीय प्रोवेशन तथा प्यारोल बोर्डको निर्णय अनुसार कारागार व्यवस्थापन विभागबाट पेश भएको विवरण अनुसार प्यारोलमा छाड्नको लागि सिफारिस गर्न योग्य कैदी बन्दीको नामावली उपर छलफल गरी योग्य देखिएका ११७ जना कैदी बन्दीलाई मिति २०८१/०२/०१ मा तेस्रो चरणमा प्यारोलमा छाड्नको लागि सिफारिस गरिएको छ ।

घ. <u>चौथो चरण:</u> संघीय प्रोवेशन तथा प्यारोल बोर्डको निर्णय अनुसार कारागार व्यवस्थापन विभागबाट पेश भएको विवरण अनुसार प्यारोलमा छाड्नको लागि सिफारिस गर्न योग्य कैदी बन्दीको नामावली उपर छलफल गरी योग्य देखिएका १३५ जना कैदी बन्दीलाई मिति २०८१/०३/१९ मा चौथो चरणमा प्यारोलमा छाड्नको लागि सिफारिस गरिएको छ ।

ङ. <u>पाँचौ चरण:</u> मिति २०८१।०४।३१ गते वर्तमान महान्यायाधिवक्ता श्री रमेश वडालको अध्यक्षतामा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ बमोजिम संघीय प्रोवेशन तथा प्यारोल बोर्डको निर्णय अनुसार कारागार व्यवस्थापन विभागबाट पेश भएको विवरण अनुसार प्यारोलमा छाड्नको लागि सिफारिस गर्न योग्य कैदी बन्दीको नामावली उपर छलफल गरी योग्य देखिएका ८६ जना कैदी बन्दीलाई पाँचौ चरणमा प्यारोलमा छाड्नको लागि सिफारिस गरिएको छ ।

च. <u>छैठौं चरण:</u> मिति २०८१।०६।०७ गते महान्यायाधिवक्ता श्री रमेश वडालको अध्यक्षतामा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ बमोजिम संघीय प्रोवेशन तथा प्यारोल बोर्डको निर्णय अनुसार कारागार व्यवस्थापन विभागबाट पेश भएको विवरण अनुसार प्यारोलमा छाड्नको लागि सिफारिस गर्न योग्य कैदी बन्दीको नामावली उपर छलफल गरी योग्य देखिएका १७९ जना कैदी बन्दीलाई छैठौं चरणमा प्यारोलमा छाड्नको लागि सिफारिस गरिएको छ ।

साथै नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८०/०६/१६ गतेको निर्णय बमोजिम फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४९ बमोजिम प्यारोल अधिकृतको नियुक्ति नभएसम्मको लागि सम्बन्धित कारागार प्रशासकलाई सो दफाको प्रयोजनको लागि मिति २०८०/०७/०१ गते देखि लागू हुने गरी प्यारोल अधिकृत भई काम गर्ने गरी तोकिएको र कारागार ऐन, २०७९ को दफा २(ख) को कारागारको परिभाषा भित्र बाल सुधार गृह समेत पर्ने भएको हुँदा "कारागार प्रशासक" को परिभाषा भित्र बाल सुधार गृहको प्रमुख समेत पर्ने देखिन्छ । बाल सुधार गृहमा रहेका कानूनको विवादमा परेका बालबालिकाहरूको हकमा समेत बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिई प्यारोलमा छाड्न मिल्ने नै हुँदा बालबालिकाको हकमा समेत प्यारोलमा छाड्नको निमित्त सबै बाल सुधार गृहको प्रमुखलाई प्यारोलमा छाड्न सकिने नाबालकको नाम प्यारोल बोर्ड समक्ष पेश गर्न अनुरोध गरिएको ।प्यारोलमा रहँदा तोकिएको शर्त पालना गरे नगरेको अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित प्यारोलमा रहेका व्यक्तिको बसोबास भएको जिल्लाका कारागार प्रशासकले गर्ने गरी तोक्ने निर्णय समेत भएको ।

छ. <u>सातौं चरण:</u> सातौं चरणमा मिति २०८१/०८/०७ मा बसेको प्यारोल बोर्डको बैठकले कर्तव्य ज्यान मुद्दामा कैद सजाय पाई दुई तिहाई सजाय भुक्तान गरिसकेका (जन्म कैद/जीवित रहेसम्म कैदमा रहनुपर्ने कसूरदार बाहेक) असल चालचलन भएका प्यारोलमा छाड्नको लागि सिफारिस गर्न योग्य कैदी, बाल सुधार गृहमा रहेका कानूनको द्वन्दमा परेका बालबालिकाहरूको हकमा साथै वन पैदावार र पशुपंक्षीसंग सम्बन्धित मुद्दामा कैद सजाय भोगिरहेका मापदण्ड पुगेका कैदीहरूलाई समेत प्यारोलमा राख्ने गरी निर्णय भई जम्मा २७७ जनालाई प्यारोलमा छोड्ने गरी सिफारिस गरिएको ।

ज. <u>आठौं चरण:</u> आठौं चरणमा मिति २०८१/०९/२६ मा बसेको पयारोल बोर्डको बैठकले प्यारोलमा छाड्न योग्य देखिएका १८५ जना कैदीबन्दीहरूलाई प्यारोलमा छाड्नको लागि सम्बन्धित कारागार मार्फत शुरु फैसला भएको अदालतमा पेश गर्ने गरी सिफारिस गर्ने साथै बालबिज्याईंकर्ताहरू मध्ये प्यारोलमा रहन योग्य देखिएका ३ जना बालबिज्याईकर्ताहरूलाई प्यारोलमा छाड्नको लागि सम्वन्धित बालसुधार गृह मार्फत शुरु फैसला भएको अदालतमा पेश गर्ने गरी सिफारिस गर्ने निर्णय गरिएको ।

## अनुसूची-४

## सरकारी वकील कार्यालयहरू तथा सरोकारवाला निकायहरूबाट पहिचान गरिएका समस्याहरू

सुधारात्मक दण्ड प्रणालीका सम्बन्धमा सर्वोच्च अदालत, गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग, नेपाल प्रहरी प्रधान कार्यालय समेतका सरोकारवाला निकायहरूबाट पहिचान गरिएका समस्याहरू देहाय बमोजिम रहेका छन्ः

- प्रोवेशन र प्यारोल बीचको अवधारणागत, सैद्धान्तिक र व्यवहारिक भिन्नता रहेको अवस्थामा यी दुईको अवधारणागत बुझाई र अभ्यास सहितको कानूनी तथा नीतिगत व्यवस्था समेत रहेको देखिदैन । साथै प्यारोल र प्रोवेशनको अवधारणा नै फरक रहेको सन्दर्भमा फरक-फरक बोर्ड बनाई कार्य गर्नु पर्नेमा नेपालमा एउटै प्यारोल तथा प्रोवेशन बोर्डको गठन हुँदा यसको कार्यान्वयनमा अवधारणागतका साथै व्यवहारगत समस्याहरू सिर्जना भएको,
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा भएका दण्डका सुधारात्मक व्यवस्थाहरूमा रहेका नकारात्मक सूची धेरै रहेको कारण ती व्यवस्थाहरू कार्यान्वयन गर्नमा कठिनाई देखिएको,
- कैद कट्टा तथा प्यारोलको सुविधा नपाउने नकारात्मक सूचीमा रहेका बन्दीहरूलाई उनीहरूको कैदको उत्तरार्धलाई समुदायको रोहवरमा सहज जीवन बिताउने अवसर उपलब्ध गराउने बिकल्पको रुपमा खुला कारागारको अवलम्बन गर्न नसकिएको,
- नेपालमा विद्यमान बालबालिका सम्बन्धी ऐन, २०७५ मा व्यवस्था गरिएको दिशान्तरको दायरा साँघुरो रहेको,
- नेपालका विभिन्न संघीय इकाइ अनुरुप सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्थाका कर्ताहरूको कार्य विभाजन गर्न नसकिएको,
- मुलुकी अपराध सहिता, २०७४ को दफा ४१ बमोजिमको कसूरदार जीवित रहेसम्म कैदको व्यवस्था सुधारात्मक दण्ड प्रणालीको सिद्धान्त, अन्तर्राष्ट्रिय मानवीकी कानून र अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी दस्तावेजहरू ICCPR र UDHR समेतको विपरीत रहेको देखिएको,
- कैद बापत श्रममा लगाउने व्यवस्था कार्यान्वयनमा कानूनी कार्यविधि र अभ्यास नरहेकाले कार्यान्वयनमा चुनौती रहेको,

- बन्दीको यथोचित कानूनी उपचार गरेर सामाजिक पुनर्स्थापना गराउने दण्डको उद्देश्य अनुरुप कारागारभित्र विविध प्रकारका जीवनोपयोगी सीप विकास सहित रचनात्मक र श्रृजनात्मक क्रियाकलापहरूको सञ्चालन प्रभावकारी तरिकाले गर्न नसकिएको,
- कारागार सुधार तथा बन्दीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न आवश्यक नीतिगत तथा कार्यगत व्यवस्था गर्न समेत नसकिएको,
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १ को उपदफा (२) मा यस ऐनको दफा १७ को खण्ड (घ), (ङ), (च) र (छ) दफा २२, २४,२५, २६, २७, २८, २९, ३०, ३१ र ४९ मा उल्लिखित प्रावधानहरू नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि लागू हुनेछन् भन्ने व्यवस्था भएपनि हालसम्म तिनको कार्यान्वयन नभएको,
- महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्ति जस्ता जोखिमयुक्त समूहलाई लक्षित गरी सकारात्मक विभेद सहितको अवधारणा अनुरुप सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्थाका विशेष तथा प्रभावकारी प्रावधानहरू कानूनमा समावेश भएको नदेखिएको,
- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी प्रत्येक सुधारात्मक दण्ड नीति र दण्ड विधि कार्यान्वयनका लागि आवश्यक पर्ने SOP र Action Plan को अभाव रहेको,
- नेपालले अवलम्बन गरेको संघीय संरचना अनुकूल कारागार व्यवस्थापनको सम्बन्धमा संघीय सरकार र प्रादेशिक सरकारको क्षेत्राधिकार स्पष्ट नभएको, यस अन्तर्गत कारागार सञ्चालन र व्यवस्थापन सम्बन्धमा ती सरकारको के, कति, कस्तो र कसरी भूमिका हुन्छ भनी कानूनी तथा नीतिगत सीमा किटान र संरचना निर्माण गर्न नसकिएको,
- कानूनी सुधार, अपराध नियन्त्रण र न्याय प्रणालीमा सुधारको उद्देश्यले स्थापना गरिएको सजाय सुझाव समितिलाई अर्थपूर्ण रुपमा क्रियाशील बनाउन नसकिएको, समितिले कानूनी सुधारका लागि आवश्यक सुझावहरू प्रदान गर्ने, प्रभावकारी दण्ड नीतिहरू विकास गर्ने र न्यायिक प्रक्रियालाई अझ न्यायपूर्ण बनाउने काम गर्न स्रोत साधनको समेत अभाव देखिएको,
- कैदीहरूको पुनर्स्थापना, सुधार र कारागार प्रणालीको सञ्चालनको लागि जिम्मेवार संस्था कारागार व्यवस्थापन विभागले अपेक्षाकृत कार्यसम्पादन गर्न नसकेको,
- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्थाको कार्यान्वयनको जिम्मेवारीमा रहेका सम्बद्ध निकायहरूमा दक्ष जनशक्तिको अभाव, स्रोत साधनको अभाव देखिएको,

- नेपाल भर आवश्यकता अनुसारका पुनर्स्थापना केन्द्र र सुधार गृह स्थापना गरी कार्यान्वयनमा ल्याउन चाहिने नीतिगत, आर्थिक, प्राविधिक तथा व्यवस्थापकीय कार्यहरू गर्न नसकिएको,
- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न व्यवस्थाहरूको कार्यान्वयनमा संलग्न निकायहरू बीच प्रभावकारी समन्वय तथा सहकार्यको अभाव रहेको,
- अपराधको प्रकृति, अपराधीको व्यक्तिगत पृष्ठभूमि र पुनर्स्थापनाको सम्भावना अध्ययन गरेर न्यायालयलाई सजाय निर्धारण गर्न सघाउने महत्वपूर्ण कानूनी प्रक्रियाको रुपमा रहेको सजायपूर्वको प्रतिवेदन औपचारिकतामा सीमित भएको देखिएको, सो प्रतिवेदन पेश गर्नुपर्ने अधिकारीको बारेमा कानूनमा व्यवस्था भएपनि हालसम्म नियुक्ति भएको नदेखिएको, सो प्रतिवेदनले सजायलाई न्यायपूर्ण, सन्तुलित र पुनर्स्थापनामुखी बनाउनमा सहयोग पुऱ्याउनु पर्नेमा यसलाई अपेक्षाकृत प्रभावकारी बनाउन नसकिएको,
- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधि, पद्धति र व्यवस्थाबाट हुने फाइदा एवं महत्वको बारेमा सचेतनामूलक कार्य, नीति सञ्चार, पाठ्य सामाग्री, रेडियो र टेलिभिजन कार्यक्रम समेत मार्फत समाजलाई सुसुचित गर्न नसकिएको,
- सुधारात्मक दण्ड प्रणाली सम्बन्धी विभिन्न विधिका कर्ताहरूमा सामूहिक प्रतिबद्धता र जिम्मेवारी वहन गर्नेतर्फ यथोचित सामञ्जस्यता ल्याउन नसकिएको,
- कारागार तथा सुधार गृहहरूमा पर्याप्त चिकित्सक, मनोचिकित्सक, मनोसामाजिक परामर्शदाता र स्वास्थ्यकर्मी समेतको व्यवस्था गर्न नसकिएको,
- कैदीबन्दीहरूलाई परम्परागत सीप विकासका कार्यक्रमहरूबाट सूचना प्रविधि लगायत जीविकोपार्जनका आधुनिक सीप विकास गर्न तथा तिनको प्रयोग राज्यको आवश्यकता अनुरुप गर्न नसकिएको,
- कैद कट्टा गरिएका तथा प्यारोलमा छाडिएका कैदीबन्दीहरूलाई निगरानी गर्ने प्रभावकारी संयन्त्रको व्यवस्था गर्न नसकिएकोले ती कसूरदारको पुनःअपराधमा संलग्न हुने सम्भावना रहेको,
- प्रत्येक कसूरदारको अपराध गर्दाको पृष्ठभूमि, आवश्यकता तथा मनसाय फरक फरक हुने हुँदा सोही बमोजिमका सुधारका कार्यक्रमहरू संचालन गर्न कसूरदारको अपराध गर्दाको पृष्ठभूमि, आवश्यकता तथा मनसाय पहिचान गर्ने संयन्त्र एवं प्रणाली विकास गर्न नसकिएको,
- प्रत्येक कैदीको biometric, check-in check-out, मुद्दाको पेशी, सजायको अवधि, व्यक्तिगत योग्यता तथा सीप, स्वास्थ्य अवस्था, कारागार स्थानान्तरण लगायतका विवरणहरू खुल्ने गरी

कैदी व्यवस्थापन सूचना प्रणाली (Prisoner Information Management System - PIMS) को विकास गर्न नसकिएको,

- हालसम्म पनि नेपाली समाज परम्परागत दण्ड प्रणालीलाई प्रश्रय दिने कडा सजाय र कैद सजाय निर्धारण गर्नुपर्ने मान्यताको पक्षपाती रहेको देखिएको,
- प्यारोल तथा प्रोवेशनमा छाडेका कैदीबन्दीहरूलाई समाजले नकारात्मक दृष्टिकोणले हेर्ने उच्च जोखिम रहेको,
- नेपालमा हालसम्म पनि अपराध रोग हो, यसलाई उपचार गरी निरुपण गर्न सकिन्छ भन्ने सामाजिक धारणा विकास हुन नसकेको,
- पीडित, अपराध गर्ने व्यक्ति, समाजका सदस्यहरू तथा राज्य समेत एकअर्काको धारणा सुधारात्मक दण्ड प्रणाली अनुरुपको नभई परस्परमा बिरोधाभासी प्रकृतिको हुनु अर्को समस्याको रुपमा रहेको देखिएको,
- नेपालमा कारागारमा रहेका कैदीबन्दीहरूको आचरण तथा चालचलनको लेखाजोखा गर्ने audit system विकास गर्न नसकिएको,
- सुधारात्मक दण्ड प्रणालीका विभिन्न विधि, पद्धति र उपायहरूको प्रभावकारी रुपमा कार्यान्वय गर्न पीडितसँग सम्पर्क गरी निजको धारणा बुझ्ने र निजको सन्तुष्टिलाई केन्द्रमा राखेर कार्य गर्न नसकिएको,
- कारागारबाट कैदमुक्त भएपछि आफ्नो सुरक्षाको सम्बन्धमा अपराध गर्ने व्यक्ति विश्वस्त हुन सकेको नदेखिएको,
- अनुसन्धानकै क्रममा कसूरदारको मनोसामाजिक अवस्था, कसूरप्रतिको पश्चाताप, कसूरको पृष्ठभूमि सम्बन्धी प्रमाण संकलन गर्ने परिपाटीको शुरुवात गर्न नसकिएको,
- जटिल भौगोलिक बनावटका कारण प्यारोलमा छाडिएका कैदीबन्दीहरूको नियमित अनुगमन गर्न कठिनाई भएको,
- पीडकको आर्थिक अवस्था कमजोर भएको र पीडित राहत कोषमा समेत यथेष्ट रकम नहुँदा पीडितलाई उचित क्षतिपूर्ति भराइदिन समस्या हुने गरेको पाइएको,
- सुधारात्मक दण्ड प्रणालीका विविध आयामहरूमा सूचना प्रविधिको यथेष्ट प्रयोग गर्न नसकिएको,
- कसूरको प्रकृति, गाम्भीर्यता तथा प्रतिवादीको स्वास्थ्य अवस्था लगायतको विषयलाई मध्यनजर गरी व्यापक मात्रामा प्रतिवादीहरूलाई हाजिर वा जिम्मा जमानीमा छाड्ने अभ्यासलाई कार्यान्वयनमा ल्याउन नसकिएको,

- विभिन्न प्रहरी कार्यालयहरूबाट अनुसन्धान पश्चात् जिल्ला सरकारी वकिल कार्यालय हुँदै अदालतमा मुद्दा पेश भएपछि उक्त मुद्दाका प्रतिवादीहरूलाई कसूर ठहर भयो वा भएन, कसूर ठहर भएकोमा के-कति सजाय निर्धारण भयो र सजाय निर्धारण गर्दा सुधारात्मक दण्ड प्रणालीका कुन विधि र पद्धति अपनाइयो वा अपनाइएन भन्ने बारेमा सम्बन्धित प्रहरी कार्यालयहरूलाई जानकारी गराउने पद्धतिको विकास गर्न नसकिएको ।